CC-0. Digitized by eGangotri and MIDF- Delhi

HANDWRITTEN APPLICATIONS ... WITHIN ... DAYS ... BOX ... THE TIMES OF INDIA, NEW DELHI - 110 002.

MANAGING EDITOR

OURS IS A FAST GROWING PUBLISHING CONCERN WITH LATEST EQUIPMENT LIKE PHOTO-COMPOSING, PHOTOSTAT, DARKROOM FACILITIES AND PUBLICITY DEPARTMENT. WE ALREADY HAVE A LARGE STAFF LIKE JUNIOR EDITORS, PROOF-READERS, ARTISTS, VISUALISER, COPYWRITERS, PUBLICITY OFFICER ETC.

WE REQUIRE A MANAGING EDITOR IN SENIOR LEVEL WELL VERSED IN BOOK PUBLISHING AND MANUSCRIPTS EDITING | PREPARATION. MUST HAVE A FLAIR FOR WRITING IN ENGLISH AND HINDI AND CAPABLE OF EFFECTIVE SUPERVISION OF VARIOUS DEPARTMENTS OF PRODUCTION ETC. HE SHALL BE DIRECTLY RESPONSIBLE TO THE PROPRIETOR.

SALARY AROUND Rs. 2500/- P.M. A HIGHLY QUALIFIED PROFESSIONAL WITH LONG EXPERIENCE IN SIMILAR CAPACITY MAY APPLY WITHIN 10 DAYS.

(2) WE ALSO REQUIRE ACCOUNTS CLERK WITH 3 YEARS EXPERIENCE CAPABLE OF MAINTAINING DAILY A/C BOOKS. APPLY TO BOX 8020, THE TIMES OF INDIA, NEW DELHI - 110 002.

A LARGE GROUP COMPANY WITH Rs. 100 CRORE TURNOVER REQUIRES FOR THEIR DELHI OFFICE :-

LADY STENO / SECRETARY

Graduates with 2/3 years of experience, fluent in English, proficient in Stenography/typing, office procedures, filing and capable of handling correspondence independently.

LADY RECEPTIONIST / TELEPHONE/ TELEX OPERATOR :

ICSE or equivalent with 3 years experience of operating PBX and telex with good knowledge of spoken English and Hindi.

THE APPLICANTS IN BOTH THE POSITIONS SHOULD BE BETWEEN 22 AND 30 YEARS OF AGE AND THE SALARY WILL ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

REQUIRED SALESMAN

A WELL ESTABLISHED SALES AGENCY DEALING IN CONSUMER DURABLES OF A REPUTED COMPANY REQUIRES TWO DELHI-BASED SALESMEN FOR THE TERRITORIES OF WESTERN U.P. AND HARYANA. APPLICANTS SHOULD BE GRADUATES ... YEARS OF AGE. SALES EXPERIENCE WOULD BE PREFERRED. ...

APPOINTMENTS *** APPOINT

THE TIMES OF IN

dly growing Private Limited Engineer-
ompany engaged in manufacture of
ial Filters/Strainers, having reputation
ealing with Consultants and Process/
r Industries. Needs dynamic, result ori-
Graduate/Diploma Mechanical Engine-
th one to three years experience of
similar engineering products. Att-
e Salary/incentive for results. Apply
n 10 days to : Box 8007,
Times of India, New Delhi-110 002.

ILTERS STRAINERS

EXPORT EXECUTIVES

FOR OUR EXPANDING ORGANISATION AND NETWORK OF OVERSEAS OFFICES IN EUROPE

PLEASE APPLY WITHIN 7 DAYS TO BOX 8035, THE TIMES OF INDIA, NEW DELHI-110 002.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

80

नेपालको साँस्कृतिक इतिहास

सनातन धर्म सेवा समिति ... नेपाल
स्था. २०२३
धर्मो विश्वस्य जगतः प्रतिष्ठा

सम्पादक

प्रो० जी० सी० शास्त्री

भू० पू० प्रमुख, संस्कृति र संस्कृत विभाग
(त्रिभुवन विश्वविद्यालय तथा त्रिचन्द्र कलेज)

Jayatu Sanskritam, Kathmandu; Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक:
आर्य सांस्कृतिक संघ,
काठमाडौं, नेपाल

मूल्य: १।—

मुद्रक:
मातृभूमि प्रेस,
घण्टाघर, काठमाडौं
फो. नं. १२५२०, १३५२०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्पण:—

जीवनसाथी–धर्मवतीको

पुण्यस्मृति

मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय–सूची

	विषय	लेखक	पृष्ठ
१	हिन्दू विश्वपरिषद्लाई	–श्री ५ को सन्देश	१
	हिन्दू धर्मको देन		२
२	वैदिक भूमि नेपाल	–श्री बालकृष्ण सम	६
३	हाम्रो संस्कृति	–श्री बालचन्द्र शर्मा	१२
४	समन्वयवादी नेपाली संस्कृति	–प्रो. डा. ईश्वर बराल	२१
५	नेपालमा हिन्दू र बौद्धको सुन्दर संगम	–प्रो. चूडानाथ भट्टराय	२६
६	नेपालका देवी देवता र धार्मिक सहिष्णुता	–प्रा. सरस्वी प्रसाद घिमिरे एम. ए.	२९
७	हाम्रो संस्कृतिको मूल स्रोत	–प्रो. जी. सी. शास्त्री	३३
८	ऋग्वेद र नेपाल	–महेश्वर शर्मा	३६
९	राष्ट्रका ४ मूलाधार	–प्रा. केशव अज्र्याल एम. ए.	४०
१०	सांस्कृतिक एकतानै राष्ट्रिय एकता	–श्री बाबुराम आचार्य	४३
११	नेपालका हिन्दूहरूलाई शैव र बौद्धमार्गी भन्छन्	–प्रो० नयराज पन्त	४७
१२	मानवतावादी हिन्दू धर्म	–श्री इन्द्रप्रसाद काफ्ले	४९
१३	शैव र तान्त्रिक धर्म	–श्री चेतोनाथ शर्मा अर्याल	५१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४	शक्तिपूजा	–श्री मुकुन्द रेग्मी एम० ए०	५४
१५	नेपालको तान्त्रिक धर्म	–श्री रामचन्द्र शर्मा	५७
१६	भगवत् गीता र बौद्ध धर्ममा समता	–लोकमान्य तिलक	६०
१७	नेपालका जातिहरूमा मौलिक एकता–		६२
१८	आर्य संस्कृति र हाम्रो संस्कृतिमा एकात्मता	–श्री लोचननिधि तिवारी	६७
१९	वैदिक संस्कृतिका केही विशेषताहरू	–प्रा० श्रीमती सुशिला खरेल एम० ए०	६९
२०	नेपालका निवासी	–प्रो० राजनाथ पाण्डेय	७२
२१	नेपालको थर स्थानबाट बनेको हो	–श्री योगी नरहरिनाथ	७४
२२	किरात र सिन्धुघाटीको सभ्यता	–श्री नारदमुनि थुलुङ्ग	७४
२३	लिच्छविकालीन संस्कृति	–श्री लीलाराज श्रेष्ठ	७९
२४	लिच्छविकालीन धार्मिक जीवन	–डा० हितनारायण झा एम० ए० पी० एच० डी	८२
२५	लिच्छवि र गुप्तकालीन मूर्तिकला	–श्री बाबुराम आचार्य	८६
२६	मल्ल कालीन संस्कृति	–प्रो० ढुण्डिराज भण्डारी	८८
२७	मल्ल सभ्यताको स्रोत	–श्री हरिराम जोशी एम० ए०	९२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८	पश्चिमका मल्लराजाहरूको देन	–श्री प्रेम रमण उप्रेति	९६
२९	मल्लकालीन संस्कृति हिन्दू धर्मको पुनरूत्थान	–प्रा० बिष्णुबहादुर एम० ए०	९८
३०	१३ औं शताब्दीको नेपालको वर्णन	–श्री तारानाथ मिश्र एम० ए०	१००
३१	आर्य अवलोकितेश्वर मछेन्द्रनाथ	–श्री हेमराज शाक्य	१०४
३२	नेपालमा धातुका मूर्तिहरू	–डा० प्रा० प्रयागराज शर्मा एम० ए० पी० एच०डी	१०६
३३	पुरातत्व र इतिहास	–प्रा० दूर्गा अर्याल एम० ए०	१०९
३४	लुम्बिनी नजिकै पाइएको प्राचीन सभ्यता	–प्रा० रामनिवास पाण्डे एम० ए०	१११
३५	नेपाली मुद्रा र संस्कृति	–श्री सत्यमोहन जोशी	११३
३६	नेपालमा सामाजिक क्रान्ति	–श्री तुलसीराम वैद्य एम० ए०	११६
३७	हाम्रो चाड् पर्वोत्सव	–श्री पुण्यरत्न बज्राचार्य एम० ए०	११८
३८	जनैपूर्णिमा	–श्री शान्तिसुरभ	१२०
३९	बिजया दशमी, लक्ष्मीपूजा र सरस्वती पूजाको रहस्य	–श्रीकुमारी महालक्ष्मी न्यौपाने एम० ए०	१२१
४०	प्राचीन वर्ग संगठनको देन	–प्रा० गुणदेव भट्टराई एम० ए०	१२३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४१	नेपालको विवाह प्रथा	–श्री बुद्धिरत्न एम० ए०	१२७
४२	कौटिल्यको ग्राम व्यवस्था	–श्री ऋषवदेव शर्मा	१३०
४३	पृथ्वीनारायण शाह कालीन नेपालको राजनैतिक विचार	–श्री गेहेन्द्र विक्रम शाह एम० ए०	१३३
४४	प्राचीन न्याय र दण्ड व्यवस्था	–एटर्नी जनरल श्री ज्ञवाली	१३६
४५	प्राचीन हिन्दूहरूको अस्त्रशास्त्र र फौजी व्यवस्था	–श्री गुष्टफ आपर्ट	१३८
४६	किरातीहरूको विवाह प्रथा	–श्री एस० एम० कार्की एम० ए०	१४२
४७	प्राचीन कालमा हाम्रो शिक्षाप्रणालीको आदर्श–	प्रो० जी० सी० शास्त्री	१४४
४८	कवि एम० बी० बी० शाहको " उसैको लागि "–	प्रो० जी० सी० शास्त्री	१४७
४९	हिन्दू राज्य खडागर्ने ठूलो नेपली योजना–	श्री चित्त रन्जन नेपाली	१५०
५०	एशियामा गणेशकोपूजा–	प्रा० ओमकारलाल श्रेष्ठ एम० ए०	१५२
५१	हिन्दू अमेरिका–	श्री ललितबहादुर एम० ए०	१५५
५२	नेपाली कलामा विशुद्धिवादको प्रयोग–	श्री मनवज्र बज्राचार्य	१५७
५३	मूर्तिकला र धातुकला–	डा० प्रा० प्रयागराज शर्मा	१५९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

नेपालको साँस्कृतिक इतिहास अत्यन्त मूल्यवान् छ तर अध्ययन तथा शोधका अभावले यसका सम्बन्धमा हाम्रो ज्ञान अत्यन्त परिमित छ । हाम्रा विद्वानहरू तथा विद्वत् समाजबाट यस विषयको खोजी भए मात्र नेपाली जातिको महत्वको हामीलाई ज्ञान हुनेछ । त्यसको एउटा उदाहरण यहाँ दिइन्छ ।

नेपालबाट बौद्ध धर्म तिब्बतमा गयो । नेपाली पण्डित तथा विद्वान अधिक संख्यामा प्राचीन तथा माध्यमिक कालमा तिब्बत गए औ बौद्ध धर्मको प्रचार वहाँ उनले गरे । तिब्बतका निवासीहरूलाई संस्कृत भाषा बुझ्न गाह्रारो थियो । उनीहरूले सैकडौं ग्रन्थ संस्कृतबाट तिब्बती भाषामा अनुवाद गर्न सहायता गरे । नेपालबाट कला, शिल्प तथा अनेक ज्ञान तिब्बतमा लगी वहाँ नेपालीहरूले सभ्यता तथा संस्कृतिको आलोक पुऱ्याए ।

उसै गरी दुल्लुको मल्ल वंश पनि तिब्बतको पश्चिमी भागमा हिन्दु धर्मको राँको बाल्दै थियो ज्ञानको स्रोत बगाउँदै थियो ।

उपर्युक्त दुइ उदाहरणबाट नेपाली संस्कृतिको एउटा प्रधान लक्षण ज्ञान प्रसार पनि रहेछ कि भन्ने लाग्छ । जहाँ जहाँ नेपालीहरू प्राचीन वा माध्यमिक कालमा गए वहाँ वहाँ ज्ञानको राँको लिएर गएको कुरा ता निश्चित छ ।

आधुनिक समयको एउटा उदाहरण दिइ यो लेख समाप्त गर्छु । आसाममा धेरै नेपालीहरू गएको कुरा ता सबैलाई थाहा छ । तर एउटा कुरो जो सबैलाई थाहा नहोला त्यो उनीहरूले आसाममा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेको संस्कृत विद्याको प्रचार छ। आसाममा नेपाली पण्डितको आदर तथा सम्मान छ औ उनीहरू आसाममा अनेक संस्कृत पाठशाला वर्तमान समयमा चलाउँदै छन्।

यो दृष्टिले हेर्दा पृथ्वीनारायण शाहको नेपाल विजयको लक्ष्य सांस्कृतिक एकता सिद्ध हुन आउँछ। यो सांस्कृतिक एकताको महत्व अत्यन्त ठूलो छ। नेपाल अधिराज्यमा दुइ हजार वर्षदेखि यसको विकास हुँदै थियो। विविध स्थानमा सम्भवतः स्वतन्त्ररूपले विकसित यो संस्कृतिको मूलगत रूप समान थियो तथा यसले एउटा ठल्लो पर्नु थियो। त्यो सिद्धि अठारौं शताब्दीमा सम्पन्न भयो।

नेपालका विकासको यसै इतिहासमा नेपाली संस्कृति अन्तर्निहित छ। नेपाली संस्कृतिको जिउँदो स्वरूप यसैमा हामीले खोज्नु पर्छ। नेपाली जाति आज दुई हजार वर्षदेखि अगाड़ि बढदैछ।

सूर्य विक्रम ज्ञवाली,
सदस्य, ने. रा. प्रज्ञा प्रतिष्ठान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिन्दू विश्वपरिषद्लाई श्री ५ को सन्देश

हाम्रो नेपाल हिमवतखण्ड तपस्याको भूमि हो, प्रकृतिको क्रीलास्थल हो, वीरविराङ्गनाको पुण्यभूमि हो। आदि कालदेखि यसको अक्षुण्ण सार्वभौमिकता र स्वाधीनताको इतिहास छ। संसारको सर्वोच्च टाकुरा सगरमाथा, वैष्णवमात्रका परमपावन शालिग्राम शीला, शैवमात्रको परम पावन तीर्थ पशुपतिनाथ र शक्तिमात्रको परम साधन पीठ गुह्येश्वरी र भगवान् बुद्धको पवित्र जन्मस्थान लुम्बिनी यहीं छन्। यहाँ हिन्दूहरूको रीतिथिति, पूजा-पद्धति, आचार-विचार छँदैछन। यहाँ धार्मिक कट्टरता छैन। यो देशको इतिहास कहिले पनि धार्मिक कलहले कलङ्कित भएन। यहाँ सामाजिक भेदभावले परस्परको व्यवहारलाई दुषित पारेको छैन। यहाँ के बौद्ध, के वैष्णव, के शक्ति, के शैव-सबैमा समानता छ। सबैको चाडवाड, मेला जात्रा उत्सव र रमितामा सबै शरीक हुन्छन्। हिन्दूमात्रको परम पूज्य गौ माताको यहाँ वध हुँदैन। अरू पनि श्रुत्ति-स्मृतिका नियमहरूको अझै यहाँ मान्यता छ।

नेपालको राजकुमारी बौद्ध अध्यात्सजगत्मा भृकुटी ताराको रूपमा प्रकाशमान हुनु भयो। यहीं राजा जनकले अध्यात्म-दर्शनको ज्वलन्त उदाहरण प्रस्तुत गरे। जनक नन्दिनी सीताको मातृभूमि हुने सौभाग्य पनि हाम्रो नेपालको जनकपुरलाई नै मिलेको छ। महर्षि याज्ञवल्क्यका गार्गी, मैत्रेयी जस्ता विदुषिहरूसंग यहीं सम्वाद भएथ्यो। जड भरतले यहीं पुलस्त्य ऋषिको आश्रमनेर कृष्णगण्डकीको तीरमा तपस्या गरे। वात्स्यायनको कामसूत्र यही पोखराको आसपासमा लेखिएको भनिन्छ। त्यतिमात्र नभई हालै केही वर्ष अघिमात्र, हाम्रै नेपालमा महर्षि बाल्मीकिको आश्रम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फेला परेको सबैको सामु छ र त्यसै आश्रमको नामबाट त्यस बेला स्व० श्री जवाहरलाल नेहरूजीको अनुमतिले बिहार सरकारको निर्णय बमोजिम बिहारको भैंसालोटन भन्ने ठाउँको बाल्मीकि नगर भन्ने नामकरण भएको पनि हामी सबैको सामु ताजा कुरा छ। यस्तो यो संसारको एकमात्र हिन्दूको गौरवको प्रतीक नेपाल र नेपाली समाज फलोस्फूलोस् भन्ने कुन हिन्दूको हृदयमा नहोला ? यस कुराको मलाई हालसालै भएको भारत–भ्रमणबाट समेत अनुभव गर्ने मौका पाएकोमा म भारतवासीप्रति अनुगृहीत छु। नेपाली विभिन्न मूर्तिकला, वास्तुकला, चित्रकला, सङ्गीत आदिमा मित्रराष्ट्र भारतसंग पनि निक्कै समन्वय पाइन्छ। त्यसका साथसाथै नेपालमा विभिन्न संस्कृतिको सम्मिश्रणले एउटा विशेष अलौकिकता ल्याएको छ। यहाँ सहिष्णुता छ, आवश्यकतानुसार जस्तोसुकै सामाजिक परिवर्तनलाई पनि अपनाउने उदारता छ।

हाम्रो भारतसंग सांस्कृतिक आदान–प्रदान प्राचीन कालदेखि नै नचलेको होइन। हाम्रो देश सदासर्वदा विद्वत्ताको केन्द्र–बिन्दु बनेको छ। बखत बखतमा भारतलाई सांस्कृतिक आघात पर्दा नेपालैमा ती विद्वान्हरूले आश्रय पाएका थिए। भारतमा नष्टभ्रष्ट भएर गएका कैयन् हिन्दूका अनुपम ग्रन्थरत्नहरूको यहीं संरक्षण भयो। भारतमा हराएका कैयन् कला–कृतिहरूको यहीं नै विकास भयो। यहाँका कैयन् नेपालीहरूले काशी र भारतका अन्य नगर-हरूमा गएर शिक्षा–दीक्षा पाए जो अद्यावधि पाउँदैछन्। चारधाम, काशीवास, गयाश्राद्ध, प्रयाग तीर्थ इत्यादिमा नेपालीमात्रको जति श्रद्धा छ उत्ति नै श्रद्धा भारतवासीहरूको नेपालका तीर्थहरूमा छ। श्री पशुपतिनाथको दर्शनार्थ प्रतिवर्ष महाशिवरात्री पर्वमा आउने धार्मिक यात्रीको भीड नै यसको ज्वलन्त प्रमाण छ। संक्षेपतः सनातन धर्म यति विशाल र उदार छ—सब मतावलम्बीहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालमा अटाएका छन् । अनीश्वरवादीदेखिन ईश्वरवादीसम्म यसैमा सम्मिलित छन् । यसैको सरक्षकत्वको अभिभारा नेपाललाई परेको छ ।

हिन्दू धर्मको देन

हिन्दूधर्मको देन नेपालकी सुपुत्री राजकुमारी भृकुटीको नाउँ उल्लेखनीय छ जसले गर्दा तिब्बत, चीन र मङ्गोलियासम्म यो सांस्कृतिक उच्च जीवनको अनुसरण हुँदै आएको थियो। पश्चिमका अनेक देशहरूमा र पूर्वेशियामा पनि हाम्रो संस्कृतिको प्रचारका अवशेष आजसम्म प्राप्त भईरहेका देखा परिरहेका छन्। कम्बोडियाको खुदाईमा शिव, उमा, शेषशायी विष्णु, ब्रह्मा, गणेश, स्कन्द, नन्दी र बुद्ध आदिका प्राचीन मूर्तिहरू फेला परेका छन् । अङ्कोरको विशाल मन्दिरमा संस्कृतको शिलालेख, रामायण र देवासुर संग्रामका चित्रहरू र ब्रम्हा विष्णु, तथा महेशका मूर्तिहरू पनि पाईन्छन् । थाइल्याण्डमा त हिन्दू संस्कृति र संस्कृत भाषाको स्पष्ट प्रभाव देखिन्छ । चम्पा अर्थात् अनाममा सबै शिलालेख संस्कृत भाषामा पाइन्छन् । त्यहाँ हिन्दू र बौद्ध मन्दिर नेपालमा जस्तै संग संगै छन् यी दुवै धर्ममा त्यहाँ पनि नेपालमा जस्तै मेल देख्न पाइन्छ । फिलिपाइनमा पनि यही हिन्दू जीवनको प्रभाव मलाया र जावा हुँदै पर्न गएको छ । उनीहरूको भाषा र बोलचालमा संस्कृत शब्द प्रचुर मात्रामा पाइन्छ । बोर्नियोको मूल निवासीहरूको आचार, व्यवहार भाषा र मन्दिरमा हिन्दू धर्मको प्रभाव स्पष्ट झल्किन्छ । यति मात्र होइन जापानका मन्दिरहरूमा पनि धर्मचक्र, मणिवन्ध, कमलदल र ताण्डवका चित्र आदि अङ्कित छन् । मन्दिरहरूको गुम्बजमा कलश र चक्र अङ्कित भएको पाइन्छ । सयकडौं चित्र हिन्दू कलामा आधारित छन् । चीनमा पनि हिन्दूहरूको जस्तै सूर्य-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई अर्घ दिने र पितृलाई श्राद्ध गर्ने चलन पाइन्छ । मैत्रेय,- अश्व घोष, नागर्जुन, सुबन्धु, कुमारजीव आदि ग्रन्थकारहरू संस्कृत ग्रन्थहरूको चीनि भाषामा अनुवाद भएको छ । यसबाट यो स्पष्ट हुन्छ कि दक्षिण पूर्वी एशियामा हिन्दू संस्कार पर्याप्त मात्रामा पुगेको छ । वास्तवमा हामी सबैको एउटै आध्यात्मिक प्रवृत्ति रहेको छ । यो यस्तो सूत्र हो जसलाई आफ्नो जीवनबाट कहिले पनि पृथक गर्न सकिँदैन । यो प्रवृत्ति जहाँ जहाँ छ, त्यहाँ जसको स्मरण गर्नाले ऐतिहासिक धार्मिक स्थान, नाम र महापुरुषहरू प्रति श्रद्धा सधैं अटूट रहन्छ । यही नै हाम्रो एकताको सूत्र आज पनि छदैंछ। जापानका बौद्धलाई आज पनि सारनाथ, बौद्धगयाको दर्शनको अभिलाषा हुन्छ । नेपालका हिन्दूको लागि गंगास्नान, काशीसेवन र कन्या कुमारीदेखि काश्मीरसम्मका पुण्यस्थलहरूका दर्शन जीवनको एउटा अभिलाषा र प्रेरणा भइरहन्छ । भारतका हिन्दूका लागि हिमालयको आकर्षण, पशुपतिनाथ र मुक्तिनाथको दर्शन एउटा चीर आकांक्षा भई नै रहन्छ । संसारका कुनै भागका निवासी भए पनि हिमालयको आमन्त्रण सधैं उसलाई प्रेरित गर्दछ । यति मात्र होइन, अमेरिका, बेलायत र अरू पाश्चात्य यूरोपीय देशहरूमा पनि जता-जता हिन्दू संस्कृतिको पावन गङ्गा पुगेको छ, कहिले विवेकानन्दका माध्यमले त कहिले रामतीर्थको सन्देशबाट त्यहाँको जन-जीवनले एउटा आवश्यक मोड पाएको छ र त्यसपछि त्यहीँबाट पनि भगिनी कृष्टाइन, भगिनी निवेदिता, एनिवेसेण्ट र मीरावेन गङ्गाको पावन तटमा जन्म जन्मान्तर व्यतित गर्ने अभिलाषा लिएर नै पावन हिन्दू पुण्यभूमि; कर्मभूमिमा आएको कुरा इतिहासले हामीलाई देखाएको छ । नेपाल यसको लागि आफूलाई हिन्दू अधिराज्य घोषित गरी अग्रसर हुन पाएकोमा गौरव मान्दछ । नेपाललाई थाहा छ कि विश्वको प्रत्येक हिन्दू , नेपाल-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई एउटा स्वतन्त्र सार्वभौम 'हिन्दू' अधिराज्यको रूपमा हेरेर आनन्दित हुन्छन, गौरवान्वित हुन्छन्। नेपाललाई यसमाथि अभिमान छ र आज पनि सम्पूर्ण हिन्दूहरूको लागि आश्रमस्थल बनी बाँच्ने प्रयत्न नेपालले गरिरहेको छ।

यसको लागि आवश्यकता छ हामी सबै हिन्दूहरू एउटा सूत्रमा बाँधिइ एउटै शक्तिको रूपमा खडाहुनु। 'भारतीय योजनामा समाजवाद' भन्ने पुस्तकको भूमिकामा स्वर्गीय पं. जवाहरलाल नेहरूले पनि भन्नु भएको रहेछ, "हाम्रो प्रमुख उद्देश्य प्रत्येक व्यक्तिको आन्तरिक महिमा र त्यसलाई सञ्चालन गर्ने धर्मको परिभाषा नै हो भन्ने कुरा हामीले बिर्सनु हुँदैन।" प्राचीन, महान् र विशाल हिन्दू धर्मका सदस्य भएर आज हामी सबैलाई आफ्नो हिन्दूत्वमा गौरव र अभिमान छ। सम्पूर्ण विश्वका विभिन्न देश-हरूमा बस्ने सम्पूर्ण हिन्दूहरूका जीवनलाई आश्वस्त पारी, प्रखर तेजस्वी,बलशाली आदर्श हिन्दू जीवन बिताउने प्रेरणा दिन योग्य बनाउने दायित्व आफ्नो हिन्दू भूमिमा बस्ने हामीहरूकै हुन आएको छ। यस सत्यलाई सम्झेर यहाँका बासिन्दाहरूलाई सुसं-गठित स्वरूप दिने कार्यमा 'संघ' संलग्न छ भन्ने थाहा पाउँदा हामीलाई खुशी लाग्नु स्वाभाविक हो। अखिल विश्वका हिन्दूहरूको यो साबिक, अनुशासित, चरित्रसम्पन्न प्रभावी शक्ति खडा गर्ने आफ्नो यस उद्देश्यको लक्ष्य प्राप्तिमा 'संघ' पूर्ण सफल होस् यही नै हामी सबैको शुभेच्छा हुनुपर्दछ। विश्वका सम्पूर्ण हिन्दूमात्रको प्रतिनिधिस्वरूप एकमात्र सार्वभौमसत्तासम्पन्न स्वतन्त्र नेपाल हिन्दू अधिराज्यका तर्फबाट हामी नेपाली पनि यस गतिशील हिन्दू शक्ति-लाई सहयोग गर्ने कामना राख्दछौं।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैदिक भूमि नेपाल

—श्री बालकृष्ण सम

हाम्रा विद्वान् इतिहासकारहरूले स्वदेशकै प्रसिद्ध कस्तुरी मृगले जस्तै आफ्नै नाभीको सम्पत्ति वेदको अध्ययनपट्टि ध्यानै नदिइ वेदको आधारमा परम्परागत बनेका जनकको उपनिषद् कालभन्दा वा बुद्धहरूको समयभन्दा पनि धेरै पछिको वैदिक हिमवत्खण्ड नै पनि नेपाल महात्म्यमा केन्द्रित भइसकेपछिको पौराणिक कालमा बनेका वृहत्स्यस्वयंभू पुराण, स्कन्दपुराण, वाराह पुराणहरूदेखि लिएर मानुँ मूललाई छाडी बीच शाखाबाट पात-पातमा नाँची थालनी गरे झैं हाम्रो यस वैदिक भूमिको इतिहास प्रारम्भ गरेका छन्। मेरो यो कटु आलोचनाले झन प्रतिक्रियापट्टि विद्वानहरूको बल खर्च नहोस्, बरू वैदिक चाँसो बढोस् भन्ने मेरो चर्को निवेदन छ।

अवश्यमेव वेद पहिले श्रुतिरूपमा थियो, पछि वैदिक संहिता संग्रह र सम्पादन गरेर लेख्ने अथवा त्यस किसिमको गर्ने ऋषि 'वेदव्यास हुन जो पौराणिक कालमा भएको हो। तर मध्य एशियाबाट उँट, सिंह मरुभूमि देख्तै, पासिरदेखि हिमालयसम्म अग्निपूजा गर्दै आगो ताप्तै आइ दुल्लूदैलेखमा वैश्वानरको स्थापना गरी गण्डकी, कौशी र कर्णाली बीच क्षेत्रमा बसी साधनसहित गाउने आर्य महर्षिहरूका सूक्त नै नेपालको न्वारान हुनुभन्दा अघिको प्रागैतिहासिक इतिहास झल्काउन पर्याप्त छन्। भूगोलवेत्ता तथा इतिहासकारहरूले विचार गरिन्याएमा हामी नेपालीलाई वैदिक भूमि खोज्न कुनै भारतीय विद्वानहरूले जस्तै हिउँ खोज्न उत्तरी ध्रुव पुग्नुपर्दैन, तीन सप्त नदी खोज्न छामछाम छुमछुम गर्दै पञ्जाबको पञ्चनदमा अरू कुनै दुइ नदी जोडिदिन वा सब

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नदी भन्ने गरिरहनु पर्दैन— 'हिमवन्त' पर्वत हाम्रो तालुमा फुक्तै नित्यप्रति सम्झाइरहेछ; जस्तो—

हिरण्यगर्भ ऋषि भन्दछन्- "यस्येमे हिमवन्तो महित्वा"— जसका महिमाले यो हिमबान् पर्वत खडा छ।' पूर्वी हिमालयमा कूट औषधि प्राप्त भएको विषयमा भृग्वङ्गिरा ऋषि भन्दछन—

उदङ् जातो हिमवतः स प्राच्या नीयसे जनम् ।

तत्र कुष्ठस्यनामानि उत्तमानि विभेजिरे ॥ अथर्व ५-४-८

हिमालयबाट नदीहरू बहेको विषयमा शन्तातिं ऋषि भन्दछन्—

"हिमवतः प्रस्रवन्ति सिन्धौ समह संगमः"। अथर्व ६-२४-१

प्रजापति र गौतम ऋषि पनि त्यही कुरा दोहऱ्याउँ छन— 'जसको महिमा यो हिमालय वर्णन गरिरहेछ।' यसरी हिमालय पर्वतले एक किल्ला बाँधेपछि चौकिल्लाको निम्ति अरू तीन किल्लालाई तीन सात नदी खोज्न पनि हामीलाई अन्त जानु पर्दैन, सप्तकोशी, सप्तकर्णाली र सप्तगण्डकीबाटै यो ध्वनि निक्लेको छः— ऋग्वेदमा गय प्लात ऋषि गाउँ छन्—

"त्रिः सप्त सस्रा नद्यो महिरपो वनपस्तीन्पर्वतान् अग्निमूतये ।

कुशानुमस्तृन्तिष्यँ सधस्थं आ रुद्रै रुद्रेषु रुद्रियं हवामहे॥अथर्व१-६४-८

अर्थ छ-हाम्री तीन साता अथवा एक्काइस नदी, वनस्पति, पर्वत, धनुष्कोण लिइ सोमलताको पालन गर्ने गन्धर्वहरू, रुद्रहरूमा प्रमुख रुद्रलाई रुद्र (रक्षा) को निमित्त यज्ञमा हवन गर्दछौं ।

कैयौं नाम बदलिंदा बदलिंदै पनि वेदमा हाम्रा यी नदीहरूका नाम छन् श्वेत्या=सेती, सदानीरा=काली, रसा=रोसी, तृष्टामा =तृष्टा, वरुणवर्णवति=अरुण अंशुमती वा रुद्रमती ?, कुलिशी=कोशीपछि कौशिकमुनिको नामले कौशिकी, सिन्धुनदी= सिद्ध नदी, परुष्णी=पोषुवामा ई; कुभा=कावेरी, विस्तता=वेत्रा-वती; सरस्वती=सरस्वती; गङ्गा=वाणगङ्गा, खपूं गङ्गा इत्यादि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेदमा धेरै ठाउँमा सप्तनदीको वर्णन छ। अझ वैदिक वर्णनको एकसार झिकौं भने हजारौं सूक्तबाट यही भेटिन्छ (जसमा चोभार र कटुवालदहको वर्णन छ)– पानी बाटो नपाएर जमि-रहेको छ, वृत्रले त्यसको गति रोकिराखेको हुन्छ, इन्द्र वज्रले वृत्रलाई मार्दछन्, पर्वतको बीच चिरिएबाट नदीहरू बग्न पाउँछन् अनि उर्वरा खेतमा अन्न उब्जन्छ।

यिनै मन्त्रहरूबाट पछि नागहृदको कल्पना भएको हो। वाराहपुराणमा वराहले पृथ्वीको उद्धार गरेको कथा पनि त्यही पर्वतवासी इन्द्र, गतिअवरोधक वृत्र र नदीको प्रगति आदि कथामै आधारित रहेको छ।

अब यसपछि अथर्वा ऋषिको "भूमि सूक्तमा" एक 'नेपाल' नामको अतिरिक्त यस देशप्रति राष्ट्रिय भावना यसरी अभिव्यक्त गरिएको छ।

'गिरयस्ते पर्वता हिमन्तोऽरण्य' ते पृथ्वी स्योनमस्तु। बभ्रु कृष्णां रोहिणीं विश्वरूपांध्रुवां भूमि पृथ्वीमिन्द्रगुप्ताम्।" अजितोऽहतो ऽक्षतोऽध्यष्ठां पृथिवीमहम्। १२–११, १२

अर्थ छ– 'हे पृथ्वी, तिम्रा ठूला साना पर्वत हिमालय र वनहरू हामीलाई सुखी राखून्! यी अनेकानेक रङ्गविरङ्ग भएको इन्द्रले गोप्य प्रिया बनाइएको भूमिमा म पराजयरहित क्षयरहित भएर रहूँ। भूकम्प गइरहने यो हाम्रो देशको अवस्था पनि यसैमा झल्केको छ—

'महत सधस्थं महती वभूविथ महान् वेग एजथुर्वेपथुष्टे।'

अथर्व १२–१–१८,

'हे ठूलो पृथ्वी, तिमी निवासको निम्ति जति ठूलो छौ, उति ठूलो तिम्रो वेग उति ठूलो भूकम्प छ।' वराहातको सूत्रप यहीं छ— 'वराहेंण पृथ्वी साविदाना।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब सो राष्ट्रियता प्रकृतिबाट मनुष्य समाजको निम्ति प्रयोग हुन्छ, ऋग्वेदीय सम्भवन ऋषि भन्छन्– "सङ्गच्छध्वं सम्वदध्वँ संवो मनांसि जानताम् ।

देवा भागं यथा पूर्वे सञ्जानानाम् उपासते ॥"

समानो मन्त्रः समितिः समानी समानं मनः सह चित्तमेषाम् ।
समानं मन्त्रमभिमन्त्रये वः समानेन वो हविषा जुहोमि ॥

समानी व आकूतिः समाना हृदयानि वः ।
समानमस्तु वो मनो यथा वःसुसहासति ॥,

अर्थ स्पष्ट छ—

भूमिको समता यस वराहक्षेत्रको नाम रहनु भन्दा अघि यसरी समाजको सुसंगठनमा ध्यान रहन जानु महत्वपूर्ण कुरा छ । पञ्चायतको सूत्रपात यहीं छ —

"तवइमे पृथ्वी पञ्च मानव": हे पृथ्वी, यी पञ्चजन तिम्रै हुन् ,

अनि इन्द्रको स्थानमा राजा खडा गरिन्छन् , उनको राज्याभिषेक हुन्छ—

अथर्वाङ्गिरा भन्दछन , "सब जना सिंहासनारुढ राजाको सेवा गरुन, राजा पनि प्रजाको पालनमा तत्पर होऊन । अभिषेकबाट उत्पन्न भएको राज्य तेज सबै दिशामा व्याप्त होस् , अनि शत्रु भयले भागून्, राजा साम दान भेद दण्ड गर्ने होऊन ।"

अनि ऋषि राजालाई कसरी आशिर्वाद दिन्छन्—

ध्रुवा द्यौर्ध्रुवा पृथ्वी ध्रुवं विश्वमिदं जगद्ध्रुवासः पर्वता इमे ध्रुवो राजा विशामयम ॥ अथर्व ६-८८-१

स्थिर आकाश, स्थिर पृथ्वी, यो विश्व जगत तिनको मध्यमा स्थिर छन् , जस्तो यो पर्वत स्थिर छ, त्यस्तै यी राजा पनि स्थिर होऊन् । फेरि अर्को ठाउँमा छ— इह एव एधिमाप च्योष्ठाः पर्वतइवा-अविचाचलत इन्द्र इवध्रुवः नेह तिष्ठ इह राष्ट्रमुधारय ॥अथर्व ६-८७-२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे राजा, तिमी यो राज्य सिंहासनमा आरुढ भएर पर्वत जस्तै दृढ रही यस राष्ट्रलाई सम्भाल ।

अनेकौं भूकम्पले गर्दा नेपाल भूगोलको बान्की कति चोटि कसरी बदलियो होला, त्यो अहिले केवल अनुमानमात्र गर्न सकिन्छ— त्यसैले उस वेला स्थिरताको त्यत्रो महत्व भएको हो ।

वेद बुद्धभन्दा धेरै अघिको कुरा हो, वेदमा धेरै राजाका, ऋषिका र अरूहरूका नाम छन् । पछि पौराणिक युगमा वेदका नाम टिप्तै भए नभएका कथा कथुङ्ग्री जोड्दै स्वार्थवश दन्त्यकथा वा लोक कथा (फोकटेल्स) लाई इतिहास भनेर जनतामा भ्रम फैलाउन खोजेको कुरा स्पष्ट छ । धेरै अगाडिको कुरा अनुमान गर्न सकिन्छ, तर त्यसलाई कल्पनाले बनाउनु ऐतिहासिक दृष्टिले सत्यता अथवा राम्रो कुरा होइन । आफूले जाने जति कुरा भनि सकेर थाहा नपाएको कुरालाई थाहा छैन, नभनी सर्वज्ञ छ भन्ने भान पारेर अघिको विद्धानहरूले स्वर्ग, पृथ्वी, नरक जोडेकाले हामीलाई सत्य कुरा पत्ता लगाउन अपठ्यारो भएको छ— झूठो र सत्यलाई एकै ठाउँमा घोलिदिंदा झूठो कहिल्यै साँचो बन्ने होइन, बरु सत्यकै अनुहार पनि संदिग्ध बन्न जाने हुन्छ ।

हाम्रा कपिलमुनिले वेदको अध्ययन गरी सांख्य बनाए । नारायण ऋषिको ऋग्वेद तथा अथर्ववेदको उत्तर नारायणको यजुर्वेदको पुरुष सूक्तले कपिल विशेष प्रभावित भएका छन् । हाम्रा बुद्धको दर्शन पनि सांख्यमै आधारित छ । बुद्ध वेदभूमिबाट परम्परागत निस्केका स्वाभाविक विचारक हुन् । बुद्धको वेदमा श्रद्धा छ उनले केवल वेद ऋषिहरूले बनाएको भने, परन्तु तलका वेद विरूद्ध कार्य उनले गरेनन् ।

(१) हजारौं आँखा भएका सर्वश्रेष्ठ शक्तिवज्री इन्द्रलाई गौतम ऋषिपत्नीको बात लाएको कथा जोड्नु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(२) शुनःशेप ऋषिको विषयमा अनेक कपोलकल्पित कथा ऐतरेय ब्राह्मणमा, विष्णुपुराणमा, बाल्मीकीय रामायणमा, महाभारतमा, भागवत आदिमा छन्, ती हरिश्चन्द्र राजाको कथा जोड्नु— (३) इन्द्रादि देवताको विषयमा कथा जोड्नु (४) रुद्रको विषयमा अनेक कथा रच्नु।

यसरी वैदिक नाम टिपी टिपी वेद-प्रमाण भन्दै आफ्ना मनगढन्त कथाहरू रचिएका हामी हजारौं ठाउँमा पाउँछौं।

जुन बुद्धले सत्यताको खोजीमा समस्त जीवन बिताए, उनैमा नाममात्रको आधारमा पनि अनेक असम्भव कथाहरू रचिएका छन्। वैज्ञानिक इतिहासकारहरूले प्रचलनअनुसार पौराणिक आधारबाट इतिहास आरम्भ गर्नु भन्दा वेदको वैज्ञानिक अध्ययन गरी सोही अनुसार प्रारम्भ गर्न उत्तम हुने छ।

गौतम बुद्ध नेपालको भौगोलिक तथा दार्शनिक वातावरणमा जन्मन सक्थे—जन्मे। ती सर्वश्रेष्ठ मानिसमा मानिसमात्रले आफू पनि मानिस भएकोमा गौरव मानेका छन्, परन्तु हामी नेपालीमा राष्ट्रिय चेतनाजन्य विशेष गौरवको अनुभूति हुनु स्वाभाविकै छ। किनभने स्वयं बुद्धले मगधका राजा बिन्दुसारले 'तपाईंको जन्म भूमि कहाँ हो ?, भनेर सोद्धा भनेका छन्—

'उजुं जनपदो राजा हिमवन्तस्स पस्सत्ता'

'राजा, मेरो देश हिमालयको काखमा छ।' यस उक्तिले नेपाल राष्ट्र गौरवान्वित भएको छ।

धम्मपदका केवल यी दुई श्लोकले पनि बुद्धलाई वैदिक परम्परावादी देखाउँछन्।

'दूरे सन्तो पकासेन्ति हिमवन्तोव पब्बता।'

सन्तहरू हिमालय पर्वत जस्तै टाढाबाट प्रकाशित हुन्छन्।

'अप्पमादेन मघवा देवानां सेठ्ठतं गतो।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अप्रमादले नै इन्द्र देवतामा श्रेष्ठ हुन गए।

यो त स्पष्ट छ कि नेपालको राष्ट्रियता सबभन्दा प्रोज्ज्वलित भएको प्राचीन ग्रन्थ त मिहवत्खण्ड—नेपाल माहात्म्य नै हो। त्यो पुराण हो।

हाम्रो संस्कृति

—*श्री बालचन्द्र शर्मा,*

सुकरात (सोक्रेटीज्), आफलातून (प्लेटो), अरस्तू (अरिस्टोटल) आदि महान् यूनानी दार्शनिकहरूले चिन्तन र विचारको अपूर्व र संभवतः शाश्वत धारा यूरोपमा प्रवाहित गरेझैं हाम्रो देशमा पनि अतीत युगदेखि नै विशिष्ट र स्वतन्त्र बौद्धिक, कलात्मक र साहित्यक परम्परा चल्दै आइरहेको छ। हाम्रो पूर्वी तराई-क्षेत्रमा ईसाको जन्मभन्दा धेरै नै अघि विदेहराज जनकको अद्भूत अनासक्ति कर्मयोगको प्रादुर्भाव भइसकेको थियो। संसारको सुख दुःखमा संलग्न रहे तापनि त्यसभन्दा सर्वथा उन्मुक्त रहन सक्नु ज्यादै ठूलो कुरो हो। त्यसलाई उछिन्ने गरी व्यावहारिक दर्शनको अर्को कुनै विचार आजसम्म शायद जन्मन सकेको छैन। जनक केवल यसका प्रयोक्तामात्र थिएनन्, जीवनमुक्ति-सम्वन्धी उनका शिक्षाले सर्वमान्य सिद्धान्तको रूप पनि पाइसकेको थियो। अष्टावक्र र शुकदेव जस्ता ब्रह्मज्ञानी पनि उनीसित ज्ञान प्राप्त गर्न आएका थिए। जनकको राजसभा याज्ञवल्क्य जस्ता प्रख्यात दार्शनिकहरूले सुशोभित थियो। उनको राजसभामा बराबर ठूलठूला विद्वत्सम्मेलन र शास्त्रार्थ पनि भइरहन्थे। यस्तै एक अवसरमा विदुषी गार्गी र याज्ञवल्क्यको बीच भएको शास्त्रार्थ प्रसिद्ध नै छ।

हाम्रो कोशी नदीले अर्का महामुनि कौशिक (विश्वामित्र)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को नाम स्मरण गराउँछ। कोसलराज दशरथका छोरा राम-लक्ष्मणले कौशिक मुनिसित शस्त्रविद्या पाएको र उनले ती राजकुमारहरूलाई लिएर जनकपुर गएको कथाले पनि विदेह-भूमिभन्दा कौशिक आश्रम धेरै टाढा नभई नजीकै भएको प्रकट गर्दछ। कौशिक विश्वामित्र शस्त्र र शास्त्र दुवैको पारङ्गत आचार्य थिए। वेदमा समेत उनका कतिपय ऋचाहरू छन्।

ईसाको जन्मभन्दा करीब पाँच शताब्दी पूर्व भगवान् गौतमले हाम्रो देशको अर्को अञ्चललाई उज्यालो पारे। बौद्ध कथानुसार बुद्धभन्दा पहिले विपश्वी, शिखी विश्वभू, क्रकुच्छन्द, कंकमुनि र काश्यप-यी पाँच मानव बुद्ध भइसकेका थिए। यीमध्ये कुनै कुनैको भौतिक अस्तित्वको सम्बन्धमा विद्वान्हरूले तर्कको केही बाटो पनि भेट्टाएका छन्। शाक्यमुनि बुद्धको कथाले छर-छिमेकमै महर्षि कपिलको आश्रम भएको कुरासमेत प्रकट गर्दछ। जे होस्, बुद्धले मध्यम मार्गको प्रतिपादन गरेकाले नै त्यस अञ्चलमा दुवैपट्टिको अतिवाद सीमामा पुगिसकेको बुझिन्छ। ती अतिवादी दार्शनिकहरूका सम्मेलन अवश्य नै हुंदाहुन्। तिनैको पीठिकामा बुद्धले मध्यम मार्ग भेट्टाए।

बुद्धकालको हाम्रो देशको राजनीतिक अवस्था पनि उल्लेख्य छ। त्यस समय तराई-क्षेत्रमा प्रजातान्त्रिक शासन व्यवस्था चलेको थियो। प्रजातान्त्रिक व्यवस्था जीवनको एउटा विशिष्ट दर्शन हो। भावना र विचारको उच्चताले यसलाई जन्म दिन्छ। वेदमा प्रतिपादित 'सहनाववतु, सह नौ भुनक्तु सहवीर्यं करवावहै' को प्रजातान्त्रिक भावना नेपालले राजनीतिक जीवनमा उतारेको थियो।

एशियाली सभ्यताको इतिहासमा लिच्छवीहरूको नाम अमर छ। वैदिक कालको सभ्यतापछि पूर्वोत्तर भारतमा जुन सभ्यताको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकास भयो त्यसमा लिच्छवीहरूको पर्याप्त प्रभाव देखिन्छ। कोशल, काशी, मगध आदि राज्य बुद्धको जीवन गाथासित सम्बन्धित छन्। लिच्छवीहरूको विशेषता त उनको जीवनीबाटै लक्षित भएको छ

लिच्छवीहरूको सभ्यता केवल वैशालीको भौतिक उन्नतिको घेराभित्रमा सीमित रहेन। वर्तमान महावीर जस्ता व्यक्तिलाई जन्माएर यस कुलका कन्याहरूले पनि भारतको आध्यात्मिक र धार्मिक एवं त्यसद्वारा संपूर्ण सांस्कृतिक जीवनमै गम्भीर प्रभाव पारेका वैशालीको लिच्छवीकुलकी कन्या त्रिशलाको कोखबाट तीर्थङ्कर महावीरले जन्म पाएका थिए।

कुमारदेवी लिच्छवीकुलकी अर्की छोरी थिइन। उनको असिट प्रभाव भारतीय राजनीति र सभ्यतामा परेको छ। ईस्वी तृतीय शताब्दीको आरम्भमा प्रथम चन्द्रगुप्तको विवाह उनीसित भयो। यस विवाहले महान् गुप्त साम्राज्यको बीजारोपण गर्‍यो। उनका छोरा चन्द्रगुप्त विक्रमादित्यले यसको संस्मरण स्थायी राख्न आफ्ना मुद्रामा 'लिच्छवयः' अङ्कित गराएका छन्। महाप्रतापी समुद्रगुप्तले आफूलाई 'लिच्छवीदौहित्र' घोषित गर्नमा गौरव ठाने। यिनै सब तथ्य आँघ साढैं फलीट जस्ता प्रख्यात पुरातत्वशास्त्रीले लिच्छवीहरूले नेपालभित्र पसी नयाँ राज्य खडा गरेको समयदेखि प्रचलित गरेको सम्वत्‌लाई नै पछि गुप्तसम्राटहरूले अङ्गीकार गरेको र त्यो 'गुप्त सम्वत्' को नामले प्रसिद्ध भएको प्रमाणित गर्न चाहेका छन्। जे भए तापनि समुद्रगुप्तको समयमा नेपाल गुप्त साम्राज्यको उत्तरी सीमापारि बलियो, समृद्ध, प्रख्यात र स्वाधीन राज्य भएको कुरामा प्रयाग अभिलेख पनि साक्षी छ।

गुप्तहरूको उदयले घचेडिएर लिच्छवीहरूले नेपाललाई नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नू केन्द्र बनाए। उनीहरूको सभ्यताको विशेषता अब नेपालमै विकसित हुनलाग्यो। यस समयको साहित्यिक र कलात्मक प्रतिभाको प्रथम नमूना चाँगुनारायणको अभिलेख हो। यसको जोडा लाग्न सक्ने अभिलेख समुद्रगुप्तको प्रयाग अभिलेख जस्ता एक–दुई अभिलेखमात्र होलान्। तिनमा चाँगुकै अभिलेखको विशेषता छ भन्ने कुरा सिलवें लेवी जस्ता विद्वान्ले पनि मानेका छन्।

नेपालमा लिच्छवीहरूको मोटामोटी शासन–परम्परा ईस्वी एघारौं शताब्दीको आधासम्म चल्दै आएको देखिन्छ। यस कालमा गणज्ञ र साहित्यकारहरूको आदर मात्र भएन, स्वयं राजाहरूले पनि शासनमा विशेषता देखाउनुको साथै पाण्डित्य, रचनाकौशल र कलाप्रियतालाई पनि उत्तिकै महत्व दिए। महासामन्त अंशुवर्माको उदय लिच्छवीकालमै भएको हो। उनको विद्यानुरागले उनको प्रशस्तिमा पनि स्थान लिएको छ। चीनीयाँ यात्री श्वेन् जाँङ् (ह्वेन–साङ्) ले उनकाई 'शब्द–विद्या' सम्बन्धी ग्रन्थका रचयिता पनि बताएका छन्। २०१३ वि.सं. मा नेपाली सांस्कृतिक शिष्टमण्डलले नानकिङमा वहाँका केही विद्वान्हरूसित मूल चीनियाँ भाषामा यसको निमित्त कुन अर्थका द्योतक शब्द व्यवहृत भएका रहेछन् भनी जिज्ञासा गर्दा त्यसको अर्थ व्याकरण अथवा संगीत नभइ नादवादी दर्शन भएको कुरा बुझियो। नेपालका महासामन्त केवल युद्ध र शासनमा मात्र पटु नभई दर्शनको एक विशेष सम्प्रदायका अधिकारी विद्वान् पनि थिए र उनको यो विशेषता उत्तरी भारतमा प्रसिद्ध भएर नै चिनीयाँ यात्रीको कानसम्म पुगेको थियो।

लिच्छवी जयदेव परचक्र कामले पशुपतिनाथमा जुन अभिलेख स्थापित गरेका छन्, त्यसमा उनका आफ्ना कविता पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्कीर्ण छन् । तिनको पाण्डित्य, लालित्य र भावना नेपाली मात्रलाई गर्व छ ।

तन्त्रवा

बुद्धकालमा लोकमा तन्त्रवादको पनि निकै प्रचार भएको देखिन्छ । बुद्धले जुन अतिवादबाट तिनको विरोधको प्रेरणा पाए, त्यसमा तन्त्रवादको तत्कालीन कुनै नकुनै अवस्था पनि होला भन्ने अनुमान गर्न सकिन्छ । बौद्धधर्म र अनिपछि गुप्तहरूको समयमा हिन्दू-धर्मको व्यापक प्रचारले यो रहस्यवादी तन्त्रसम्प्रदाय केही किचिएको भए तापनि समय पाएर त्यो फेरि मौलायो । बाणभट्टले 'हर्षचरित्र' मा अनेक उग्रवादी मतको अस्तित्व देखाएका छन् । पछि गएर त यसले लोकधर्मको निकै क्षेत्रमा अधिकार जमायो । यस सम्प्रदायका चौरासी सिद्धहरूको नाम हामी सुन्दछौं । तिनले धर्मको साथै राजनीति, साहित्य र कलासमेतमा निकै प्रभाव पारे । चौरासी सिद्धहरूबारे अहिले सारै थोरै अनुसन्धान हुन सकेको भए तापनि नेपालसित तिनको पर्याप्त सम्बन्ध भएको कुरा प्रमाणित गर्ने अनेक साधन उपलब्ध छन् । हाम्रा देवालयहरूमा किसिम किसिमका तान्त्रिक मूर्तिहरू सबैलाई छक्क पार्दछन् । तान्त्रिक पूजा जति नेपालमा अद्यावधि प्रचलित छ, त्यसको तुलनामा कामरूपसमेतमा उत्ति पाइन्न । सिद्ध-परम्परासम्भवा प्रथम सिद्ध सरहपाको प्रख्यात 'दोहाकोष' का कतिपय हस्तलिखित प्रति यहाँ उपलब्ध छन् । हाम्रा 'चर्यागीत' हरूमा पनि सिद्धहरूको परम्परा जीवित छ । केवल बुद्धमार्गीहरूमा मात्र होइन, हिन्दू-धर्मावलम्बीहरूमा पनि त्यसको व्यापक अस्तित्व भेटिएला हाम्रा मुद्रामा 'श्री श्री गोरखनाथ 'घर घर अलख जगाउँछन्' मरटा, मरण्डा, दुंकटवा, छत्रपा, रुमा, सरहपा, काडाब्रह्म, गैंडु गोसाइँ आदिलाई कुलदेवताको रूपमा अवसर विशेषमा हामी पूजा गर्दछौं । यस सिद्ध-परम्पराको हाम्रो साहित्यमा समेत कस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रभाव पर्न गएको छ भन्ने कुराको केही दिग्दर्शन 'भानुभक्त' नामक पुस्तकमा पनि भएको छ। शाहवंशको उदयमा पनि नाथहरूको ठूलो हात थियो। द्रव्यशाहलाई गुरु गोरखनाथले आशीर्वाद दिएको प्रचलित कुरावाट हामीले त्यसलाई सम्मानसाथ स्वीकार गरेका छौं। सिद्ध भगवन्तनाथबाट पृथ्वी नारायण शाहले सदानै आशीर्वादको कामना गरेको कुरा स्वयं हाम्रा राष्ट्रनिर्माताका पत्रहरूबाट प्रमाणित छ।

मल्लहरूले पनि विद्वत्ता, कला र साहित्यको ठूलो सम्मान गरे। उनीहरूका समयमा प्रस्तुत भएका साहित्य, कला र विविध ज्ञानका ग्रन्थहरू केवल हाम्रा पुस्तकालयहरूमा मात्र होइनन्, संसारका अनेक पूर्वीय पुरातत्वज्ञकहाँ छरिएका छन्। मल्लहरू शास्त्र प्रेमीमात्र थिएनन्, शस्त्रभन्दा शास्त्रको महत्ता बढी नै छ भन्ने हाम्रो देशको परम्पराको संरक्षण गर्दै उनीहरू स्वयं पनि कवि र कलाकार बन्नमा विशेष गौरव ठान्दथे। कवीन्द्र जयप्रताप मल्ललाई कसले बिर्सन सक्ला।

पृथ्वीनारायण शाह राष्ट्रनिर्माणको थोरै समयपछि नै दिवंगत भए। परन्तु, शक्तिवल्लभ, वाणी विलास, ललितावल्लभ आदि पण्डितहरूको सम्मान शाहहरूको दरवारमा कुनै समय पनि कम भएन। अन्तिम मल्ल राजाहरूको कलहपूर्ण समयमा पाण्डित्यलाई लागेको धक्काको क्षतिपूर्ति उनीहरूले सहजै गरिदिए। रणबहादुर शाहका गीत र भजन हामी अझै सुन्दैछौं। गीर्वाणयुद्ध विक्रम अल्पायु भए तापनि शास्त्रमर्मज्ञ र विद्वान् थिए। विश्वविद्यालयको स्थापनाले स्वर्गवासी श्री ५ त्रिभुवनको संकल्प साकार हुँदैछ। हाम्रा वर्तमान राष्ट्रनायक स्वयं कवि र कलाकार होइबक्सिन्छ। नेपाल एकेडेमीले मौसुफको नेतृत्व पाएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यूरोपमा यूनानी (ग्रीक) परम्परामा एकेडेमीहरू बने। हाम्रो देशमा त्यस्तै विद्वत्समाजको आफ्नै स्वतन्त्र परम्पराको अविच्छिन्न धारा बग्दै आइरहेको छ। यता बीचमा अनेक विख्यात विद्वानहरूको प्रादुर्भाव हुँदा हुँदै पनि साहित्य, ज्ञान-विज्ञानको स्वच्छन्द विकासको उपयुक्त परिस्थिति नभएकोले त्यसमा हाम्रो बौद्धिक परम्पराको प्रवाहमा अवश्य नै बाधा परेको थियो। आफ्नो पुरानु परम्पराको निर्वाह गर्दै एकेडेमीले नयाँ बाटो भेटन पथ-प्रदर्शन गर्नु परेको छ।

भौतिक परिस्थितिको प्रभाव प्राणीमा नपरी रहँदैन-रंगबिरंगी फूलमा बस्ने पुतलीले उस्तै रंग ग्रहण गर्दछ। भौतिक परिस्थितिको प्रभाव मनुष्यको स्वभाव, रुचि र विचारमा पनि पर्दछ-खस्रो प्रदेशको भन्दा उर्वर र मनोहर प्रदेशको निवासीको शरीर र मन कोमल र मधुर एवं विचार उच्च देखिन्छ। धवल हिमालयको काखमा श्यामल वन-राजिले विभूषित पर्वत र स्वर्णिम बाला लहलहाइरहेको मैदानले सिंगारिएको हाम्रो देशको अभिरुचि र अभिव्यक्ति पनि त्यसैको अनुरूप हुनु स्वाभाविक हो। हिमालयको यस अञ्चलमा जातिहरूको प्रवेश कसरी र कतातिरबाट भयो ?-भन्ने कुरामा व्यापक अनुसन्धान हुनु बाँकी नै छ। परन्तु भाषा, आचारविचार, उपासनाको पद्धति आदिको बिचार गर्दा तिनमा आर्य र अन्य त्यस्तै प्राचीन जातिका साथै ती जातिका पनि केही चिन्ह भेटिन्छन् जो शास्त्रज्ञहरूमा 'मॉन-खमेर' जातिका संज्ञाले प्रसिद्ध छन्। लिच्छवीहरूको इतिहास त प्रसिद्ध नै भयो। खशहरूका अनुहार हाम्रा अगाडि नै छन्। जातीय वर्गीकरण गर्दा मनुले आर्य र यिनमा केही फरक देखे। हाम्रो देशको कलाकौशल, साहित्य र विज्ञानको उन्नतिमा यी विभिन्न जातिको संगम र समन्वयको प्रभाव पर्नु स्वाभाविकै छ। अफ झन् नान्यदेवको कथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि हाम्रो इतिहाससित गाँसिएकोले हाम्रो संस्कृतिमा दाक्षिणात्य प्रभावको पनि अनुशीलन हुनु पर्ने भयो ।

नेपालका संरक्षक देवता पशुपतिनाथ हुन् । पशुपतिपुराणमा भगवान् शंकरको मृगरूपको चर्चा छ । आर्यघाटमा हामी पशु–मूर्ति पनि देख्दछौं । यस प्रकारका प्रतीकको उपासनाको चिह्न मोहन-जोदडो र हडप्पामा प्राप्त छापहरूमा पनि देखिन्छ । आर्यघाटमै रहेको विरूपाक्षको मूर्ति पनि विचारणीय छ । छोटो गर्दन, चिंसे आँखा, छोटा पाखुरा र अलि उछिट्टिएको छातीवाला, यज्ञोपवीत-विहीन यस मूर्तिलाई देख्ता मोहनजोदडोमा भेटिएको दाह्रीवाल मानव–मूर्तिको झल्याँस्स सम्झना हुन्छ । विरूपाक्षको मूर्ति उत्तरी भारतका आर्यहरूका अनुहार र बनोटदेखि टाढा छ । पशुपतिका छरछिमेकमा अरू पनि यस्ता मूर्तिहरू छन् जसमा निकै प्राचीन-ताका चिह्न भेटिन्छन् । सावधानीसाथ गम्भीर अध्ययन नगरेसम्म ती बारे इदमित्थं भनिहाल्न अति कठिन छ । घुँडासम्म छालाका फित्ताले बाँधेका असाधारण किसिमका पदत्राण र अनौठो शि-रस्त्राणवाला सूर्यको मूर्ति पनि हाम्रा देशमा ठाउँठाउँमा भेटिन्छन् । यसले शकहरूको संम्झना गराउँछ ।

लिच्छवी मानदेवको चाँगु-अभिलेखका साथ सम्बन्धित मूर्ति र लाजिम्पाट एवं पशुपति पोडे टोलका त्रिविक्रम मूर्तिहरूको समय त तिनैका अभिलेखमा किटिएअनुसार (शक ?) चतुर्थ शदी हो ।

मानदेवपछि त मूर्तिहरूको क्रमबद्ध परम्परा नै उपलब्ध छ । बूढानीलकण्ठ, कालीयदमन तथा अनेकानेक बाणलिङ्गका साथै शिलामा उत्कीर्ण रेखाचित्र एवं अक्षर यस कालमा विविध किसि-मका कलाको समृद्धि व्यक्त गर्दछन् । पशुपति, वैष्णव, बौद्ध आदिको साथै तान्त्रिक र प्रतीकात्मक देवीदेवताका मूर्तिमा पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिच्छवीकालीन हाम्रो कलाको ठूलो उन्नति देखिन्छ। वास्तु-निर्माणमा भएको उन्नतिको साक्षी चिनीयाँ यात्री वाङ्-स्वेन-च (वाङ्-ह्वेन चे) नै छन्। ईस्वी सातौं शताब्दीको मध्यतिर नेपालका लिच्छवी राजा नरेन्द्रदेवको दरबार देखेर उनी छक्क परेका थिए। गोरखा दरबार र बागमती-उपत्यकाका दरबारहरूमा स्वभावतः त्यसको क्रमिक उत्तराधिकार आएको स्पष्ट छ।

कलाको यसै परम्परामा हुर्केका अरनिकोले कुबलयखाँको दरबारमा पाएका सम्मानको उल्लेख सिलवें लेवीले पनि गरेका छन्। २०१३ सालमा चीन गएको नेपाली साँस्कृतिक शिष्टमण्डलका कतिपय सदस्य पेचिन् (पेकिङ) मा अरनिको र उनका शिष्यहरू बसेका टोलमा पनि पुगेका थिए। उच्च शिक्षाविभागका चीनियाँ उपमन्त्रीले बताए अनुसार त्यहाँ अघि एउटा देवालय थियो, जहाँ अरनिको र उनका शिष्यहरूका अनेक चिह्न थिए। तर, कालगतिले गर्दा अब ढुंगाको नेपाली बान्कीको सिंहबाहेक अरू कुरा लुप्त भइसकेका रहेछन्। पैचिन् (पेकिङ्) को सेतो'ग्यागोवा' मा हाम्रा परिचित अक्षर छन्। त्यसका निर्माता पनि अरनिको नै हुन् भन्ने सामान्य जन-विश्वास रहेछ। नाङ्-वंशी सम्राटहरूको राजधानी शी-आइँ अथवा छाङ्-आन्मा पनि हाम्रा परिचित अक्षर र त्यस्तै अनुहारका मूर्तिहरू देख्ता चीनमा नेपाली कलाले पाएको प्रतिष्ठाको संस्मरना हुन्छ। शी-आइँको संग्रहालयमा रहेको एउटा शिलालेखको छापा उक्त नेपाली साँस्कृतिक शिष्टमण्डलले साथै ल्याएको थियो। नेपाली किसिमको गुप्ताक्षर भएकोले पढेर अनुवादसहित त्यसलाई उपहारस्वरूप चीन पठाइयो।

श्री ५ महाराजाधिराजको शुभराज्याभिषेकको अवसरमा इण्डोनेशियाली प्रतिनिधिले बताए अनुसार नेपाली कलाकार अरनिकोको सम्मान उनको देशमा पनि कम रहने छ। नेपाली वास्तु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र मूर्तिकलाले एशियाका यी देशहरूलाई राम्ररी प्रभावित पारेका रहेछन् ।

हाम्रा ज्यादै पुराना चित्र-शैलीबारे विशेष अध्ययन हुन पाएको छैन । ईस्वी १६०८ मा भोटका लामा तारानाथले बौद्धधर्मको इतिहास लेख्ता आफूलाई भएको यत्किंचित् ज्ञानको आधारमा सामान्य बौद्धकलाको पनि केही परिचय दिएका छन् । नेपालले कालान्तरमा आफ्नु स्वतन्त्र कलाशैलीको विकास गरेको कुरामा उनी पनि सहमत छन् । मल्लकालका ग्रन्थ, पौवा, दरवारका भित्ता आदिमा नेपाली चित्रशैलीका अनेक वहुमूल्य नमूना अहिलेसम्म छँदैछन् । तिनको स्वतन्त्र शैली, शिल्प-विधान र उत्कृष्टताको प्रशंसा सबैले गरेका छन् । धातु, ढुंगा काठ आदिका कलाकृति र चित्रहरूमा देखिएको हाम्रो कलाका नमूना संसारको कुनचाहीं प्रसिद्ध संग्रहालयमा नहोलान् ?

मध्यकालका ग्रन्थहरूमा संगीत, नृत्य, मूर्ति, वास्तु आदि ललित कलाका साथै वैद्यक, ज्योतिष, राजशास्त्र, अर्थशास्त्र, पशुपालन आदि अनेक उपयोगी कलासम्वन्धी ग्रन्थहरू पनि छन् । प्रतापमल्ल नृत्य र संगीतका पनि प्रेमी थिए । राम शाहले व्यवस्थित जीवनको मूल्य बुझेर न्याय र व्यवस्थालाई नै प्रधानता दिए । अरूले जीवनमा कलाको महत्व देखाए, राम शाहले जीवनलाई नै कला बनाउने बाटो देखाए ।

समन्वयवादी नेपाली संस्कृति

—प्रो० डा० ईश्वर बराल,

नेपाल मुख्यतः हिन्दू-राज्य हो—यसको विभिन्न समयमा तथा विभिन्न अञ्चलमा बौद्ध राजा पनि भए परन्तु मूलतः नेपाली समाजको जग हिन्दू संस्कृतिमा नै आश्रित छ, अतः नेपाली संस्कृ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिलाई हामीले वैदिक संस्कृतिको आधारमा हेर्न सक्छौं। भारतको पनि संस्कृति मुख्यतः वैदिक नै हो, अतः नेपाल यस दृष्टिले भारतको सहचर बराबर हुँदै आएको छ। भारतीय ऋषिहरूको समभाव नेपालको धार्मिक समन्वयमा स्पष्टतःप्रायोगिक हुन आएको छ। नेपाली जन—जीवनमा सदा अद्वैतभाव नै रहेको छ। पशुपति, वैष्णव, बौद्ध, शक्ति, तान्त्रिक आदि सबैको समन्वय यहाँ हामी पाउँछौं। धर्मको विभिन्न बाह्याचार तथा मूलाधार, प्रकारान्तर तथा पन्थान्तरमा यहाँ कहिले पनि कलह भएको छैन। यहाँका बौद्ध राजा एक साथ पशुपतिभक्त, शक्ति-उपासक तथा विष्णुसेवक हुन्थे। हिन्दूहरूले पनि बौद्धधर्मलाई अग्राह्य, त्याज्य तथा घृण्य कहिले पनि मानेनन्। सबै धर्मको प्रकारान्तर यहाँ धर्म छन्। पशुपतिको ज्योतिर्लिङ्गको बिबिध देवरूप यस धार्मिक समन्वयको ज्वलन्त उदाहरण छ। सबैसंग विनाविरोध एक साथ बस्ने भावना उपनिषद्को यस उक्तिमात्रको अनुयायी छ—"सहनाववतु, सहनौ भुनक्तु।"

वैदिक आदर्श— "चर्मकारेभ्यो नमः रथकारेभ्योनमः, कुलालेभ्यो नमः, स्तेनानां पतये नमः," भनेर हामीलाई सार्की, सिकर्मी तथा कुमालेलाई मात्र नमस्कार गर्न सिकाउँदैन परन्तु पतितहरूलाई पनि नमस्कार गर्न सिकाउँछ ! रुद्रसूक्तमा यस प्रकार श्रमको जुन मूल्याँकन गरिएको छ त्यो कति गौरवमय छ। नेपालका मानिस पनि परिश्रमलाई अत्यधिक महत्व दिन्छन्। नेपालका अग्रगण्य राष्ट्रपिता पृथ्वीनारायण शाहले विभिन्न जातिको सैनिकलाई एक पंक्तिमा बसेर भोजन गरेमा जातिच्युत नहुने घोषणा गर्नु भएको थियो। काठमाडौंको मन्दिर अस्पृश्यता निवारण गरेर समभाव फैलाउनका लागि नै स्थापित गरिएको थियो। नेपालका विभिन्न मठ र मन्दिरमा अन्त्यजर शूद्र जातिसम्म पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुजारी हुन्छन् र सब जातिका मानिस ती पुजारीसंग प्रसाद ग्रहण गर्दछन् । "हिम शैल—मंडित, सुहिन्दूताश्रित अधिदेवता पशुपति प्रसादित"-इत्यादि गीत, वैदिक साहित्यमा वर्णित चन्द्र—सूर्याङ्कित झण्डा नेपालको राष्ट्रिय झण्डा हो । वैदिक इन्द्रको तथा रुद्रको पूजा यहाँ अहिलेसम्म गरिन्छ । नेपालको पश्चिमाञ्चल बुद्धको जन्मस्थान हुनाले यो देश बौद्धधर्मको मुख्य केन्द्र भएर शताब्दीदेखि मानिएको छ । यसै धर्मको आधारमा नेपाल र भारतको साँस्कृतिक सम्बन्ध सुदूर कालदेखि भैरहेको छ । फेरि भौगोलिक गठन पनि यो छ कि साँस्कृतिक सम्बन्ध कुनै रूपमा प्रगाढतर हुँदै नै रहन्छ । हिमालयको शृखलाहरूबाट निस्केका नदीहरू माला बनेर भारतमा समर्पित हुन्छन् । नेपालको हिमालय सुदूर कालदेखि भारतको निम्ति मुकुटको शोभा बनेको छ । जाग्रत प्रहरीको समान हिमालयले आफ्नो कर्तव्यको सदा पालन गरेको छ । भारतको अरू सीमाञ्चलमा विदेशी आक्रमण अनेक भए परन्तु हिमालयले उत्तरको तर्फबाट विदेशी आक्रमणलाई शून्य गरिदिएको छ ।

ठूला ठूला ऋषिहरूले गौरवान्वित भएर जसरी 'दुर्लभ भारते जन्म' भनेथे त्यसैगरी नेपाली साहित्यका राष्ट्रकवि भानुभक्त आचार्यले 'बडो दुर्लभ जान्नु भारत भूमिको जन्म जनले' भनेर भारत र नेपाललाई एक सूत्रमा स्नेहाबद्ध जुन गरेको छ त्यो समस्त नेपालको जिब्रोमा झुण्डिएको छ । भारतको तीर्थस्थल नेपालीको तीर्थस्थल हो र नेपालको तीर्थस्थल चाहीं भारतवासीहरूको लागि। नेपाल र भारतका विभिन्न राजवंशीहरूमा अनेक वैवाहिक सम्बन्ध सुदूरकालदेखि हुँदै आएका छन् । बुद्धको जन्मस्थान पश्चिम नेपालमा अशोकको आगमन, हाम्रो देशका प्रति भारतको अमिट आदरभाव सनातन भएको छ । भारतस्थित बौद्धधर्मको अनेक तीर्थस्थल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा विश्वविद्यालय नेपालीका निम्ति सुदूरकालदेखि नै शुद्ध थिए र अहिले पनि ती तीर्थस्थलले नेपाल—भारतमैत्रीको अक्षुण्णता राखेका छन्। सुदूर दाक्षिणात्यको पशुपति मत नेपालले उसै किसिमले ग्रहण गरेको छ। मल्ल राजाको राजत्वमा तथा पश्चिम नेपालमा तान्त्रिकता तथा शक्तिपूजाको परम्पराले नेपाल र बंगाल तथा मिथिलाको सम्बन्धलाई अटूट बनाउँदै आइरहेको छ। काशीको विद्याकेन्द्र नेपालीका निम्ति अहिलेसम्म प्रमुख बनेको छ। यसै प्रकार नेपाल भारतीय बौद्धको निम्ति अध्ययन केन्द्र बनेको छ। मुगलानी भारतका प्रभावलाई पनि नेपालले आत्मसात् गरेको छ। शब्दावलीमा प्रशासनको संहितामा मुगलानी कालको फारसी भाषाको प्रचलन यसको प्रमाण छ। जसरी सैनिक अफिसर जङ्गी तथा निजामती अधिकारी हुन्थे, नेपालमा पनि त्यही क्रम थियो। यतिमात्र होइन, मुगलानी दरबारी ढाँचाको दस्तुर, काइदा, तरीका, रङ्गढङ्ग पनि नेपालले अपनाएको छ। आंग्ल प्रशासनका दिनमा भारतका साथ नेपालको सम्बन्ध शासकको दृष्टिमा उति वाञ्छनीय थिएन परन्तु नेपालीहरूले ता आफ्नो सम्बन्ध भारतसंग कहिले पनि विच्छेद गरेनन्। भारत र नेपालको ऐतिहासिक क्रमिकता यस्तै अजस्र मैत्रीधारा छ जो सतत कलकूजित र झंकृत भइरहेछ। हिमालयको काखमा शताब्दीदेखि रहेको यो भूखण्ड नेपाल—भारत साँस्कृतिको लक्ष्यखानि भइरहेछ। भारतबाट विलुप्त भएका अनेक महत्वपूर्ण प्रमाणिक ग्रन्थ नेपालमा अहिलेसम्म सुरक्षित छन्।

विभिन्न जातिले निर्मित, विभिन्न जलवायुले पोषित र पालित, विभिन्न भाषाकुलका जातिहरू आवासित, राजनीतिक परिवर्तनले परिष्कृत नेपालले ठूलो ठूलो दुर्दिन पनि हेर्नु पर्‍यो र सुदिन पनि। यस प्रकार विभिन्न जाति, भाषा, धर्म, सामाजिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आचार, जलवायु, अञ्चल इत्यादिको संमिश्रणले यो देश नेपालको निर्माण भएको छ। यी कुरामा नेपाल र भारतको एक प्रकारको समता आकारमा होइन, बरू प्रकारमा हामी पाउछौं।

नेपाली सभ्यता समन्वयवादी छ। आर्य, अनार्य, मंगोल शताब्दीदेखि यहाँ एक साथ रहँदै आएका छन्। यस दृष्टिले नेपालले भारतको युग युगदेखि साथ दिंदै आएको छ। (काठमाडौंका मल्ल राजाले यहाँ ईसाई पादरीहरूलाई बस्ने स्वतन्त्रता दिएका थिए। उनीहरूले मुसलमानहरूलाई पनि यहाँ बस्ने र मस्जिद बनाउने अनुमति दिएका थिए, उनका दरबारमा मैथिली तथा बंगालका पण्डितहरूलाई स्थान दिइएको थियो र पृथ्वीनारायण शाहका पश्चात् उनको विद्वत्ताको आदर गरियो र उनीहरूलाई नेपालका विभिन्न अञ्चलहरूमा बिर्ता पनि दिइएको थियो।) वस्तुतः धर्मको विषयमा नेपालले कहिलै कट्टरता लिएन। ईसाई पादरी धर्मको नाममा जब राजनीतिक कुचक्र खेल्न लागे तब पृथ्वीनारायण शाहले काठमाडौंमा बसेका ईसाई पादरीहरूलाई निष्कासित गर्नुपर्‍यो। नेपालको एकीकरण हुनाले पूर्व पर्वताञ्चल तथा तराई अञ्चल, जहाँका पनि शासकहरूले धर्म प्रति सबैले पर्याप्त उदारता देखाए, बौद्धधर्मावलम्बी भएर पनि यहाँका राजाहरू आफूलाई पशुपतिभक्त वा विष्णुभक्त भन्दथे। मोरङ्गका राजाले आफूलाई "हिन्दूपति" भनेका छन।

कला—नेपालमा भारतीय वास्तुकला तथा मूर्तिकलाको पनि प्रभाव परेकोछ। जसरी भारतमा विभिन्न शताब्दीमा शैलीमा विकास तथा परिवर्तन हुँदै रह्यो। नेपालमा पनि त्यसको प्रभाव परेको छ। आर्य मण्डपको शैलीमा नेपालीले आफ्नो घर बनाएका छन्। अशोककालीन बौद्ध चैत्य नेपालमा आए र अहिलेसम्म वर्तमान छन्। कुषाण समयका गान्धार मूर्तिकला, बाकाटकको सम-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-यका पशुपति तथा वैष्णव सम्प्रदायका मूर्तिका अनुकृतिमा यहाँ पनि अनेक मूर्ति बने । यी शैलीका नमूना अहिले पनि पर्याप्त पाइन्छन् । बूटधारी तथा सूर्यमुखी फूल हातमा लिएका कुषाणवंशी राजाका परिधानमा सज्जित सूर्यका मूर्ति लकूलेश शैलीका शिव-लिङ्ग,गुप्त राजाद्वारा प्रचारित भागवत् सम्प्रदायका विष्णु तथा गरुड, तान्त्रिक सम्प्रदायका अनेक हिन्दू तथा बौद्ध देवदेवीको मूर्ति, दक्षिण भारतको एलोरा गुफाको शैलीको मूर्ति इत्यादि शैलीहरूको परम्परा यहाँ पनि आएको छ । जङ्गबहादुर राणाले बनाएको काल-मोचन घाटस्थित जंग-हिरण्य मन्दिर राजपूत शैलीमा छ । तेह्रौं तथा चौधौं शताब्दीमा मुसलमानको आक्रमणले भारतमा मूर्तिक-लाको ह्रास हुन गयो। परन्तु नेपालमा यस कलामा कहिले पनि शिथिलता देखिएन । यस प्रकार चौधौं शताब्दीदेखि भारतीय प्रभाव नेपालमा परेन । मुगलकालका प्रति यहाँका मानिसहरूले कुनै चाख लिएनन । मुगलकालको शैलीको यहाँ अभाव छ । यहाँ बनेका अनेक मूर्ति अहिलेसम्म सद्य नवीन देखिन्छन् ।

नेपालमा हिन्दू र बौद्धको सुन्दर संगम

—प्रो० चूडानाथ भट्टराई

नेपाल हिन्दू-धर्मको गढ हो । यहाँ हिन्दू र बौद्धमा भेद छुट्याउन गाह्रो छ । नेपालमा शैव र बौद्ध दुइटा हिन्दू-धर्मका अङ्ग जस्तै हुन् । यहाँ शैव र बौद्धको धार्मिक कलह छैन । नेवार राजाको स्वयम्भू र पशुपतिनाथमा गुठी छ, श्री ५ पृथ्वीनारायणले स्वय-म्भूमा कान्तिपुर विजय गरेपछि गुठी राखेका छन् , एक देवतालाई शैव र बौद्धले एक भावले आराधना गरेका छन् । जस्तै गोपालेस्वर महादेवमा बोधिसत्वको पूजा र असंभलूमा अन्नपूर्णाको पूजा, कालमोचनमा संकटाको इत्यादि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दशैं, दीपावली आदि राष्ट्रिय पर्व पनि हिन्दू र बौद्ध दुवैले व्यापकरूपमा देशभर मनाउँछन्। दुइटैले मूर्तिपूजा र श्राद्ध पनि गर्दछन् । नेपालमा शक्ति प्रधान पीठ यहाँ शून्यवादी बौद्धहरूले पनि बौद्धदेवतामा बलि निषेद्ध भए तापनि अर्को बलि पीठ खडा गराएका छन् । जस्तै महाकालमा तलतिरको देवतामा बलि चढाइन्छ । बज्रयोगिनीमा पनि तलतिर महाकाल खडा गरी बलि दिइन्छ । यता बौद्धदेवताका पूजक गुभाजु, ज्यापूहरू र उता शैव देवताका पूजकहरू ब्राह्मण र आचाजूहरू छन् । परस्परा विरोधको कुरा छँदैछैन । झन् यी परम्पर देवताको आराधनासमेत गर्छन् । कहीं कहीं एक देवतामा दुई थरीले दोहरो भावनाले पूजा गरेको पनि प्रशस्त पाइन्छ । जस्तै पशुपतिनाथलाई आर्यावलोकितेश्वर, असंभलूलाई अन्नपूर्णा, कालमोचन भैरवमा संकटा, गोपालेश्वर–लाई बोधिसत्व र मञ्जुश्रीलाई सरस्वती इत्यादि । नेपालको बौद्ध-धर्म संसारले सम्झयो भने शैव र बौद्ध भिन्नता केवल आफ्नो अस्तित्वको निम्ति मात्र भिन्न छ । मत्स्येन्द्रनाथलाई सेता र राता बनाएर दुवैले धुमधामको यात्रा गरी मानेको देखिन्छ । वास्तवमा दुवै एकै ईश्वरमा विश्वास राख्तछन भन्ने धारणा गरे हुन्छ ।

नेपाली बौद्धका सारा कर्मकाण्ड र पूजा संस्कृत भाषामै निर्माण भएका छन् । श्राद्ध गर्दा 'स्वधा' शब्दलाई नै अपनाए । सुरथ वज्र, लीला वज्र, बाक् बज्र आदि बौद्ध कर्मकाण्डीहरूले प्रक्रिया निर्माण गरी बौद्धधर्मको अस्तित्व बचाए । नेपालका बौद्ध र शैव तान्त्रिकहरूको पूजामा मिश्रित रूप पाइन्छ । नेपालको बागडोर प्रायः सनातनी राजाकै हातमा रहेको छ तापनि यहाँका राजाहरूले धार्मिक झगडा देशमा उठ्न दिएनन् । राजा र प्रजामा मेल धार्मिक प्रथामा पनि रहिरहेको छ । सनातनीहरूले शक्तिका उपासनामा कुमारीको पूजा गर्दा शाक्यकी छोरीलाई देवताको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा यात्रा चलाएको र राजासम्म पनि कुमारी यात्रामा सामेल भएका छन्। उता 'सम्यक्' पूजा गर्दा बौद्धहरू राजालाई सर्वप्रथम अर्चना गर्दछन्। यसरी परम्पराको समन्वय गरी बौद्ध र शैव नङ र मासु झैं मिलेर बसेका छन्। नेपालमा सामाजिक व्यवहार पनि आज संमिश्रित रूपमा कहीं कहीं देखा पर्दैछ। ठमेलका प्रधान बौद्ध र काठमाडौंका शैव छन् तापनि दुवै थरीमा जाति रोटी व्यवहार चलिआएको थाहा पाइँदै छ। बौद्धधर्ममा जाति भेदलाई लिएर व्यवस्था मानेका चण्डाललाई कौल सम्प्रदायमा आएका शक्ति तान्त्रिकहरूले स्वीकारेर देवपाल बनाई पोडेलाई द्यौपालाको रूपमा स्थान दिएको छ। भद्रकालीमा आचाजू पुजारी भएर पनि पिशाच चतुर्दशीमा गुभाजु पुजारी हुन्छन्। भद्रकाली इन्द्रायणी, कङ्केश्वरी आदि पीठमा अछूत प्रवेश निषेध गरिएको मात्रै नभई संरक्षकका रूपमा राखिएका छन्। कुशले प्रवेश गराएर वाद्यवादक प्रायः तिनैलाई देवस्थलमा गराएको छ। नेपालमा देव मन्दिरमा अछूत प्रवेश हुँदा यसमा साम्प्रदायिक कलह मच्चाउने बेला पनि छैन। यहाँ बौद्धमा झन् जातिपातिको व्यवस्था छ।

बुद्धकै पालामा पनि विष्णु. शिव, इन्द्रादि देवता पूज्य थिए। ब्राह्मण धर्मकै आधारमा कर्मकाण्ड चलेको थियो। नेपालले बौद्ध मतलाई शक्तिको साहचर्य्य गराएर टिकायो।

नेपालमा केही अराष्ट्रिय तत्व विदेशी सहायताको आड्मा आफ्ना पुस्तक, विभिन्न प्रकारका प्रचारद्वारा सनातन धर्मकै सुधारक महात्मा बुद्धलाई हिन्दू-धर्मको शत्रु सिद्ध गर्ने र नेपाल र भारतमा हिन्दू-बौद्धमा वैमनस्य ल्याएर सांस्कृतिक एकता भंग गरेर आफ्नो स्वार्थ सिद्ध गर्न खोजिरहेका छन्। भगवान् कृष्ण झैं महात्मा बुद्ध र शंकराचार्यले पनि हिन्दू-धर्मको कुरीति दूर गरेर समाजको रक्षा गरेका छन्। भगवान कृष्णले गीतामा स्पष्ट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखेका छन्- "मैले गुण कर्मका स्वभावले मानवलाई — ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र — ४ भागमा बाँडेको छु ।" यही कुरा भगवान बुद्धले भनेका छन् । "न जच्चा वसलो होति कम्मना होति वम्मनो ,,। अर्थात् जातले कुनै बाहुन र शूद्र हुंदैन कर्मले नै ब्राह्मण शूद्र हुन्छन् ।

शंकराचार्यले पनि नेपालमा बौद्धधर्मको धेरै रक्षा गरे । वज्रयानको धेरै प्रचारले गर्दा नेपालमा मत्स्य मांस मीन मैथुन आदि ५ प्रकारको प्रचार बढेको थियो । युवक भिक्षु र युवती भिक्षुणीहरूमा भयंकर व्यभिचार हुन थाल्यो । ईसाई मठ जस्तै बौद्ध वहाल पनि दुराचार व्यभिचारका अड्डा भए । क्षत्रीय धर्मको अभाव भयो । यही देखेर शंकराचार्यले शक्तिका देवता पशुपतिनाथको पूजा आराधनाको प्रचार गरेर भिक्षु भिक्षुणीहरूलाई विवाह गर्न बाध्य तुल्याए । भारतमा पनि मुसलमानको राज्यकालमा श्री माधवाचार्यले शैव धर्मको प्रचारले हिन्दूहरूमा शक्तिको पूजा चलाए जसले गर्दा दक्षिणमा विजयनगरको विशाल हिन्दू-राज्यको जग बस्यो । यही समयमा जयस्थिति मल्लले पनि बंगालको नवाब समशुद्दीनको आक्रमणले जर्जर भएको नेपाललाई सुदृढ राज्य तुल्याए ।

यसकारण बुद्धधर्म नेपालमा हिन्दू - धर्मकै अङ्ग जस्तै भएको छ ।

नेपालका देवीदेवता र धार्मिक सहिष्णुता

प्रा०सरस्वतीप्रसाद घिमिरे, एम.ए.

किराती लिच्छवी मल्ल शाहवंशका प्रशस्तीहरूमा पनि यिनको धार्मिक भावना, इष्टदेवताको उपासना स्पष्ट पाइन्छ । राजा सिद्धिनरसिंहले आफूलाई कृष्णको पाउको धूलोले रंगिएको कृष्ण-धूलिधूसरित), जयप्रकाशमल्लले रघुवंशी, हनुमानध्वजामा भएको मानेश्वरी देवीको उपासक भनेका छन (रघुवंशावतार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हनुमद्ध्वज श्रीमानेश्वरी इष्टदेवतावरलब्ध श्रीपशुपतिनाथ कमलधूलिधूसरित)। रणबहादुरशाहले कुमाउँकाराजासंग परराष्ट्र सम्बन्ध जोड्दा श्री लक्ष्मीनारायण, श्री बद्रीनाथ, श्री केदारनाथ, श्री कालिका, श्री पूर्णपीठ देवताहरूलाई साक्षी राखीकन संस्कृतमा नै संधिपत्र गरे (इतिहास प्रकाश भाग १)।

रानी पोखरी— सुप्रसिद्ध नेवार राजा प्रतापमल्लले रानीपोखरी बनाउँदा भारतका पवित्र नदी तथा तीर्थस्थलहरूको जल मिलाए। जस्तै गंगा आदि नानातीर्थको जल, वाराणसीको जल, वैद्यनाथको गंगा जल, ज्ञानवापीको जल, सीताकुण्डको जल, प्रयाग गंगा, जमुना . सरस्वती, त्रिवेणीको जल [रानी पोखरीको शिलालेख] । नेपालका राजाहरूका समस्त आदेश संस्कृतमा नै प्रायः पाइन्छन् । नेपालका उच्चपदकहरू श्री ॐपट्ट, श्री राम पट्ट, त्रिशक्तिपट्ट, ओजस्वी राजन्य, गोरखा दक्षिण बाहु इत्यादि छाप, टिकट, सिक्का, पल्टनको नाम कालीप्रसाद, गोरखनाथ, भैरवनाथ आदिमा पनि धार्मिक भावना र संस्कृतिको प्रेम झल्कन्छ। हाम्रो राष्ट्रिय झण्डामा पनि वेदोक्त सूर्य चन्द्राङ्कित ध्वजाबाट वैदिक आर्यको भावना स्पष्ट देखिन्छ ।

पशुपतिनाथ— नेपाल राष्ट्रका मुख्य इष्टदेव पशुपतिनाथलाई किराती राजाहरूले किरातेश्वर पनि भन्दथे। श्री पुष्प वर्माले मन्दिरलाई अति उच्च बनाई सुनले छापिदिए। वृषभदेवका छोरा श्री शंकर वर्माले पशुपतिनाथका उत्तरतर्फ फलामको ठूलो डमरुसमेतको त्रिशूल चढाए। तिनका छोरा श्री धर्मागतदेवले वसाहा स्थापना गरे। श्री राजा गुणकामदेवका पालामा दक्षिण ढोकाको सामुन्ने आफ्नो विशालमूर्ति स्थापना गरे। श्री राजा लक्ष्मीनरसिंह मल्लकी रानी गङ्गादेवीबाट जीर्णोद्धार गरियो। श्री राजा लक्ष्मीनरसिंह मल्लका पुत्र प्रतापमल्ल राजाले आर्यघाट बनाई पशुपति-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाथका चरणोदकले मुक्ति प्राप्ति हुने काम गरे । पशुपतिनाथमा भूपालेन्द्र मल्लले गुठी राखिदिए । श्री ५ पृथ्वीनारायण शाहले पञ्चामृतले स्नान गराउनु भनी गुठी राखिदिए । श्री ५ रणबहादुर शाहले पशुपतिनाथलाई चाँदीको जलधारी चढाइ गुठी राखिदिए । श्री ३ महाराज रणोद्दीप सिंहबाट सेता राम्रा टलक भएका ढुंगा टाँसी राम्रो गराइयो । श्री ३ चन्द्र सम्शेरले कम्पनी टाँसी झन् शोभा बढाए । श्री ३ जुद्ध सम्शेरले रुद्राक्षको बुट्टाहरू बनाउन लगाई राम्रो गराए । श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रमशाहले आधुनिक ढाँचाबाट बाहिर भित्र मर्मतको साथ नयाँ अद्वितीय निर्माण गरिबक्स्यो र पशुपतिमन्दिरका ढोकाहरू सुन चाँदीले मण्डित गराइबक्स्यो ।

गुह्येश्वरी— श्री शंकरदेवका पालामा नृसिंह ठाकुर नेपाल आई चारैतिर गिर्दा पर्खाल लगाई अति रमणीय मन्दिर बनाइदिए । श्री प्रतापमल्लले पूजाको प्रबन्ध र घेरै गुठी राखिदिए । श्री ५ रणबहादुर शाहले बाजा नगराहरूको प्रबन्ध मिलाइदिए । श्री ३ महाराज जङ्गबहादुरले कलश चाँदीका पूजा-भाँडाहरू चढाइदिए । श्री ३ चन्द्र सम्शेरले जीर्णोद्धार गरिदिए । फेरि भत्केको ठाउँमा श्री ३ जुद्धले जीर्णोद्धार गरिदिए । श्री ५ महेन्द्रबाट गुह्येश्वरीको जीर्णोद्धार गराएर आफ्नो र बडा महारानीको भक्तको रूपमा स्वर्ण मूर्ति स्थापना गरिबक्स्यो ।

वज्रयोगिनी–साँखुमा पनि श्री राजा शंकरदेवले साँखु शहर बनाई ईश्वरीलाई चढाए । श्री राजा सूर्य मल्लले घेरै गुठी राखिदिए । श्री ३ चन्द्र सम्शेरले फलामको सत्तरीहरू लगाई अझ मजबूत पारिदिए ।

स्वयम्भू–लिंग चैत्य लिच्छवीवंशका शैवराजावृषभदेवलेबौद्धमत लिएका हुंनाले बौद्धदेवताहरू स्थापना गरे । श्री राजा प्रतापमल्लले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुनको पंचबुद्ध भगवान बनाई स्थापना गरिदिए। फेरि जयप्रकाश मल्लले जीर्णोद्धार गरिदिए। श्री ५ रणबहादुर शाहले देवधर्मलामाको कथनानुसार गुठी राखिदिए।

श्री बूढानीलकण्ठ— श्री राजा सूर्यकेतुले जलशायी नारायणको स्थापना गरे। सूर्यवंशी राजाका शेषपछि श्री प्रताप मल्लले भण्डार खालमा जलशायी नारायणको स्थापना गरी राजाहरूले त्यहीं दर्शन गर्ने प्रथा चलाए। कसैको मतमा बूढा—बुद्धको र महादेवको समन्वयात्मकनाम दिइएको हो।

श्री चाँगुनारायण—राजा विष्णुगुप्तले ७०० घरका ग्राम बनाई चढाए। हरदत्त राजाले देवालय बनाइदिए। गंगारानीबाट छानामा सून छापी धेरै गुठी राखिदिइन। पछि प्रधान मन्त्री रणोद्दीप सिंहले चौघेरा सत्तल बनाइदिए। पाटनको *मत्स्येन्द्रनाथ* शिव मार्गी बौद्धमार्गी दुवैले मान्नुपर्ने गरी स्थापना गरे। यिनी वैदिक देवता इन्द्रकै रूप वर्षाका देवता हुन्। इन्द्रको पूजा यहाँ इन्द्रजात्रा, इन्द्रध्वजोत्थान इन्द्रलिङ्गको रूपमा गर्ने चलन प्राचीन समयदेखि चलिआइरहेछ। श्री राजा वाशमल्लले सुनको छाना छाई तोरणसमेत गजूर चढाई गुठीसमेत राखिदिए। श्री ३ महाराज जुद्ध सम्शेरले देवल बनाइदिए। यिनै मत्स्येन्द्रनाथका शिष्य गुरु गोरखानाथ प्रख्यात छन्।

भद्रकाली–काठमाडौंका राजा गुणकामदेवले स्थापना गरे। राजा अमर मल्लले रथारोहण यात्रा र नित्य लीला गर्ने प्रथा चलाए। वर्तमान श्री ५ महेन्द्रले यसको जीर्णोद्धार गरी अति शोभायमान बनाइबक्स्यो।

कंकेश्वरी पनि गुणकामदेव र अमरमल्लले स्थापना गरेका हुन्। जनरल कृष्णबहादुर कुँवरले पछि सुनको मलम्वा, जनरल गंगनसिंहले माथिल्ला तलामा सुनको छाना बनाए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृष्णमन्दिर, पाटन — पाटनका राजा सिद्धिनरसिंह मल्लले कृष्णभक्त हुनाले आफ्नो दरबारको अगाडि कृष्णमन्दिर स्थापना गरे। यो मन्दिरमा महाभारत र रामायण दशवतारका मूर्तिहरू बनाई कोटी होम गराई गरुड स्थापना गरी श्री राधा कृष्णको मूर्ति स्थापना गरे। भारत जस्तै नेपालमा पनि कृष्णका पूजा मल्ल राजाहरू श्रद्धाभक्तिपूर्वक गर्दथे। कृष्णाष्टमीका अगाडि आठ दिनसम्म गाईजात्रा, नाचगान, रासलीला अफ चलिरहेको छ। यस्तै नेपालमा राम, सत्यनारायण, दत्तात्रेय, जगन्नाथ, हनुमान, गोरखनाथ, महालक्ष्मी, दुर्गा काली, कुमारी पञ्चलिङ्ग इन्द्रायणी, स्वयम्भू चैत्य बहाल; तान्त्रिक देवीदेवताहरूको पूजा र देवालयहरूको स्थापना भएका छन् (हेर्नुस 'देवमाला')।

हाम्रो संस्कृतिको मूल स्रोत

प्रो. जि. सी. शास्त्री

गीतामा भगवान श्रीकृष्णले अर्जुनलाई भनेका छन् "यत च अपि सर्वभूताभूतानां बीजम् तत् अहं अर्जुन" अर्थात्'सब जगतको मूल स्रोत म हुँ'। ठीक यही कुरा हामी वेदको बारेमा भन्न सक्छौं। हाम्रो संस्कृतिको मूलस्रोत वेद हो। जसरी नदीहरू आफ्नो स्रोतबाट निस्कँदा शुद्ध र निर्मल हुन्छन् पछि अरू नदीहरूको जल मिसिंदा धमिलो अलिकति बेग्लै रूप लिन्छन्, ठीक यही कुरा हामी हाम्रो संस्कृतिमा पाउँछौं।

धर्म:—वेदमा स्पष्ट लेखिएको छ कि परमात्मा एउटै छन्। ज्ञानीहरू यसलाई भिन्न भिन्न रूपमा पूजा गर्छन्। "एकं सत् विप्रा बहुधा वदन्ति"। हिरण्यगर्भ पतिः एक आसीत्"। परमात्माको भिन्न भिन्नै शक्तिहरूले नै गर्दा यिनलाई ब्रह्मा, विष्णु, महेश, यम, सूर्य, सोम, (चन्द्रमा) आदि नामले मानिसहरू आराधना गर्छन्। यही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमात्मालाई स्त्री, पुरूष, कुमार तथा कुमारीको पनि रूपले पूजा गर्छन् । "त्वं स्त्री त्वं पुमान्" (अथर्ववेद) यस कारण नेपालमा स्त्रीरूप भगवती, सरस्वती, लक्ष्मी आदि देवीहरूको रूपमा पुजिन्छन् । परमात्माको हजार नेत्र असंख्य शीर र पाउ आदि भएको स्वरूप भनिएको छ । "सहस्रशीर्षा पुरूष,: सहस्राक्षः सहस्रपात्" यस भावको तात्पर्य यही बुझिन्छ कि मानवता एक हो, व्यक्तिको सेवा नै परमात्माको सेवा हो, व्यक्ति परमात्माको रूप हो । गीतामा श्रीकृष्णको विराट रूप, नेपालमा विश्वरूपको मूर्ति, भगवतीको अठार भुजा, विष्णुको चतुर्भुजाद्वारा यही कुरा देखाइएको छ । भगवतीका नौ नौ हातहरू देखाउनुको तात्पर्य के हो भने संख्या जम्मा नौ संख्याकै अन्तर्गत छन् । भगवतीका १८ भुजा अनन्त शक्तिको प्रतीक छन् । विष्णु भगवानको चार भुजाको मतलब चारै दिशामा सर्वव्यापकता देखाउनु हो । "विष्णुः व्याप्नोतीति विष्णुः"सर्वव्यापक विष्णु भगवानको त्रिविमक्रान्त मूर्तिमा तीन पाउ देखाउनुको अर्थ तीनलोकद्यौ ,अन्तरिक्ष र पृथ्वी लोकमा व्यापक हुनु हो यही भाव त्रिविक्रमक्रान्त मूर्तिमा भगवान विष्णु सूर्यको रूपमा पनि पुजिन्छन् "आदित्यानां विष्णुः अहं" (गीता) । सूर्य उदाउने बेलामा सानु (वामन) हुन्छ, पछि त्यो सूर्य किरण द्यौलोक,अन्तरिक्षलोक र पृथ्वीलोकमा फैलिन्छ वलीरूपी अन्धकार पाउमा दबिन्छ । यही हाम्रो वलि वामन कथाको मूल कारण हो ।

*पंचायत:*वेदमा समस्त संसारलाई 'पञ्च मानवाः र पञ्चजनाः' भनिएछ । मानव जातिलाई पाँच वर्गमा बाँडिएको छ । जस्तो (१) ज्ञानी वर्ग अर्थात ब्राह्मण (२) सैनिक वर्ग—क्षत्रीय, (३) व्यापारी कृषक-वर्ग–वैश्य (४) कर्मचारीवर्ग शूद्र यी चार वर्गको अतिरिक्त एउटा वन्य पञ्चम वर्ग पनि छ । यी पाँच वर्गको हित गर्ने सभा या संमतिलाई "पाञ्चजन्य" अर्थात् पञ्चायत भनेको छ । यही पञ्चायतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै वर्ग भाग लिन्थे। जसले गर्दा जनचेतना, राष्ट्रियता, स्वातन्त्र-प्रेम र स्वावलम्बनको भाव पैदा हुन्थ्यो। यो कुरा हामी ग्रीक र वेलायतको लोकतंत्र शासनको इतिहासमा पनि पाउँछौं।

वेदमा स्पष्ट लेखिएको छ—"यत् पाञ्चजन्यया विशा इन्द्रेघोषा असृक्षत" (ऋग् ८-६७-७) "पाञ्चजन्यो मरूत्वान् नो भवतु इन्द्र ऊती" (ऋग्)

अर्थात् प्रजाले (विशा) राजा (इन्द्र) कहाँ आफ्नो राय पठाए। राजा आफ्नो पञ्चायत र सेना (मरूत्) द्वारा हाम्रो रक्षा गरून्। वास्तवमा राज्यको सार जनता जनार्दन र सेना हो। यसकारण हाम्रो राष्ट्रिय ध्वजामा चन्द्र-ज्ञानको प्रतीक र सूर्य-तेज, वीरताको प्रतिक रहन्छन्। वेदमा स्पष्ट लेखिएको छ, हामी राष्ट्रमा सावधान रहुँ र राष्ट्रसेवामा सदा सबै भन्दा अगाडि रहुँ। "वयं राष्ट्रे जागृयाम पुरूहिताः" सभा र संमतिलाई राजाको "दुहिता" जस्तो भनिएको छ। दुहिताको अर्थ टाढा रहेको हो (दूरेहिता) यसकारण छोरीको नजीकको सम्बन्धीसंग विवाह निषेध गरेको छ।

सभा र संमतिद्वारा राजा देशको प्रतिनिधिद्वारा राजकाज चलाउँथे र तिनीहरूबाटै कर उठाउँथे।

वैदिक नागरिकता:—वेदमा धेरै प्रार्थना छन् जस्मा वीर, कर्मठ, पुत्र पुत्रीका लागि प्रार्थना छ जो 'सदन' (लोकसभा) 'सभा' (राजसभा) र 'विदथ्य' अर्थात धार्मिक र सामाजिक सभामा भागलिन सकून्। "सोमोवीरं कर्मण्यं ददाति। सादन्यं विदथ्यं सभेयम्" (ऋग् १ ९१।२०, यजु ३४।३०) यसबाट यो झल्कन्छ कि नागरिकहरूलाई नै राजनैतिक सदन र सभामा भाग लिने अधिकार थियो। अरूहरू धार्मिक र सामाजिक सभामा भागलिन सक्थे। तर नागरिकलाई कर्मठ, कर्तव्य परायण हुनुपर्दथ्यो। देश माथि आपत आएमा देश रक्षाको भार उनीहरूमा पर्दथ्यो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैदिक राष्ट्रियता:— अथर्व वेदको पृथ्वी सूक्तबाट हाम्रो राष्ट्रियताको पनि एक झलक पाइन्छ' जसमा प्रार्थना गरिएको छ "हे मातृभूमि म आफ्नो राष्ट्रमा अपराजित (अजित:) अहत: र अक्षत: रहूँ"। यही भाव हाम्रो वतमान राष्ट्रिय गानमा पनि झल्कन्छ ।

कर्मठ जीवन:— वेदको रूद्र सूक्तमा चर्मकार (सार्की) रथकार (सिकर्मी) कुलाल (कुमाले) आदिलाई नमस्कार गर्ने कुरा सिकाइएको छ। यसबाट श्रमको मूल्याङ्कन गरेको देखिन्छ । हाम्रो संस्कृतिमा जन्मको अपेक्षा गुण र कर्मलाई ठूलो स्थान दिइएको छ, जसबाट देशको उन्नति सम्भव छ। भगवान कृष्ण र भगवान बुद्धले पनि यही कुरा गीता र धम्मपदमा उपदेश गरेका छन ।

"चातुर्वर्ण्यं मया सृष्टं गुणकर्म विभागश:" (गीता)

"कम्मना जायते ब्राह्मण: कम्मना जायते वृषल:" (धम्मपद)

त्याग यज्ञमय जीवन:— हाम्रो संस्कृतिमा खानेवेलामा केहीं न केही भाग गोग्रास, काकबलिको रूपमा छुट्याइन्छ । ? पहिले देवतालाई चढाउँ छन् । अनावृष्टि तथा अनिकालको समयमा हामी यज्ञ, पूजा, पाठ, स्नान आदि गर्छौं । चारै दिशामा अन्न चढाएर भोजन गर्छौं । यो सब कुराको मूल आधार वैदिक उपदेशको अनुसरण हो। "केवलाघा भवति केवलादी" अर्थात जो एक्लै खान्छ त्यो पाप खान्छ । यसकारण हामीले त्यागमय जीवन बिताउनु पर्छ । "आयु: यज्ञेन कल्पताम्" मनुष्यको जीवन एक यज्ञ हो । हाम्रा धर्म संस्कृति, र शिक्षाको मूल लक्ष्य' देव' ऋषि' यज्ञ र पितृयज्ञ गर्नु हो ।

ऋग्वेद र नेपाल

—महेश्वर शर्मा

आर्यहरूको प्रारम्भिक काल देखिनै नेपालसंग घनिष्ठ सम्पर्क रहेको कुरा ऋग्वेदको हिमालयडाँडा काँडा र हिमाली नदीहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्णनलेनै बताइरहेको देखिन्छ । धेरै सम्भवछ, युद्ध पछिनै आर्यहरू हिमालयका आदि निवासीहरू हिमाली भेकबाट तल मैदानतिर झरेका र संसारका अरू भागमा फैलिएका होउन् ! किन भने आर्यहरू अन्यत्रबाट हिमालयमा आएका हुन भनेर आर्यसाहित्यमा उल्लेख भएको पाइँदैन । विदेशीहरूको लहैलहै र अडकलबाजीकै भरमा भनिने मात्र हो ।

सप्तसिन्धु:

ऋग्वेदमा सप्तसिन्धु शब्द धेरै ठाउँमा आएको छ । यो शब्द सात नदीहरूको अर्थमा अथवा सात नदीहरूको बीचको भूमिको अर्थमा पनि छ । भारतमा सिन्धु र सरस्वतीको बीचको यो प्रदेश हो भन्छन् । पञ्जाबका ७ नदीलाई पनि सप्तसिन्धु भनिन्छ । यसैको आधारमा मात्र आर्यको सम्बन्ध नेपालसंग नभएको भन्ने हो भने नेपालको त्रिशूलीदेखि कालीसम्मको प्रदेश पनि सप्तगण्डकी प्रदेश भनिन्छ र ऋग्वेदमा भनिएका सात बैनी नदी (सप्तस्वसा नद्य:) लाई गण्डकी प्रदेशका जेठी माहिली आदि नामले भनिने कथा आज पनि प्रचलित छन् । ऋग्वेददोक्त "सप्तापो नवति स्रोत्या-नव च स्रवन्ती" (सात नदी, नब्बेमूल र नौ शाखा नदी) नेपालका गण्डकी-कोशी-कर्णालीका धारानै पनि हुन सक्छन् । ऋषिहरूले—हिमालयबाट निस्केका नदीहरूलाई नै सरस्वती वा सप्त नदी भनेका छन् । साथै यी नदीलाई ऋग्वेदमा रूक्म वक्ष (छातीमा सुन भएका) भनिएको छ । नेपालका सप्त-गण्डकीमा आज पनि सुन पाइनै रहेएको छ । ऋग्वेदोक्त हिमालय नेपालको पश्चिमी सीमाना भन्दा अझ परैको मात्र हो भन्ने पनि त कुनै आधार छैन !

"श्वेती"नदी भन्ने ऋग्वेदोक्त नदीको लक्षण के सेता नदीसंग मिल्दैन ? ऋग्वेदका ७ नदी मध्येको परूष्णी (हिजो आज "रावी" भनिएको) नदीलाई रावी शब्दमा लैजान भन्दा पोष्करिणी बना-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनमा बढी संगती देखिन्छ । पुष्करिणी भन्दा भन्दै आ-जको "पोखरा बन्न पुगेको हुन पनि सक्छ । ऋग्वेदको "कुम्भा" नदीलाई काबूल नदी भन्नु भन्दा कालीलाई स्कन्द पुराणमा "घटोद्भवा" भनेको उल्लेख बढी उपयुक्त प्रतीत देखिन आउँछ । सबै नदीका नाम आज ठीक ठीक नमिल्न सक्छन् । कति हिम-प्रलय भए होलान् , कति ऋतु विपर्य हुन सक्छन , कति स्थलभाग जल र जलभाग स्थल हुन गएका होलान् । पछि राजनीतिक विभाजनले पनि एक ठाउँ अर्को ठाउँमा पर्न गयो होला ।

ऋग्वेदमा "देवनिर्मित देश" भनिएको छ । यो देश सिन्धु र सरस्वतीका बीचको प्रदेश हो भनेर आज अर्थ लगाइने गरेको छ । तर देवताहरू मेरू पर्वतमा बस्ने उल्लेख पाइन्छ । त्यहाँ सुख शान्तिको बास र दुःख को अभाव थियो रे । मेरूः सुमेरुर्हेमाद्रीरत्नसानुः सुरालयः" । शायद यसैलाई स्वर्ग भनिएको र देव निर्मित देश यही हिमाली भाग हो जहाँ ऋषि मुनिहरूको बास थियो । आर्य ग्रन्थमा स्वर्गलाई "त्रिविष्टप" भनिएकोले केही भाषा शास्त्रीहरूको आजको तिब्बत नै त्रिबिष्टप हुनु पर्छ पनि भनेका छन् । यिनीहरूको मनसाय पनि आर्यहरूको मूलभूमि हिमालय हो भन्ने नै हो । जे होस् , आर्यहरूको विचार अनुसार र स्वयं ऋग्वेदको वर्णनले "देवनिर्मित देश" यही हिमालय नै ठहऱ्याउँ छ । त्यसैले ऋग्वेदोक्त देवनिर्मित देश नेपाल हुनमा जति युक्ति र तर्कसंगत देखिन्छ त्यति सिन्धु र सरस्वतीको बीचको भूमि हुनमा देखिदैन । अरू पनि हेरौं ।

"यस्येमे हिमवन्तो महित्वा" अर्थात् जसको महिमाले यो हिमवन्त पर्वत प्रदेशछन् ।

शायद यहाँ आर्य-अनार्य युद्ध हो । ऋग्वेदमा भएको लडाईको वर्णनमा पहाडैकै उल्लेख छ । शम्बर (दस्यु नायक ?) का अजेय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०० पर्वतीय किल्लालाई दिवोदासले नष्ट गरेका र ४० वर्षसम्म पर्वतीय भागमा लडाइँ गर्नु परेको उल्लेख छ। दस्यु को थिए र त्यो लडाइँ किन भयो ? त्यो बेग्लै विषय हो,। यस लडाइँको प्रसङ्गमा मैदानको उल्लेख ऋग्वेदमा छैन। लडाइँमा करीब १लाख दस्यु मारिएको उल्लेख पाइन्छ। यसरी हेर्दा आर्य र अनार्यको लडाइँ सर्वप्रथम सिन्धुको मैदानमा भयोहोला या पहाडी भागमा ? विचारणीय छ। सिन्धुको अर्थ ऋग्वेदमा मोहेनजोदडो र हरप्पा मात्र हो वा सरस्वतीसम्मको प्रदेश मात्र हो पनि त भनिएको छैन ! यो त पछि केही अनुसन्धान र केही अडकलको भरमा भनिन थालिएको हो, अन्तिम टुङ्गो के लागेको छ र ? फेरि हामी नेपालीहरूको विश्वास र परम्परा अनुसार कर्मकाण्ड, यज्ञ योग, अनुष्ठान, मन्त्र प्रयोग, खानपान, वेषभूषा, संस्कार एवं देवपूजा आदिमा वेदोक्त विधिविधानकै आजसम्म पनि चलिनै आएको छ। यो सबै अध्ययनै नगरी विदेशी लेखकहरूले पनि वेद र नेपालको सम्बन्ध प्रति आँखै चिम्लेका छन्।

ऋग्वेदमा आर्यलाई गोरा रङ्गका र छाला एवं ऊनीका लुगा लगाउने भनिएको छ। काठका भाँडा प्रयोग गर्ने घाँस र स्याउलाको झुप्रामा बस्ने भनिएको छ। यो पनि गर्मी मैदानी भाग भन्दा पहाडी र विशेषगरी हिमाली भागसंगै मिल्ने कुरा देखिन्छ। उतिखेर सोमपान गर्ने बटुको काठको हुन्थ्यो भने आज पनि हाम्रो उत्तरी जिल्लातिर काठकै कचौरा (पुचै) मा मद्यपान गरिन्छ, काठकै भांडा अझै प्रयोग गरिंदै छन्। ऋग्वेदमा माछा खाने उल्लेख छैन किन्तु मासु खाने उल्लेख प्रशस्त छ। मैदान पट्टिकै विशेष जोडभए मासु भन्दा माछा खाने कुरा बढी नभए पनि प्रशस्त हुनु पर्ने थियो। त्यस्तै गाई, भेंडा, बाख्रा, घोडा, गधाको उल्लेख छ तर भैंसीको उल्लेख छैन। मासु नेपालमा बढी खाइन्छ। नेपालका उत्तरी भागमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भैंसी छैनन्, आज पनि गाई, भेंडा च्याँग्रा घोडा, गधा नै बढी पालिन्छन् । बेदमा गाई, 'अघन्या'—न मार्ने योग्य बनेको छ ।

(नेपाली भाषामा धेरै वैदिक शब्द पनि पाइन्छ: जस्तो-काम-गर्नेमा यो कस्तो 'रिपु' रहेछ । 'रिपु' ऋभु-विश्वकर्मा-कार्यदक्षको अर्थमा, साही-शाह- वैदिक इन्द्रको तुराषाट्‌बाट बनेकोले फेरि "आकरासहे" — नेपालीमा 'कराउनु'को अर्थ हुन-सम्पादक)

राष्ट्रका ४ मूलाधार

—प्रा. केशव अर्ज्याल एम. ए. (द्वय)

नेपाल एक हिन्दूराष्ट्र भएको हुँदा र यहाँको संस्कृति हिन्दू संस्कृति हुँदा आफ्नो (१) धर्म, (२) संस्कृति (३) भाषा र साहित्य एवं (४) राष्ट्रियतामाथि प्रथम ध्यान राख्नु हामी सबैको अनिवार्य कर्तव्य छ । यी माथिका चार चीज नै हिन्दू राष्ट्ररूपी भवनका चार स्तम्भ जस्तै छन् ।

(१) धर्मको राष्ट्रिय जीवनसंग घनिष्ठ सम्बन्ध छ । राष्ट्र एक भाववाचक शब्द हो र राज्य एक ठोस शब्द । राष्ट्रले जातिको भावनात्मक एक्यलाई समेत लिन्छ । यसै भावनालाई एक सूत्रमा गाँस्न हाम्रा ऋषि, महर्षिहरूले चारधाम, तीर्थ. व्रत, संस्कार, उपासना, पूजा, पर्व, सामाजिक जीवन, उत्सव, भाषा, साहित्य आदिको कल्पना गरेका छन् । जस्तै आफूलाई हिन्दू सम्झने कुनै पनि व्यक्तिले जीवनमा एक पटक पशुपतिको दर्शन, मुक्तिनाथको यात्रा, चारधाम, काशीयात्रा, नारायणी जनकपुर धाम, गण्डकी स्नान, वराहक्षेत्र, लुम्बिनी, त्रिवेणी आदि मध्ये कुनै न कुनै तीर्थ-स्थलको यात्रा जीवनमा गर्दछ । यस प्रकार धर्मको राष्ट्रिय जीवनमा एक प्रमुख स्थान रहेको छ ।

(२) संस्कृति राष्ट्रको जीवनको दोस्रो महत्वपूर्ण अङ्ग हो । जस-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई हामी राष्ट्रको आत्मा प्राणको रूपमा सम्झन सक्छौं। धर्म, यदि राष्ट्रको शरीर हो भने भाषा त्यसको मुख, साहित्य त्यसको मस्तिष्क, र संस्कृति त्यसको आत्मा हो। जस्तै आत्माविना जीवनको कल्पना छैन त्यस्तै संस्कृतिविना राष्ट्रको कल्पना गर्न सकिंदैन। बिना संस्कृतिको राष्ट्र धेरै दिनसम्म राष्ट्रको रूपमा टिक्न सक्दैन। प्रश्न उठ्छ संस्कृति क्या हो ? यसको अर्थ व्यापक छ। सामान्य अर्थमा जसको अर्थ भन्न सकिन्छ—'परम्परागता शोभमाना सामूहिकरूपाकृतिःसा संस्कृतिः परम्पराबाट चलिआएको सुन्दर सामूहिक व्यवहारनै संस्कृति हो। एक महात्माले संस्कृतिको परिभाषा यसरी गर्नु भएको थियो। "हाम्रा पूर्वजहरूका सद्विचारहरूलाई कार्यमा परिणत गर्ने प्रणाली नै हाम्रो संस्कृति हो।" त्यसकारण हाम्रो परम्परा अन्तर्गत जन्मदेखि मृत्युपर्यन्त जे जति असल किसिमका कार्य प्रणालीहरू देखिन्छन् तो सबै संस्कृति अन्तर्गत आउँद्छन भनेमा असंगति होओइन। अतः प्रत्येक जनको पुनीत कर्तव्य के हुन्छ भने उसले आफ्नो संस्कृतिको रक्षा र सम्मान हर हमेशा गरोस्। यसै संस्कृतिकै रक्षार्थ अनेकौं इतिहास, पुराण स्मृतिग्रन्थ, सूत्रग्रन्थ आदि शास्त्र निर्माण गरिए। गुणकर्ममा आधारित वर्णाश्रम धर्म पनि हिन्दू संस्कृतिकै रक्षार्थ बनेको हो। राष्ट्रको आत्मस्वरूप संस्कृतिको रक्षार्थ श्री ५ महाराजाधिराजबाट राजकीय प्रज्ञा-प्रतिष्ठानको स्थापना र अनेकौं मन्दिरहरूको पुनरूद्धार आदि कार्य सम्पन्न भएका छन्। साथै सम्विधानद्वारा नेपाललाई हिन्दू राष्ट्र र कानूनद्वारा प्रतिष्ठापित गरिबक्सेको कुरा आजका करोडौं हिन्दूबाट छिपेको छैन।

(३) राष्ट्र जीवनको तेस्रो महत्वपूर्ण अङ्ग हो भाषा र साहित्य। भाषा अभिव्यक्तिको एक साधन हो। भाषाद्वारा नै हामी आफ्ना भावनाहरूलाई छिटै अर्कोछेउ पुऱ्याउन सक्दछौं। जस्तै हामी व्यक्तिगत जीवनमा एक कुटुम्बमा रहने मानिसहरू आफ्नो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवहारका निमित्त एक भाषा बोल्दछौं । त्यस्तै एक राष्ट्रले पनि आफ्नो व्यवहार, विचार भावनालाई अर्कोछेउ पुऱ्याउन एक भाषा अपनाएको हुन्छ । एक भाषाले गर्दा एकत्वको भावना बनिरहन्छ । यसै भाषाकै आधारमा श्री ५ पृथ्वीनारायण शाहलाई नेपालको एकीकरण गर्न सजिलो हुनगयो । त्यस कारण राष्ट्रिय एकता कायम राख्न, राज्यको काम सुगमतापूर्वक चलाउन एक राष्ट्रभाषा हुनु नितान्त आवश्यक छ भन्ने कुरा अहिलेका राजनीतिशास्त्रका विद्वानहरूले पनि महसूस गरिआएकै छन् । सौभाग्यले हाम्रो देशमा अझसम्म भाषा समस्या खडा भएको छैन । तर छिमेकी राष्ट्रले त्यसको कठिनाई अनुभव गरिरहेछ । राष्ट्रद्रोहीहरूले भाषा समस्या खडा गर्न नपाउन् भन्ने विचार राखेर राष्ट्रिय एकता जोगाई राख्न नेपाली भाषाको तीव्रताले तराई पहाड कुना काप्चातिर प्रचार प्रसार गर्न वर्तमान श्री ५ सरकार कटिबद्ध छ । यसमा हामी सबै नेपालीको कर्तव्य हुन आउँछ कि हामीले राष्ट्रभाषाको ज्ञान र उन्नति, प्रगतिको निम्ति विशेष सचेष्ट र सक्रिय हुनु पर्दछ ।

भाषाको साथ साथै साहित्यलाई हामी बिर्सन सक्दैनौं । साहित्यको आवश्यकतालाई अस्वीकार गर्ने मनुष्यलाई "साहित्य संगीत कला विहीनः साक्षात् पशुपुच्छविषाणहीनः" भनेर पनि गिज्याइन्छ । मनुष्यको जीवनमा या राष्ट्रको जीवनमा छिटो परिवर्तन ल्याउन सक्ने सुगम माध्यम साहित्य पनि हो । संसारमा भएका बेला बेलाका अकलबदलमा साहित्यको योग छ । उदाहरणको निम्ति रूसो, भोल्टेयर यदि नभै दिएका भए शायद फ्रान्समा क्रान्ति हुने थिएन । मार्क्स, लेनिन, गोर्की आदिको साहित्यले रूसमा नयाँ समाजको निर्माण गऱ्यो । भारत, चीन आदि स्थानमा परतन्त्रताको जन्जीरलाई छिनाल्न साहित्यको निकै ठूलो हात रहेको छ । धेरै परकिन हाम्रै नेपाली साहित्यमै दृष्टिपात गऱ्यौं भने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भानुभक्त, लेखनाथ, देवकोटा, सम आदि कविहरूका साहित्य कम महत्वका छैनन्। जुन देशको साहित्य जति विकसित हुन्छ त्यो देश त्यत्तिकै स्थायी र बलियो पनि हुन्छ। एक पटक दार्शनिक विद्वान् कार्लाइलले भनेका थिए-'वृटिश साम्राज्यभन्दा म शेक्सपीयरको साहित्यलाई धेरै महत्व दिन्छु,। साहित्यकै आधारमा त्यस जातिको अस्तित्व रहन्छ। 'साहित्यकै अधारमा हिन्दू समाशको अस्तित्व आज हजारन् वर्षदेखि रहँदै आइरहेछ। यसर्थ राष्ट्रको जीवनको निर्माण पनि साहित्यद्वारा द्रुतगतिले हुन सक्छ भन्ने कुरा आजका उन्नत विकासशील राष्ट्रको उदाहरणबाट नै हामीलाई थाहा हुन्छ।

४) राष्ट्रियता-यी सबै कुराको जिम्मेदारी आज राष्ट्रको एक व्यक्ति माथि छैन अपितु यस मातृभूमिका सन्तान हामी सबैउपर परिआएको छ। आज हामी नेपाली जातिले आफ्ना पूर्वज लिच्छवी, मल्ल, शाहवंश आदिले सुरक्षित पारिदिएको यस स्थितिलाई वेदको यस भनाईलाई सम्झनुपर्छ 'माता भूमि:पुत्रोऽहं पृथ्वीव्या:' मेरी आमा पृथ्वी हुन् जसको काखमा हुर्के, बढें, खेलें, तिनको सुरक्षा र तिनको गौरवलाई बढाउनु नै हामी नेपाली मात्रको कर्तव्य हुन आउँदछ। सोही भाव श्री ५ महाराजाधिराजको यस वाणीमा पनि रहेको छ "नेपालको अस्तित्व मेटियो भने नेपालीको पनि अस्तित्व मेटिने छ।"

साँस्कृतिक एकता नै राष्ट्रिय एकता

—श्री बाबुराम आचार्य

किराती:-नेपालको प्राचीन मूलभूमि कहाँसम्म विस्तृत थियो भन्ने कुनै जानकारी नभए तापनि यसको केन्द्र स्थल काठमाडौं उपत्यका थियो र यहाँका मूल निवासी किरात वर्गका थिए भन्ने कुरामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै सन्देह छैन। प्राचीन युगमा यस उपत्यकाका किरात वर्गका एक जमातमा भारततिरबाट आर्य सभ्यताको प्रकाश आएर नेपाली राष्ट्रियताको जग बसेको देखिन्छ । भारतीय वाङ्मयमा नेपालको उल्लेख प्राचीन कालदेखि नै पाइन्छ । तिब्बत र भारतको बीच रहेको नेपाल ऊनको व्यवसायमा प्रसिद्ध भएको प्रसंग कौटिल्यको अर्थशास्त्र र 'मूलसर्वास्तिवाद विनय संग्रह' नामक ग्रन्थमा आएको छ। यसबाट पनि नेपालको भारतसंग प्राचीन कालदेखि सम्पर्क कायम भएको र उसै समयदेखि नेपाली संस्कृतिमा भारतीय संस्कृतिको प्रभाव पर्न आरम्भ भएको अनुमान हुन्छ।

लिच्छवी:—ईस्वी संवतको आरम्भ हुँदा नहुँदादेखि नै भारतीय आर्यजातिका लिच्छवीहरू नेपालमा आएर यहाँको मूल निवासीमा सम्मिलित भई विस्तार विस्तारै नेपालकै प्रशासक बनेका थिए। अल्पसंख्यामा आएका लिच्छवीहरूले नेपालका मूल निवासीहरूको चाल-चलन, रीति-रिवाज र अरू अनेक सामाजिक नियमहरूलाइ अपनाई किरात संस्कृतिलाई ग्रहण गर्दा किरात संस्कृति र आर्य संस्कृतिको मेलबाट एक अलग संस्कृतिको सृष्टि भयो । यस प्रकार किरात संस्कृतिका जगमा आर्य संस्कृति सुसंस्कृत र परिमार्जित हुन थाल्यो।

मध्ययुगको प्रारम्भमा हिमालयका हिमाच्छन्न बाटाहरू खुल्नु एक आश्चर्यजनक घटना छ। त्यस समय तिब्बतमा राजा सङ-चङ-गम्पो आफ्नो साम्राज्यको विस्तार गरिरहेका थिए र नेपालमा महासामन्त अंशुवर्मा आफ्नो प्रताप सूर्य चम्काइरहेका थिए। हिमालयका हिमाच्छन्न बाटाहरू खुलेपछि एकतर्फी सम्बन्ध गर्दै कोल्टो पनि फर्कने अवसर प्राप्त भयो । अब नेपालीहरू तिब्बत र चीनसम्म पनि आवागमन गर्न थाले। यसबाट चीन र तिब्बत-संग पनि नेपालको सम्बन्ध स्थापित भयो र नेपाली र तिब्बती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतिहरू परम्परमा प्रभावित हुन थाले । पहिले नेपालीहरू तिब्बतमा गएर आफ्नो सभ्यता र संस्कृतिको प्रचार गरे, पछि तिब्बतीहरूले नै नेपालका उत्तरी भागका निवासीहरूलाई बौद्ध-धर्ममा दीक्षित गराए ।यसरी नेपाल तिब्बतीय संस्कृति र भारतीय संस्कृतिको संगमस्थल बनेको नेपाली संस्कृतिमा तिब्बतीय संस्कृतिको स्पष्ट प्रभाव देखिनु स्वाभाविकै थियो । यस प्रकार तिब्बती संस्कृतिको प्रभावबाट नेपाली सस्कृतिमा पनि क्रान्तिकारी परिवर्तन आरम्भ भयो र नेपालका कलाकौशल, वेषभूषा, रहनसहन अदिमा पनि समुचित परिवर्तन आरम्भ भयो । तर नेपाली संस्कृतिको परम्परा विच्छिन्न भएन ।

तान्त्रिक: पौराणिक धर्म र महायान बौद्धधर्मबाट अलगअलग तान्त्रिक समुदायको उत्थान हुनु मध्ययुगको मुख्य घटना छ । यसै समयमा पशुपति सम्प्रदायक पशुपतिको नेपालमा स्थापना भयो । यी सबै सम्प्रदायहरू भारततिरबाटै आएका थिए, तर नेपालमा आएर शैवतान्त्रिक र बौद्धतान्त्रिक सम्प्रदायमा पनि परस्परमा आदान–प्रदान चल्दै रहेकोले बौद्धतान्त्रिक सम्प्रदायक भैरव, तारा आदि देवदेवीहरू शैवतान्त्रिक सम्प्रदायमा पनि सम्मिलित भए । यसै क्रममा शैवतान्तिक सम्प्रदायका मछेन्द्रनाथलाई नेपालमा बौद्ध देवता मानेर अवलोकितेश्वरको अभिन्न रूप सम्झनु साँस्कृतिक समन्वयको महत्पपूर्ण नमूना छ ।

ललितकला:— मध्ययुगसम्मको नेपाल ललित कलात्मक थियो, अर्थात् त्यस समयसम्म नेपाली संस्कृतिको प्राण ललित कलानै थियो । यसैले उस समयसम्मका नेपालीहरू भारतीय र तिब्बतीहरूका दृष्टिमा कलाकारका रूपमा नै परिचित थिए । यसपछि नेपाली संस्कृतिमा अर्को मुहानले प्रवेश गऱ्यो र यसबाट नेपाली संस्कृतिको स्वरूपमा आमूल परिवर्तन भयो । यस नयाँ नयाँ संस्कृतिको प्रवाह पश्चिमतिरबाट पूर्व बाहिनी भएर आएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खसजातिः— आर्य जातिको इडावृति शाखाका केही खसहरू भारतका मैदानतिर नझरी हिमालयको काखैकाख काश्मीर हुँदै वर्तमान नेपालका पश्चिमी भागमा क्रमशः 'आवाद' हुँदै आएका हुनाले जुन समयमा नेपालमा लिच्छवीहरूको वैभवपूर्ण शासन थियो, त्यस समयमा नेपालराज्यको पश्चिमपट्टि वर्तमान नेपालको पश्चिमी भागमा र कुमाउँ तथा गढवालमा समेत फैलिएको 'कर्तृ-पुर' नामक एक स्वतन्त्र खसराज्यको स्थापना भैसकेको थियो। दुर्गम पाहाडी जंगलहरूले र नेपालका शक्तिशाली लिच्छवीहरूले समेत खसजातिलाई पूर्वतिर आउन रोकेका थिए तापनि येनकेन उपायले उनीहरू पूर्वतिर बढ्दै आएकाले मध्ययुगका अन्त्यखम्समा खस संस्कृतिका आधारमा संगठित भएर गढवालदेखि मुस्ताङ-सम्म हिमाल, पाहड र तराईमा समेत समानरूपले फैलिएको अर्को खसराज्य कायम भयो।

चौधौं शताब्दीदेखि भारतका मुसलमान शासनबाट त्राण पाउन अनेक भारतीयहरूले पश्चिमी नेपालमा प्रवेश गर्न आरम्भ गरे। यिनीहरू एकै समय र एकै जमातमा नआएका हुनाले यिनी-हरूले आफ्नू भाषा र संस्कृतिको प्रचार गर्न नसकी मूल निवा-सीकै संस्कृतिलाई ग्रहण गरेका थिए तापनि स्थानीय संस्कृति यी नवागन्तुकहरूको संस्कृतिबाट अछुता रहन सकेन। खस संस्कृतिको प्रभाव पर्न आरम्भ भयो। अर्कोतिर स्थानीय निवासीका रीति रिवाजहरू भारतीय रीति-रिवाजबाट प्रभावित हुँदै गए। यसैले अब खस संस्कृतिले भिन्न रूप धारण गऱ्यो। खस संस्कृतिमा प्रसार गुण भरपूर रहेको हुनाले समस्त गण्डकी प्रदेशमा र किरात प्रदेशमा समेत यसको व्यापक प्रचार भयो र विस्तारै विस्तारै यसले सैनिक संस्कृतिको रूप लियो।

पृथ्वीनारायण शाहले नेवारी संस्कृतिको मात्र आदर गरेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिएनन् अरू विभिन्न जातिका अरू विभिन्न संस्कृतिलाई पनि परस्परमा हेलमेल गराएर साँस्कृतिक एकता गर्ने उनको उद्देश्य थियो । साँस्कृतिक एकताको आधारमा नै पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरू सिक्किमदेखि गढवालसम्मका पाहाडी प्रदेशहरूमा राजनैतिक एकता स्थापना गरी वर्तमान नेपालभन्दा विशाल नेपालको निर्माण गर्न समर्थ भएका थिए ।

यस प्रकार, विभिन्न जाति र विभिन्न संस्कृतिहरूको विभिन्न कालमा भएको सामञ्जस्य र हेलमेलवाट नै नेपाली संस्कृतिको निर्माण भएको छ । यसैले आज नेपालका तमाम निवासीहरू आफ्नो आचार-विचार, रीति-रिवाज, धार्मिक विधिविधान र सामाजिक आदर्शका दृष्टिले एक भएका छन् र यस प्रकारको साँस्कृतिक एकताले राष्ट्रिय एकता कायम भएको छ ।

नेपालका हिन्दूहरूलाई शिव र बौद्ध मार्गी भन्छन्

—प्रो० नयराज पन्त

नेपालमा हिन्दू-बौद्ध भनी भेद गर्ने लक्षण पाउन सकिंदैन । एउटा घरमा बौद्धशैव थिए । विक्रम ५ शताब्दीका नेपालका लिच्छवी राजा वृषदेव बौद्ध थिए । उनका सन्तान राजा द्वितीय जयदेव पशुपतिका भक्त थिए । वृषदेवका पनाति राजा मानदेवले चाँगुनारायणको पूजा गरेको र वि सं. ५२४ मा वामन मूर्ति स्थापना गरेको उनका अभिलेखवाट स्पष्टै छ । विक्रम सातौं सताब्दीका प्रसिद्ध राजा अंशुवर्माले आफूलाई पशुपतिका पाउको अनुग्रह पाएको भनी लेखेकाछन अंशुवर्माले वि.सं. ७२५ को अभिलेखमा पशुपति चाँगुनारायण तथा अनेक विहारहरूको पनि पूजाभाग नियत गरेका छन् । विक्रम आठौं शताब्दीका नेपालका लिच्छवी राजा नरेन्द्रदेवको कमर पेटीमा चीनियाँ राजदूत वाङ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुएनचेले बुद्धको मूर्ति देख्थे । नरेन्द्रदेवले आफ्नो अभिलेखमा आफूलाई पशुपतिका पाउको अनुग्रह पाएका भनी लेखाएका पनि छन् । वि०सं०१४१६ को दुल्लुका राजा पृथ्वी मल्लको अभिलेखमा साक्षी बस्ने देवताहरू ब्रह्मा, विष्णु, महादेव तथा बुद्ध, धर्म, संग पनि परेका छन् । वि० सं० १४२६ को स्वयम्भूको अभिलेखमा राजा राजदेवलाई दुवै धर्म मान्ने भनी लेखिएको छ । विक्रमको अठारौं शताब्दीमा कान्तिपुरमा राजा प्रताप मल्ल आफूलाई रामचन्द्रका सन्तान भन्दथे । आफ्नो झण्डामा हनुमान राख्तथे। पशुपतिका पाउको धूलोले मेरो कपाल फुस्रो भएको छ भन्दथे। उनले स्वयम्भूमा वज्र, मण्डल अनेक देवता पनि स्थापना गर्थे । सिमरौनगढे मल्लहरू धर्मको विषयमा प्रतापमल्लकै मनोवृत्तिका थिए । यताबाट हिन्दू र बौद्धको लक्षण छुट्याउन हामीसंग साधन छैन भन्ने स्पष्ट हुन्छ ।

श्री पृथ्वीनारायण शाहले कीर्तिपुर विजय गरेपछि त्यहाँ बौद्धपूजाको निमित्त गुठी राख्थे । आजभोलि ब्राह्मण आदि पनि गुभाज्यूलाई बोलाई घरमा शान्ति स्वस्ति गराउँछन् । यस्तै उताबाट पनि हुन्छ । नेपालमा पशुपति र स्वयम्भू प्रख्यात भएका हुनाले हिन्दूहरूलाई शिवमार्गी र बौद्धमार्गी भन्दछन । साम्राज्यवादीहरूको नीतिले गर्दा भारतमा हिन्दू र बौद्ध भेद हुन गयो । यस्तो नेपालमा छैन ।

वामनको मूर्ति र घोड़ाः— पशुपतिनाथका मन्दिरनिर विष्णु र वामनका मूर्ति र एउटा घोडाको मुख भाग देखिन्छ । राजा मानदेवले यो स्थापना गरेको हो । वामनको मूर्तिलाई किराती राजा थुंकोको मूर्ति र घोडाको मूर्ति चाहिं अशोकले बुद्धको जन्मस्थान लुम्बिनीमा स्थापना गरेको शिलास्तम्भबाट किराती राजा थुंकोले खसालेको भनी एक दुई विद्वानले लेख्नु भएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थंसबाट बुद्ध भगवान्को स्मृतिमा राखेको चिन्हलाई समेत तोड्ने थुंको बौद्धधर्मका विरोधी देखिन आउँछन् । मानदेव राजाले यस्तो थुंकोको स्मृति चिन्ह राखे । यसकारण राजा मानदेव पनि बौद्धधर्मको विरोधी देखिन्छन् । यो कुरा गलत हो । राजा मानदेवले जहाँ भगवान विष्णुको वामनावतारको मूर्तिको स्थापना गरे वहाँ उनले मानबिहारको स्थापना गरेर बुद्धधर्मको उत्तिकै आदर गरेका छन् । स्वयं राजा मानदेवले "आफ्नो आमाको पूण्य बढोस् भन्ने उद्देश्यले विष्णु भगवान् वामनको मूर्ति स्थापना गरे" भनी स्पष्टसंग लेखेका छन् । किराती राजा थुंकोले अशोकस्तम्भको घोडा खसालेको कल्पना लेखकको नासमझ हो । डा० रेग्मीले पनि लेखकको यस कुराको आफ्नो प्राचीन नेपालको इतिहासमा निराधार भनेका छन् । फेरि लेखकको मल्लपुरी गोरखपुर होइन । (हेर्नुहोस् इतिहास-संशोधन—सं० ५. —ले० धनबज्र र ज्ञानमणि) ।

मानवतावादी हिन्दूधर्म

—इन्द्रप्रसाद काफ्ले

हिन्दूधर्म वैदिक हो । संस्कृत भाषाको विद् धातुबाट वेद शब्द बन्दछ जसको अर्थ हुन्छ 'ज्ञान' । ज्ञान अनादि तथा सनातन हुन्छ । सनातन भएकोले हिन्दूधर्मको उदार दृष्टिकोण छ । सबै धर्महरुमा एक विश्वनियामिका शक्ति "ईश्वर" माथि दृढविश्वास रहेको छ र धर्मको लक्ष्य प्राणीहरूमा सहानुभुति, प्रेम, दया एवं समाज तथा व्यक्तिको सुखको भावनानै रहेको छ । हिन्दूधर्मको त यी आधारभूत विशेषता नै हुन् । हिन्दूधर्मका मूल स्रोतहरू मध्ये वेद, उपनिषद्हरूको स्थान महत्वपूर्ण छ । उपनिषद्हरूको महत्वलाई पाश्चात्यविद्वान्हरूले पनि बुझेका छन् ।

हिन्दूधर्म यसरी कुनै व्यक्तिविशेष वा संकुचित क्षेत्रमा सीमित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैन । हिन्दूधर्मको दृष्टिकोण उदार र विशाल छ । हिन्दूधर्म मानवतावादी धर्म हो । यो धर्म मानव मात्राका लागि हो । यो धर्मले कुनै धर्ममाथि आघात पार्दैन । हिन्दूधर्म सम्बन्धी सबै उद्धरण र तिनीहरूको विश्लेषण गर्नु यहाँ अनावश्यक र कठिन पनि छ । साधारण दृष्टान्तबाट पनि हिन्दूधर्म किन सनातन धर्म भनिन्छ र यसको स्वरूप कस्तो छ र विशेषता के छ भन्ने कुरा थाहा पाउन सकिन्छ । जस्तैः–

धृतिःक्षमा दमो ऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥ (मनु ६।९२)

अर्थात् धैर्य, क्षमा, दया, दम (मनमा बिकार पैदा हुन नदिनु) चोरी नगर्नु, पवित्रता, इन्द्रियलाई आफ्नो वशमा राख्नु, बुद्धि (ज्ञान) विद्या, सत्य, रीस नगर्नु आदि धर्मका लक्षण हुन् । यी कुराहरू व्यक्ति, समाज, तथा विश्वको अस्तित्वको निमित्त अत्यन्त आवश्यक छन् प्रत्येक धर्ममा सत्य बोल्नु, चोरी नगर्नु र नैतिक व्यवस्था माथि विश्वास गर्नु इत्यादि कुराहरू धर्मकै अन्तर्गत हुन् वा धर्ममा अन्तर्निहित छन् । धर्म छैन धर्म नमानेहरूले NO Religion भन्नेहरूले पनि यी कुराहरूलाई सामाजिक संगठनको मुख्य आधारको रूपमा मानेका छन् । तर तिनीहरूले यिनीहरूको नाम अर्कै राखेका छन् "कर्तव्य" । धर्म हामीमाई 'सत्य' बताउँदछ । सत्य नै कर्तव्य हो र कर्तव्यको ज्ञान आस्तिक वा नास्तिक सबैलाई सदाचारद्वारानै हुन्छ । यसकारण मनुले सदाचारलाई धर्मका प्रमुख लक्षणहरू मध्ये एक मानेका छन्ः–

वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः ।
एतत्चतुर्विधं प्राहुः साक्षात् धर्मस्य लक्षणम् ॥
वेदोऽखिलो धर्ममूलं स्मृतिशीले त ताद्विदाम् ।
आचारश्चैव साधूनां ... ... । (मनु २।६ १२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात् वेद, धर्मशास्त्र, सदाचार र जुन आफूलाई ठीक लाग्ने यी चार धर्मका लक्षण हुन्
हिन्दूधर्म सनातन हुनाको साथ साथै दार्शनिक भित्तिमा आधारित छ। यो हिन्दूधर्मको विशेषता हो । दर्शनको ध्येय हो— असल जिन्दगी बिताउनु धर्मको लक्षण हो— जिन्दगीलाई धारण गर्नु, यसकारण धर्मको पछाडि दार्शनिक भित्ति हुनु अत्यावश्यक छ। हिन्दू दर्शन आज पनि विश्वमा गौरवान्वित छ ।

शैव र तान्त्रिक धर्म

—श्री चेतनाथ शर्मा आचार्य

शैव धर्मको ऐतिहासिक परम्परा खोज्दै गएमा हामी वैदिक कालसम्म पुग्छौं । वैदिक देवताहरूमा रूद्र पनि अन्यतम हुन्, रूद्रलाई शिवकै स्वरूप मानिएको छ। शैव धर्मको सम्बन्ध आर्य जातिसंग प्राचीन समयदेखि नै अविच्छिन्न रूपमा रहिआएको थियो भन्ने ठोस ऐतिहासिक तथ्य पाइन्छ। आजभन्दा ५ हजार वर्ष पुराना मानिएको सैन्धव सभ्यतामा शैव धर्मको प्रभाव रहेको कुरा मोहनजोदाडोबाट उत्खनन गर्दा मिलेको शंकर मूर्तिबाट स्पष्ट हुन्छ। त्रेता युगमा जन्मेका रामले समुद्र तर्ने बेला स्थापना गरेको शिवलिङ्ग रामेश्वरमा अद्यावधि छँदैछ। शुक्लयजुर्वेदमा रूद्राध्याय नामक एक प्रकरणबाट पनि वैदिक कालसित शैव धर्म जोडिएको तथ्य स्पष्ट हुन्छ। ऋग्वेदमा पनि रूद्रको स्तुति पाइन्छ ।

व्यापकताको दृष्टिबाट पनि शैव धर्मको एक विशेष स्थान छ। किनकि वैष्णव धर्म प्राचीन कालमा पनि एक पक्षी थियो यसलाई देवपक्षी मान्दथे, तर शिवलाई भने देव, दानव वा राक्षस सबै समान रूपले मान्दथे। रावणको परम उपास्य देव शिव नै थिए। बाणासुर शिवकै प्रसादले अतुल बलशाली भएको थियो । कृष्णले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि पुत्र प्राप्तिका निमित्त शिवकै तपस्या गर्नु भएको थियो, शिवलिङ्गको पत्ता लगाउन अधि सरेका ब्रह्मा र विष्णु आखिर लाचार भएर फर्के। महाकवि कालिदासले आफ्ना अमूल्य कृतिमा शिवकै मङ्गल गरेका छन्। नेपाल राज्यको उत्तरी सीमा हिमालयदेखि लिएर भारतको दक्षिणी सीमा कन्या कुमारीसम्म शैव धर्मको अतुलनीय प्रभाव रहेको छ। यस सीमा क्षेत्रमा असंख्य शिवलिङ्ग वा मूर्ति छन्। तापनि नेपालमा श्री पशुपतिनाथ र भारतका काशी विश्वनाथ जगत् प्रसिद्ध छन्। काशी विश्वनाथ प्रसिद्ध द्वादश ज्योतिर्लिङ्गमध्येका एक हुन् र बाँकीमा सौराष्ट्रमा सोमनाथ, श्री शैलमा मल्लिकार्जुन, उज्जैयिनीमा महाकाल, ओंकारेश्वर मालवाप्रान्तमा, परलीमावैद्यनाथ, सेतुवन्धमा रामेश्वर, हिमालयमा केदार, गोदावरी तटमा भीमशङ्कर छन्। यी प्रसिद्ध ज्योतिर्लिङ्गको अवस्थितिबाट भन्न सकिन्छ—शैव धर्मले बडो व्यापकताका साथ जरो गाडेको रहेछ। नेपालमा पशुपतिनाथको अतिरिक्त, कोटेश्वर, तिलेश्वर, गुप्तेश्वर, कालेश्वर, जटरम्बेश्वर, धनेश्वर, आशापुरेश्वर, कुम्भेश्वर, आदेश्वर, सन्तानेश्वर, ऋषेश्वर, गोरक्षेश्वर, आदि असंख्य शिवलिङ्ग छन्। भैरवलाई पनि शिवकै रूपान्तर मानिन्छ। वागभैरव, कालभैरव, श्वेतभैरव, महाकालभैरव, बटुकभैरव, पचलिभैरव, टीकाभैरव, उन्मत्तेश्वरभैरव, आकाशभैरव, आदि भैरवहरूको पनि अस्तित्व नेपालमा छ। पूर्व १. को शिरानमा रहेको गोसाईं कुण्डमा पनि शिवकै मूर्ति भएको मानिन्छ। उपर्युक्त तथ्यबाट पुष्टि हुन आउँछ कि शिव धर्मको प्रभाव आदि कालदेखि नै रहेकोले होला। यस किसिमले व्यापक रूपमा मन्दिर भित्रै होस् वा बाहिर शिवलिङ्ग वा भैरवको अस्तित्व पाइन्छ। यहाँनेर विचारणीय कुरा के छ भने मनुष्य समाजमा मात्र होइन देव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाजमा पनि जो बहुसंख्यक वर्गको प्रतिनिधित्व गर्न सक्तछ उसको अस्तित्व अवश्य नै विशाल हुन्छ । बौद्ध धर्मले हीनयानको रूपमा मात्र रहेको भए यति विशाल रूपले अधिकतरको मान्य हुने थिएन होला, यो अवश्य नै भन्न सकिन्छ । यसै गरी शिवकै रूपमा मात्र शैव धर्म भएको भए मांस मदिरा सेवीदेखि लिएर परमर्षि-सम्मले मान्ने थिएनन् होला । तर भैरव रूपमा समेत शैव धर्मको विकास भएकोले यसले मांसाहारी शाकाहारी सबै वर्गमा समान रूपले स्थान पाएको छ । सर्व विद्याधिष्ठाता र शक्तिको साथ दिने भए-कोले तान्त्रिकहरू पनि आफ्नो किसिमबाट शिवलाई भैरव रूपमा मान्दछन्। नेपाल र भारत मात्र होइन पूर्वीय एशियाका जावा,सुमात्रा, मलाया,बोर्णियो, चम्पा, कम्बोज आदि जो तत्कालीन भारतको संस्कृति थियो तिनिहरूमा पनि शैव धर्मको प्रभाव फैलिएको छ । धर्मको दृष्टिले मात्र होइन कलाको दृष्टिले पनि शैव धर्मले मानव मस्तिष्कलाई गहकिलो खुराक दिएको छ । शैव मतको स्वरूपलाई पुष्टि वा अभिव्यञ्जन गर्ने उत्कृष्ट रूपबाट जुन विशाल कलाको सृजना भएकोछ,त्यो अवश्यनै मानवले गर्व गर्ने वस्तुमध्ये एक हो ।

वज्रयान: वैपुल्य वादले बुद्ध धर्ममा एक भयंकर विप्लव मच्चाइदि-यो। यस सिद्धान्तमा महायानको आभास मात्र होइन, तान्त्रिक मत बज्रयानको वाद समेत अन्तर निहित थियो। यसका प्रमुख आचार्य नागार्जुन थिए। अचेल भारतको उत्तर प्रदेश, चीन, कोरिया मंगोलिया, जापानमा महायानकै सम्प्रदाई मानिन्छ र नेपाल र तिब्बतमा चाहिं बज्रयान र महायान । महायानवादी थेरवादलाई निर्वाण प्राप्तिको निमित्त निकृष्ट मार्ग मानेर "हीनयान"को हेय शब्दले व्यवहार गर्दथे र आफूलाई उत्कृष्टताको बोधक महायानी मान्दथे महायानको विकासको नाम 'मन्त्रयान' हो जसको अग्रिम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकास बज्रयानको रूपमा भयो। दुवैमा मात्राको मात्र फरक छ। सौम्य अवस्थाको नाम मन्त्रयान हो र उग्र अवस्थाको बज्रयान। योगाचारबाट केही समयसम्म त मानिसलाई सन्तुष्टि मिल्थ्यो तर विज्ञानवादको गहन सिद्धान्त संभन सक्ने साधारण व्यक्तिमा सामर्थ्य थिएन। यस उसले साधारण व्यक्तिको मन त्यस्तो मनोनम धर्मको निम्ति अभिलाषा युक्त थियो जसमा स्वल्प प्रयत्नबाटै महान सुख मिल्न सकोस्। त्यही इच्छाअनुसार उत्पादित धर्मको नाम बज्रयान सम्प्रदायमा शून्यताको साथ साथै महासुखको कल्पनासम्मिलित गरिएको छ। बज्र कहिल्यै पनि नष्ट हुँदैन। यो दृढसार, अपरिवर्तनशील, अच्छेद्य, दग्ध नहुने, अविनाशी भएकोले शून्यताको प्रतीक हो। "दृढ सारमसौशीर्यम् अच्छेद्याऽभेद्यलक्षणम्। अदाहि अविनाशिञ्च शून्यता बज्रमुच्यते" (बज्र शेखर) तान्त्रिक पूजामा बज्रको उपयोग गरिन्छ। स्वयम्भू चैत्यको पूर्वतिर बज्र राखेको पनि त्यसै कारणले हो। बज्रयानको तान्त्रिक संप्रदायले नेपालमा निकै अघिदेखि प्रभाव जमाएको कुरा नेपालका प्रायः सबैजसो मन्दिरमा चिन्हित अश्लील चिन्हबाट ज्ञात गर्न सकिन्छ। बज्रयानको आद्य सृष्टि कहाँबाट भयो भन्ने कुरामा ठोस प्रमाण मिल्दैन तापनि मद्रास जिल्लाको श्री पर्वतमा यसको प्रथम सृष्टि मानिएको छ। मञ्जुश्रीमूलकल्प यसको मुख्य ग्रन्थ हो।

शक्तिपूजा

—मुकुन्द रेग्मी एम. ए.; एल. एल. बी.

उच्चतम तत्व - ज्ञानका निधिभूत 'वेद' हरूमा शक्तिको 'महत्ता' निकै ठूलो मानिएको छ। काव्य जगतकी अधिष्ठात्री उषा देवीका स्तुतिहरू काव्यात्मक साहित्यक शैलीमा प्रशस्त मात्रामा पाइन्छन्। ऋग्वेदको १०—१२५ मा वागाम्भृणी सूक्तमा स्वयं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाग्देवीले आफ्नो आनन्द शक्तिको अनुभव गर्दै भनेकी छन्, "मैले नै एकादशरूद्र, वसु, चन्द्रसूर्य विश्वदेव आदि देवताहरूलाई धारणा गर्छु । म नै राष्ट्रको सर्वोच्च शक्ति हुँ. मेरो उपासना जसले गर्छ उसलाई चाहेअनुसार शक्ति प्रदान गर्छु, मैले नै स्वर्ग, अन्तरिक्ष तथा पृथ्वीको धारणा गरेकोछु" इत्यादि । यस्तै गरी साम, अथर्व र यजुर्वेदमा पनि शक्तिका स्तुतिपरक सूक्तहरू प्रशस्त मात्रामा पाइन्छन्, जसबाट प्रमाणित हुन्छ कि वैदिक युगमा 'शक्ति'को खूब ठूलो महत्व थियो । उपनिषद्मा पनि आद्याशक्तिको भवानीको वर्णन यत्रतत्र पाइन्छ । 'केनोपषिद्'को 'दूर्गाशक्ति'सम्बन्धी एक उपाख्यान अति प्रसिद्ध छ । एक फेरा देवताहरूले असुरहरूसंग लड्दा विजय त प्राप्त गरे किन्तु विजय गराउने वास्तविक कारणको ज्ञान थिएन त्यसैले स्वभावत उनीहरूमा केही अभिमानको प्रादुर्भाव भयो । ब्रह्मशक्तिलाई देवताहरूको मिथ्याभिमान देख्दा असह्य भयो र आफ्नो दिव्य अलौकिक शक्तिले एक प्रभावशाली व्यक्तित्व भएको शरीरको रूप धारणा गरी देवहरूको सामुन्ने प्रकट भएर अग्नि, वायु आदिको शक्ति परीक्षण गर्नुभयो । किन्तु सब शक्तिविहीन भई त्यस परीक्षणमा असफल भए । अन्त्यमा स्वयं इन्द्र त्यस ठाउँमा पुग्दा ब्रह्मशक्ति अदृश्य भइन् तर इन्द्रले साक्षात् शक्तिस्वरूप "उमा" हेमवती देवीको दर्शन पाउनु भयो र वहाँद्वारा नै इन्द्रलाई ज्ञान भयो कि देवगणहरूले असुरमाथि विजय प्राप्त गर्नाको कारण यिनै ब्रह्मशक्तियक्षद्वारा भएको रहेछ । यस्ता उपाख्यानहरू र शक्तिका स्तुतिपरक वर्णनहरू प्राचीन साहित्यमा धेरै पाइन्छन् । बौद्धधर्मको प्रादुर्भाव भएपछि पनि झन् शक्तिको अधिक महत्व बढ्न थाल्यो । बौद्धमतावलम्बीहरूलाई ती प्रमाणिक ग्रन्थ 'कल्पतन्त्र'को अध्ययन अनिवार्य थियो । काली, तारा, षोडशी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भैरवी आदि शक्तिहरूको उल्लेख बौद्धग्रन्थहरूमा निकै पाइन्छ। यिनै देवीहरूले कालान्तरमा हिन्दू शक्तिको रूपमा ग्रहण गरेका छन्। यस्तै प्रकारले जैन धर्ममा पनि शक्तिको महत्व निकै ठूलो मानिएको छ। जैनहरूको पवित्रग्रन्थ 'रत्नसागर'मा शक्तिको खूबै ठूलो ध्यान गरिएको छ र सरस्वतीजीलाई जैनहरूले विश्वरूपिणी आद्याशक्ति, भारती, शारदा, वागीश्वरी, ब्रह्माणी, ब्रह्मवादिनी आदि नामोच्चारण गर्दै स्तुति गरेका छन्।

हिन्दूहरूका पवित्र ग्रन्थहरू रामायण, महाभारत, देवीभागवत र मार्कण्डेयपुराणका सप्तशती आदिमा शक्तिको अवर्णनीय माहात्म्य छ। महाभारतमा काली, कपाली, महाकाली, चण्डी र कान्तारवासिनी आदि देवीहरूको वर्णन पाइन्छ। भगवतीको बरदानका प्रभावले नै युधिष्ठिरले गुप्तवासकालमा आइपरेका अनेक कठिनाइहरूको सामना गर्न सक्थे। विशेषतः शक्तिदेवीको महत्ताको वर्णन देवीभागवतमा र मार्कण्डेय पुराणमा गरिएको छ। मार्कण्डे पुराण अन्तर्गत आउने 'चण्डी,' नामक ग्रन्थ नै देवीको बरदान प्राप्त गर्ने साधन धेरै वर्षदेखि मानिँदै आएको छ। यसमा असुर दैत्यहरूले पीडित भएका इन्द्रादि देवगणलाई रक्षा गरिएको मनोहर वर्णन छ। यो दूर्गासप्तसती चण्डी, हिन्दूहरूको विघ्नबाधा हटाउने साधन मानिएकाले यसको महत्व अति ठूलो छ। यस ग्रन्थमा शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, कालरात्री चामुण्डा, भुवनेश्वरी, महिषासुरमर्दिनी, भद्रकाली, मङ्गला आदि देवीशक्तिका नामहरूका उल्लेख छन्। हाम्रो नेपाल एक सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र हिन्दूराज्य हो। यो देश प्राचीन कालदेखि हिन्दू धर्ममा आस्था राख्ने व्यक्तिहरूको निमित्त एक पवित्र तीर्थस्थानको केन्द्र रहेको छ। संसारका सर्वोच्च पर्वत हिमालयका काखमा बसेको यो हाम्रो नेपालमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि प्राचीन कालदेखि नै 'शक्ति'को महत्ताको स्थान वहुतै उँचो छ। यहाँका अधिकांश व्यक्तिहरू शक्तिका उपासक छन् । पशुवलिको प्रथा यहाँ अत्यधिक मात्रामा पाइन्छ। हुन त यो देश पशुपतिनाथ र शान्तिका अग्रदूत, अहिंसाका पुजारी भगवान बुद्धले सनाथ गराएको सुरम्य पर्वत प्रदेश हो तापनि 'शक्ति'को महत्व झन कम छैन। काठमाडौं उपत्यकामा र पूर्व पश्चिमका मनोरम पर्वतहरूमा तथा तराई प्रदेशमा पनि 'शक्ति' (दूर्गादेवी) का मन्दिरहरू प्रशस्त मात्रामा पाइन्छन्। जसमा श्री गुह्येश्वरी, भद्रकाली, शोभा भगवती, दक्षिणकाली, बज्रयोगिनी, नरदेवी, सरस्वतीथान, आदि अनेकौं देवीहरूका मन्दिरहरू काठमाडौंमा र कालिका, चण्डी, भवानी, बाराही, विन्ध्यवासिनी आदि अनेकौं नामले विभूषित गाउँ गाउँका थुमहरूमा विराजित 'शक्ति' का मन्दिरहरू सारा नेपालमा व्याप्त छन् ।

नेपालको तान्त्रिक धर्म

—श्री रामचन्द्र श्रेष्ठ

वैदिक मतावलम्वीहरू आफ्ना आचार—विचारका ग्रन्थहरूलाई 'निगम' भन्दछन। यस्तै शिव सम्प्रदायका दार्शनिकहरूले बनाएका ग्रन्थहरू 'आगम' शब्दले पुकारिन्छ। यो 'आगम'का अनुयायीहरू तन्त्र, मन्त्र, ध्यान योगमा विश्वास गर्दछन्। दैवी शक्तिमा महान् श्रद्धा राख्तछन। देवालयहरूको निर्माण आदि रचनात्मक काममा विशेष दिलचस्पी राख्तछन् । आगमको मार्ग या आचार पनि विभिन्न प्रकारका छन् । विशेष गरेर यसको संख्या सात मानिएका छन्। जस्तै वेदाचार, वैष्णवाचार शैवाचार दक्षिणाचार वामाचार सिद्धान्ताचार र दिव्याचारलाई कौलाचार पनि भन्दछन्। यही कौलाचारबाट एक अर्को आठौं समयाचारको पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गणना भएको छ । त्यसमध्ये कौलाचार मतलाई प्रतिपादन गर्ने व्यक्तिमाई 'कौल' भनिन्छ । ऐतिहासिक दृष्टिकोणले बिचार गर्दा वास्तवमा यी कौलहरूले नै आफ्ना अभीष्टदेव मन्दिरहरूमा अश्लील काम मुद्राका मूर्तिहरू कुँदन लगाउने प्रेरणा दिएका हुन भन्ने कुरा ज्ञात भएको छ । यस्ता अश्लील मूर्तिहरू कुँदन लगाउनुको मुख्य ध्येय काम-वासनाका लीला साधारण जनतामा रहस्यमय ढङ्गले आकर्षक बनाई बौद्ध तान्त्रिकहरूको प्रचारलाई दवाई आफ्नो कौलमत प्रचार गर्नु थियो । किनभने कौलहरू स्पष्ट रूपमा आफ्नो पञ्चमकार अर्थात् मद्य मांस मत्स्य मुद्रा मैथुनको अघोरी सिद्धान्तलाई जनताको सामुन्ने राख्न सक्दैनथे । काम वासनाको विषय भएको हुनले यो मत भारतका धेरै भू-भागमा व्यापक प्रचार हुँदै गयो । त्यो समय करिब एक हजार वर्षको थियो । यसको प्रमाणका लागि एघार देखि तेन्हौं शताब्दीसम्ममा कौलक अनुयायीहरूले बनाउन लगाएका जगन्नाथको मन्दिर, ब्रम्हेश्वर, केदारेश्वर आदिको मन्दिर, बुण्डेल खण्डको शिवको मन्दिर, विजगापट्टमको शिवको मन्दिर आदि अनेक ठाउँ ठाउँका मन्दिरहरूमा कुदिएका अश्लील काम मुद्राका मुर्तिहरू देखिन्छन् । भारतमा यसरी खुलेआम अश्लील मूर्तिहरू साधु सन्त, भक्त जनहरूको अनवरंत आवागमन हुने देवालयमा राख्ने प्रथा चलेको बखत नेपालमा त्यसको कुनै असर परेको देखिंदैन । यो समय हाम्रो नेपालमा लिच्छवीको अन्तिम काल तथा प्राचीन मल्लकाल रहेको छ । यस कालभित्र बनेका मन्दिरहरूमा जुन अहिले केवल भग्नावस्थामा छन् त्यस्ता अश्लील मूर्तिहरू कुदिएको देखिएका छैनन् । किन्तु भारतमा त्यो कुलाचार प्रचार भएको करीब पाँचसय वर्ष पछि स्थितिमल्लको समय पछि बनेका हाम्रा देवालयहरूमा यस्ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम मुद्राका अश्लील मूर्तिहरू भरमार देखिन थालेका छन् । सर्व प्रथम प्रमाणिक तथा प्राचीनताको दृष्टिले अन्धविश्वासको अनु-करण प्रवृत्तिले लक्ष्मीनरसिंहको पालामा बनेको काठमाडौं हनुमान ढोका अगाडिको जगन्नाथको मन्दिरको कथाहरूमा कुँदिएका काम मुद्राका मुद्राहरू देखिन्छन् । यद्यपि नेपाली कलाकारहरूले आफ्नो कलाको परिचयस्वरूप ती काम मुद्राका मूर्तिहरूको निर्माण आफ्नै वेशभूषा तथा संस्कृति कलामा ढालेका छन् तथापि यो नेपालीहरूको मौलिक विषय होइन । किन्तु भारतबाट बिस्तार बिस्तार अस-फल भएर आएका अघोर कौलहरूको जादू-तुना तथा तन्त्रमन्त्र चमत्कार देखाउने प्रभावले प्रभावित भएका मल्ल राजाहरूको अनु करण गर्ने उदार प्रवृत्तिले बनेका कुरा मात्र हुन् ।

यसकारण नेपालको सभ्यताको केन्द्र काठमाडौंका पवित्र शैव तथा शक्ति मन्दिरहरूमा यस्ता काम मुद्राका अश्लील मूर्तिहरू देखेर आश्चर्य चकित हुनुपर्ने कुनै कारण छैन । यी सब शिव तथा शक्तिको पवित्र नाउँमा मद्य' मांस' मत्स्य' मुद्रा' मैथुन यो पञ्चम-कारको गुप्त सम्मिश्रणबाट अलौकिक सिद्ध हुन खोज्ने उस वेलाका कौलहरूको एक उपजमात्र हो जुन कुरा अहिले हामिलाई नराम्रो लागे तापनि उस बेला त्यस आचारमा लागेकाहरूको निमित्त मन-पर्ने विषय थियो । यदि सबैलाई मनपर्ने विषय नभएको भए यस्ता अश्लील मूर्तिहरू पवित्र देव-मन्दिरमा राख्न लगाइने थिएन । वास्तवमा काम मूद्राहरू सबैलाई आकर्षण गर्ने विषय नै हो । किन्तु यस विषयलाई सभ्य मानव समाजमा गोप्य राख्न चाहन्छ । गोप्य राख्न पनि किन्तु जीवजन्तुहरूमा यो विषय गोप्य हुँदैन । यसकारण सभ्य मानव समाजले गोप्य राख्न खोजेको साँसारिक विषयलाई कौल मतका प्रवर्तकहरूले आफ्नो इष्टदेवता शिव शक्तिको लीला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को महिमालाई कपोल कल्पनाको आधारमा विस्तृत गरेर आफ्नो अलौकिकपन व्यापक बनाउन यस विषयलाई अंगालेको सार गर्वित छैन। किन्तु रोचक छ। किनभने उस बेलाका कौलहरूको निमित्त जनताको मन जित्न काम वासनाको भावभक्तिमा युक्त भएका काम मुद्राहरू अत्यन्त आकर्षक थिए। यी कुरा हामी आफ्नो कला· मा गर्व गर्ने नेपालीहरूले बुझ्नुपर्दछ। यसको अतिरिक्त ज्ञान प्राप्त गर्ने कसैलाई इच्छा भए शैव मतावलम्बीहरूको आगमको ताल्चा खोलेर त्यहाँ भएका ग्रन्थहरूको मनन गर्नु अत्यावश्य छ।

भागवत् गीता र बौद्धधर्ममा समानता

—लोकमान्य तिलक

हामी भन्दछौं, बौद्धधर्म एक स्वतन्त्र धर्म हो र यो आफ्नो नयाँ रूपरेखाको बाटोमा हिंड्दछ। तर हामीले यो भन्नु तर्क संगत छैन, किनभने भागवत् धर्मको प्रमुख ग्रन्थ गीता बौद्धधर्मको उदय हुनुभन्दा अगावै रचना भइसकेको थियो भन्ने कुरा अनेकौं प्रमाण बाट सिद्ध भइसकेको छ।

गीतामा वर्णन गरिएको स्थितप्रज्ञ प्रवृत्ति मार्गावलम्वी रहनु नै गीता धर्मको या भागवत् धर्मको विशेषता हो। उक्त स्थितप्रज्ञको मानसिक तथा नैतिक गुणमा विचार गर्ने हो भने गीतामा स्थितप्रज्ञ ब्रम्हनिष्ठ पुरुष र भक्तियोगी पुरुषको जुन लक्षण वर्णन गरिएको छ त्यसमा र निर्वाणको अधिकारी अर्हतको अर्थात् पूर्णावस्थामा पुगेको बौद्ध भिक्षुको जुन लक्षण विभिन्न बौद्ध ग्रन्थमा दिइएको छ त्यसमा अत्यन्त समता देखिन्छ। (हेर्नुहोस धम्मपद श्लो ३६० —४२३, मुनिसुत्त तथा धम्मिक सुत्त) यी वर्णनमा शब्द पनि पाइन्छ–स्थित प्रज्ञ एवं भक्तिमान पुरुषको जस्तै बौद्ध भिक्षु पनि 'शान्त' 'निष्काम' 'निर्मम' निराशी (निरिस्सित) 'सब दुःख-सुख'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'सम निन्दास्तुति' लाई समान दृष्टिबाट हेर्नु लक्षण देखाएको छ। (हेर्नु होस् धम्मपद ४०,४१ र ६१)। थाहा हुन्छ, द्वयजानुपस्सत सुत्तमा वर्णन यस प्रकार छ, "ज्ञानी पुरुषको लागि जुन वस्तु प्रकाश मान हुन्छ' त्यो अज्ञानीको लागि अन्धकार हुन्छ।" यो कुरा गीताका 'या निशा सर्वभूतानां तस्यां जागृति संयमी (२६९) न मुनि सुन्तको १० श्लोकमा वर्णित 'अरोसनेय्यो न रोसेति'– न आफु दुःख पाउँछ न अर्कालाई दुःख दिन्छ र गीताको 'यस्मान्नोद्विजते' लोको लोका-न्नोद्विजते च यः' संग पूर्ण समता पाइन्छ। साथै गीताको १० अध्या-यमा वर्णित 'ज्योतिहरूमा सूर्य' नक्षत्रहरूमा चन्द्र र वेदमन्त्रमा गायत्री' आदिको जुन वर्णन छ त्यही नै संलुसुत्तको २१ र२२ श्लो-कमा तथा महावर्गको (६–३५–८) मा जस्ताको तस्तै वर्णित छ। यस्ता प्रकारका कुनै पूरा र कुनै अपूरा अथवा केही हेरफेर भएका अनेकौं उदाहरण गीताको बैद्ध ग्रन्थमा पाइन्छ। यसमा हामीले विचार गर्नु पर्छ कि यो समता कसरी भयो ? र यो बौद्धधर्मको मूल हो या वैदिक या भागवत धर्मको हो। तर गीता बौद्धधर्मको अभ्यु-दय हुनुभन्दा अगावै रचित भएको प्रमाणित भइसकेकोले यसका मूल गीता नै हो भन्ने कुरा मान्नमा केही आपत्ति छैन।

जैनधर्म जस्तै बौद्धधर्म पनि वैदिकधर्मको पुत्र हो' यो कुनै कुनै नयाँ धर्म होइन' केवल नयाँ तरिकाबाट चलेको हुनाले मात्र फरक जस्तो देखिएको हो–यो ब्राम्हण धर्ममा सुधार ल्याउन खडा भएको वैदिक धर्मको शाखा हो– लङ्कामा पाइएका प्राचीन पाली ग्रन्थ' द्वीपवंश र महावंशबाट बुद्धले ई. पू. ५४३ भन्दा अगावै आफ्नो प्राणत्याग गरेको वर्णन छ। तर प्रो. गायकरले बुद्धको निर्वाण समय ई० पू० ४८३ भन्दा अगावै भएको मानेका छन्। बुद्धको जन्मभन्दा अगावै वैदिक धर्म पूर्णावस्थामा पुगिसकेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो। त्यस समयमा केवल उपनिषद्मात्र रचना नभएर धर्मसूत्र जस्ता अमूल्य ग्रन्थसमेत रचित भइसकेका थिए, साथै यो कुरा प्राचीन बौद्धग्रन्थले पनि वर्णन गरेको छ– चारै वेद, बेदाङ्ग, व्याकरण, ज्योतिष, निघण्टु आदिमा पवित्र ब्रम्हणसंग शास्त्रार्थ गरेर उनलाई गौतमले बौद्धधर्म मान्न लगाएको (भव्युगाथा–३०–४५)। कठोपनिषद् आदिलाई लक्ष्य गरेर गीतामा जसरी यज्ञयागादि श्रौत कर्मको गौणताको वर्णन गरिएको छ त्यसरी बौद्धधर्मले पनि यज्ञयागादिको निन्दा गरेको छ।

नेपालका जातिहरूमा मौलिक एकता

वास्तवमा विचार गरी हेर्ने हो भने नेपालमा अनेक जातिहरू जस्तै नेवार, मगर, गुरूङ, लिम्बू राई शेर्पा आदि सबै एउटै राष्ट्रका अंगहुन् । जसरी भारतमा पञ्जावी, मराठी मद्रासी आदि छन् त्यसरी नै नेपालमा पनि तीन चार कारणले गर्दा जाति नाम रहेको देखिएको छ ! (१) स्थान विशेष, (२) पेशा, (३) ऋषि आदिका परम्पराबाट (१) स्थान विशेषले, जस्तै किरात जाति कैलाश पर्वतका आस पास रहने हुँदा किराती या किलात भनिए । कैलाश पर्वत महादेवको स्थान हुँदा यिनीहरूले किरातेश्वर महादेव र पार्वती या 'जलदेवी'को पूजा गर्दछन्। तिब्बतको निकटताले भगवान् बुद्धका पनि अनुयायी हुन्छन् । महाभारतका युद्धमा किरातीहरूले विशेष भाग लिएका थिए। अर्जुनले पनि किरातेश्वर महादेवबाटै पाशुपत अस्त्र प्राप्त गरेका थिए। यी किरातीहरूको वर्णन रामायण महाभारत पुराण आदि ग्रन्थमा विशेषतया पाइन्छ ।

किराती भाषामा शेर्पा एवं लिम्बूको अर्थ हुन्छ पूर्विया। नेपालका पूर्वका पहाडी जातिलाई शेर्पा भन्दछन् र तल बस्नेहरूलाई लिम्बू। शेर्पाहरू पहाड चढ्नमा विशेष निपुण हुन्छन् र लिम्बू-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरू वीर हुन्छन् । गुरूङः — यो जाति कास्कीको नजीक गनद्रुङमा रहनाले गुरूङ कहलाएको हो । यिनीहरू भारद्वाज गोत्र सूर्य वंशी राजा चन्द्रसिंहका वंशका हुन् । यस किसिमको कुरा उनीहरूका वंशावलीमा पाइन्छ । मगर हिमालयको मध्यभाग (मगरात) मा रहने हुनाले यिनीहरूको नाउँ मगर भएको हो । यिनीहरू वीर, सोझा इमान्दार र आज्ञापालक हुन्छन् । यस्तै अरूहरू जातिको पनि नाउँ स्थान विशेषको कारणले हुन् गएको छ । थाक खोलाको नजीकमा वसाईको कारणले थकाली भन्ने चलन चलेको हो थारू पनि पर्वत, वन या पर्वतकै छेउ छाउ रहनाले हुन गएको हो । तामा-कोशीकै आस पास रहनाले तमाङ भनिएका हुन् अथवा तमाङ भाषामा 'त' को अर्थ घोडा हो र घोडाद्वारा व्यापार गर्नेहरू तमाङ भए । यस्तै सुनकोशीको आसपास रहनेहरू सुनुवार कहलाए । नेवार = नेपा = निम्न गहिरो स्थान अर्थात खाल्टो उपत्यका आ-दिमा रहनाले नेवार नाम हुन गएको हो त्यस्तै पर्वतमा रहनेहरूलाई पर्वते अथवा पर्वतीय आदि । नेपाल शब्द पनि उपत्यकाकै अर्थको द्योतक थियो । आजभोलि यसको अर्थ बिस्तार भएको छ । नेपाल अधिराज्यमा बस्नेहरू नेपाली कहिन्छन । यसरी नै गोर्खामा रहने-हरूलाई गोर्खा, गोर्खाली भन्थे । १८ रौं शताब्दीमा अंग्रेजहरूको वंगालमा आधिपत्व भएकोले वीर शिरोमणि बडा महाराजा पृथ्वी-नारायण शाहले सानो गोर्खाराज्यद्वारा समस्त नेपालको एकीकरण गरिबक्स्यो । यसै कारणले पनि सबै नेपाली गोर्खाली नामले पनि बोलाईन्छन् । नेपाल राष्ट्रमा गोर्खाको त्यही स्थान छ जर्मनीको एकी-करणमा प्रशियाको, इटलीको एकीकरणमा सार्डिनियाको र इग्लैडको एकिकरणमा विशेक्सको छ । यी राज्यहरूको एकीकरणको श्रेय तत्तद्देशका राजमुकुटलाई नै प्राप्त छ । यसरी हामी के देख्छौंभने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालमा स्थान विशेषले गर्दा भिन्ना भिन्नै नाउँ रहन गएका छन् । किन्तु तिनीहरू भिन्न २ जातिहरू होइनन् ।

यस्तै व्यवसायले पनि कतिपय जातिहरू बन्न पुगेका छन् । जस्तै थापा, अधिकारी पाठक, द्यौभाजू, तुलाधर, अमात्य, भण्डारी, राजभण्डारी इत्यादि ऋषिमुनिहरू र पुर्खाहरूकै नाममा पनि थर आदि बन्न पुगेकाछन्-जस्तै वत्स ऋषिबाट विष्ट, वात्स्यायनबाट वस्न्यात् इत्यादि।

नेपालका यी जातिहरूमा मौलिक एकता पाइन्छ जुन राजनैतिक एकता भन्दा पनि झन् सुदृढ छ। जसले गर्दा नै नेपाल राजनैतिक दृष्टिकोणले बलियो हुन पुगेको छ। यी मौलिक एकता–राष्ट्रिय पर्व र तिहार, (२) सामाजिक रीति थिति, हिन्दूसंस्कार (षोडश)(३) भाषा र साहित्य र (४) धर्ममा निहित तत्वहुन। पर्व र तिहार–नेपालको हिन्दू बौद्ध आदि सबैले दशैं, तिहार, श्रीपञ्चमी, नागपञ्चमी, रामनवमी, कृष्णाष्टमी, बुद्ध जयन्ती, इन्द्रयात्रा, रथयात्रा मच्छेन्द्रयात्रा, गाइयात्रा, संक्रान्तिपर्व नवान्न(न्वाइखाने) आदि मनाउँछन् ।

रीतिथिति— सबैजातिले गाईलाई माताको रूपमा मान्दछन्। प्रायः सबैले रीतिथिति हिन्दू संस्कार जातकर्म, नामकर्म, पासनी (अन्नप्राशन) व्रतबन्ध जनै जसलाई नेवारहरूमा कैतापूजाको रूपमा बज्राचार्य, शाक्यहरूले कुमारी यात्राका रूपमा मनाउँछन् । प्रायः सबैजातिहरू मुर्दालाई जलाउँछन । हिन्दू सन्यासीहरू झैं केही गुरूङ, लामाहरूले मुर्दालाई गाड्छन् पनि । सबैले श्राद्ध तर्पन गर्दछन् सूतक पनि मनाउँछन् । राई लिम्बूहरूमा पनि वार्षिक श्राद्धको चलन छ । अझै पनि राई लिम्बूहरू अवकाश पूर्णिमा वा अमावास्यामा मनाउँदछन् । राई लिम्बूहरू सबै किसिमको व्यापार श्रीपञ्चमीका दिनदेखि आरम्भ गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवाहप्रथा:–वैदिककालीन समाजमा स्त्रीहरूलाई पनि उच्च स्थान प्राप्त थियो । उनीहरूलाई अर्धाङ्गिनी, गार्हपत्य, जाया, सखा, पत्नी आदि भनिन्थ्यो । यज्ञ तथा राज्याभिषेक पत्नीबिना गरिंदैन । यसर्थ रामले सीताको स्वर्णमूर्ति बनाई यज्ञको समयमा राख्नु परेको थियो । नेपालमा पनि अर्धनारीश्वरका मूर्तिहरू प्रशस्त पाइन्छन् जसमा आधा शंकरका, आधा पार्वतीका, आधा नारायण आधा लक्ष्मीका ।

मनुले धर्मशास्त्रमा विवाहका नियममा ठूलो उदारता देखाएका छन् । यसै हेतु बिबाहलाई आठप्रकारका मानेका छन् । जस्तै वर कन्याको पारस्परिक प्रेमद्वारा हुने विवाह गान्धर्व, कन्याका मातापितालाई द्रव्य दिएर गरिने असुर, जबरजस्ती हरण गरी लैजाने राक्षस, । मातापिताको अनुमतिद्वारा गरिने दैव, आर्ष आदि यस्तै पैशाच, प्राजापत्य आदि छन् । नेपालमा हुने विवाहमा ब्राह्मण या लामा आदिद्वारा आआफ्ना रीतिद्वारा गरिन्छन् । अग्निलाई साक्षी राखिन्छ । हिजो आज गाधर्व बिबाह पनि उच्च वर्गमा चलनमा आउँदैछ । सगोत्र बिबाह सबै जातिमा निषिद्ध छ ।

राई लिम्बूहरूमा वैदिक विबाह प्रथा अनुसार बिवाह हुन्छ । किरातीहरूको धर्मग्रन्थ मन्धुप—मूलधर्म या मनुधर्म अनुसार पति पत्नीको आत्मा पृथक हुँदाहुँदै पनि विवाह भैसकेपछि एकहुन्छ भन्ने धारणा छ । यिनीहरूमा गान्धर्व विवाहको प्रथा पाइन्छ । पतिले पत्नीलाई सिन्दूर लगाइदिन्छ । पत्नीका रूपमा स्वीकार गर्दछ । यस्तै मगर गुरूङ जातिहरूमा पनि हिन्दू नियमानुसार विवाहसंस्कार पाइन्छ । यिनीहरूमा विवाहविच्छेदको प्रथा पनि पाइन्छ । यिनीहरूमा पनि सगोत्र विवाह निषिद्ध छ ।

नेवारहरूमा यस्तो धारणा छ कि मानवी विवाह पछि विछेच्छेद हुन्छ यसर्थ यिनीहरू ६ वर्षको उमेरमा कन्याको विवाह बेलसंग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिदिन्छन् जो कहिल्यै सुक्तैन सदा हरियो रहन्छ। नेवार कन्या विधवा हुँदैनन्। उनीहरू कतै २ विधवा विवाह प्रचलित छ। वेदमा पनि कन्याका ४ पति लेखेको छ। पहिले सोम—अर्थात सौन्दर्य दोस्रो गान्धर्व अर्थात ललित कन्या, तेस्रो अग्नि—यौवन चौथो मनुष्य। नेपालमा स्त्री देवताको पूजा अधिक पाइन्छ – शक्तिको प्रतीक सिंहवाहिनी भगवती, धनको प्रतीक लक्ष्मी, विद्याको प्रतीक यज्ञोपवीत धारिणी सरस्वती—मातृनवमीको दिन माता तीर्थमा मातृपूजाको रूपमा गोकर्णमा पितृ औंसीका दिन पिताको पूजा विशेषरूपमा हुन्छ यसले हिन्दूधर्म शास्त्रको मातृदेवो भव, पितृदेवो भवको असलरूप यहाँ देखाउँछ।

वेदमा कहीपनि बालविवाह र बहुविवाहको अनुमति छैन ब्रह्मचर्येण कन्या युवान विन्दते पतिम् 'अथर्व' अर्थात विद्याध्ययन पछि कन्याले एक नवयुवकसंग विहे गरोस्। विवाहको पनि उच्च आदर्श थियो।

इहैव स्तं मा वियौष्टं विश्व आयुः व्यश्नुतम्
क्रीडन्तौ पुत्रैः नप्तृभिः मोदमानौ स्वे गृहे ऋ १०।८५ ४२।

हामी दुइले सम्पूर्ण आयु भोगगरौं कहिलै हाम्रो विछोड नहोस्। आफ्ना घरमा छोरा नातीकासाथ आनन्दले खेलौं। यस वैदिक आदर्शमा बहुविवाहको निषेधछ। यसै उद्देश्यलाई ध्यानमा राखी हाल मुलुकी ऐनले त्यसै आदर्शलाई कायमगरेको छ समाजका कुरीतिहरू जस्तै बहुविवाह, बालविवाह, छुवाछूत आदि दूरगनु यसको ध्येय हो सबै नागरिकहरूलाई कानूनको दृष्टिमा समान अधिकार, धर्म; वर्ण, लिङ, जाति आदि कुनै प्रकारको भेद नराख्नु, प्रत्येक नेपालीले आफ्नो परम्पराको मर्यादा पालन गर्दै आफ्नो धर्मको पालन गर्नु पर्छ।

(हिन्दू राष्ट्र नेपालबाट)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आर्य संस्कृत र हाम्रो संस्कृतमा एकात्मता!

—लोचननिधि तिवारी

आर्य संस्कृति अन्य संस्कृतिको अपमान गर्दैन, बरु अन्य संस्कृतिको दार्शनिक वैज्ञानिक पक्षलाई यसले आफ्नो संस्कृतिमा समावेश भैरहेको पाउँछ" छोटकरीमा भन्ने हो भने—वेद उपनिषद् गीता आदि शास्त्रले बताएको दैवी गुण, सात्विक वृत्ति र नैतिकता-मा आधारित क्रियाशील जीवन नै यो संस्कृतिको यथार्थ द्योतक हो। केवल भेष, भाषा, नाच, गान, मूर्ति, मन्दिर, कला, साहित्य मात्रै हाम्रो संस्कृति हो, त्याग तपस्या, आत्मचिन्तन,दया प्रेम जस्ता क्रियाकलापहरू हाम्रो संस्कृति होइन भन्न हामी सक्दैनौं'। वैदिकका-लीन आर्य संस्कृतिका सृजक याज्ञवल्क्य नेपाल पुण्य भूमिकै थिए। उनैले याज्ञवल्क्य स्मृति दिएका हुन्-जसको आधारमा अद्यावधि हाम्रा सांस्कृतिक धार्मिक कार्यहरू चल्दैछन्। राजा जनक सदा समाधिस्थ रहेर आदर्श (विदेह) राजाकोरूपमा रही राजर्षि कहलाएका पनि नेपालकै आदरणीय पूर्वज हुन्। सिद्धार्थ महात्मा बुद्धले पनि समाधिस्थ भएर नै प्राप्त गरेका अनुभव हुन्- ४ आर्य सत्य, जुन हाम्रो संस्कृतिको आधार भएर संसारमा रहेको छ। मैले उहाँहरू जस्ता समाधिस्थ हृदय भएका हाम्रा पूर्वजहरूले प्राप्त गरेका अनु-भवको आधारमा सृजना भै परम्पराबाट चलिआएको संस्कृतिलाई नै हाम्रो संस्कति र यही संस्कृतिका अनुयायीहरूलाई नै नेपाली भने कोहुँ। मेरो विचारमा हाम्रा पूर्वज महात्माहरू आदरणीय छन् अनु-करणीय छन। आलोचकले लेख्नु भए झैं-हाम्रा पूर्वज याज्ञवल्क्य, जनक तथा भगवान् सिद्धार्थ गौतमबुद्धहरूलाई निकम्मा, समाधि-वाल, गुफाडे भनी उहाँहरूका-ग्रन्थ, कृति, विचार, विवेकहरूलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पन्छयाई हाम्रो संस्कृतिको विचार गर्न म सक्दिन।

म त हाम्रो संस्कृतिको विषयमा सप्रमाण ठोकेर भन्न सक्छु– हाम्रो संस्कृतिको मूल स्रोत– श्रुति,स्मृति उपनिषद्हरू नै हुन्। यिनीहरूकै आधारमा सांस्कृतिक अध्ययन अन्वेषण इत्यादि कार्य हुनु अत्यावश्यक छ, जसबाट संस्कृति र इतिहासको लक्ष्य, मानवजातिको एकात्मता साक्षात्कार हुनेछ। पूर्व उल्लिखित याज्ञवल्क्य· जनक, बुद्ध भगवान् यी सबैको हृदय दुराग्रहरहित समाधिस्थ थियो। उहाँहरूको समाधिस्थ हृदयको अनुभवबाट पत्ता लागेको जीवनदर्शन तथा मौलिक तत्वहरूकै आधारमा हाम्रो संस्कृतिको सृजना तथा प्रवाह चल्दैआएको स्पष्ट छ यदि नेपालका आदरणीय पूर्वज महापुरुषहरू समाधिमा लठ्ठिएर (बेहोश भएर) बक् बक् गर्ने निकम्मा, गुफाडे समाधिवाल थिए भने– हाम्रो संस्कृति जगाउन कहाँबाट के कति खेताला आएका हुन् त ?

अद्यावधि रहेका राम्रा राम्रा वास्तुकला, मूर्तिकला, नाच, गान इत्यादि सबै कलात्मक विषयहरूको आधार के तिनै ग्रन्थहरूमा आधारित छैनन् भन्न सकिन्छ ? हामी हाम्रो उच्च वास्तुकला मन्दिरमै पाउँछौं। सुन्दर मूर्ति देवी– देवताका नै छन्। भावनात्मक तथा क्रियात्मक सांस्कृतिक वस्तुहरू जे जति देखिन्छन्– हाम्रा ती सबैको आधार धार्मिक नै छन्। चित्रकलाको प्राचीन परिपाटी तथा वस्तु पनि धार्मिकै छन्। गायन, वाद्य इत्यादिको लक्ष्य पनि केवल स्वान्तः सुखाय मात्र नभै ईश्वरको आराधनाकै रूपमा छन्। अब पनि हामीले आफ्नो सांस्कृतिक उत्थानको निमित्त उपरोक्त प्राचीन आधारहरूलाई उपेक्षा नगरी त्यसैको आधारमा अगाडि बढेको पक्षमा सांस्कृतिक उत्थान-सहज, सरल र स्वाभाविक हुनेछ। यसमा संशय छैन। आफ्नो माटोमा हुर्केका आफ्ना पूर्वजहरूको समाधिस्थ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हृदयले प्राप्त गरेको अनुभवद्वारा निःसृत संस्कृतिको स्वास्थ मूल्याङ्कन नगरी देखासिखिमा लागी नौलो संस्कृतिको सृजना गर्नु सारै कठीन कार्य हुनेछ भन्ने लेखकको निश्चय छ। किन भने संस्कृति भनेको– बाह्य सभ्यता जस्तो देखासिखीको पछि लाग्ने कृत्रिम कुरा होइन, शाश्वत अविनाशी तत्त्व हो। यसको खोज गर्नु मानवकल्याणको लागि आवश्यक छ।

वैदिक संस्कृतिका केही विशेषताहरू

प्रा. श्रीमती सुशीला खरेल एम० ए०

भिन्न भिन्न राष्ट्रमा भिन्न भिन्न संस्कृति हुने हुनाले संसारमा संस्कृतिहरू विभिन्न छन्। आर्य संस्कृति पनि तिनीहरूमध्ये एक हो। नेपालको प्राचीन कालदेखिको मूल संस्कृति पनि यही हो। हुनत यहाँ कैयौं थरि जाति र धर्महरू छन्, भए पनि यी सबैको मूल स्रोत "वैदिक संस्कृति" नै देखिन्छ। पछि पछि भिन्न जातिको सम्पर्कले गर्दा निकै नै फरक देखिएका छन। आर्य अर्थात प्राचीन संस्कृतिको मुख्य आधार पनि "वैदिक संस्कृति" नै हो र यस संस्कृतिको मूल आधारहरू पनि "वैदिक धर्म" का अंगहरू हुन। ती यस प्रकार छन्:—

(१) आर्य संस्कृतिको प्रथम अंग सदाचार हो। (२) सद्विचार यसको दोस्रो अंग हो। आत्मा तर्फ जीवलाई लैजाने जति पनि विचारहरू छन्, ती सबै सद्विचार हुन्। यसैको पूर्तिको निमित्त आर्य जातिले "शिखासूत्र" धारण गरेका हुन्। यही शिखाद्वारा नै यो शरीरलाई देवमन्दिर सम्झिइन्छ। सूत्रमा जुन डोराहरू हुन्छन्। ती अध्यात्मशुद्धि, आधिदैविक शुद्धि र आधिभौतिक शुद्धिका द्योतक हुन्। अथवा यी हाम्रा तीन वैदिक ऋण (देव ऋण पितृऋण, ऋषिऋण) का प्रतीक हुन्। (३) वर्ण धर्म यसको तेश्रो अंग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो । यो गुण कर्म स्वभावमा निर्भर छ । (४) यसको चौथो अंग हो सतीत्वको प्राधान्य माताले सतीत्वको धर्मलाई पालन गरेमा मात्र जाति शुद्ध हुन्छ । (५) आश्रमधर्म आर्यधर्मको पाँचौ अग हो । यो आश्रमंधर्म पालन गर्नाले मनुष्य जातिको जीवन व्यवस्थित हुन्छ । ब्रह्मचर्याश्रममा प्रवृत्ति कसरी गरिन्छ । त्यसको शिक्षा दिएको हुन्छ । गृहस्थाश्रममा धर्मानुकूल प्रवृत्ति कसरी गराइन्छ, यो कुरा बताइन्छ। तर जीवन यतिमा समाप्त हुँदैन । तसर्थ वानप्रस्थाश्रममा निवृत्तिको शिक्षा दिइन्छ र, चौथौं सन्यासाश्रममा निवृत्ति गराइन्छ । (६) यसको छैठौं अंग हो दैवजगतमाथिको विश्वास हो । यो स्थूल जगत् दैवीजगतको अधिकारमा रहेर सुरक्षित छ । सर्वव्यापी परमेश्वरको अधीनमा रहेर प्रतिनिधि बनेर भगवान् ब्रह्मा सृष्टि-कार्य, भगवान विष्णु रक्षाकार्य र भगवान शिव संहार कार्य गर्नु हुन्छ । विभिन्न देवताहरू वसु, रुद्र आदित्य इत्यादि ईश्वरका भिन्न र शक्तिका द्योतक हुन् वास्तवमा ईश्वर एक हुन् वेदमा भनेको छ 'एकं सद् विप्रा बहुधा वदन्ति' अवतारवाद अवतारमा विश्वास गर्नु यसको सातौं अंग हो । (७)महाभारत, पुराण आदिमा दशावतार विषयकवर्णन गरेको छ । हिन्दूको दशावतार विषयक कल्पना जस्तै कल्पना पारसी धर्ममा पनि छ । दुवैमा धेरै साम्य छ । कुनै विद्वानको रायमा दशावतारको कल्पना निराकार ईश्वरको दशै दिशामा 'दशांगुलम्" रहनु नै उसका गौण दश रूप हुन वास्तविक होइनन् । यस रहस्यलाई नमस्झी देहधारी दशावतारको कल्पना गरिएको छ । उनको भनाइमा विष्णु र इन्द्रका साथ दश संख्याको सम्बन्ध छ र यो नै दशावतार विषयक कल्पना हो । यस्तै जैन' बौद्ध आदिमा जो २४ तीर्थङ्कर आदि आधार पनि विष्णु नै हुन् । किनभने २४ पक्षहरूको भगवान् सूर्यका साथ सम्बन्ध छ र २४ अवतार सम्बन्ध वि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ष्णुसंग देखाइएको छ । "सूर्यमा म विष्णु हुँ" भनी गीतामा श्री कृष्ण भन्नु हुन्छ । यसरी विष्णु र सूर्य एकै तत्व हुन् । यिनै सूर्य विरचीत ४ दिशाबाट विष्णुका ४ भुजा' सूर्यको चारैतिर वास् रहनाले विष्णु जलशायी । सूर्यको सदा तेजोमण्डल रहनाले विष्णुको लक्ष्मीसंग नैकट्य देखाएको छ । सूर्यका महान शक्ति स्वरूप विष्णुको हातमा शङ्ख; चक्र, गदा, पद्म आदि देखाइएका छन् । जुनशब्दको' कालचक्रको' कृमि आदि रोगनाशका र वनस्पति आदिका प्रतीक हुन् ।

(८) यसको अर्को अंग शुद्धा शुद्ध विवेक हो । यो अंग बहुतै गम्भीर विज्ञानले पूर्ण छ । जीवात्मा अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोषहरूले आच्छादित रहन्छ । शुद्धाशुद्धि विचारद्वारा ती कोषहरूको पवित्रता सम्पादन गरेर अन्तमा उन्नत साधक मुक्त हुन्छ । (९) योगमूलक तथाभक्तिमूलक जति उपासना पद्धतिहरू छन् ती हुन् आर्य संस्कृतिको दशौं अंग । (१०) एघारौं अंग हो यज्ञ र महायज्ञहरूमा विश्वास राख्नु । (११) वेद र वेद-सम्मत शास्त्रहरू जस्तो स्मृति, पुराण, तन्त्र इत्यादिमा विश्वास राख्नु यो संस्कृतिको बाऱ्हौं अंग हो । (१२) यसको अर्को अंग कर्म तथा कर्मको बीज' संस्कार र त्यसको क्रिया प्रतिक्रिया आदिमा दृढ विश्वास राख्नु हो । (१३) यसको चौधौं अंग पनि विश्वास राख्नु हो । मनुष्य मृत्युलोकमा आउंछ र जाति, आयु,भोग, प्रकृति, प्रवृत्ति, शक्ति र संस्कार यी सात कुराअनुसार आफ्नो कर्म फल भोग्दछ र भोगिसकेपछि प्रेतलोक' नरकलोक' पितृलोक पुगी यही मृत्युलोकमा आउँछ । (१४) निर्गुण उपासना र सगुण उपासनको विभिन्न विधिहरू यसको एक अंग हो । (१५) जीवको (मोक्ष) कैवल्यप्राप्ति यसको सोऱ्हौं अंग हो । यो माथि उल्लिखित कुराहरू आर्य संस्कृतिका विशेषता हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालका निवासी

—प्रो० राजनाथ पाण्डे

नेपाल उपत्यकामा क्षेत्रीय, ब्राम्हण, नेवारहरू प्रशस्त छन्। ब्राम्हणहरूमा कुमाईं र पूर्वीया, तराईमा मैथल राजपूत भूमिहार-हरू धेरै छन्। क्षेत्रीय वर्गमा ठकुरी, शाह, शाही, मल्ल, सेन, खान, चन्, थापा, बस्नेत, बिष्ट, कुँवर आदि उपजाति छन्। काबुलमा सातौंदेखि नवौं शताब्दीसम्म शाहवंशी हिन्दू राजाहरूले राज्य गरेका थिए। पछि तुर्कको आक्रमणले गर्दा काबुल छोडेर उदभान्ड-पुर (ओहिन्द) लाई राजधानी बनाइ ११ वीं शताब्दीसम्म राज्य गरे। महमद गजनवीको आक्रमणले गर्दा उक्त स्थान छोडी काँग-डा हुंदै पहाडै पहाडबाट गढवाल कुमाउबाट शाहवंशी क्षत्रीय गोर-खा आएर बसे। खसिया खस शब्द काश्यपका अपभ्रंश हुन। खस क्षत्रीय पनि नागवंश काश्यप क्षत्रीय हुन्। राजपरिवारका नागवंश क्षत्रीय नागराज अथवा नागार्चा भनिन्थे। नागार्चा शब्दबाट का-लान्तरमा गर्चा तथा गोर्खा शब्दको उत्पत्ति भयो। गोर्खामा सिद्धि-प्राप्त गर्नाले कुनै नाथ गोरखनाथले प्रसिद्ध भए। पछि बिष्ट, क्ष-त्रीय, पाण्डे. ब्राम्हण, मगर (जसलाई प्राचीन समयमा मंगल भन्दथे) यो प्रदेशमा बस्नाले गोर्खाली नामले प्रसिद्ध भए। बिष्ट शब्द वत्स शब्दबाट भएको हो। वत्स क्षत्रियका राजा उदयन बुद्ध-का समकालीन थिए। अहिले पनि गंगा र यमुनाको बीचको इला-कालाई बैंसरज भन्दछन्, यसबाट नै बैस भएको हो। वत्सवंशको मानिसलाई बात्स्नेय भन्छन्। त्यसको अपभ्रंश वस्नेत भएको हो। यस प्रकार बिष्ट. बैस. बस्नेत. क्षत्रिय वत्सराज उदयनका सगोत्र क्षत्रिय हुन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मंगल अथवा मगर जातिका मूल पुरुष अग्नियुत स्थौर हुन् जसबाट थारू पनि अपभ्रंशबाट बनेको देखिन्छ। थारूहरूका पुर्खाहरू पनि अघि पहाडमा बस्तथे गोर्खा क्षत्रियद्वारा तराईमा बसालिए। नेपाल शब्दको बारेमा पनि मतभेद छ। ने नाम ऋषिले गर्दा नेपाल भयो। ने ऋषिपञ्चम बुद्ध काश्यपभन्दा पछिका हुन्। यिनले पशुपतिनाथ ज्योतिर्लिङ्गको स्थापना गरेका हुन्। किराती भाषामा 'ने' को अर्थ घर हो, तिब्बती भाषामा पालको अर्थ हो ऊन या पूजनीय (देवता)। अतः नेपालको अर्थ ऊनको घर या देवभूमि हो। नेबाट नेपाल बनेको हो जसका अर्थ हुन्छ घाँस भएको 'उपत्यका'। जस्तै मेवाडको अर्थ अग्ला पहाडमा बस्ने मेवाडी, तल्लो पहाडमा बस्ने मानिसलाई नेरपाली–नेपाली भन्न थाल्यो। नेपाल या नेपालको पवित्र भूमिले जनकपुरमा जगज्जननी सीताजीलाई हेलम्बुमा हेरम्बमाता उमा पार्वतीलाई तथा लुम्बिनीमा भगवान् बुद्धलाई जन्माइछन्। पञ्चपोखरीमा बिश्वामित्र, गण्डकी मण्डलमा भरद्वाज र श्रृंगी ऋषि, भैंसालोटनमा बाल्मीकि ऋषि, जुमलामा व्यास कृष्ण, कोशीको अञ्चलमा याज्ञवल्क्य, गौतम र सांख्यकार कपिलका तथा बझांगमा मनुको आश्रम यही नेपालमा थिए। गलकोट राज्यमा काम-शास्त्रका आचार्य वात्स्यायनको आश्रम तथा भृगुकोट (भीरकोट) भृगुसंहिताकार भृगुमुनिको आश्रम थियो भन्छन्।

भगवान् कृष्ण, मञ्जुश्री, पद्मसंभव, अशोक, नागार्जुन, दिङ्नाग, मत्स्येन्द्रनाथ, शान्त रक्षित, शंकराचार्य दीपंकर (अतिशा) गोरखानाथ आदि पनि यहाँ आएर बसेका थिए। साँचो भन्ने हो भने नेपाल शब्दले देवभूमि सार्थक बताउँछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालको थर स्थानबाट बनेको हो ।

— *श्री योगी नरहरिनाथ*

स्थान: जस्तो कैलाशबाट किरात, थाकखोलाबाट–थकाली, तामाङ-तामाकोसी, मगर-मध्य, सुनवार-सुनकोसी, गुरूंग-घानद्रुङ्ग *गाउँबाट बनेका थर:–* कर्कै–कार्की, नियाँपान्या–न्यूपान्या, पाँडु-सेरा-पाँडे, खनाया-खनाल, लोहखानी-लोहनी, अर्जि-अर्ज्याल, रिमा-रमाल, धिता-धिताल, बारे-बारला, बारा-बराल, रिमि-रिमाल, पौडी-पौड्याल, देवकोट-देवकोटा, कोइन्यालपाटा-कोईराला, रिमि-रिमाल, घिमिरा-घिमिन्या, सिंजा–सिंजाल सिजापति, नुवाँकोट-नुवाकोटी, रिम्म-रिग्मि-रेग्मि, पराजुलखोला-पराजुली, सापकोट-सापकोटा, बाँसकोट-बाँसकोटा साता-सत्याल, थापाथली-थापा, लामा-छानी–लामीछान्या; (पेशा) *कर्मबाट भएका थर:–* (२) अधिकारी विशेष, अधिकार पाएका, भण्डारी–भण्डार, सिरपाला–श्रीपाली, आचार्य–यज्ञमा आचार्यको कामगर्ने, पाठक-पाठगर्ने, तिवारी-तीन चोटी सन्ध्यागर्ने, ओज्झाय-ओझा-झा, महत्यारा, महापात्र ।

किरात र सिन्धु घाटीको सभ्यता

—*श्री नारदमुनि थुलुङ्ग*

अर्को नेपालको जाति छ किरात जाति । यिनको नाम वेद स्मृति, पुराण, महाभारत आदिमा पनि पाउँछौं । यिनीहरू आफ्नो धर्म शैव भनेर घोषित गर्छन । हाम्रा किरातेश्वर र अर्जुनको नेपालमा किरातेश्वरसितको युद्ध र पछि पाशुपतास्त्रप्राप्तिद्वारा यो समर्थन पनि गर्दछ । आज पनि पूर्वी सभ्यताका स्मृति साकार यिनकै वेदमा हामी अद्यावधि पाउँछौं । यी पूर्वी पहाडमा छन् । यिनको भाषा किरात तर त्यसमा विभिन्न जातको विभिन्न भाषा पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिम्बूको भाषा र वान्तवाको, राईको र तासाङ्को भाषामा विभिन्नता छ। यिनीहरूको मूल ग्रन्थ 'मन्धुम' भन्दछन्। जुन मूलधर्म वा 'मनु धर्म' बाट भएको हो कि यो पत्तो लाग्दैन, तर यिनीहरूको पनि प्रणव ॐ प्रत्यक्ष मन्त्रमा लाग्छ, मनुको सृष्टिक्रमसित यिनको 'मुन्धुम' को पनि भाव मिल्छ। मनुस्मतिको धेरै कुरा 'मुन्धुम' मा पाईन्छ। यिनका दन्त्यकथाअनुसार यी जाति कुनै कालमा "मलुत" कहिन्थे। स्वभाव र वर्ताबले यस जातिलाई दास, दस्यु पनि भनिएको पाइन्छ। किनभने यस जातिमा सोह्रश्राद्धको अवधिभर शोक मनाउने चलन छ। अन्य जाति झैं तिथि मिलाएर अरू नै वेलामा श्राद्ध गरेर हुँदैन। यस वेलाको कथामा दास राजसंग मेल खाने कथा भन्दछन्। यजुर्वेदमा देवत्व प्राप्त गरिसकेको र अन्य पुराण आदिमा दैत्य, दानव र कतै राक्षसको संज्ञा पनि दिइएको पाइन्छ। भीमपुत्र घटोत्कचलाई पनि राक्षस भनी सम्बोधन गरेको देखिन्छ। स्मृति आदिमा शूद्र पनि लेखिएको पाइन्छ। यी जाति आफूलाई सूर्य उपासक मनुवंशी ठान्छन। हाल किरात आफूलाई हिन्दू, प्राचीन हिन्दू सम्झन्छन्। कलात (कैलास) वासी भएकाले कलाती, कैलाती र किराती भनिएका हुन्। आजको सिन्धु नदीदेखि लिएर ब्रह्मपुत्र नदिसम्मका पर्वत मालालाई कलात भनिन्थ्यो, जससंग आज हामी हिमाल नामले परिचित छौं। ब्रह्मपुत्र पूर्वका पर्वतमाला लहात कहिन्थ्यो। आजको सिन्धु नदिलाई किराती 'हिंडी' भन्दथे र ब्रह्मपुत्र नदीलाई 'हाङ्पोडी' भन्दथे। यस्ता नाम गरिएका अथवा मर्स्याङ्डी, म.डी, ख्याङ्डी, डीहाङ्ग (डीशाङ्) नदीहरू किरात क्षेत्रमा धेरै छन्। यसबाहेक आजको राप्तीको प्राचीन नाम लाप्डी र कोशीको नाल कोहडी हो भनी यो जाति भन्दछन्। यी नदीको नाम अन्य जातिका सुधार र किरातका अब-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अंशहरूबाट सिन्धु, राप्ती ब्रह्मपुत्र आदि पर्न गएको हो। जस्तै कलातवासी कैलाती किरांती र कैलातबाट कैलास हुन गए त्यस्तै लहात लहातीबाट लोहित्य आदि पनि भएर गयो। यसै गरी आजको काठमाडौं यस जातिले दखल गरेर आवाद भै ग्राम, नगर बसाएपछि यस काठमाडौंको नाम 'ने वा ल' बाट नेपाल पर्न गयो। यसै नेबालको अर्को रूप नेवार भयो र त्यसपछि यहाँका वासिन्दाहरू पनि नेवार कहलाइन लागे। यसै नेवारहरूबाट नेवार जातिको जन्म पनि भयो। किरातका दन्त्यकथा र घटनाहरू अथवा परम्पराले यही नै प्रमाण दिन्छ। घटनाहरूको अध्ययन गरेमा पौराणिक तथा वैदिक घटनाहरूसंग पनि केही सम्बन्ध राख्दछ। अघि अघि यस जातिमा तीन प्रकारका पुरोहित हुन्थे। एउटा पुरोहितले जन्मदा, मर्दापर्दा, विवाह आदिमा कर्मकाण्ड गर्ने अर्कोले औषधी मूलो गर्ने चिकित्सक पुरोहित र अर्को राजनीति तथा वंशावली सुनाउने हुन्थे। राजनीति र वंशावली सुनाउने काम हिजो आज प्रायः छुटिसकेको छ। यी पुरोहितहरूलाई होमे, नोच्छोड, विजया, वजाह (वैद्य) पनि भन्दछन्। सोत्रहश्राद्धमा, अरू मरौपरौमा यिनीहरू र बूढा पाकाहरू आफस्तमा खूब शास्त्रार्थ गर्छन् त्यसै वेला यस्ता कुरा सुन्न पाइन्छ। पुरोहितलाई पुरोहित्याइको मूल्यमा वार्षिक 'होमेपाथी' भन्ने कर दिनुपर्दथ्यो। यस जातिको संज्ञा मलुत कसरी पर्न गएको हो भन्दामा भन्छन् । कि बन योग्य भूमिको खोजीमा यताउता जत्रतत्र छरिंदै जादाँ, अन्य स्थानवासीहरूले केही नहुने स्थानबाट आउनेहरू अथवा मरुभूमिबाट आउनेहरू भनी 'मलुत' नाम दिएका हुन् भन्दछन। भाषाबाट मिलाउँदा मा पनि केही नहुनुलाई मरु, मलु, मेच, मिन्दु, मिबु, मिलीबू, माएडङ्, मान्तु आदि शब्दले जाहेर गर्दछन्। ऋग्वेदमा पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवजीका गणहरूलाई 'मरुत' कपर्दिनो, श्यन, केशी, सुषन्न आगि संज्ञाले सम्बोधन गरिएको पाइन्छ। यसर्थ "र", "ल" मा भेद नहुनाले मलुतको मरूत भएको हो भन्ने धेरै सम्भव देखिन्छ। किरातका भनाइअनुसार प्रलयकालसम्म भोगवाट आएर विप्लवमा परेको स्थानमा, यस हूलका तीन शाखा भएको थिय भन्छन्। जसमा च्यन, त्यन र ह्यन शाखा भैसकेका थिए र आफूलाई च्यन शाखाको हो भन्छन्। अरू हूल के कता पुगे, कुनै हूल पूर्व, कुनै पश्चिम, उत्तर, दक्षिण, जता जहाँ वृत्तियोग्य भूमि पाए उता उतै बसे। हामी च्यन हूलका एक शाखा 'हिंडी' आजको सिन्धुनदीलाई पछ्याएर यस भूमिमा आएका हौं भन्छन्। लहातीहरू हाङ्पोडी (ब्रह्मपुत्र नदी) लाई लिएर आएका हुन्। मेरो विचारमा किरातहरूबाटै हिन्दू नाम पर्न गएको हुनुपर्दछ। किनभने किरातहरूले नाम दिएका नदीहरू आफ्ना नाममा केही न केही अर्थ पनि राख्दछन्। 'हि' वा 'हिम' को अर्थ हिउँ अथवा बरफ हुन्छ। 'डी' को अर्थ माथि नदी हुन्छ भनेर उल्लेख गरिसकेको छु। त्यस्तै 'माडी' आमा नदी, 'खाङडी' रिसाहा नदी, 'डीहाङ' नदी राजा 'हाङ्पोडी' बाबु राजा अथवा राजा बाबु नदी 'कोहडी पर्वते नदी आदि आदि अर्थ राख्दछन्। फेरि सिन्धु प्रान्तका भग्नावशेष 'हडप्पा' र माहाङजोदाडो अथवा माहेन्जोदारो यी दुवै स्थानको नामले पनि किराती भाषासंग केही सम्बन्ध राखेको देखिन्छ। जस्तै हड़ेप्पा नाम गरिएको स्थान आज पनि पूर्व ३ नम्बर रावा डेम्रे मा हड़ेप्पा भन्ने स्थान छँदैछ। त्यस्तै नेर्पा, दोर्पा, बनेप्पा, पाल्पा, साल्पा, सोल्पा बुइमा र स्त्रीलिंग जनाउने टुङमा, चुईचुस्मा आदि स्थान र ग्रामहरू छन्। यी नामबाट पर किरातीहरूको प्रभाव देखिन्छ। त्यस्तै सम्बन्ध माहाङजोदारोसंग पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिन्छ । यो महेन्जोदाडो शब्द पनि सन्धि शब्द झैं देखिन्छ । यस शब्दमा मा+हाङ+जो, मा+हे+जो दाडोबाट बनिएको हो भने 'मा' को अर्थ मुमा (आमा) हाङको महारानी र जो वा जोडको तहसिल (अड्डा-अदालत) र दरो वा दाडोको अर्थ महल वा स्थान बुझिन्छ । यसको पूर्णरूपमा मुमा महारानीको मुख्य महल वा स्थान हुन्छ । यस स्थानमा कि त कुनै राजाको आमा रहन्थिन्, कि त यस स्थानमा राजकाज गर्ने कुनै स्त्री थिइन् । किनकि 'मा म' शब्दले आमा वा सो जाति जनाउँछ । हुन सक्छ यस स्थानमा प्राचीन कालमा दास जातिहरूको आवादी थियो र दास जातिकै कला हुन सम्भव छ । किनभने किरातहरूको दन्त्यकथाअनुसार सिन्धु नदी पैल्याएर आए, सिन्धु नदीको वारपारी ग्राम, नगर बसाए, बसे होलान् । यिनको दन्त्यकथामा अहि, नमुचि आदिको नाम लिइन्छ र अन्य जातिबाट यस जातिमाथि हमला भएको कुरा पनि ल्याउँछन् । साथै वैदिक शब्दमा 'अहि' वृत्रको नाम देखिन्छ । कतै वृत्रलाई ब्राह्मण र कतै दास जातिमा गणना गरेको ऋग्वेदमै पनि पाइन्छ । यसर्थ हुन सक्छ, यी किरातहरूकै हाँगा दास जाति हुन् वा रास, राज, संग्रामपछि पर्वतमालातर्फ लागेर माथि उल्लेख गरिएकै कैलात, कैरात र किरात कहलाइएका हुन् । सिन्धुको स्थानमा हिन्दू भनियो । हिन्दूबासीहरूलाई हिन्द भनियो र यिनको रहन-सहन, व्यवहार-वर्ताव आदि सभ्यतालाई हिन्दू भनिएको हुनुमा नै धेरै सम्भव देखिन्छ । फारसीहरूले 'हिन्दू नाम दिएको हो भन्नमा मेरो मत किरात किंबदन्ती कथाको आधारबाट विचार गर्दा अरूसंग भिन्नता राख्तछ । किरातकै दन्त्यकथाका प्रमाण बलियो देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिच्छवीकालीन संस्कृति

—श्री लीलाराज श्रेष्ठ

लिच्छवीकालीन नेपालमा शान्ति र सुव्यवस्था भएको देशमा कृषि र व्यापारको वृद्धि भएकोले आर्थिक संवृद्धि भएको थियो। फलस्वरूप साँस्कृतिक उत्थान पनि चरम सीमामा पुगेको कुरा यहाँ निर्मित भएर चीन र भारतसम्म फैलिएको प्यागोडा र चैत्य-शैलीको वास्तुकला, रासायनिक प्रयोगद्वारा राखिएका धातुसहितका अत्यन्त सुन्दर प्रस्तर मूर्तिहरू मानगृह, कैलाशकूट र भद्राधिवास जस्ता राजमहलहरू, संस्कृतको प्रौढता इत्यादि सम्पूर्ण कुराहरू तत्कालीन सांस्कृतिक उत्थानका द्योतक हुन् ।

त्यस वेलाका धार्मिक सम्प्रदायहरू शैव र बौद्धधर्ममा त्यस वेलाका राजादेखि रङ्कसम्मको समदृष्टि र सामान श्रद्धा हुन्–त्यस वेलाको उन्नत समाजको प्रतीक हो। राजाबाट दुवै सम्प्रदाय पुजिएका र दुवै सम्प्रदायका धार्मिक स्थलहरूमा राजाबाट गुठीहरू राखिएकोबाट पनि यो कुरा प्रमाणित हुन्छ र आजसम्म दुवै सम्प्रदायका जनताले पुजिएका देवदेवीहरूको उपस्थितिबाट जनताको धार्मिक सहिष्णुता अझै झल्किन्छ। पशुपतिलाई बुद्धको रूपमा मानिए झैं मञ्जुश्रीलाई सरस्वतीको रूपमा प्राचीन कालदेखि नै मानिआएका छौं। यो पनि लिच्छवीकालकै देन हो।

पंचायत पद्धति: – यसरी यी सबै कुराको उन्नति हुनाको कारण त्यस वेलाको शासन प्रणाली हो र त्यो शासन प्रणाली पञ्चायत पद्धतिमा आधारित थियो। यस सिलसिलामा ईस्वी सन् सातौं शताब्दीको लिच्छवीकालको राजभवन कैलाशकूटबाट खिप्रुङ्ग गाउँको पञ्चहरूको नाउँमा जाहेर गरिएको आदेश उल्लेख गरिएको लिच्छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बीकालको एउटा शिलालेख अघि सार्न सकिन्छ, जसद्वारा त्यस वेलाको शासन व्यवस्था पञ्चायती पद्धतिमा आधारित भएको कुरा प्रमाणित हुन्छ। त्यस लिच्छवी राजा शिवदेवको समयका महासामन्त अंशुवर्माको सम्वत् ५२६ को लेम्वटो (अहिलेको लेले) को शिलालेखमा तत्कालीन पञ्चायतको विभिन्न विभागहरू र तिनीहरूको कार्य विभाजनको समेतको उल्लेख पाइन्छ। यो शिलालेखअनुसार यसमा उल्लिखित पानीय गोष्ठी तत्कालीन पञ्चायती पद्धतिको प्रशासनको एउटा विभाग थियो। यो पानीय गोष्ठि विभाग एक किसिमले पानी विभाग नै थियो र यसले देशको गाउँ, जिल्लाहरूमा पिउने पानीको व्यवस्था मिलाउँदथ्यो। त्यस्तै प्रदीप, धूप, अर्चा र ध्वज इत्यादि गोष्ठिहरूले अर्को शब्दमा विभागहरूले मन्दिरहरूमा धूप, दीप, बाल्ने, विभिन्न समयहरू देवदेवीहरूको पूजा अर्चना गर्ने र ध्वजा पताकाहरूको व्यवस्था मिलाउँनथे। उपरोक्त सवै (गोष्ठिहरू) विभागहरू तत्कालीन पञ्चायती शासनकै अङ्गहरू थिए। त्यस्तै नाट्य गोष्ठिले विभिन्न किसिमका मनोरंजनहरू नाचगान इत्यादिको व्यवस्था गर्दथ्यो, मल्लयुद्ध गोष्ठले खेलको व्यवस्था गर्दथ्यो, यसले तत्कालीन लोकप्रिय खेल के थियो भन्ने कुराको झलक दिन्छ), खेती व्यवसायको उत्थानको लागि चाहिने साधन, नहर कुलो, कुवा, पोखरी, इनार इत्यादिको निर्माण पानीय गोष्ठि र प्रणाली गोष्ठिहरूद्वारा गरिन्थे। यसरी स्थानीय वा क्षेत्रीय विकासको लागि तत्कालीन पञ्चायती शासन व्यवस्थामा त्यस ताका ग्राम वा जिल्लाका पञ्चायतहरूमा उपरोक्त विभागहरू रहन्थे जसले आफ्नो क्षेत्रीय विकासमा सक्रिय भाग लिन्थे।

त्यस वेला विभिन्न प्रमुख विषयहरूमा अन्तिम निर्णय राजाबाट गरिन्थ्यो र पिउने पानी, खेतीको निमित्त कुवा, कुलो, इनार, पोखरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्यादिको प्रबन्ध गर्नु (कूप जल द्रवणिका) र तत्संबन्धी मुद्दा मामिलाको फैसला पञ्चायतबाटै गरिन्थे भन्ने कुराको पुष्टि अंशुबर्माकै शिलालेखमा अङ्कित "राजभिः अन्तरासनेन् विचारः करणीयो" भन्ने वाक्यांशबाट हुन आउँछ। त्यस बेलाको पञ्चायत शासन पद्धतिको पुष्टिस्वरूप तत्कालीन लिच्छवी राजा विष्णुगुप्तले नुप्पुन्नद्रङ्ग (वर्तमान प० १ नं. केवलपुर बसाहा डाँडा) का प्रधान पञ्चसहित कुटुम्बी कवीलाहरूलाई गरिदिएको आदेश रहेको शिलालेखलाई अघि सार्न सकिन्छ।

यसै सिलसिलामा हाल म्यूजियममा रहेका अंशुवर्माका शिलालेखबाट पनि लिच्छवी शासन प्रणाली पञ्चायती पद्धतिमा नै आधारित थियो भन्ने कुरा जनाउँछ। किनभने यस लेखमा अंशुवर्माले प्रधान पञ्च र कुटुम्बीहरूलाई सम्बोधन गरेको छ।

फेरि अंशुवर्माकै भक्तपुर खोपासी र गोलपढी टोलको अभिलेखहरूमा पनि ग्राम पञ्चायतहरू विभिन्न किसिमका अधिकार र सुविधाहरू प्रदान गरेको उल्लेख पाइन्छ। लिच्छवी राजा नरेन्द्रदेव (जो मानदेवपछिका राजाहरूमा प्रतापी राजा थिए) को अभिलेख अनुसार तत्कालीन नेपालमा करहरू असूल गर्दा पंचायतकै माध्यमबाट गरिन्थे भन्ने कुरा थाहा हुन्छ। त्यस बेलाको ग्राम पञ्चायतले 'अक्षय नीवि (क्षय नहुने कोष आधुनिक बैंक जस्तो)को काम गर्दथ्यो र यसबाट त्यस बेलाका मानिसलाई लेनदेनको काममा ठूलो मद्दत पुऱ्याएको थियो।

यसरी यी सबै उल्लेखहरूबाट यही सिद्ध हुन्छ, कि लिच्छवी प्रशासन पञ्चायती पद्धतिमा चलेको थियो र गोष्ठी (गुठी) हरूबाट हामी लौकिक जीवनको झलक पाउँछौं। (हेर्नुस् "लिच्छविकालको पञ्चायत शासन पद्धति र लौकिक जीवनमा गोष्ठीको स्थान" सम्बन्धी धनबज्रबज्राचार्यको महत्वपूर्ण लेख पूर्णिमा नं. ११, १२, १३ मा)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिच्छवीकालीन धार्मिक जीवन

—डा० हितनारायण झा, एम.ए.पी.एच.डी.

यद्यपि लिच्छवीकालीन धार्मिक जीवनको सम्बन्धमा पर्याप्त सामग्री उपलब्ध छैन तथापि शिलालेखहरूबाट यसबारे हामी केही प्रकाश पाउँछौं । वैष्णव, शैव, पशुपति, शक्ति तथा अरू धार्मिक सम्प्रदायहरूको प्रभाव भारतीय इतिहासमा ईसाकालको प्रारम्भमा विकसित भइसकेको थियो । यसबाट नेपाल पनि अछूता रहन सकेन । जुन धार्मिक जोशको लहर भारत भूमिमा थियो, नेपालमा पनि देखिन्छ ।

शिलालेखहरूबाट विदित भए अनुसार सृष्टि कर्ता र पालक भगवान् विष्णुको प्रति लिच्छवीकालमा साधारण जनतादेखि राजासम्मको हृदयमा असीम भक्ति थियो । आफ्नो आमाको पुण्य वृद्धिको निमित्त राजा मानदेवले विष्णुको मूर्ति (नौली-शि. १ नं० ३) स्थापित गरे । लगन टोलको शिलालेखबाट लिच्छवी नरेश भीमार्जुन देवले जलशयन विष्णुको भव्य मूर्ति बनाउने मानिसहरूलाई हृदयले प्रशंसा गरेको देखिन्छ । दुर्गाहिटी शिलालेखमा वामन स्वामीको निमित्त भूमिदानको उल्लेख छ । नरेन्द्रदेवले लोकपाल स्वामीको मन्दिरलाई दान दिए भन्ने अनन्त लिङ्गेश्वर अभिलेखमा उल्लिखित छ । यसैमा बराहयात्राको पनि चर्चा छ । शिलालेखहरूमा वर्णित वासुदेवबाट उत्पत्ति भएको भगवद वासुदेव-ब्राह्मण सम्भवतः भागवत् सम्प्रदायसित सम्बद्ध छ ।

संहारक वैदिक देव रुद्रसंग सम्बद्ध तथा सृष्टि, पालन र मंगल गर्ने शिवले नेपाली जन-जीवनमा आफ्नो असीम प्रभाव पारेका छन् भन्ने शिलालेखहरू बताउँछन् । प्रायः सबै लिच्छवी नरेशहरूले आफूलाई "भगवत पशुपति भट्टारकपादानुगृहित" भन्नुमा गर्व अनुभव गरेका छन् । नरेन्द्रदेवले आफ्नो उपाधि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि "परममहेश्वर" राखेका थिए। शंकरदेव (द्वितीय) को समयमा राघव सिंहले शिव धर्मशास्त्र लेखि सके। कुनै पनि देवीदेवताको मूर्तिभन्दा शिवलिङ्गको स्थापना लिच्छवीकालमा धेरै भएको देखिन्छ।

शिवको ख्यातिको कारण सम्भवतः लिंग, जाति र जन्मको भेदभावको अभाव थियो। पवित्र पञ्चाक्षर मन्त्र (नमः शिवाय) को जप कुनै मानिसले गर्न सक्थ्यो।

सबै सम्प्रदायहरूमा पशुपतिको विशेष चल्ती देखिन्छ। गैरीधारा र देवपाटन शिलालेखहरूमा पशुपति ब्राह्मणहरूलाई भोजन गराउने उल्लेख भएको छ। शिवदेव द्वितीयले शिवदेवेश्वर मन्दिरको सुरक्षा र मरम्मत गराउने भार बसपशुपताचार्यलाई दिएका थिए।

पाशुपतहरूको विशेष आचरण छ सम्पूर्ण शरीरमा भस्मको लेप गर्नु र जटामुकुट राख्नु। वराहमिहिरले (बनर्जी-द डेवलपमेण्ट अव् हिन्दू- आइक्नोग्राफी, १९५६. पृ० २३०) भनेका छन् शिवमूर्तिलाई "सभस्माद्धिजान" बाट नै स्थापना गराउनुपर्दछ। डा० पाठकले (सबै कल्टस इन् नर्दर्न इण्डिया, १९६०, पृ० १७-१८) ठीक भनेका छन् कि शिवलाई अष्टमूर्ति (सर्व, भव,- ईशान, रुद्र, उग्र, भीम, पशुपति र महादेव) को रूपमा पुज्ने प्रचलन पाशुपतसित नै सम्बद्ध छ। यस अष्टमूर्तिको पूजाको प्रचलन जयदेव द्वितीयका पशुपति शिलालेखबाट विदित छ। अष्टदल रजत कमल शिवलाई चढाउनाको तात्पर्य यसै पूजासंग छ।

पाशुपतसंग सम्बन्ध हाडका माला लगाउने कापालिक छन्। शिलालेखमा (नोली शि० नं-५९) वर्णित मुण्ड शृङ्खलिक पाशुपताचार्य पार्षदि (परिषदी) निःसन्देह पाशुपत सम्प्रदाय र त्यसको सम्बन्ध कापालिकहरूसंग व्यक्त गर्दछ। प्रबोध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चन्द्रोदयको अनुसार कापालिक शिवलाई भयंकर महाभैरव रूपमा पूजा गर्छन् ।

शिलालेखहरूमा (नोली--शि० नं. १७) अभिलेख संग्रह, भाग १ पृ. ८६) नाथेश्वरको पनि उल्लेख छ। यसलाई शंबर तन्त्रमा वर्णित नाथ सम्प्रदायसंग सम्बद्ध गर्नु अनुपयुक्त हुँदैन जस्तो लाग्दछ ।

लिच्छवीकालमा एउटा अरू सम्प्रदाय सोमसिद्धान्ती, जसको उल्लेख शिलालेखहरूमा पाइन्छ। यस सम्प्रदायको उदय सम्भवतः ईसाको दोस्रो शताब्दीमा भएको थियो। यस सम्प्रदायमा उमासहित चन्द्रशेखरको पूजाको प्रचलन थियो। यस सम्बन्धमा एउटा उल्लेखनीय कुरा के छ भने तान्त्रिक साहित्यमा कापालिक र सोमसिद्धान्तीलाई पृथक सम्प्रदाय भनेका छन् तर छत्र चण्डेश्वर शिलालेखमा यिनीहरूको बीच निकटतम सम्बन्ध देखाइएको छ ।

त्यस कालमा सूर्यपूजाको पनि निकै प्रचलन थियो। यसको पुष्टि टेबहाल शिलालेखबाट हुन्छ । गृहभित्र भन्ने एक जनाले "भगबान् इन्द्र नामी दिवाकर" को मूर्तिको स्थापना (नोली-शि० नं. ७) गरेका थिए। लेले अभिलेखमा इन्द्रगोष्ठिकको पनि उल्लेख पाइन्छ ।

शिलालेखहरूमा शक्तिपूजाको पनि वर्णन छ। गृहपतिको सहधर्मिणी विजयस्वामिनीले देवी विजयश्रीको मूर्तिको स्थापना गरिन्। कहीं कहीं लक्ष्मीको नाउँ पनि फरक छ।

इतिहासको एउटा ठूलो विवादास्पद प्रश्न छ धेरै शिलालेखहरूमा उल्लिखित कारण पूजा। यसको निमित्त राजादेखि साधारण जनताले हृदय खोली दान दिए। डा० राधागोविन्द बसक (हिष्ट्री अव नर्थ इष्टर्न इण्डिया, पृ. २४५) तथा अरू विद्वान्हरूले कल्पनाको भरमा लेखेका छन् कि यो पूजा उत्सव अरू महत्वपूर्ण दिन·

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूको पूजा हो। तर वास्तवमा हेतु र कारण शब्दहरूको अर्थ तान्त्रिक साहित्यमा अमृतरूपा सुरा हो।

पूजाको समयमा देवमूर्तिको पछाडि भागमा मण्डल बनाएर घरमा सुरा राखिन्थ्यो र यस घरलाई कारण कलश (नित्योत्सव, पृ. ४०) भनिन्थ्यो। अर्को ठाउँमा अर्घ्य जसलाई अमृतार्घ्य भनिन्थ्यो राखेर पूजा गर्ने प्रचलन थियो। पूजा समाप्त भएपछि प्रचूर मात्रामा सुरापान, जसबाट मुक्ति प्राप्त नै विश्वास थियो, हुन्थ्यो। परमानन्द तन्त्रमा उल्लेख छ :—

पीत्वा पीत्वा पुनः पीत्वा यावत् पतति भूतले।
उत्थाय च पुनः पीत्वा पुनर्जन्म न विद्यते ॥

तान्त्रिक पूजामा गन्ध पुष्पको व्यवहार र मण्डल बनाउनेको विशेष महत्व रहन्छ। त्यस्तै महत्व जप र ब्राह्मण भोजनको छ। गैरीधारा र अरू शिलालेखहरूमा हामी 'गन्धपुष्प" "'धूप प्रदीप," "जयकादिका" "मण्डलयन" र पाशुपत ब्राह्मणलाई भोजन गराउने आदिको उल्लेख पनि पाउँछौं। अतः कारण—पूजा तान्त्रिकहरूको सुरापूजा हो।

धर्मको सम्बन्धमा सहिष्णुताको आचरण थियो। एउटा परिवारमा नै विभिन्न देवीदेवताको पूजा हुन्थ्यो। राजा मानदेव-को विश्वास विष्णुमा थियो त उनका रानीहरू शिवको उपासिका थिए। राजा वृषदेव बौद्ध धर्मावलम्वी थिए। नरेन्द्रदेवले एकतर्फ शिवपादमा असीम भक्ति राखेर अर्कोपट्टि बुद्धप्रति हार्दिक श्रद्धा। (हेर्नु स् धनवज्र वज्राचार्यको "लिच्छवीकालमा धामिकसंघ-पूर्णिमा पे० नं० १४ र प्रा० नयराजपन्तको लेख पूर्णिमा पे० नं० ४- प्रत्यक्ष र अप्रत्यक्ष रूपमा वेदको पनि उल्लेख लिच्छवी कालका अभिले-खमा आदि देखि अन्त्यसम्म पाइन्छ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिच्छवी र गुप्तकालीन मूर्तिकला

इतिहास शिरोमणि बाबुराम आचार्य

पहिलो शताब्दीमा लिच्छवीहरू यस उपत्यकामा आएर राज्यको स्थापना गर्दा मूर्तिकला पनि साथमा ल्याएको अनुमान हुन्छ। लिच्छवीहरू आउनुभन्दा पहिले नै यस उपत्यकामा बौद्धधर्मको पनि प्रचार भएको कुरा पाँचौ शताब्दीदेखि आठौं शताब्दीसम्मका शिला लेखमा र अनुश्रुतिमा पाइन्छ। तर यस समयसम्ममा बनेका बुद्ध बोधिसत्व अवलोकितेश्वर वा ताराका मूर्तिहरू भेटिएका छैनन्। अङ्गभङ्ग गरिंदा फ्याँकिएर खण्डहरहरूमा अवश्य गरिरहेका होलान्।

पहिलो र दोश्रो शताब्दीका पौराणिक देवताहरूका मूर्ति पनि पाइएका छैनन्। पाइएसम्मका मूर्तिहरूमा सबभन्दा पुराना 'सूर्य' का मूर्ति देखिन्छन्। दोश्रो शताब्दीमा इरानीमग ब्रमणहरूले उत्तर भारतमा सूर्यपूजाको एक पंथ चलाएका थिए। उस समयका कुषाण वंशी राजाहरूको राजधानी मथुरा मूर्तिकलाको एक केन्द्र बनिरहेको थियो। युनानी मूर्तिकला र भारतीय मूर्तिकला मिसिएर जो गान्धार कला पैदा भएको थियो, त्यसै कलामा बुद्ध, सूर्यका मूर्तिहरू त्यहाँ कुँदिन्थे। मूर्तिमा सौन्दर्य र सजीवता रहने दुई गुण गान्धार कलामा मौजुद थिए। यसै कलामा कुदिएका मनुष्याकार सूर्यमूर्ति यस उपत्यकामा यत्रतत्र पाइँदैछन्। केवल पशुपतिनाथका मन्दिरका वरिपरि सात आठ मूर्ति पडिरहेका छन्। अङ्ग भङ्ग हुँदा नबुझिए तापनि गान्धार कलाको सौन्दर्य प्रकट गर्न बचिरहेका छन्। यिनमा कुषाण वंशी राजाहरूकै वेषभूषा, अर्थात् फराकिलो टोप, कमरपेटीसहित बक्खु र दोचा पहिरिएको छ। व.सुकीका मन्दिरनेर रहेका मूर्तिमा अरूभन्दा कलाको विशेषता पाइन्छ। पछि पनि यस आकार प्रकारका मूर्ति बन्दैरहेको देखिन्छ ! तर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पछि पछिका मूर्तिमा बाहनका रूपमा घोडा पनि जोडिएका हुन्छन् ।

तेश्रो शताब्दीमा उत्तर प्रदेशका नागवंशी राजाहरूले शिव–लिङ्गको पूजा गर्ने र देवालयका ढोकामा गङ्गा–जमुनाको मूर्ति खडा राख्ने पद्धति चलाएका थिए। त्यो प्रभाव यहाँ आएर 'नकुलेश' शैलीका शिवलिङ्गहरू तीन, चार शताब्दीसम्म बन्दैरहेका हुनालेयस्ता सयकडौं मूर्ति यत्रतत्र पडिरहेका देखिन्छन् । तिनमा मूर्तिकलाको अभाव छ तर गङ्गा–जमुनाका मूर्ति देखिएका छैनन् । केवल कच्छप बाहिनी जमुनाको एउटा मूर्ति देवपाटन बाग्मती नदीका किनारामा रहिरहेको छ । यसमा पनि गान्धार कला हुनाले बडो सुन्दर छ ।

चौंथो शताब्दी उत्तर भारतका गुप्तराजाहरूले भागवत सम्प्रदाय लिएर विष्णु पुजाको प्रचार गरे, यसको प्रभाव तुरुन्तै यहाँ आएर विष्णु मूर्ति बन्न थाले । गुप्त राजाका आज्ञापत्रहरूमा गरुडका चित्र रहन्थे । यस कारणले यहाँ पनि गरूडका अनेक मूर्ति बन्दैरहे । गुप्त शैलीको पहिलो विष्णु मूर्ति चौथो शताब्दीका मध्य भागमा बनेर चाँगुमा स्थापना भएको अनुमान हुन्छ । यस समयदेखि सातौं शताब्दीतक बनेका विष्णु मूर्तिहरू खण्डहरहरूमा ज्यादा देखिन्छन् । पूजिएर रहेका बहुत कम छन् । शिवपुरीका फेदीमा रहेको जलशयन नारायण बुढानीलकण्ठको मूर्ति छैठौं शता–ब्दीको अनुमान हुन्छ । यस समयका गुप्त मूर्तिकारहरूले भाव गम्भीरता उपर विशेष जोड दिएको हुनाले उत्तर भारतका मैदानमा पाइएका गुप्तकालीन मूर्तिहरूमा गान्धार कलामा रहेजतिको सजी–वता र सौन्दर्य पाइदैन । परन्तु यहाँका मूर्तिकारहरूले बडो कुशलतासंग गान्धार कलासमेत मिलाएर मूर्ति कँदेका हुनाले तीनै गुण रहेका देखिन्छन् । यिनमा पाँच मूर्तिको चर्चा यहाँ गर्न आवश्यक छ ।

पहिलो चण्डोलमा रहेको बराह नारायणको मूर्ति छ । मध्य भारतका उदयगिरी नामक पहाडको गुफामा रहेको चन्द्रगुप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बिक्रमादित्यले स्थापना गरेको बराहमूर्ति पनि ठीक यस्तै छ। यस मूर्तिमा जो ओज झल्कन्छ त्यो आश्चर्यजनक छ। दोश्रो, पाँचौ शताब्दीका मध्यका राजा मानदेवका विजय स्तम्भको आधार भएको चाँगु नारायणका मन्दिर अगाडिको कछुवाको मूर्ति र तेश्रो, त्यहीं रहेको ठूलो गरुडको मूर्ति छ। चौथो र पाँचौ बामन नारायणक दुई मूर्ति छन्।

छैठौं शताब्दीमा भारतमा धार्मिक क्रान्ति भएर अनेक तान्त्रिक सम्प्रदाय निस्के। देव, देवी बोधिसत्व, अवलोकितेश्वर भैरव र ताराहरूको वृद्धि हुँदा र यिनका आकार प्रकारमा जटिलता बढ्दा मूर्ति कलामा पनि परिवर्तन भएर नयाँ युगको प्रारम्भ भयो। यसलाई मध्ययुग भन्न सकिन्छ। मध्यकालीन मूर्तिहरू पनि ज्यादाजसो खण्डहरूकै रूपमा रहेका छन् तापनि प्रचूर मात्रामा नेपाल र भारतमा पाइन्छन।

मल्लकालीन संस्कृति

—प्रो० ढुण्डिराज भण्डार

शंकराचार्यको शैवधर्मबाट प्रभावित भएका जनसाधारणलाई आफ्नो धर्मतिर पुनः उन्मुख गराउन बौद्ध सम्प्रदायले तन्त्र, मन्त्र, व्यभिचार आदिको आश्रय ग्रहण गरेर चमत्कारपूर्ण शक्तिद्वारा आफ्नो मान्यता सुरक्षित राख्न खोज्यो। फलतः बौद्ध धर्मको आफ्नो साधना पद्धतिको सरलता र सदाचारको महानताले कर्मकाण्डको जटिलतासित मुकाबिला गर्न सफल भएको थियो। स्वतः साधनाको उल्झन र मन्त्रको जटिलतामा आवद्ध भएर योग, समाधि, तन्त्रमन्त्र, र डांकिनीशाकिनीको सिद्धिमा रमाउन थाल्यो। यद्यपि बुद्धदेवको जीवन कालमा पनि 'गान्धारी विद्या' अथवा 'आवर्तनी विद्या' मन्त्र कल्पद्वारा प्रलित थियो जसलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धदेवले 'मिथ्या जीव' को संज्ञा प्रदान गरेका थिए। यस विद्या-लाई बुद्धदेवले 'मिथ्या जीव' भने तापनि उनका केही शिष्यहरू यस विद्याप्रति केही आकर्षण अवश्य नै शेष थियो, जो उनको निर्वाणपछि क्रमशः प्रकट हुन थाल्यो। यस प्रकार महायानको सरल साधन कालचक्रको आधारले मन्त्रयानमा परिवर्तित भयो र पछि यस मन्त्रयानको अन्तर्गत वाममार्गले 'भैरवी चक्रको' रूपमा सदाचारको अवहेलना गर्दै मन्त्र र हठयोगका पद्धतिमा मद्य, मास र मैथुनलाई पनि समाविष्ट गरेर आफूलाई मन्त्रयानबाट वज्रयानमा परिवर्तित गऱ्यो। फलतः सिधासाधा जन साधारण वज्रयानीहरूको चमत्कारको प्रभावमा पथभ्रष्ट हुन थाले, सामाजिक जीवनमा व्यभिचारले घर बनाउन थाल्यो। उपयुक्त भूमिकाको आशय यो हो कि चौधौं शताब्दीका उत्तरार्द्धमा सिधासाधा नेपाली जनतामा यी वज्रयानीहरूको चमत्कारको प्रभाव दिन दिनै क्रमशः बढ्दै गइरहेको थियो। साधारण जनता भेंडाबाख्रा जस्तै जता लग्यो उतैतिर ओर्लिन थालेका थिए। पञ्चमकारको साधनाले गर्दा नेपालको सामाजिक जीवन सात्विक बाटोबाट फर्कने भावनाले प्रेरित हुन थालेको थियो। यस्तो स्थितिमा हिन्दू राज्यको मुकुटम-णि नेपालले शंकराचार्य जस्ता कट्टर सनातनी अगुवाको खोजमा सतत प्रयत्नशील हुनु स्वाभाविकै थियो। नेपालको मध्यकालीन इतिहासमा मल्ल राजाहरूको उदय यी रूपमा देखापर्दछ। यी मल्ल राजाहरूको कला उपासना हिन्दू धर्म–भावनामा वेष्ठित देखापर्दछ। मल्ल राजाहरूमा कट्टर सनातनी तथा हिन्दू धर्मका रक्षक राजा जयस्थितिमल्ल ठीक समयमा नै नेपालको मध्यकालीन इतिहासमा देखापर्दछन्। राजा जयस्थिति मल्लले आफ्नो धार्मिक सहिष्णुता-द्वारा ह्रासोन्मुख हिन्दू जन—जीवनको आधार वर्णाश्रम धर्मलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फेरि उठाए। उनले सरल भोलाभाला प्रजालाई सनातन धर्मप्रति फेरि उन्मुख गराउन कानूनी सुधारको अतिरिक्त अनेक देवी—देवताहरूको स्थापना गरी स्थापत्य कलालाई मूर्तवान गरे। राजा जयस्थिति मल्लका परवर्ती मल्ल राजाहरूले पनि स्थापत्य कला, नृत्यकला शिल्पकला आदि ललितकलाद्वारा सनातन धर्मको मान्यतालाई सबल स्थायित्व प्रदान गरे। यस प्रकार नेपालको मध्यकालीन इतिहासमा मल्ल राजाहरू कलाका अनन्य उपासक तथा मर्मज्ञ दृष्टिगोचर हुन्छन्। मल्लकालीन राजाहरूको कलाप्रियताको आधारमा धार्मिक भावना निहित रहेकोले उनीहरूको कला—उपासनामा मणि—काचनको योग देखापर्दछ। भक्तपुरका राजा भूपतीन्द्र मल्लद्वारा निर्मित देवमन्दिर तथा भक्तपुर दरबार आदि वास्तुकलाका उच्चतम कृतिको रूपमा कला मर्मज्ञद्वारा प्रशंसित भएका छन्। वास्तुकलामा मर्मज्ञ पर्सिब्राउनले भक्तपुर दरबारको मूलढोकको कारीगरी देखेर राजा भूपतिन्द्र मल्लका सम्बन्धमा भनेका छन् कि राजा कला मर्मज्ञमात्र थिएनन्, अपितु उनी आफ्नो धर्मका आचार्य पनि थिए। न्यातपोल देवलमा प्रयुक्त सालका काठमा अङ्कित कारिगरी उच्चकोटिको देखापर्दछ। कलाको दृष्टिकोणबाट यो मन्दिर आफ्नो ढंगमा अपूर्व हुनाको साथै अद्वितीय पनि मानिएको छ। ललितपुरका राजा सिद्धिनरसिंह मल्ल पनि कलाका अनन्य उपासक दृष्टिगोचर हुन्छन्। यिनले आफ्नो राज्य कालमा हिन्दू स्थापत्य कलाको आधारमा राधाकृष्णको मन्दिर निर्मित गराएका थिए। पाटनस्थित राधाकृष्णको यो मन्दिर सौन्दर्यमा अद्वितीय हुना साथै वास्तुकला र धार्मिक दृष्टिकोणबाट पाटनका लागि मात्र होइन अपितु सम्पूर्ण नेपालका लागि आज पनि गौरवको प्रतीक देखापर्दछ। यस मन्दिरका भित्री चित्रहरू हिन्दू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाजको प्राचीन गौरव गाथा प्रस्तुत गर्दछन्। गयाको बौद्ध मन्दिरको अनुकरणमा निर्मित भएको पाटनको महाबौद्ध मन्दिरको वास्तुकला वेसरशैली या चालुक्य शैलीको स्मरण गराउँदछ। मल्लकालमा जीर्णोद्धार गरिएका तथा निर्मित भएका बौद्ध मन्दिरहरू मल्ल राजाहरूको धार्मिक सहिष्णुताको गुणगान गर्दै वास्तुकलाको आदर्श प्रतिष्ठित गर्दछन्। हुनत प्रकृतिको काखमा हुर्केको बढेको नेपाली जीवनको कला प्रियता महासामन्त अंशुवर्माको निवासगृह कैलाशकूट भवनले प्रकट गरेको छ। तर लिच्छवीकालीन वास्तुकलामा वैभव र समृद्धिको जति विज्ञापन छ त्यति मल्लकालीन वास्तुकलाको दाँजोमा हिन्दू वास्तुआदर्श बोधगम्य हुन्न। न्यातपोल देवल, पाटनको राधाकृष्ण मन्दिर, हनुमान ढोका, पाटन तथा भक्तपुर दरबारको प्रवेशद्वार आदि वास्तुकलाका सजीव प्रतिमाहरू उपर्युक्त कथनको प्रमाण उपस्थित गर्दछन्। वास्तुकला मर्मज्ञ पर्सि-ब्राउनले प्रकट गरेको मल्लकालीन वास्तुकलासम्बन्धी उद्‌गार अवश्य नै ध्यान दिन योग्य छ। बौद्धधर्मका प्रतीक चैत्य तथा स्तम्भहरूमा पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपबाट हिन्दू धर्मद्वारा स्वीकृत वास्तु-कला आदर्शले प्रभाव पारेको सम्भावना स्पष्टरूपमा देखापर्दछ। बौद्धवास्तु आदर्शमा हिन्दूधर्मका प्रतीक चक्र, सूर्यचन्द्र आदिको प्रयोग उपर्युक्त कथनलाई सत्यको नजीक लिएर जान्छ। मन्दिरह-रूमा अङ्कित भएका भित्ती चित्र, मल्ल राजाहरूका ढोका, झ्याल-हरूको कारिगरी, यस कालमा प्रचलित भएका विभिन्न जात्राहरूमा दर्शाउने लोकनृत्य तथा संगीत आदि मल्लकालीन ललित कलाको उन्नतिको प्रमाण उपस्थित गर्दछन्। यस कालमा निर्मित भएका नाटकहरूको रङ्गमञ्चसम्ममा अभिनीत भएबाट मल्लकालीन नेपा-लले नाट्यकलामा पनि उन्नति गरेको तथ्य प्रकट हुन्छ। पाटनका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा योगेन्द्र मल्लले आफ्ना मुद्रा तथा ताम्र पत्रहरूमा आफूलाई 'संगीतार्वर्णपारग' विशेषण प्रयोग गरेकोले यस कालमा संगीतकलाको उपासना पनि स्पष्ट रूपमा बोधगम्य हुन्छ। एक वाक्यमा भन्ने हो भने हिन्दूधर्म तथा पैगोडाको आधारमा निर्मित भएको मल्लकालीन वास्तुकला चरम उन्नत अवस्थामा प्राप्त भएको र साथै भित्तामा चित्रित चित्रकला काठ तथा पत्थरमा अंकित शिल्पकला, जात्राहरूमा प्रचलित नृत्य तथा संगीत आदि ललित कलाहरू पनि मल्लकालमा अत्यन्त समृद्ध अवस्थामा प्राप्त भएका थिए।

मल्ल सभ्यताको स्रोत

—हरिराम जोशी एम० ए०

लिच्छवीहरूको अभिलेखबाट यो सिद्ध हुन्छ कि यिनीहरू भारतको पुष्पपुर याने पाटलीपुत्रबाट आएका हुन्। तिनीहरूको शासन समय नेपाल सभ्यताको हरेक दृष्टिबाट उन्नत भएको थाहा हुन्छ। तिनीहरूको समयमा बनेको कैलाशकूट भवनको भव्यतामा चिनीयाँहरू ज्यादै मन्त्रमुग्ध भएका छन्। साथै नेपालका लिच्छवीहरूसंग वैवाहिक सम्बन्ध जोडेर भारतका गुप्त राजाहरूले आफूलाई 'लिच्छवय:' भनी गौरवान्वित सम्झेबाट पनि लिच्छवीकाल नेपालको स्वर्णकाल रहेछ भनी थाहा हुन्छ। यही नै सभ्यताको पूर्णता हामी मल्लकालमा भएको पाउँदछौं। किनभने मल्ल सभ्यताको बीज लिच्छवी सभ्यतामा थियो। उत्तर मल्लकाल भारतीय मल्लहरूबाट थालनी भएबाट यहाँको उन्नत संस्कृतिमा भारतको छाप पनि हामी भेट्टाउँछौं। उदाहरणको लागि पाटनको प्रसिद्ध कृष्णमन्दिर, महाबौद्धमन्दिर र कार्तिकनाच लिन सकिन्छ। तिनीहरूमा भारतीय र नेपालीपनको राम्रो सन्तुलन छ। यसरी यो ज्ञात हुन्छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कि नेपाल संस्कृतिको विदेशी संस्कृतिसंगको सम्मिश्रणले पनि मल्लकालमा नेपालको साँस्कृतिक पुनरुत्थानमा ज्यादै सघाउ पुऱ्याएका छन्। विदेशी संस्कृतिको प्रतिस्पर्द्धामा पनि नेपालको आफ्नै कला, जुनमा नक्कलको अभाव छ, ले सगरमाथाको उच्चता नै टप्काउन खोजेको ज्ञात हुन्छ। सन् १७७६ ई० मा निर्माण गरिएको भक्तपुर दरवारलाई देख्ने संसारका कुन चाहि मात्र विद्वान् मन्त्र-मुग्ध भएका छैनन। मेजर जे. एच. इलियट लेख्तछन् "५५ झयाल भएको भक्तपुरको दरवार सबैभन्दा सुन्दर नेपाली कालिगडीको नमूना" छ। सोही दरवारको सुनढोका सर्वोत्कृष्ट मानिनुको साथै मनुष्यको हस्तकलाकै नमूनाको रूपमा ठीकै बयान गरिएको छ, जसद्वारा यसले प्राचीन नेवारहरूको बौद्धिक, कलात्मक र धार्मिक सभ्यताको नाप गर्ने एक मापदण्डको सृजना गर्दछ।" अर्को त मल्लकालको उन्नत सभ्यता भारतका नालन्दा र विक्रमशिला विश्व-विद्यालयका स्नातकहरूको १३ वीं र १४ वीं शताब्दी ई० मा नेपालमा भएको आगमनबाट सम्भव भएको छ। मुसलमानहरूको आक्रमणद्वारा ती विश्वविद्यालयहरू ध्वंश र त्यहाँका विद्वान्हरूको सामूहिक हत्यापछि बाँकी बचेका विद्वान्हरू नेपाल लागेका छन्, साथै कैयौं विद्वान्हरू दक्षिण भारततिर लागेका छन्। फलतः उत्तर भारतमा साँस्कृतिक गतिविधि शिथिल भएको समय नेपाल र दक्षिण भारतमा साँस्कृतिक पुनर्जागरण देखिन लागेको छ। जस्तो उस्मानी तुर्कहरूले सन् १४५३ ई० मा कन्स्तान्तिनोपल सहर लिए-पछि वास्तविक रूपमा यूरोपमा साँस्कृतिक तथा धार्मिक पुनरुत्थान सम्भव भएको थियो। पं.जवाहरलाल नेहरू लेख्तछन्: "कुस्तुन्तुनियाको पतनको तिथि इतिहासमा एक महत्वपूर्ण तिथि छ। यसलाई एक युगको अन्त र अर्कोको प्रारम्भ भएको मानिएको छ। मध्ययुग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खतम हुन्छ । अन्धकार युगको हजार वर्ष समाप्त भै यूरोपमा द्रुत चाल चलन लागिरहेका छन, र ताजा जीवन र शक्ति दृष्टिमा आएको छ । यसलाई साँस्कृतिक पुनरुत्थानको शुरूआत मानिएको छ- विद्या र कलाको पुनर्जन्म ।" दक्षिण भारतको प्रख्यात विजय-नगरको हिन्दू-राज्य १४ वीं शताब्दीमा जब कि उत्तर भारतमा मुसलमानहरूको चकचकी बढ्दै आइरहेको थियो त्यसको प्रतिशोधमा खडा भएका थिए, र फेरि ठीक त्यसै ताका नेपालमा पनि नालन्दा र विक्रमशिलाका विद्वान्हरूको आगमनको कारण मल्ल सभ्यता अर्थात् हिन्दू साँस्कृतिको पुनरुत्थान भएको थियो । साँचै भन्ने हो भने नालन्दा र विक्रमशिलाको विध्वंश नै मल्ल सभ्यताको एक ठूलो कारण थियो जस्तो दोस्रो महायुद्धमा जर्मनको हार हुनु नै आजको विश्वमा सोभियत संघको वैज्ञानिक उन्नति थियो । मुसलमानहरूको आक्रमणको कारण "पूर्व मल्लकाल" समाप्त भएको थियो । धन धान्यले पूर्ण भएको देशमा सबैको आँखा गाडिनु स्वाभाविक छ । खश राजा जयतारी मल्लले सम्वत् ४०६ याने १२८६ ई० मा नेपाल माथि आक्रमण गरेको थिए । फेरि, गोपाल वंशावलीअनुसार सम्वत् ४७० याने १३५० ई०मा बंगालका नवाव समसुद्दीन नेपाल आई श्री पशुपतिनाथलाई तीन खण्ड पारेर समस्त नेपाल तीनै शहर भश्मिभूत गराई यहाँका मानिसहरूमा ज्यादै हाहाकार मचाएको थियो । यस समसुद्दीनको आक्रमणको उल्लेख सं. ४७० याने १३५० ई. का स्वयम्भू र पाटन पिंबहालको अभिलेखले पनि गरेको छ-ई० सं...। स्वयभूमा रहेको अभिलेखको उल्लेख यसरी छ:—(७) "गुरुवासरे सूत्राण समत्दीनो वंगाल बहुलैर्बलैः । सहागत्य च नेपालो भग्नो दग्ध श्च ।" पाटनको अभिलेख यसरी गएको छः "यवनश्च तान शामसदीनो यवनाधिराजः नेपाल सर्वनगरं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भश्मी करोति ” यिनै मुसलमानहरूको आक्रमणको फलतः नेपालमा पूर्व मल्लकाल समाप्त भै जयस्थिति मल्लदेखि थालनी भै उत्तर मल्लकालको प्रारम्भ हुन्छ । मल्लकालमा जयस्थिति मल्लको उदय नै मल्ल सभ्यतामा एक ठूलो देन रहेको छ । तिनले १४ वीं शताब्दीमै कर्मअनुसार जातको परिपाटी चलाएको र ती जातका मानिसहरूको काम पनि निर्धारित गरेको हुँदा नेपालमा श्रम-विभाजन (Division of labour) राम्रो हुन गई यहाँको मल्ल सभ्यतामा तिनको ज्यादै ठूलो मद्दत पुऱ्याएका छन् । संसारको कुनै पनि देशको उन्नति उन्नत श्रम विभाजनबिना सम्भव भएको छैन । इङ्गलैण्ड जस्तो सभ्य मुलुकमा पनि छोटा पीटको समय अर्थशास्त्री एडम स्मीथको सिद्धान्तअनुसार उन्नत श्रम-विभाजन १७ वीं शताब्दीमा मात्र चलेको छ र हाम्रो यहाँ वैदिक व्यवस्था अनुसार नेपालमा सोभन्दा शदियौं वर्षअघिदेखि नै श्रम-विभाजनको परिपाटी चल्नु नेपालको कम गौरव होइन । यसरी यो सिद्ध हुन्छ कि मुसलमानहरूको आक्रमण र त्यसको प्रतिक्रियास्वरूप जयस्थिति मल्लको अभ्युदय नै मल्ल सभ्यताको वास्तविक उन्नति बोध हुन्छ । फेरि, अर्को मल्ल सभ्यताको ठूलो कारण भारत र सिमरौनगढमा मुसलमानहरूको आक्रमण, विजय र तिनीहरूको हिन्दू र बुद्धधर्ममाथिको कुठाराघात थियो । त्यताको अत्याचारले यताकोलाई उनीहरूको प्रतिशोधमा चल्ने प्रेरणा दियो । फलतः यहाँ मल्लकालमा साहित्यिक, धार्मिक कला र संगीतको अभ्युत्थान भयो एकातिर शोषे अर्कोतिर उठ्नु स्वाभाविक छ । मल्लकालीन सभ्यता र संस्कृति मुसलमानहरूको आक्रमण र ध्वंशको प्रतिक्रिया थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पश्चिमका मल्लराजाहरूको देन

—ले० प्रेम रमण उप्रेति (त्रि० भु० वि०

जुम्लाको मल्ल क्षत्रिय राजाहरूको ३०० वर्षसम्म पश्चिम नेपाल र पश्चिमी तिब्बतमाथि आधिपत्य थियो। विद्वान टुचीले आफ्नो पुस्तक 'नेपाल'मा लेखेका छन्:– "मल्ल राजाहरूको राज्य पश्चिम नेपाल र पश्चिम तिब्बतसम्म फैलिएको थियो। पश्चिमी तिब्बतका राजाहरू, जसको बारेमा हामी तिब्बती इतिहासमा पाउँछौं तिनीहरू मल्ल थिए। तिनीहरूले आफ्नो राज्य उत्तर हिमालसम्म फैलाएका थिए। तिनीहरूले आफ्नो राज्य तिब्बतीहरूलाई मिल्ने गराउन बुद्धधर्मलाई पनि मान्यता दिएका थिए। हिन्दू तीर्थस्थल कैलाश र मानसरोवर जाने बाटो यिनीहरूकै अधिनमा थियो। भारत तिब्बतको र नेपालको व्यापार र तिब्बतको ठूलो नूनको खानी Tok-Jalung माथि यिनीहरूको आधिपत्य थियो। जुम्लाका राजाहरू केरसीं, पृथ्वीमल्ल, पुण्यमल्ल, आदिले आर्य संस्कृतिको रक्षा गरे। विद्वानहरूको भनाइअनुसार जुम्लाको संस्कृति र भाषा नेपालको वर्तमान संस्कृतिको मूल हो। त्यहाँ पनि वैदिक र बौद्धधर्म दुवैको आपसमा सद्भावना थियो। जुम्लाको राज्य भारतको दक्षिण—पश्चिमसम्म फैलिएको थियो। सेन्जाका राजा पुण्यमल्लको १४ वीं शताब्दीको अभिलेखबाट पनि यो कुराको पुष्टि हुन्छ:— "कर दिने गरेको कोंकण, कर्णाट, लाट भुरल केरल डहाल (बुदेलखण्डादि) अङ्ग बङ्ग कलिङ्ग मिथिला —विदेह— तीरभुक्त मालव नेपाल गुर्जर जालन्धर आन्ध्र इत्यादि देशका प्रमुख राजाहरूले सेवा गरिएका..." यो पुण्यमल्लको अभिलेखको भारतको इतिहासबाट प्रमाणित हुन्दैन। (हेर्नुहोस्-हिमवत संस्कृति १ र २ भाग)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौधौं शताब्दीमा सेञ्जाका राजा पृथ्वीमल्लको समयमा मुसलमानहरूका अत्याचार तथा उत्पीडनले घवडाएका गुजरात, राजस्थान र कन्नौजको आसपासको बहुसंख्यक ब्राम्हण आदि कुमाउँ-गढवालको बाटोबाट दुल्लू, सेन्जा आदि प्रदेशहरूमा आएर बसे। ती स्थानहरूमा खश भाषाको प्रधानता थियो। ती स्थानहरूमा यी नव आगन्तुकहरूका भाषाको विशेष प्रभाव पऱ्यो। यो नव आगन्तुकहरूको जो गुजराती, राजस्थानी, अवधी तथा व्रज आदि भाषा बोल्दथे र जसमा त्यही ठाउँको खश भाषाको योग भएर वर्तमान नेपाली भाषाको निर्माण भयो, किनभने नेपालीको यी भाषाहरूसंग स्पष्ट समता देखापर्छ। कुमाउँनी र डोटी भाषामा दुलाली प्रभाव थियो नै। नेपाली भाषाको निर्माणमा डोटी भाषाको पनि योगदान छ। यसरी बनेको नेपाली भाषा पूर्वतिर बढ्यो। काठमाडौं उपत्यकामा गोरखाहरू आउनुभन्दा पहिले नै नेपाली भाषाको साहित्य बनिसकेको थियो जसको नमूना जहाँ तहीँ पाइन्छ। लक्ष्मीनरसिंह प्रतापमल्लको शिलालेखबाट थाहा हुन्छ। पहाड भएर पूर्वतिर बढ्दा त्यस समयमा यस भाषामा केही तिब्बती शब्दहरूको पनि मिश्रण भयो। नेपालका निबासीहरूका भाषाहरू धेरै श्रेणीका छन्। नेपाली भाषा जुन नेपालको राष्ट्रभाषा हो आर्य भाषाहरूमध्ये एक हो, यद्यपि यसमा नेपालको पहिलेका बासिन्दाहरूका भाषाहरूको प्रशस्त प्रभाव परेको छ। नेवारी भाषा तिब्बती भाषाबाट पनि प्रभावित छ। यसमा संस्कृतको प्रभाव छ। लिम्बू किराती आदि अविकसित भाषा विज्ञानको दृष्टिबाट वर्गीकरण गर्नु कठिन छ। गुरु गोरखानाथको गुफाले गर्दा गुरखा नामक स्थानमा राज्य गरेका गोरखालीहरू राजस्थानबाट नैनीतालको पहाडी प्रदेश हुँदै काठमाडौंसम्म आए। उनको भाषामा यी स्थानहरूका भाषाहरूको प्रभाव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पऱ्यो । फलस्वरूप नेपाली भाषामा अरू शब्दहरू पनि देखापरेका छन् जुन राजस्थानी तथा गुजरातमा छैनन् र जुन नेपाली भाषाको अरू कुनै आधुनिक भाषाको समान सतत विकासशील हुनाले अरू भाषाहरूबाट गृहीत भएर आत्मसात् गरिएको छ ।

मल्लकालीन संस्कृति-हिन्दूधर्मको पुनरुत्थान

प्रा० विष्णुबहादुर श्रेष्ठ, एम० ए०

हिमालको काखमा मुस्कुराइरहेको नेपालमा मल्ल राजाहरूले शासन गरेको समयलाई साँस्कृतिक दृष्टिकोणबाट अवलोकन गर्ने हो भने उक्त समयलाई स्वर्णिम समय भने अत्युक्ति नठहर्ला। मल्ल राजाहरू हिन्दू-धर्मका उपासक भएकोले नेपालमा हिन्दू संस्कृतिले जग बसाल्यो । जब भारतमा मुसलमानी राज्यको उदय भयो भारतबाट हिन्दू संस्कृति लोप प्रायः भयो । तेन्हौं शताब्दीमा नालन्दा, बिक्रमशीला जस्ता महान् शिक्षाकेन्द्र ध्वंस भयो । कैयौं मन्दिरहरू तोडिए, धनमाल लुटिए । अझ नेपालमा पनि सुलतान समशुद्दिनले ईस्वी सन् १३५० मा आक्रमण गर्न बाँकी राखेनन् । उनले पशुपतिनाथलाई समेत टुक्रा-टुक्रा पारी प्रशस्त धनमाल लुटेर लगे । तर पनि जसरी भारतमा इस्लाम धर्मको प्राधान्य बढेर गयो त्यसरी नेपालमा जयस्थितिमल्ल जस्ता बीर, साहसी र बुद्धिमान राजाको अगाडि इस्लाम धर्मले जग बसाल्न सकेन । वास्तवमा उक्त संकटमय अवस्थामा हिन्दू संस्कृतिको रक्षा नेपालका मल्ल राजाहरूबाट नै भयो । त्यसैले मल्ल काललाई हिन्दू-धर्मको पुनरुत्थानको काल मानिएको छ । ठीक यसै समयमा दक्षिण भारतमा विजयनगरमा हिन्दू-राज्यको उदय भयो । यदि हामीहरूले उक्त समयको धर्मपट्टि दृष्टिकोण दियौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने त्यस वेला नेपालमा धार्मिक सहिष्णुताको भावना थियो, यद्यपि सबैजसो मल्ल राजाहरू हिन्दू-धर्ममा नै आस्था राख्दथे। भारतमा मुसलमानहरूद्वारा लखेटिएका हिन्दू-धर्मका अनुयायी विद्वानहरू नेपालमा नै थुप्रिन आएकाले पनि मल्ल राजाहरू हिन्दू-धर्मलाई स्थायित्व दिन सफल भएका हुन् र सफल हुनु प्रशस्तै सहयोग र प्रेरणा पाएका हुन भन्न सकिन्छ। भारतमा मुसलमानहरूले मन्दिर भत्काएर मस्जिद खडा गरे र ताजमहल जस्ता सुन्दर भवन निर्माण गरे। ठीक यसको प्रतिक्रिया नेपालमा पनि पऱ्यो। यहाँ मल्ल राजाहरूले सुन्दर देवालय बनाउनु आफ्नो कर्तव्य ठाने र ताजमहलको मुकावलामा भादगाउँको सुन्दर दरवारको निर्माण गरे जुन एशिया भरमा अद्वितीय छ।

हाम्रो संस्कृति र संस्कृत साहित्यको संरक्षण तथा प्रसारणमा नेवार राजाहरूले ठूलो योगदान दिएका छन्। तिनताक छिमेकी भारतमा मुसलमानहरूको बढ्दो प्रभावले गर्दा संस्कृत साहित्य र हिन्दू संस्कृतिको ह्रास हुन थालेको थियो। साहित्य-प्रेमी नेवार राजाहरूले दृढतापूर्वक त्यसको संरक्षण गरे। हाम्रो वीरपुस्तकालय-मा संस्कृत, नेवारी र अन्य लिपिहरूमा लेखिएका अनेकौं अमूल्य ग्रन्थहरू सुरक्षित छन् जुन ग्रन्थहरू तत्कालीन सामाजिक, धार्मिक राजनैतिक तथा आर्थिक अवस्थाहरूको ज्ञान हासिल गर्न र त्यस समयमा प्रचलित लिपिहरू तथा भाषाहरू (नेपाली, नेवारी, संस्कृत, हिन्दी, मैथिली इत्यादि) को राम्रो ज्ञान हासिल गर्न ज्यादै उपयोगी छन्। नेपालको इतिहासको निर्माणमा यी ग्रन्थहरूको साह्रै नै ठूलो र महत्वपूर्ण स्थान छ।—अन्धकासुर नाटक-ले० जयरणजित मल्ल, अभिनवप्रबोधचन्द्रोदय नाटक—राज जगतजय मल्ल, इन्द्रविजय नाटक—राजा रणजित मल्ल, उषाहरण नाटक—जय रणजित मल्ल-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देव, उषाहरण नाटक—जय भूपतीन्द्र मल्ल, उषाहरण नाटक जय जगत्प्रकाश मल्ल, कालीयमथनोपाख्यान नाटक—सुमति जय जितामित्र मल्लदेव, कुञ्जविहार नाटक—जय ज्योतिर्मल्लदेव, कृष्ण-कैलासयात्रोपाख्यान नाटक—जय रणजित मल्लदेव, कृष्णचरित्र नाटक—जय रणजित मल्लदेव, कृष्णचरित्रोपाख्यानम्—जय रणजित मल्लदेव, कंसवध (कृष्ण चरित्र) नाटक—जय भूपतीन्द्र मल्ल, खट्वासुरबधोपाख्यानम्—जय रणजित मल्लदेव, गोपीचन्द्रोपाख्यान नाटक—जय भूपतीन्द्र मल्लदेव, गोरक्षविजय नाटक—बिद्यापति, गोरक्षपाख्यानम्—जय रणजित मल्लदेव, गौरी विवाह नाटक—जय भूपतीन्द्र मल्लदेव, यी सबै नाटक संस्कृत भाषामा र नेवारी लिपिमा छन् ।

१३ रौं शताब्दीको नेपालको वर्णन

—श्री तारानाथ मिश्र एम० ए०

काठमाण्डूको स्वयंभू चैत्यमा भिक्षु धर्मस्वामीले तन्त्रमन्त्र आदि विषयको अध्ययन गरे। रत्नरक्षित स्वयम्भू चैत्यनिर बस्दथे र त्यस बखत वहाँकहाँ कल्याणमित्र लगायत ६ जना तिब्बती विद्यार्थीहरू अध्ययन गरिरहेका थिए। अध्यापनको दक्षिणास्वरूप प्रत्येक विद्यार्थीसंग एक एक प्रति घण्टा लिने प्रचलन थियो। दुवै शिक्षकमध्ये रत्नरक्षित ज्यादै ख्यातिप्राप्त थिए, र उनले आफ्ना शिष्यहरूबाट तीनसय गुरु घण्टा दक्षिणास्वरूप पाएका थिए। उनी तान्त्रिक थिए र स्वयम्भू चैत्यनिरको बिहारमा अनेकौं मूर्तिहरू तयार गरी प्रतिष्ठापन समारोहको निम्ति स्थल तयार पारिरहेका थिए। धर्मस्वामीले काठमाडौंको धर्मधातु विहार र बुखम बिहारहरूको पनि उल्लेख गरेका छन् उनको विवरणअनुसार धर्मधातु विहार भारतमा अति विख्यात थियो। तर तिब्बतमा स्वयम्भू चैत्यको ख्याति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बढ्ता थियो । धर्मधातु बिहारलाई तिब्बतीमा थाम भनिएको छ । 'प्रथम' अथवा 'उच्च' बिहार पनि भन्ने चलन थियो । त्यहाँ एउटा स्तूप थियो जसको अगाडि शाक्यमुनि बुद्धको अभय र वरद मुद्रा भएको एउटा सुनकोमूर्ति थियो । त्यस बिहारमा मुख्य देवपाललाई बस्नहुने मिश्रित बस्तुको एउटा आसन थियो । जसको निर्माण आठ तोला सुन, मोतीहरू र अर्को चार धातुद्वारा गरिएको थियो । त्यस बिहारका निर्माताले गुरु रवीन्द्रलाई त्यस आसनमाथि बसाली उनको अत्यन्त सम्मान गरे । वहाँपछि रवीन्द्रदेव त्यहीं बस्न थाले । अर्को बुखम बिहारमा श्रीखण्डको एउटा पाँचवर्षे बालक-रूपको एउटा अति राम्रो मूर्ति थियो । शरद् ऋतुमा त्यस मूर्तिलाई बाहिर राखेर ठूलो प्रदर्शन र पूजा गर्ने चलन थियो । पञ्चामृत र जलद्वारा मूर्तिलाई स्नान गराउने विधिको पनि उल्लेख गरिएको छ । यस किसिमसंग आधा महीनासम्म पूजा हुन्थ्यो । अर्को महीनाको एकसातापछि ठूलो समारोहको बीच युवक हाँडु नाउँ भएका तान्त्रिकहरू आफ्ना हातमा झण्डा, र नाना किसिमका वाद्य-वादन लिइ देवतालाई मन्दिर भित्र फर्कने आव्हान गर्दथे । आठौं दिनमा मूर्तिलाई रातो रङ्गले रङ्गाएर राख्ने प्रचलन थियो ।

धर्मस्वामीले सिमरौनगढ कर्णाटक वंशीय नान्यदेव र उनका उत्तराधिकारीहरूको राजधानी, (ई० सन् १०९७–१३२६) को पनि निकै वर्णन गरेका छन् । काठमाडौंबाट सिमरौनगढसम्म जान ऋषीशीर्ष पर्वत लगायत तीन ओटा पहाडहरू पार गरी तीन महीनामा पुग्न सकिन्थ्यो । त्यस भूभागलाई भिक्षुले तिरहुत भनेका थिए । यो शहर सातओटा पर्खालले घेरिएको थियो । राजाको महल शहर बाहिर थियो । महलको सामुन्ने एघार विशाल तोरणद्वारहरू थिए र दुवैतिर रूखको कतार भएको, पानीले भरिएको एक्काइस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ओटा खम्बाहरू महलका चारैतिर थिए। ती तोरणद्वारहरूको सामुन्ने पुलहरू पनि थिए' र प्रत्येक पुलनिर दस धनुर्धारी सैनिकहरू पहरा दिइरहेका थिए। तुर्कहरूको हमला हुने सम्भावना देखिएकोले यस्तो कडा सुरक्षाको व्यवस्था गरिएको थियो। धर्मस्वामी भन्दछन्, एक वर्ष अगाडि नै सिमरौंगढमाथि तुर्कहरूको हमला भएको थियो। तर रामसिंहले बहादुरीसाथ उनलाई हराएर धपाइदिए। डा० अल्तेकरको विचारमा यो हमला १२३३ ई. मा अवध र बंगालका सुल्तानहरूले संयुक्तरूपमा गरेका थिए। तिब्बतीयात्रीले सिमरौनगढका राजा र उनका केही व्यक्तिगत गुणहरूको पनि उल्लेख गरेका छन्। त्यहाँका राजा रामसिंह थिए, उनी हिन्दू थिए। उनमा बडो शानसंग बस्ने, विदेशीलाई हेर्नै वित्तिकै चिन्ने, विदेशी र विद्वानहरूको खूब आदर-सत्कार गर्ने, आदि गुण थियो। धर्मस्वामीलाई उनले सुन, कपडा, चामल र थुप्रै औषधीहरू उपहार दिए। यहाँसम्म कि भिक्षुलाई आफ्नो राजगुरु बनाउनको निम्ति उनी तैयार भए तर भिक्षुले अस्वीकार गरे। बौद्ध भिक्षुले सिमरौनगढमा काठमाडौं र तिब्बतका मानिसहरूको पनि आवतजावत थियो भन्ने लेखेका छन्। त्यस सहरमा हिन्दू बाहेक अन्य धर्मावलम्बीहरूको पनि निवास थियो।

धर्मस्वामीको नेपाल विवरणद्वारा १३ रौं ई० सन्को नेपालको अति सुनौलो इतिहास तैयार हुन्छ। उनको विवरणद्वारा नेपालको भौगोलिक ज्ञान, उन्नत आर्थिक अवस्था, समाजमा परोपकार, धार्मिक र कल्याणकारी भावना थियो भन्ने थाहा हुन्छ। विदेशी र विद्वानहरूको खूब आदर सत्कार हुन्थ्यो। सत्तलको व्यवस्था अति राम्रो थियो र हरेक सत्तलको निम्ति पाले अथवा संरक्षकहरू हुन्थे। व्यापारीवर्ग खूब धनी थिए, तिनीहरूसंग सुन र बहुमूल्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पत्थरहरू प्रशस्त मात्रामा थिए। तुर्क र मुगलहरूको आक्रमण तथा भयानक उत्पातको कारणले भारतका जालन्धर विक्रमशीला विद्यालयहरूको पतन र लोप हुँदै गएको थियो। त्यसको सट्टा नेपाल (काठमाडौं) विद्याध्ययनको अति राम्रो केन्द्रको रूपमा प्रख्यात भइसकेको थियो। पुस्तक लेख्ने, मन्दिर र काष्ठ, धातुमूर्ति बनाउने कलाको खूब प्रसार थियो। यहाँका पुस्तक र मूर्तिहरू तिब्बत लगिन्थे। (तिब्बत फर्कने वेलामा काठमाडौंका व्यापारीहरूले धर्मस्वामीलाई सुन र किमती पत्थरहरू उपहार दिए, जसको उपयोग उनले यहाँका पुस्तक र मूर्तिहरू खरीद गर्नमा गरेका थिए। ती वस्तुहरू भिक्षुले तिब्बत लगे। भिक्षुले काठमाडौंबाट दक्षिणका प्रदेशहरूमा जानका लागि जुन तीन ओटा पहाडहरूको उल्लेख गरेका छन् तिनको वर्तमानकालको नाउँहरू–कालापहाड (धर्मस्वामीको 'ऋषिशीर्षपर्वत') महाभारत र चुरे। तीनौटैमध्ये प्रथम दुई ओटा हिमालय पर्वत श्रेणीको क्षेत्रमा पर्दछन्, र तेश्रो (चुरे) सिवालिक पर्वत श्रेणीको क्षेत्र हो।

धर्मस्वामीले उल्लेख गरेका स्वयम्भू चैत्य र विहार, बु-खम बिहार र धर्मधातु बिहार ऐलेसम्म विद्यमान छन्। स्वयम्भूको महत्त्व पनि तिब्बतीहरूका लागि काठमाडौंमा रहेका अन्यान्य स्तूप बिहार र चैत्यभन्दा अझै पनि बढतै छ। अर्को बु-खम बिहार पनि पाटनमा (प्राचीन दरबारभन्दा पूर्वपट्टि) अहिलेसम्म मौजूदै छ, तर यसको नाउँ अलिकता विकृत भएछ। त्यस बिहारका वरिपरिका क्षेत्र अब बिहारकै प्राचीन नाउँबाट प्रसिद्ध छ। यहाँ अबवर्णित श्रीखण्डको अवलोकितेश्वरको मूर्ति छैन। काठको मूर्ति समयको गतिले लगभग ७३७ वर्षमा नष्ट भएको होला। यो एउटा स्वाभाविक कुरो हो। तेश्रो, धर्मधातु बिहार पनि फर्पिङमा विद्य-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान छ । हाल यहाँ एउटा वज्रयोगिनीको मूर्ति छ । यस बिहारको उल्लेख काठमाडौंमा पाइएका दुइ ओटा अन्यान्य हस्तलिखित ग्रन्थहरू हेवज्रप्रकाश र हाङलोचावाको ग्रन्थमा पनि पाइन्छ । यसको अतिरिक्त फर्पिङको धर्मधातु बिहार क्षेत्रमा रहेका मल्ल र शाहकालीन अभिलेखहरूमा पनि पुरानै नाउँको उल्लेख छ । हेवज्र-प्रकाश ग्रन्थको रचनाकार आचार्य श्री राहुल गुप्त हुनुहुन्थ्यो र यसको रचना १८०० बुद्ध सम्वत् (१२५६ ई. सन)मा भएको थियो । बुद्ध सम्वत्को उल्लेख पाइएको अहिलेसम्म काठमाडौंको यो एउटै ग्रन्थ हो र यो ग्रन्थ पुरातत्व बिभागका लिपि विशेषज्ञ श्री हेमराज शाक्यसंग छ । अर्को हस्तलिखित ग्रन्थको रचनाकार 'हाङलोचावा' नाउँका तिब्बती बौद्ध हुन । उनी काठमाडौंमा बज्र भैरवको दीक्षा लिन आएका थिए । यो ग्रन्थ पाटन निवासी एकजनासंग छ ।

आर्य अवलोकितेश्वर–मछेन्द्रनाथ

ले० हेमराज शाक्य

महायानी अष्टबोधिसत्वहरूमध्ये अवलोकितेश्वरको स्थान सर्वोपरि छ । यिनीहरूका नाम यस प्रकार छन्— आर्यावलोकितेश्वर, मञ्जुश्री, वज्रपाणि, समन्तभद्र सर्वनिबरणविष्कम्भि, क्षिति-गर्भ, खगर्भ, एवं मैत्रीय । यी अष्टबोधिसत्वले सत्वहितार्थको लागि एउटा न एउटा विशेष अधिकार धारण गरी आएको देखिन्छ ।

अवलोकितेश्वर कारुणिक प्रतिमूर्ति भए मञ्जुश्रीले प्रज्ञाज्ञान-को प्रतिनिधित्व गर्छ, बज्रपाणिले ऋद्धिपराक्रमको अधिकार धारण गर्छ भने समन्तभद्रले अचिन्त्य पूजासम्भार अभिवृद्धि गर्छ । त्यस्तै खगर्भले समाधिज्ञानको शिक्षा दिन्छ भने सर्वनिवरणविष्कम्भले सबै प्रकारको क्लेश परिशुद्ध गर्न हेतु संसार भ्रमण गर्दछ । एवं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रीतले भविष्यका प्राणिहरू अनेकताबाट संकीर्णभै दुःखले संतप्तभएकालाई मैत्रीयबोधिसत्वले मैत्रीधर्मको बलले समानतामा ल्याइ सम्बोधिज्ञान प्रदान गर्दछ। यी नै महायानीहरूको मुख्यतया विश्वास रहेका छन्। यसरी नै बाह्रमहिनामा बाह्र प्रकारका लोकेश्वर उपस्थित भएको देखिन्छ। यिनीहरू द्वादश लोकेश्वरको नामले प्रसिद्ध छन्। तसर्थ करूणामयको गुठी प्रत्येक संक्रान्तिको दिन विशेष प्रकारले मानिआएको विदित हुन्छ। कारण प्रत्येक महिनाको प्रारम्भदिन अर्थात संक्रान्तिको दिन करूणामयले एउटा, एउटा अभिनवरूप धारणगरी भक्तजन उद्धारणार्थे दर्शनदिने भएकोले संक्रान्तिको दिन करूणामय दर्शन गर्न जाने परम्परा चलेको देखिन्छ। कार्तिक शुक्लाष्टमी अर्थात मुखोऽष्टमीका दिन पशुपतिनाथलाई बुद्धको मुकुट लगाई बौद्धपद्धति अनुसार पूजागरिन्छ। त्यसदिन बौद्ध र हिन्दूहरू पशुपतिनाथ दर्शनगर्न जान्छन्। अझ गुणकारणुव्यूह नामक ग्रन्थमा अवलोकितेश्वरले महादेवलाई भविष्यमा तिमी भष्मेश्वर तथागत हुनेछौ भनी आशीर्वाद दिएको कुरो उल्लेख गरेको छ। यही कथाको परम्परानुसार अद्यापि मत्स्येन्द्रको रथको पछाडि भष्मेश्वर तथागतको अनुरूप भुईमहाद्यो नामक देवमूर्ति राखिन्छ। यही भूईंमहादेवलाई कालान्तरमा मत्स्येन्द्रनाथको प्रतिनिधित्व गराई रथयात्रा गरिनेछ भन्ने जनविश्वास अद्यापि प्रचलित छ। राजा जयप्रकाश, रणजितमल्ल एवं पृथ्वीनारायणशाह आदिले पनि तिनी प्रति श्रद्धान्वित भएर आ-आफ्नो राष्ट्रियमुद्रा मोहर सुकीहरूमा श्रीलोकनाथ—श्रीकरूणामय आदि शुभनाम अङ्कित गरी आएको कुरो राष्ट्रियमुद्रा इतिहासले थाहा भएकाछन्। नेपालमा चली आएको परम्परागत जुन संस्कृति हो त्यसमा बौद्ध शैव भन्ने कुनै भेदभाव छैन। यही बौद्ध-शैव एकसूत्रमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिबद्ध भएको आधार स्वरूपनै श्रीमान् आर्यावलोकितेश्वर (मत्स्येन्द्रनाथ) लाई लिन सकिन्छ। बलको देवता इन्द्रहुन् जसको इन्द्रयात्रा र इन्द्रध्वजाको रूपमा यहाँ मनाइन्छ। वर्षाको रूपमा इन्द्र मत्स्येन्द्रनाथ हुन्। नीलो बादलनै च्यातेको मत्स्येन्द्रनाथको भोटो रूपमा देखाइन्छ।

नेपालमा धातुका मूर्तिहरू

—डा. प्रा. प्रयागराज शर्मा एम. ए. पी. एच. डी.

नेपालले पनि पल्लव, चोल, पाल, उडिसा, तिब्वत आदि राज्यले झैं धातु मूर्तिहरूमा एउटा विशिष्ट शैलीको सिर्जना गरेको थियो। फलस्वरूप नेपालका धातु मूर्तिहरूको आफ्नो एक अलग्गै सम्प्रदाय छ। शुरुदेखि नै यस कलामा नेपालले अरूको दाँजोमा सम्मान प्राप्त गरेको कुरा तिब्बती इतिहासकार तारानाथको लेख-बाट स्पष्ट हुन्छ। सम्भवतः नेपालको विशिष्ट शैली पनि धातुमूर्ति-हरू प्रति विद्वानहरूको तीव्र रुचिको कारण होला। इण्डोलोजीका कतिपय विद्वानहरूले यी मूर्तिहरूको कलात्मक विवेचना गरेका छन्। यसमा कुमार स्वामी, स्टिला क्रेमरीश, खण्डालावाला र डगलेस ब्यारेटको नाम उल्लेखनीय छ। नेपालका धातुमूर्तिहरूमा बौद्ध देवताहरूको बाहुल्य र प्राधान्य छ। भएता पनि हिन्दू देवता-हरूको नितान्त अभाव छैन। तर हिन्दू देवताका मूर्तिहरू धेरै पछिल्ला समयमा करीब ई० पन्ध्रौं सोह्रौं शताब्दीतिर मात्र देखा-पर्दछन्। तिरीहरूको प्रचार अझ ई० सत्रौं अठारौं शताब्दीतिर मात्र भएको छ। यिनमा प्रचलित देवताहरू हुन् -चतुर्भुज विष्णु, लक्ष्मीनारायण (एउटै शरीरमा) उमा- महेश्वर, पार्वती (जस-लाई दाहिने हातमा शिवलिङ्गका साथ दर्शाइएको हुन्छ), गणेश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृष्ण, वैकुण्ठ, भैरव, विश्वरूप, कुवेर र इन्द्र। कुवेर र इन्द्र बौद्ध धर्ममा पनि ग्राह्य भएकोले यिनको वास्तविक रूप हिन्दू नभई बौद्ध जस्तो अनुमान हुन्छ। भैरव र विश्वरूपमाथि तन्त्रको स्पष्ट छाप विद्यमान छ। यिनीहरूका मुद्रा, वस्त्र र आभूषण तन्त्र विधानले प्रेरित हुन्छन्।

सत्रौं शताब्दीका तिब्बती इतिहासकार तारानाथले नेपाली धातुमूर्तिको संदर्भमा नेपाली मूर्तिहरूमा पालशैलीको प्रभाव परेको कुरा बताउँदछन्। उनको भनाइअनुसार वरेन्द्र (उत्तर बङ्गाल) मा पालराजा धर्मपाल (ई० ७००—८१०) र देवपाल (ई० ८१०-८५०) का समयमा धीमन र वित्पल नाम गरेका दुई ठूला कलाकारहरू भए। तिनीहरू नातामा बाबुछोरा थिए। यी दुवैले कला क्षेत्रमा दुई बिभिन्न शैलीको आविष्कार गरे। छोरा वित्पल चाहिं धातुमूर्ति बनाउने कलामा दक्ष थिए र उनका अनुयायीहरूले बनाएका मूर्तिहरू पूर्वीशैली कहलाउन थाले।...........“नेपाली धातुमूर्तिहरूमा पहिले प्रचलित शैली पश्चिमी शैलीसंग मिल्दथ्यो। तर समयका साथ मूर्ति र चित्रकलामा नेपालले पूर्वी शैलीसंग मेल खाने एउटा स्वतन्त्र शैली स्थापना गर्‍यो। हालका मूर्तिविद्हरूको कुनै शैली छैन।”

उत्तर भारतका धातुमूर्तिको विकासमा पालशैलीको एक महत्वपूर्ण स्थान छ। मध्यकालीन युगमा नेपालको भारतसंग निकट सम्पर्क थियो। यो सम्बन्ध बङ्गाल र बिहारसंग अझ निकट थियो। लिच्छवी राजा शिवदेव द्वितीय (ई० ६८०—७२०) र जयदेव द्वितीय (ई० ७२०—७५०) ले भारतीय राजघरानासंग वैवाहिक सम्बन्ध स्थापना गरेका थिए। नेपाली चैत्य र स्तूपमा मगध शैलीको प्रभाव, नेवारी लिपि र प्राचीन बङ्गाली लिपिको एउटै उद्-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गम, नालन्दा विश्वविद्यालयका ख्यातिप्राप्त पण्डित पद्मसम्भवको ई० ६४७ मा र विक्रमशीलाका पण्डित अतिसको ई० १०६८ मा नेपाल भई तिब्बत यात्रा गर्नु, मुसलमानी आक्रमणपछि धेरै बङ्गाल र बिहारका बौद्ध भिक्षुहरू भागी नेपालमा शरण लिनु आदि कुराले यसको पुष्टि गर्दछ। धातुमूर्ति बनाउने कलामा पाल राज्यले प्राप्त गरेको श्रेय नेपाललाई पनि नमिली रहन सकेन। यो कुरा तारानाथको उक्तिबाट स्पष्ट विदित हुन्छ। नेपाली धातुमूर्तिको विकासमा दुइ अवस्था दृष्टिगोचर हुन्छ। यसप्रति विद्वानहरूको ध्यान गएको देखिंदैन। प्रथम अवस्थामा पालशैलीको सर्वथा अनुकरण पाइन्छ जसको फलस्वरूप यी मूर्तिहरूलाई केवल हेरेर नै नेपालको भनी छुट्याउन सकिंदैन। यस्ता किसिमका मूर्तिमा कलकत्ताको इण्डियन म्यूजियममा सुरक्षित कुरुकुल्ला ताराको र फिलेडेल्फिया (अमेरिका) म्यूजियम स्थित खदिरावनी ताराको मूर्तिलाई गणना गर्न सकिन्छ। किनकि यिनमा देखिने विशेषताहरूमध्ये निकट अन्तरमा राखिएका पूर्ण विकसित स्तन, पारदर्शी उत्तरीयको आवरण, अधोवस्त्रमा उठेका मुजा, हातमा लिएको बाङ्गो घुमाउरो फूलको डाँठ, उदर भागको सजीव र सुन्दर प्रदर्शन सरल आभूषण, भङ्गको कमी वा बिलकुलै अभाव, सानो चिउँडो, साधारण आकारमा समानता आदि कुरा नालन्दाका दशौं एघारौं शताब्दीका धातुमूर्तिहरूसंग मिल्दछन्। प्रथम अवस्थाका मूर्तिहरूको संख्या नगण्य छ र यस्ता मूर्तिहरू खोजीको विषय हुनुपर्दछ। दोश्रो अवस्थामा नेपालले पालशैलीको मर्यादाभित्रै आफ्नो धातुमूर्तिमा एक अलग व्यक्तित्व सिर्जना गर्दछ। कलाको स्तर उन्नतै रहन्छ। यस अवस्थादेखि नेपाली धातुमूर्तिहरूले क्षेत्रीय विशेषता देखाउदैछन् र तिनीहरूमा एउटा विचित्र भिन्नता देखिन्छ। नेपालका हाल उपलब्ध हुने ज्यादा जसो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धातुमूर्तिहरू यस समयका हुन् । यसको सबैभन्दा राम्रो उदाहरण बोष्टन म्यूजियम (अमेरिका) स्थित पद्मपाणि बोधिसत्वको मूर्तिलाई प्रस्तुत गर्न सकिन्छ । नेपालको धातुमूर्तिको इतिहास प्रायः विद्वानहरूले यस स्थानबाट शुरू गरेका छन् । तर जस्तो अघि भनियो माथि उध्दृत प्रमाणका आधारमा नेपाली धातुमूर्तिका प्रथम अवस्था पनि भएको आभास हुन्छ ।

पुरातत्व र इतिहास

—प्रा० दुर्गा अर्याल एम० ए०

ऐतिहासिक अध्ययनका एउटा प्रमुख अंग पुरातत्वलाई नै मान्न सकिन्छ । यसले सभ्यताभन्दा पूर्वकालीन मानव जीवनको पनि अध्ययन गराउँछ । माटोभित्र लुकिरहेका अनेकौं वस्तुको माध्यमद्वारा यसले प्राचीन संस्कृति, रीतिरिवाज एवं इतिहासको अध्ययन गराउँछ । इतिहासले पूर्ति गर्न नसकेको कुरालाई पुरातत्वले पूरा गर्दछ भन्नमा अत्युक्ति पर्दैन । मानिसले उपयोग गरेका भौतिक वस्तुहरूको अवशेषहरू जस्तो माटाको भाँडाकुडाका टुक्राहरू, तिनीहरूमा कुँदिएका बुट्टा आदिबाट प्राचीन सभ्यताको प्रतिविम्ब छर्लङ्ग हुन आउँछ । जुन समय इतिहास लेख्ने साधन नै थिएन, मानिसहरू जङ्गली अवस्थामा थिए, जङ्गली जनावरहरूको मासु नै उनीहरूको मुख्य जीविकोपार्जन थियो र ती जनावर मार्ने साधन उनीहरूमा ढुङ्गाको हातहतियार एकमात्र थियो । यस्तो समयको आधुनिक समयमा उत्खनन गरी भेट्टाइएका अवशेषहरूबाट अध्ययन भैरहेछ र आधुनिक पुरातत्व वेत्ताहरूले सो समयलाई 'पाषाण युग' भनी नाम दिएका छन् । पाषाण युगलाई पनि मुख्य २ भागमा बाँडेका छन्ः जस्तो पूर्व पाषाण र नूतन पाषाण युग । तिनीहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरापुर अध्ययन दुई चार शब्दमा गरेर सकिने कुरा होइन ।

यसै गरी मानिसहरू बिस्तार बिस्तार सभ्यताको पथतिर लम्किदै गए र भौतिक वस्तुहरूको आविष्कार गर्दै गए जसको अवशेष आधुनिक समयमा आएर इतिहासलाई पूर्ति गर्ने साधन भैरहेछन्। मोहन्जोदाडो र हडप्पा जस्ता विश्वप्रख्यात सभ्यताको इतिहास पनि पुरातत्वकै आधारमा लेखिएको छ । त्यस्तै मौर्यकाल, शुङ्गकाल आदि समयको धार्मिक, आर्थिक र सामाजिक स्थितिहरू पनि उनीहरूले बनाइछाडेको कलाकौशलका नमूनाहरू जो आजकाल ठाउँ ठाउँमा भेट्टाइएका छन् तिनीहरूले नै दर्शाएका छन्, उत्खननमा भेट्टाइएका माटाका भाँडाका टुक्रामा कुँदिएका अनेक जनावर र विरूवापात आदिको चित्रहरूबाट आधुनिक Geologist Botanist आदि वैज्ञानिकहरूले त्यस ठाउँको हावापानी, वनस्पति एवं भौगोलिक स्थिति आदि पत्ता लगाएका छन् । यसै गरी प्राचीन भग्नावशेषहरूद्वारा तत्कालीन समाजको उन्नति, अवनति र सामाजिक चालचलन थाहा हुन्छ । उत्खननमा भेट्टाएका शवहरूद्वारा र त्यसका साथमा गाडिएका अन्य चीजहरूले पनि त्यस समयको धार्मिक रीतिरिवाज एवं आर्थिक स्तर आदिको ज्ञान गराउँछ। सिक्का पनि पुरातत्वको महत्वपूर्ण क्षेत्र हो जसले तत्कालीन समाजको दर्पण देखाउँछ । सिक्कामा चित्रित देवदेवता आदिबाट धार्मिक स्थितिको ज्ञान हुन्छ । गहनाहरूले पनि तत्कालीन समाज र अन्धविश्वासको ज्ञान गराउँछ । जस्तो, हाम्रो समाजमा आजसम्म पनि बाबुआमाले आफ्नो नानीहरूको घाँटिमा आँखा जस्तै बुट्टा खोपिएका मुगाको माला लगाइदिने गरेका छन् । यो गर्नु नानीहरूलाई बोक्सी आदि खराबीको आँखाबाट बचाउनु हो। यस्तै अन्धविश्वास प्राचीन समयमा पनि प्रचलित थियो भन्ने कुरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्खननमा भेट्टाएइका मुगाका मालाहरूबाट प्रमाणित हुन आउँछ। यसरी पुरातत्वको यस्तो विशेषता भएको आजको युगमा इतिहासले आफ्नो जग दरिलो बनाउँदै आइरहेछ। नेपाल पनि एक ऐतिहासिक महत्वपूर्ण देश हो भन्नमा अत्युक्ति हुँदैन। यहाँ ऐतिहासिक महत्वका धेरै वस्तुहरू प्रस्तुत छन्। दुर्भाग्यवश पुरातत्व वेत्ताहरूको ज्यादै नै कमी भएकोले नेपालले आफ्नो महत्व प्रकाशमा ल्याउन सकेको छैन। भगवान बुद्ध जस्ता महान् पुरुषको जन्मस्थान कपिलवस्तु नेपालको तराई भागमा स्थित छ भन्न हामीलाई गर्व लाग्छ तापनि पुरातत्व विज्ञानमा सारै नै पिछडिएको देश भएकोले नेपालले आफ्नो महत्वलाई विश्वको सामु प्रस्तुत गर्न सकेको छैन। भर्खर भर्खर पुरातत्वको क्षेत्रमा हुन लागेको प्रगतिबाट आशा गर्न सकिन्छ कि निकट भविष्यमा नै नेपालको इतिहासले पनि कांचुली फेर्ने छ।

लुम्बीनी नजीकै पाइएको प्राचीन सभ्यता

— *प्रा० राम निवास पाण्डे एम० ए० त्रि० वि० वि०*

हालै शुरू गरिएको उत्खनन कार्यहरूको पछि नेपालमा एक प्राचीन सभ्यताको रोचक तथा बहुमुल्य प्रमाणहरू फेला परेका छन्। कोलम्बो योजना अन्तर्गत नेपालस्थित भारतीय सहायता नियोगमा आएका प्राचीन भारतीय संस्कृति विषयका प्रोफेसर डा. एस. बी. देवले नेतृत्व गर्नु भएको एक दलले लुम्बिनीका पूर्व त्रिवेणीघाटसम्म करीब ५० माइल जग्गाको अन्वेषण गरेको थियो र केही ठाउँहरूमा उत्खनन भएको थियो। उक्त पूरातात्विक अभियान योजना श्री ५ को सरकारको निमित्त गरिएको थियो। डा० देवलाई श्री ५ को सरकार, पुरातत्व विभागका कर्मचारीहरूले सह-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योग दिएका थिए जसको नेतृत्व श्री जनकलाल शर्माले गर्नु भएको थियो। पुरातत्व सर्भेका तर्फ निजी विशेषज्ञहरू त्रिभुवन विश्वविद्यालयका संस्कृति विभागका एक प्राध्यापक तथा शिक्षार्थीहरूले समेत उक्त योजनामा भाग लिएका थिए।

उक्त उत्खनन दलले फेला पारेका प्रमाणहरूले दुई कालको सभ्यताहरू देखाए। पहिलो सभ्यता ईसा पूर्व छैठौं शताब्दीभन्दा केही अघि शुरू भएको थियो र दोस्रोचाहिं ईस्वी युगको प्रारंभदेखि शुरू भई मध्यकालीन युगको प्रारम्भसम्म रहेको थियो। उक्त दलले पहिलो समयको सभ्यता "ग्रवेयर" नामक माटोको सुडौंलभाण्डा अवशेषहरूको आधारमा पत्ता लगाएको थियो, जुन उत्तर भारतको महाभारत ईलाकामा पाइने प्रसिद्ध "ग्रे वेयर" जस्तै थिए। वंजारोहीमा पाइएका 'ग्रे वेएर' हरूमा रंग नलगाइएका भए तापनि यिनीहरूको ढांचाकांचा हस्तिनापुरको चित्रित 'ग्रे वेयर' जस्तै थियो।

दोस्रो समयको सभ्यताको प्रमाण त्यहाँका वासिन्दाहरूले त्यस वेला प्रयोग गरेका एकदम रातो माटोको भाँडो थियो जुन शायद स्थानीय माटोद्वारा बनाइएको थियो। प्राचीन बज्जारहोका बासिन्दाहरू राम्रा राम्रा पाकेका माटोका भाँडा, ऐगेट, कार्नेलियन, पुष्पराज जस्ता बहुमूल्य चीजका आभूषण र फलाम तथा तामाका मालसामानहरू बनाउन पनि सिपालु जस्ता देखिन्छन्। उनीहरूका घरहरू बाँस अथवा नर्कटको कप्टेरामा माटोले पोतेर बनाइएको थियो र उनीहरूको अगेना छेउ छेउमा माटोले पोतेको समकोणको थियो। पैसियामा भएको उत्खननले एकै साथ चार वटा मन्दिरको बनावटलाई प्रकाशमा ल्याएको छ। मुख्य मन्दिर एउटा निकै अग्लो ढुंगाको चौतारा माथि बनाइएको थियो। मन्दिरको ईटहरूले नै विभिन्न किसिमका कलात्मक नमूनाहरू देखाउँथे। ढुँगामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुँदिएका मूर्तिहरू र एउटा शिव-पार्वती मन्दिरको प्राप्तिले दललाई यिनीहरू शैव मन्दिर हुन् भन्ने निष्कर्षमा ल्यायो। अन्वेषणले लुम्बिनीको पूर्वपट्टि ५० माइल इलाकाको वरिपरि नेपालको तराईमा विभिन्न नयाँ ऐतिहासिक स्थल पनि देखाएको छ। परासी नजीकै देउरावामा ईंटले बनेको ठूलो स्तूपका अवशेषहरू, धकदाहो कटबाह र बाद् गाउँमा मानिस बस्न हुने ठूल्-ठूला माटाका टिलाहरू बाराद् कोरियामा मध्यकालीन शैव मूर्ति कला अवशेषहरू र छिपागढ तथा जटाशंकरमा मध्यकालीन मन्दिरहरू पहिलो पटक पत्ता लाग्यो।

नेपालीमुद्रा र संस्कृति

—श्री सत्यमोहन जोशी
सह-सदस्य ने० रा० प्र० प्रतिष्टान

हुन त नेपालका सबैभन्दा प्राचीन मुद्रामा लुम्बिनी र कपिलवस्तुका खण्डहरमा प्राप्त भएका ताम्र मुद्राहरू हुन्। यी मुद्रामा अङ्कित अभिलेखले नेपालका गण्डकी सभ्यता र संस्कृतिबारे धेरै कुरा बताउन सक्ने हुन्थ्यो, तर यसमा अङ्कित अभिलेख दुवैतिर मेटिएको छ। तैपनि यी मुद्राहरू ईसाभन्दा ३०० वर्ष अगाडिका हुन सक्छन् किनभने खण्डहरभित्र यी मुद्राका साथमा पाइएका माटाका भाँडाकुँडाले यस अनुमानलाई पुष्टि गर्दछ।

लिच्छवि मुद्रा: काठमाडौं उपत्यकाभित्र भने पाँचौ शताब्दीदेखिका लिच्छविकालीन नेपाली मुद्राहरू प्राप्त हुन्छन्। यी मुद्राहरूमा त्यस वेलाका राजाका नाम, राज्यचिन्ह, देवदेवीका नाम र मूर्ति, कलश, त्रिशूल, चन्द्राकार फूलका चित्र, सिंह, गाई, साँढे, बाच्छो, हात्ती आदिका चित्रहरू अङ्कित भएको पाइन्छ। यी मुद्रा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूमा ब्राह्मी लिपि पछि विकसित भई देखापरेका लिच्छवि (गुप्ता) लिपि र भाषा संस्कृत नै हुन्। प्राप्त भएका यी सबै मुद्राहरूका आकार गोलाकार छन्, र यी मुद्राहरू तामाकै छन्। यी मुद्राको ढाँचा र प्रकारमा एउटै साम्फापना झल्कन्छ। यस क्रममा मानाङ्क मुद्रा (मानदेवको, अंशुवर्माको मुद्रा, गुणाङ्क मुद्रा आदि नेपाली मुद्राहरू) विशेष उल्लेखनीय हुन आउँछन्। वृष मुद्रा, पशुपति मुद्राहरूमा अंकित अभिलेखमा भने भाषा संस्कृत नै भए पनि कुटिला लिपि (लिच्छवी लिपिपछिका विकसित रूप) छन्।

मल्लकालीन नेपाली मुद्राहरू भने लिच्छविकालीन मुद्रासंग धेरै कुरामा मेल खाँदैनन्। एक त मल्लकालमा प्रायः सबै मुद्राहरू चाँदीका मात्र प्राप्त छन्। यी मुद्राहरूको आकार गोलै भए पनि यिनीहरूमा भएको ढाँचा र विवरण भिन्न छन्। मल्ल मुद्राहरूमा लिच्छवि मुद्राहरूमा झैं देवदेवीका मूर्ति भेटिंदैनन्, वस्तुहरूको मूर्तिमा पनि केवल सिंहको मूर्तिसम्म भेटिन्छ। विशेषतः मल्ल मुद्राहरूमा तन्त्रमन्त्रका यन्त्रकै बढ्ता प्रभाव परेको देखिन्छ। महेन्द्र मल्ल, लक्ष्मीनरसिंह मल्लका मुद्रालाई छोडी प्रायः मल्ल मुद्रामा राजाको नामको साथमा साल-मिति पनि स्पष्टतया उल्लेख गरिएको पाइन्छ। यी मल्ल मुद्रामा नेवारी लिपि र नेपाल सम्बत देखा पर्दछन्। कुनै कुनै मल्ल मुद्राहरूमा फारसी र अरबी ढाँचाका अक्षरको प्रभाव र अनुकरण पनि पाइन्छ। तर, प्रत्येक मल्ल मुद्रामा नेपालीपनाको छापकै विशेषता पाइन्छ। नेपाली मुद्राको क्रमिक विकासमा लिच्छविहरूले अपनाइआएका स्थूल पूजा विधिलाई परित्याग गरी मल्लहरूले सूक्ष्म पूजा विधिलाई अपनाएको देखिन्छ। किनभने यिनीहरूका मुद्रामा तन्त्रमन्त्रका प्रतीक विभिन्न यन्त्रहरूकै मुख्यतया ज्यादा मात्रामा प्रयोग भएको देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुद्रामा अंकित यन्त्रहरूमा पनि विभिन्न रूप छन्। एक एक यन्त्रले एक एक पृथक देवदेवीलाई संकेत गर्दछ। यी यन्त्रहरूमा गुह्य भावना छिपेका हुन्छन्। त्रिकोण, चतुष्कोण, षट्कोण, अष्टकोण, अष्टदल, नवकोण, भूपुर, अष्टमङ्गल आदिका पृष्ठभूमिमा नै विविध प्रकारका यन्त्रहरू (कालीयन्त्र, तारायन्त्र, षोडषीयन्त्र आदि) देखा पर्दछन्। यी तान्त्रिक यन्त्रका सबभन्दा बढी प्रकारहरू ललितपुरका योगनरेन्द्र मल्लका पालामा विकसित भएको देखिन आउँछ। यी मल्ल मुद्राहरूमा तलेजु, करुणामय, लोकनाथ, हरिसिद्धि आदि आराध्य देवीका नाम र आभरण वा वितान—सहितको खड्ग, त्रिशूल, बज्र, अंकुश, पाश, बाण, आर्सी, सिन्दूरदानी, फूल आदि चिन्हहरू अंकित भएको पनि पाइन्छ। यी मल्ल मुद्राहरूमा राजाहरूले आ–आफ्ना स्वनामधन्य उपाधिहरू (जस्तो, संगीतार्णवपारग, नेपालेन्द्र, नेपालेश्वर, राजराजेन्द्र, गिरीन्द्र, आदि) अंकित गरेका छन्, साथै आफ्ना पूर्खाका नाम, महारानीहरूका नाम, मन्त्रीका नाम (राजा भूपालेन्द्रले मन्त्री लक्ष्मीनारायणको नाम अंकित गराए) पनि अंकित गराएका छन्।

शाहकालीन नेपाली मुद्राहरूमा पनि मल्ल मुद्राहरूकै केही प्रभाव परेको देखिन्छ। पृथ्वीनारायण शाहले आफ्नो प्रारम्भिक मुद्रामा अग्रभाग भूपतीन्द्र र रणजित मल्लकै मुद्राका ढाँचामा बनाउन लगाए। शाह मुद्राका पृष्ठभागका ढाँचा (विवरण होइन) मल्ल मुद्राकै पृष्ठभागका ढाँचा जस्तै छन्। तर मुद्रामा अंकित हुने अभिलेखको साल—मितिलाई भने शाह राजाहरूले आफ्नै राखे। नेवारी लिपिको ठाउँमा देवनागरी लिपि नेपाल सम्बत्‌को ठाउँमा पहिले शाके सम्बत् र पृथ्वी वीर विक्रमको ताम्रमुद्रादेखि विक्रम सम्बत् इष्टदेवताका नाममा पनि गोरखनाथ पशुपति राखे। देवीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाममा भवानी राखे। प्रतापसिंहले 'गुह्येश्वरी' पनि अंकित गरे। मुद्राका अग्र भागमा यन्त्रयोवा अंकित गरे पनि भूपुरसहितको गुह्येश्वरी यन्त्रमात्र कायम गरे, साथै ६४ जोगिनीको प्रतिनिधित्व गराउन मुद्राको छेउमा ६४ थोप्लाहरू पनि कायम गरे।

शाहकालीन मुद्राका ढाँचा र विवरण श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेखि २००७ साल श्री ५ त्रिभुवनका पालासम्म अर्थात झण्डै २०० वर्ष जतिको एक लामो अवधिसम्म एकै प्रकारले स्थायी भएको पाइन्छ। अनि २००७ सालको राजनीतिक परिवर्तनपछि जब देशमा प्रजातन्त्र उदायो, शाहकालीन मुद्रामा देखा परिरहेका एकैपनाको ढाँचा र विवरण पनि जनक्रान्तिको छाप पर्‍यो। तर यस मुद्रामा अंकित राजाको चित्र एक साधारण नागरिकको झैं छ। यसैले यस मुद्रामा प्रजातन्त्र र जन-क्रान्तिको इतिहास सुनाउन सामर्थ्य देखा परेको छ।

नेपालमा सामाजिक क्रान्ति

—ले० तुलसीराम वैद्य एम० ए०

१४ धौं शताब्दीमा बंगालको सुल्तान समशुद्दिनको नेपालमाथिको आक्रमणले धेरै हिन्दू बौद्ध देवल चैत्यहरूलाई ध्वस्त गरायो। श्री पशुपतिनाथ, स्वयंभू देवमूर्तिहरूलाई टुक्रा गराइयो। यी सबै कुराको पुष्टि गोपाल वंशावली, पाटन पींबहाल अभिलेख स्वयंभूको अभिलेख इत्यादिबाट पनि हुन्छ। यसैकारणले नेपालमा धेरै मूर्तिहरू टुटेका पाइन्छन्। बलात धर्मान्तर गरिएका हिन्दू बौद्धहरूलाई पुन कोटिहोमद्वारा शुद्धिकरण गरेर दिव्य शुद्धि र मानव धर्मशास्त्र बनाउन लगाएर राष्ट्रको रक्षा गरे। वैदिक गुण कर्म र व्यवसायको आधारमा यिनीहरूलाई जाति दिए। यही नै उनको ठूलो देन हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले गर्दा राष्ट्रमा एकता उत्पन्न भयो। हिन्दू बौद्धको भेद पनि घट्तै गयो।

नेपालमा ईसाई धर्मको प्रभावबाट समाजको रक्षागर्नका लागि १६ वीं ईस्वीको प्रारम्भमा महाराजा रणबहादुर शाहले सामाजिक क्रान्तिको सूत्रपात गरेका थिए। जातपात उन्मूलनका लागि जगन्नाथ देवलको र जोसमणिमतको प्रचार पनि गर्न लगाए। सबै जातमा विवाह प्रथा पनि चलाएका थिए, तर उनी पनि सफल हुन सकेनन्। किनभने एक त दुनियाँ अन्धविश्वास र रुढिवादीमा फसेका थिए, दोस्रो स्वार्थी तत्वहरूले विदेशी शक्तिको आडमा गुप्त षडयन्त्र गरेका थिए।

नयाँ मुलुकी ऐन श्री ५ महाराजाधिराज महेन्द्रले "नयाँ मुलुकी ऐन" द्वारा 'कोड नेपोलियन" जस्तै सामाजिक सुधार गरेका छन्। यसमा स्पष्ट लेखिएको छ, "जातपातको आधारमा अब दण्ड सजाय हुने छैन। अब एउटै अपराधमा जात हेरी कसैलाई ठूलो सजाय र कसैलाई सानो सजाय हुने छैन। ऐनमा सबै बराबर छन्। स्वास्नी मानिसलाई पनि लोग्ने मानिस सरह नै सजाय गर्ने व्यवस्था गरिएको छ। छूवाछूत, बाल–विवाह, बहु–विवाह जस्ता सामाजिक कुरीतिहरू हटाउने राज्यको नीति हुनेछ भन्ने उल्लेख गरिएको छ। बाल–विवाहको हकमा लोग्ने मानिसको उमेर अठार वर्ष र स्वास्नी मानिसको उमेर चौध वर्ष नभई बिवाह गर्न नहुने गरेमा सजाय हुने छ। बहु–विवाह जस्तो सामाजिक कुरीतिलाई रोक्ने प्रयास गरिएको छ। बर र कन्याको उमेर २० वर्षभन्दा बढी फरक पर्ने गरी बिवाह गर्न नहुने बन्देज लगाइएको छ। विधवा बिवाहलाई कानूनले रोकेको छैन। कुनै विधवाले विवाह गर्न चाहेमा गर्न सक्छे। स्वास्नी मानिसलाई उसको राजीखुशी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नभई कसैलाई करकापसित विवाह गरिदिनु नहुने गरी यस मुलुकी ऐनमा प्रतिबन्ध लगाइएको छ। वैवाहिक परिस्थिति हेरी आचार्य कैलेपनि विवाह विच्छेद मानेका छन्। सम्बन्ध विच्छेदको पनि व्यवस्था गरिएको छ। स्त्रीलाई पनि सम्पत्तिमाथि अधिकार दिइएको छ। धर्म परिवर्त निषेध ऐन यो श्री ५ को ठूलो देन हो। ऐनमा स्पष्ट लेखेको छ, नेपालभित्र ईसाई इस्लाम इत्यादि मतहरू प्रचार गर्ने र हिन्दू-धर्मबाट अर्को धर्म परिवर्तन गर्नु या गराउनुमा बन्देज लगाइएको छ। कसैले अर्काको सामाजिक रितिथितिमा खलल पर्ने वा हुने गरी फुक्याई वा जबर्जस्ती गरी कुनै काम गर्न गराउनु हुँदैन। कसैले गरे वा गराएमा निजलाई एक वर्षसम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना हुन्छ। धर्म परिवर्तन भएकोमा सो बदर भै त्यस्तो व्यक्ति आफ्नो हिन्दू धर्ममै रहन्छ। यो धर्म परिवतन रोक्नलाई एशिया र भारतको उडीसार मध्य प्रदेशका राज्यहरूमा यस ऐनको अनुकरण जस्तो गरेको छ।

हाम्रा चाडपर्वोत्सव

—पुण्यरत्न वज्राचार्य, एम. ए.

राष्ट्रको जीवनमा प्राण-संचार गरी राष्ट्रिय भावना जगाउन, देश, काल र परिस्थितिअनुसार मनाउने गरिएमा भूत, भविष्य र वर्तमानको विचार राखी समाजलाई विकासोन्मुख पार्न तथा राष्ट्रभित्रका तत्वलाई तितरबितर हुन नदिई एक सूत्रमा उन्न चाड-पर्वोत्सवको अत्यन्त ठूलो महत्व छ। साथै विभिन्न समस्यामा जकडिएका संघर्षमय जीवनलाई केही दिन केही क्षणमात्र भए पनि दैनिक जीवनको परिश्रम र कार्यभारबाट मुक्त गराई समयान्तरमा आनन्द, उमङ्ग तथा जीवनोपयोगी शिक्षा-दीक्षा प्रदान गर्नमा पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाड-पर्वोत्सवको ठूलो देन छ । चाड-पर्वोत्सवको बखत प्राप्त हुने धेरै वा थोरै समयको विश्रान्तिले मनुष्यमात्रको जीवनलाई नयाँ जोश, नयाँ होस्, नयाँ शक्ति, नयाँ स्फूर्ति, नयाँ प्रेरणा तथा नयाँ धारणा प्रदान गर्दछ । जुन राष्ट्रले जति यस्ता चाड-पर्वोत्सवरूपी महासागरमा गोता मारेको हुन्छ त्यो त्यक्तिकै सशक्त, सभ्य र प्राणवान मानिन्छ । राष्ट्रविशेषको सामाजिक तथा सांस्कृतिक उच्चता र सभ्यता पनि चाड-पर्वोत्सवबाटै प्रकट हुन्छ । किनभने चाड-पर्वोत्सव संस्कृतिको एक प्रमुख अङ्ग तथा विकसित समाजको प्रतीक हो । यहाँका चाड-पर्वोत्सवहरू वास्तविक दृष्टिकोणबाट हेर्दा मनोवैज्ञानिक, वैज्ञानिक, आर्थिक, राजनीतिक, सामाजिक, कूटनीतिक, मनोरञ्जक तथा स्वास्थ्यरक्षा आदि अनेक कारणहरूबाट उत्पन्न भइरहेका हुन् भन्न सकिने खालका छन् । तर वाह्य दृष्टिकोणबाट मात्र हेरी विचार गर्दा र यहाँका चाड-पर्वोत्सवहरूको महत्वबारे लेखिएका धर्मग्रन्थ, पुराण तथा तन्त्र आदिका पुस्तकहरू मात्र हेर्दा वा चाड-पर्वोत्सवहरूको समयमा गरिने प्रमुख व्यावहारिक कार्यहरूउपर ध्यान राख्दा यहाँका चाड-पर्वोत्सवहरू धार्मिक रङ्गमा रङ्गिएका पाइन्छन् । उदाहरणार्थ; गुरुपूजाको दिन आफूलाई शिक्षा—दीक्षा दिने गुरुको, कुशेऔंसी र मातृऔंसीको दिन क्रमशः आफूलाई जन्म दिने बाबु र आमाको, घोडेजात्राको दिन र महानवमी आदिमा बाल—बालिकाहरूको, तिहारमा लक्ष्मी—पूजाको दिन छोरीहरूको, गोवर्द्धन पूजाको दिन आफूले आफ्नै शरीरको, कुकुर तिहार र काग तिहारको दिन क्रमशः कुकुरको र कागको, नागपञ्चमीको दिन नागको, गाईजात्राको बखत गाईको र त्यस्तै प्रकारसंग गाईजात्रा भन्दा केही दिन अगाडि भ्यागुताको समेत पूजा गरिन्छ । फेरि चाड-पर्वोत्सवहरूमा अरू अरू कार्यका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साथ विशेष गरिकन स्नान, दान, ध्यान, पठन-पाठन, कीर्तन र यज्ञ आदि गरिन्छ। यी कारणहरूले गर्दा नेपालका चाड पर्वोत्सवहरूको उत्पत्ति धार्मिक तथा आध्यात्मिक कारणहरूबाट मात्र भएको हो कि भन्ने भ्रम पर्न गएको हो। तर वास्तवमा नेपालका चाड-पर्वोत्सवहरूको उत्पत्ति उस बेलाका धार्मिक भावनाबिनाका कुनै कुरामा पनि आस्था तथा विश्वास नराख्ने धार्मिक प्रवृत्तिका मानिसहरूको मनोभावनासंग मिल्ने गरी धार्मिक रङ्गमा रङ्गिई अरू नै कारणहरूबाट उत्पन्न भएका हुन् भन्ने कुरा सप्रमाण देखिन आउँछ।

जनैपूर्णिमा

—श्री शान्ति सुरभ

यजुर्वेद अनुसार वेदको कार्य अध्ययन श्रावण—पूर्णिमा कै दिन शुरू गर्दथे। र त्यस दिनदेखि आरम्भ गरिएको वेदको अध्ययन चार महीनासम्म त्यस युगमा हुने रहेछ। विद्यार्थीहरूको लागि यसको शुरुवात उपाध्याय (अध्यापक) द्वारा गर्दथे। यस दिनले यसरी वैदिक युगमा क्षत्रीय वैश्यहरूले समेत वेद अध्ययन गर्ने प्रचलन थियो भन्ने स्मृति दिलाउँछ। वैदिक परम्पराअनुसार बौद्ध धर्मका प्रवर्तक शाक्य सिंह बुद्ध श्रावण—महीनामा वर्षावास बस्दथे र आफ्ना भ्रमण कार्यलाई स्थगित गरेर वर्षावास कालमा उनीले जेतवन आदि विहारहरूमा वर्षावास बसेर आचार प्रधान आर्य अष्टांगिक मार्गको उपदेश दिएको वर्णनहरू पिटकहरूमा संग्रहीत छन्। र यसै परम्परागत नियम अनुसार नेपालका बौद्ध आचार्यहरू र भिक्षुहरूले विहार वा बौद्ध स्थलहरूमा धार्मिक कथा भन्ने वा उपदेश दिने सांस्कृतिक परम्परा ऐलेसम्म विद्यमान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिन्छ। यसरी श्रावण-पूर्णिमाले उपत्यकाका विभिन्न विहार-हरूमा घुमेर शाक्यमुनि बुद्धकासाथ साथै विक्रमशिला विद्यापीठका प्रकाण्ड आचार्य दीपंकर श्री ज्ञानको मूर्ति हेर्ने अवसर प्रदान गर्दछ। यसरी बुद्ध र दीपंकरको संझना दिलाउँछ। आफ्नो वैभवलाई तिलाञ्जलि दिइ क्षत्रिय राजकुमार दीपंकर श्री ज्ञानले आर्य-धर्म प्रचारार्थ आफ्नो जीवन सुम्पेको संझनालाई नेपाली बौद्धहरूले अझै संवरण गर्दै आएको देखिन्छ।

यस कारण महायानी बौद्धहरूको निमित्त यो दिन पुनीत दिनको रुपमा मनाइन्छ। यसै कारण उपत्यकामा भन्दा नेपालका उत्तरी क्षेत्रहरूमा तिब्बती भाषा-भाषी बौद्धहरूले श्रावण-पूर्णिमालाई धूमधामसित मान्ने गर्दछन। यिनीहरू (यस बेला) वर्षभरको ठूलो चाडको रुपमा मान्दछन्। यही चाड पर्वको दिन गुम्बामा राखिएका 'देव देवताहरू' को पाठ गर्दछन् आफ्नै भोटे भाषामा लोकगीत तथा नृत्यहरू प्रदर्शन गर्दछन्। (हाम्रा अंचल-हरूको परिचयात्मक विवरण: खण्ड द्वितीय-पृष्ठ-२६४)। नेपालको उत्तरी क्षेत्रहरूमा रहेका लामा-धर्मीहरूको निमित्त समेत श्रावण-पूर्णिमा एक सांस्कृतिक चाड बन्न गएको देखिन्छ। उपत्यका निवासी नेपालीहरू यस दिनलाई गुम्पुन्ही भन्ने गर्छन्।

विजया दशमी, लक्ष्मीपूजा र सरस्वती पूजाको रहस्य

श्री कुमारी महालक्ष्मी न्यौपाने, एम. ए.

दानवराज महिषासुरको अत्याचारले पीडित भएका देवता-हरूले आफ्नो शक्तिको एक एक अंश दान गरेर महाशक्ति जगत्ज-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नली दुर्गाको आराधना गरे। सबै देवताको सामूहिक शक्तिस्वरूप भगवती दुर्गाको प्रादुर्भाव भयो। त्यस सामूहिक देवशक्तिको अगाडि दानवराज महिषासुर टिक्न सकेन र महासंग्राममा महाशक्ति दुर्गाको हातबाट महिषासुरको निधन भयो। दानवराज महिषासुरको निधनले देवताहरूले महाशक्तिको प्रभावलाई राम्ररी जानेर उनको स्तुति गरे।

मूल प्रकृतिको अंशस्वरूप महाकाली, महालक्ष्मी र महासरस्वतीको उपासना विशेषरूपले हामी दशैंमा गर्दछौं। बल, धन र ज्ञानका प्रतीक यी तीनै देवताको आराधनाले नै स्वराष्ट्रको रक्षा सम्यगतया हुन सक्तछ। यस सम्बन्धमा हाम्रा पूर्वजले भनेका छन्, “शस्त्रेण रक्षिते देशे शास्त्रचर्चा प्रवर्तते।” स्वराष्ट्र रक्षाको शक्तितत्वको रहस्यलाई राम्ररी बुझ्नु सबैका लागि नितान्त आवश्यक हुनाले सामूहिक रूपमा र सबैले घरघरमा समेत शक्तितत्वको उपासना गर्ने चलन हामीमा चलेको हो।

महालक्ष्मी धनकी प्रतीक हुन्। पहिले र विशेष गरेर अहिले पनि धनशक्तिको जुन आवश्यकता छ त्यो भनिरहनुपर्ने कुरा छैन। सांसारिक कुनै काम पनि धनबिना हुन सक्तैन। प्रत्येक राष्ट्रले आफ्नो आवश्यकताको पूर्तिको निमित्त धनशक्तिको सञ्चयमा नलागी हुँदैन आजको भौतिक युगमा यसको आवश्यकता झन् झन् बढ्दै गएको छ। राष्ट्रका प्राकृतिक सम्पत्ति र जनताको श्रमबाट नै धन शक्तिको प्रादुर्भाव हुन्छ। मूल प्रकृतिले हामीलाई जे जति प्राकृतिक सम्पत्ति र शारीरिक शक्ति दिएको छ। त्यसको सदुपयोगद्वारा नै हामी आफ्नो राष्ट्रको धनशक्तिको सञ्चय गरी राष्ट्रलाई धनी बनाउन सक्छौं।

महासरस्वती ज्ञानकी प्रतीक हुन्। ज्ञानशक्तिद्वारा नै मानिस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वास्तवमा मानिस बन्दछ । भौतिक र आध्यात्मिक ज्ञानद्वारा नै मानिस पूर्णतया प्राप्त हुन्छ । यदि मानिसमा आध्यात्मिक ज्ञान छैन भने भौतिक ज्ञानको अहंकारमा आफूले आफैलाई समेत बिर्सेर जथाभावी पशुवत् व्यवहार गर्न बेर मान्दैन । आध्यात्मिक ज्ञान-बिनाको भौतिक ज्ञानको अहंकारले गर्दा मानव मानवमात्र नरहेर दानवसमेत बन्दछ ।

जस्तो चरालाई उड्न दुवै पखेटा र मानिसलाई हिंड्न दुवै खुट्टा चाहिन्छ त्यस्तै सुव्यवस्थित सांसारिक व्यवहार चलाउन राष्ट्रका निम्ति ज्ञान र विज्ञान दुवै शक्तिको परम आवश्यकता छ ।

संसारमा दैवी र आसुरी भावनाको संग्राम सँधैं नै चलिरहेको छ । कहिले दैवी भावनाले आसुरी भावनासाथि विजय गर्छ भने कहिले आसुरी भावनाले पनि दैवी भावनासाथि विजय गर्दछ । यो संघर्ष अनादिकालदेखि चलिरहेको छ । सुख शान्तिको अवस्था दैवी सम्पत्तिको विजयको अवस्था हो र दुःख दारिद्र्य र अशान्तिको अवस्था आसुरी सम्पत्तिको विजयको अवस्था हो । हामी दैवी सम्पत्तिलाई रुचाउँछौं । हाम्रो आराधनाले प्रसन्न भएकी ज्ञानरूपा महासरस्वतीले अज्ञानलाई, महालक्ष्मीले दारिद्र्यलाई, महाकालीले दौर्वल्यलाई राष्ट्रबाट हटाई सुखशान्ति दिलाऊन । यसकारण हामी तीन चाड-दशैं, लक्ष्मीपूजा र सरस्वतीपूजा प्रत्येक साल मनाउछौं ।

प्राचीन वर्गसंगठनको देन

—प्रा. गुणदेव भट्टराई, एम . ए.

बौद्ध जातक कथाहरूमा श्रेणी संघहरूको उल्लेख गरिएकोछ । समुद्र बन्ज्य जातकमा वाराणसीको नजीक सिकर्मीहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हजार कुटुम्ब भएको संघको उल्लेख गरिएको छ। ती १००० मध्ये दुई जना प्रत्येक ५०० कुटुम्बहरूका प्रमुख थिए। कुनै बखतमा तिनीहरू शहर छोडेर आफ्ना कुटुम्बहरूसहित कुनै टापुमा बसोबास गर्न गए। कहिले काहीं जेष्ठको पद पैतृक हुन्थ्यो। श्रेणीका प्रमुखहरूको राज्यमा विशेष कदर हुनुको अतिरिक्त राजाका प्रिय पात्र पनि हुन्थे। जेष्ठहरूको झगडा छिन्न विशेष ट्रिबुनल खडा हुन्थ्यो र यसैले तिनीहरूको मुद्दा छिन्थ्यो।

गौतम् धर्मसूत्रले खेती, व्यापार, पशुपालन, दास, पैसा सापट दिने र कालीगडहरूलाई आ–आफ्नो श्रेणीको लागि नियमहरू बनाउन अधिकार दिएको छ। नियमहरू बनिसकेपछि राजाले तिनीहरूलाई सञ्चालन गर्न अधिकार दिन्थे। व्यापारी र कालीगडहरूको संघलाई वैधानिक अङ्ग मानिन्थ्यो।

मौर्यकालमा कौटिल्य अर्थशास्त्रबमोजिम धेरैजसो व्यवसायहरूका श्रेणीहरू हुन्थे। हिसाब–किताबका अध्यक्षले संघहरूको रीति, व्यवसाय, लेनदेन इत्यादि विषयहरूको इतिहास रजिष्टर कापीमा उतार्नु पर्थ्यो। राम्रा शहरहरूमा कामदार तथा संघहरूका बसोबासको इन्तजाम गरिदिएको हुन्थ्यो र तिनीहरूले तिरेको कर आमदानीका श्रोतहरूमध्ये मुख्य मानिन्थ्यो। कामदारहरूका श्रेणी र संघमा काम गर्नेहरू नाफा बराबर अथवा पूर्व सम्झौताअनुसार बाँडेर लिन्थे। कहिले काहीं कामदारहरूको क्षणिक संघहरू पनि हुन्थे र तिनीहरू अरू संघहरूको उत्तरदायित्वमा ठेकाको काम सम्पादन गर्नमा लाग्थे।

मौर्यकालमा कालीगडहरूको सामाजिक स्तर उँचो हुन्थ्यो। राजाको सेवामा लागेका कालीगडहरूको काममा बाधा पुऱ्याउने मानिसहरूलाई प्राण सजाय हुन्थ्यो। त्यस्तै गरी तिनीहरूका आ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म्दानी अथवा किनमेलमा अडचन हाल्नेहरूलाई १,००० पणसम्म जरिवाना हुन्थ्यो। तर राजाले आज्ञा दिएको काम श्रेणीका कालीगडहरूले नगरी अन्तैबाट ल्याएको ठहरिएमा ठूलो सजाय हुन्थ्यो।

कहिले काहीं श्रेणीहरूको धन राजाले हिनामिना गरिदिएको उदाहरण कौटिल्यले दिएका छन्। श्रेणीहरूले पत्याएका तीन कमिश्नरहरूको हात तिनीहरूको धन जम्मा हुन्थ्यो, र खाँचो परेको बेलामा झिक्न पाइने व्यवस्था पनि थियो। श्रेणीका महाजनहरूको जिम्मामा भएको माल सामान कैफियत ठहरिएमा अथवा दैवी प्रकोपले हराएमा वा नाशिएमा त्यसको क्षतिपूर्ति गर्नु पर्दैनथ्यो।

मौर्यकालमा व्यापार श्रेणीहरू बाहेक साझा व्यापार (Joint Stock Company र Traders League) पनि साथ साथै चालु भएको बुझिन्छ।

आधुनिक बैंक जस्तै (अक्षयनिधि) काम श्रेणीहरूद्वारा भएको कुरा त कतै देखिदैन तापनि पैसा राख्ने र सापट दिने प्रथा चाहीं थियो।

लिच्छवी र गुप्तकालमा पनि केही व्यवसायहरूका श्रेणीहरू भएको कुरा बुझिन्छ। शुक्राचार्यले बताए बमोजिम खेतीवाल, कालीगड, लेनदेन गर्ने नटुवा इत्यादि व्यवसायहरूका श्रेणीहरू थिए। यस्ता श्रेणीहरूमा मुखियाले अरू साधारण कामदारहरूले पाएको हिस्साको दोब्बर पाउँथ्यो।

याज्ञवल्क्य, नारद र विष्णुस्मृतिहरूले यो सिद्ध गरेका छन् कि श्रेणीहरूलाई राज्यले मान्यता दिएको मात्र होइन अझ राजाले तिनीहरूको नियम पालन गरेर शासन गर्थे। नारद भन्दछन् "राजाले श्रेणी र संघहरूको नियमहरू पालन गर्नु पर्छ।" हुन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि धर्म, जाति इत्यादिको परवाह नगरी मुलुकको विधानमा बाधा नपर्ने गरी बनाएको नियमहरूलाई राजाले मान्यता नदिने के कुरो भयो र ? श्रेणी वा संघमा फूट पैदा गराउने व्यक्ति संक्रामक रोग सरह मानिन्थ्यो र त्यसलाई ठूलो सजाय हुनुको अतिरिक्त देश निकाला गरिन्थ्यो। याज्ञवल्क्यको भनाइअनुसार श्रेणीहरूले संघको धन ग्रहण गर्न पाउँथे। आजकालका संघहरूमा झैं तिनीहरूले नियमहरू बनाउन पाउँथे।

नारदको भनाइअनुसार श्रेणीहरूले नियमहरू बनाउँदा धर्मशास्त्र र राजाले अख्तियार दिएका नियमहरू नाघ्नु हुँदैन। अतएव श्रेणीहरूको र मुलुकको नियममा एकता हुनैपर्छ। श्रेणीहरूको कार्यकारिणीमा केही धर्मात्मा व्यक्तिहरू नियुक्त गरिन्थे। यदि तिनीहरूले मुलुकको नियम मिचेर काम गरेमा राजदण्डको भागी हुनु पर्थ्यो। कार्यकारिणीको कुनै सदस्यले बलमिचाइ गरी नियम नाघेमा संघले त्यसलाई हटाउन सक्थ्यो। तर केही गरी उसको प्रभावमा परेर त्यस्तो गर्न नसकेमा राजालाई गुहार्नु पर्थ्यो।

कहिले काहीं बेग्ला बेग्लै संघहरू मिलेको देखिएमा राजाले त्यसलाई विघटन गरिदिन्थे। राजाको इच्छा विरुद्ध वा कुनै अनैतिक काम गरेको देखेमा पनि राजाले श्रेणीको काममा हस्तक्षेप गर्थे।

श्रेणीका सदस्यहरूलाई भेला गराउन ढोलक बजाइन्थ्यो र सोही ढोलकको आवाज सुनेर तिनीहरू श्रेणीबैठकमा उपस्थित हुन्थे।

शुक्राचार्यको भनाइ बमोजिक श्रेणीहरूलाई न्यायसम्बन्धी अधिकार पनि प्राप्त गराइनुपर्छ। किनभने तिनीहरूले बनाएका नियमहरू राजाद्वारा स्वीकृति पाएपछि र तिनै नियमबमोजिम न्या-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यपालन गरेमा त्यस्तो अधिकार दिनुमा बाधा पर्ने कुरै छैन । तसर्थ चार अदालतहरूमध्ये श्रेणी अदालत दोस्रा मानिनुपर्छ ।

श्रेणीहरूले कैयन सार्वजनिक हितका कामहरू गरेको बुझि-न्छ । अतएव लिच्छवी र गुप्त कालका श्रेणीहरू आफ्नै व्यवसा-यमा मात्र लागेर अरू हितको काम गरेको पनि बुझिन्छ प्राचीन संस्कृतिको उन्नति गर्नमा तत्पर भएका वर्गसंगठन र पञ्चायतहरूको यो एक ठूलो देन हो ।

नेपालको विवाह प्रथा

—बुद्धिरत्न एम० ए०

गृह्यसूत्र र धर्मसूत्रमा विवाहका आठ भेद दर्शाएको छ । ब्राह्म दैव, प्राजापत्य, आर्ष, गान्धर्व आसुर, पैशाच, राक्षस । मनुः ३।२७ ब्राह्म र प्राजापत्यमा त्यति भेद नहुँदा आपस्तम्बमा पृथक ठानेनन् । वेदमा यी प्रभेदको नाम त उल्लेख पाइँदैन तापनि आर्ष, प्राजापत्य, दैव, गान्धर्व, राक्षस आदि अनेक प्रकारका विवाहको संकेत पाइन्छ । तिनमा विशेषतः उल्लेखनीय पुरुरवा र उर्वशीको आभि-सन्धिपूर्वक सामयिक विवाह । उर्वशीले कबूल गरेकी थिइन् जुन बखत उनले सन्तानको मुख देख्लिन् त्यसै बखत उनलाई छाडी गन्धर्वसंग जाने छिन । अन्त्यमा यस्तै हुन गयो ।

स्वयंवरः— वैदिक साहित्य मातापिताद्वारा सन्तानको विवाहमा नियन्त्रण गरिएको पाइँदैन तापनि मातापिताको आफ्ना सन्तानको विवाहमा प्रभुत्व रहेको पाउँछौं । मेकडानल एवं कीथ यस विषयमा लेख्नुहुन्छ, यो स्पष्ट छैन कि नवयुवक र नवयुवतीको विवाहमा मातापिताको स्पष्ट नियन्त्रण छैन तापनि योग्य वरवधूको प्रबन्ध उनीहरू अवश्य गर्दथे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वयंवर क्षत्रियहरूमा सीमित थियो त्यसमा पनि घरानियाँ हरूमा विशेष गरी राजाहरूमा। जो स्त्री रूपवती र भाग्यशालीनी हुन्थी त्यसले आफ्नो पति आफै चुन्दथी। "भद्रा वधुर्भवति यत्-पेशाः स्वयं सा मित्रं वनुते जने चित्" । सु. (ऋग १०–२७–१२) इतिहासले पनि यस कुरालाई प्रष्ट्याएको देख्छौं–सावित्री, दमयन्ती रुक्मिणी आदि—

वैवाहिक आयुः—वैदिक कालमा बिवाह युवक र युवतीमा हुन्थ्यो बालविवाहको नामोनिशान पनि भेटिंदैन। एक ठाउँ विवाहमा बाबुले छोरीलाई आशीर्वाद दिंदा भन्दछन्— तिमी सासू, ससुरा, देवर, नन्द, सबै माथि साम्राज्ञी बन।

अर्को एक ठाउँमा विवाहानन्तर चतुर्थी कर्मको विधान लेखेको छ। चतुर्थी कर्मान्तर अभिगमन गर्नु भन्ने पनि लेखिन्छ। यस किसिमबाट वैदिक समयमा युवक र युवतीको बिवाह स्पष्टै देखिन्छ। "ब्रम्हचर्येण कन्या विन्दते युवानं पतिम्" (अथर्व)

ब्रम्हचर्यद्वारा कन्या युवा पतिलाई प्राप्त गर्दछे। यदि कन्या बालिका नै भएदेखि ब्रह्मचर्य यो विशेषण व्यर्थ हुन्थ्यो। त्यस्तै कैयौं गृह्यसूत्र तथा धर्मसूत्रमा 'नग्निका' १६ वर्षकी कन्यासित बिवाहको विधान गरेको पाइन्छ। तीस वर्षको अथवा एक्काइस वर्षको युवकले नग्निकालाई विवाह गरी पितृलोक पुगोस्। बालविवाहको प्रचलन आपतकाल विदेशी आक्रमणबाट भएको पाइन्छ। "इह एव स्तं मा वियौष्टम्" हामी दुई सधै मिलेर बसौं— (ऋग)

बहुविवाहः—सामान्यत वैदिक आर्षमा एक विवाह प्रचलित भए तापनि ठाउँ-ठाउँमा बहु पत्नीको पनि वर्णन पाइन्छ। तर यो बहु विवाह राजाहरूमा नै धेरै जसो प्रचलित थियो किनभने सन्ततिको प्रभावमा यस्तो हुन गयो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किरातीहरूमा पनि वैदिक विवाह जस्तै विवाह संस्कार सम्पन्न हुन्छ। किराती वेद "मन्धुम" (जुन मनु धर्मको अपभ्रंश देखिन्छ) को अनुसार पति र पत्नीको आत्मा पृथक भए तापनि विवाह पछि एकै हुन्छ। यिनीहरूमा धेरै जसो गान्धर्व विवाहको चलन देखिन्छ जुन प्रथाअनुसार विवाह संबन्ध हुनुभन्दा पूर्व युवक र युवती एकले अर्कोलाई चित्ताकर्षक ढंगले आकृष्ट गर्दछन् र दुवै जनाको स्वीकृति भएपछि मात्र स्वयंवर जस्तै विवाह संस्कार पूरा गरिन्छ। यस संस्कारमा पतिले पत्नीलाई सिन्दूर लगाई दिन्छ। त्यस्तै मगर र गुरूङ्जातिमा पनि हिन्दू नियमानुसारनै विवाह संस्कार गरिन्छ। यिनीहरूमा विवाह विच्छेदको प्रथा पनि पाइन्छ (हिन्दूहरू जस्तै) यिनीहरूमा सगोत्र विवाहको प्रचलन देखिंदैन।

नेवार जातिमा विवाह पद्धति अर्कै ढङ्गले सम्पन्न हुन्छ। विवाह हुने समयमा बर उपस्थित हुँदैन। कन्याले नै सबै संस्कार गर्नु पर्दछ। नेवारहरूको यो धारणा छ कि मानवीय विवाह पछि विच्छेद पनि हुन सक्दछ, यो अकाट्य सत्य हो। त्यसकारण उनीहरू ६ वर्ष पुगेपछि कन्याको विवाह बेलको फलसंग गरिदिन्छन किनभने उनीहरूको भनाई अनुसार बेलको फल अविनाशी छ र यो संग विवाह भएपछि पत्नी कहिल्यै पनि विधवा हुँदैन। यसै कारणले यिनीहरूमा विधवा–विवाहको प्रचलन पनि पाइन्छ। वेदमा पनि कन्याको चार पति अर्थात् वरवधूमा चार गुणहरू हुनु पर्दछ भनी उल्लेख गरिएको पाइन्छ। यी चार गुणहरूमा (१) सोम साम्य— (२) गान्धर्व–विभिन्न ललित कला आदिको ज्ञान (३) अग्नि–यौवन र (४) मनुष्य पति।

—※—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कौटिल्यको ग्राम-व्यवस्था

—श्री ऋषभदेव शर्मा

कौटिल्यार्थशास्त्रमा १०० घर या बढीमा ५०० घरसम्मका बस्ती भएका गाउँ हुन्थे। एउटा गाउँबाट अर्को गाउँ एक कोश अथवा दुइ कोशसम्म मात्र फरक पारेर बस्ती बसाइएको हुन्थ्यो। नदी, पहाड, जङ्गल, गुफा, बाँध, पुल, शिमलको रूख, समीको रूख र बरको रूखहरू लगाई साँध राख्थे। आठ सय गाउँका बीचमा 'स्थानीय', चार सय गाउँका बीचमा 'द्रोण मुख', दुइ सय गाउँका बीचमा 'खार्वटिक' र दश गाउँका बीचमा 'संग्रहण', नामका अड्डा स्थापित गरिएका हुन्थे। राज्यका साँधमा दुर्ग बनाएर अन्तपाल नामका हाकिम राखिन्थे। साँधैमा आफ्नो देशमा आवतजावत गर्ने बाटो गराएको हुन्थ्यो र त्यसको रेखदेख अन्तपालले गर्थे। राज्यको जंगलको मध्य भागको रक्षा व्याधा, शबर, पुलिन्द, चाण्डाल आदि जंगलमा घुमफिर गर्ने जंगली जातहरूले गर्थे। ऋत्विग, आचार्य, पुरोहित र श्रोत्रिय वेदाध्यायी ब्राह्मणहरूलाई कुनै रकम कलम नलाग्ने सन्तान दरसन्तानले खाने गरी जग्गा दान दिएको हुन्थ्यो। भिन्न भिन्न कामको निरीक्षण गर्ने प्रधानाधिकारी, सुवर्णअध्यक्ष, हर हिसाब गर्ने गणक, दश गाउँको अधिकारी, शहरको प्रधान अधिकारी, हात्तीको शिक्षक; घोडा सधाउने सवार, चिट्ठीपत्र ओहोरदोर गर्ने हुलाकीलाई पनि बेच्न र बन्धक राख्न नपाउने गरी तलबबाहेक दर्जाअनुसार केही जग्गा दिइएको हुन्थ्यो। पोता तिर्ने असामीलाई खेती लायक जमीन दिइन्थ्यो। जग्गामा मानिसको एक पुस्ते अधिकारमात्र हुन्थ्यो। कालाबजारको आवादी जुन रैतीले जुन जग्गाको गर्दथ्यो त्यो जमीन रैतीले आफ्नै खर्च

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र परिश्रमले आवादी गरेको हुँदा त्यस जमीनको मालपोत तिरु-ञ्जेल त्यस जमीनलाई वेचबिखन गर्ने रैतीको पूर्ण अधिकार हुन्थ्यो। यदि कुनै कृषकले खेती गर्न कवुल गरेको जमीन खेती नगरी बाँझो पर्ती राखेमा त्यससंग खोसेर खेती गर्न कवुल गर्ने अर्को कृषकलाई दिइन्थ्यो। खेती गर्ने कृषकले कवुल गरेन भने गाउँको अधिकारीका अधिकारमा रहन्थ्यो, र खेती गर्न चाहने वेपारीलाई नै भए पनि दिइन्थ्यो। जमीन कबुल गरेर आवादी नगरेमा त्यस खेतको उब्जनी आँठा सरह त्यससंग भर्ना लिइन्थ्यो। धान, पशु र द्रव्यद्वारा सरकारले कृषकको सहायता गर्थ्यो। बाली तयार भएपछि सुविस्ता अनुसार कृषकहरूले पनि सापटी फिर्ता दिन्थे। कृषकहरू हृष्टपुष्ट रहेमा नै राजकोष बढ्ने हुनाले उनीहरूको स्वास्थ्य बढाउन तथा व्यायामका निमित्त सरकारका तर्फबाट धन मिल्द्थ्यो। यसरी सरकारको तर्फबाट दिइने धनलाई 'अनुग्रह' भन्दथे। अनुग्रहको रकमबाट व्यायामशाला, व्यायामशालाको सामान र व्यायामीलाई खाद्यको निमित्त खर्च गरिन्थ्यो। प्रजाहरूको बिग्रेको स्वास्थ्य सुधारका निमित्त गरिने खर्चलाई 'परिहार' भन्दथे। त्यस कामबाट औषधालयहरूको स्थापना गरिन्थ्यो। ढुकुटी खाली भएमा सरकारले अनेक रकम कलम लगाउँदा दुनियाँलाई पीरमर्का पर्न जाने हुँदा राजाको कोषको कमी अवस्थामा स्वास्थ्यका निमित्त बताइएको अनुग्रह र परिहार दिइदैंनथ्यो। कुनै कुलीन व्यक्तिलाई आफ्नो राज्यमा राख्ता कबुल गरिएको धन कुनै वस्तुको मद्दत दिएर पनि अवश्य दिइन्थ्यो। राजकोषको अनुसार प्रजाको स्वास्थ्य संपादनका निमित्त पनि केही न केही धन अवश्य दिइन्थ्यो। रैती दुनियाँलाई मद्दतमा दिएकै धन फेरि तिनीहरूले फिर्ता दिए भने बाबु जस्तै भएर फेरि दुःख परेको बखतमा धेरै धन खर्च

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेर भए पनि तिनीहरूलाई आपत्तिबाट छुटाइन्थ्यो।

खनिज पदार्थ बेच्ने ठाउँ, चन्दन, रक्तचन्दन, धूपी, सत्तिसाल, शाल, खयर, गुँद, खोटो हुने जातका रूख, तेजपात, दियालो इत्यादिको जंगल, गाई भैंसीको निमित्त गौचर, निकासी पैठारीको स्थान, व्यापारिक स्थान, जलमार्ग, स्थलमार्ग र ठूला ठूला हाट बजार इत्यादि राम्ररी दृष्टि पुऱ्याएर रक्षा गरिन्थ्यो। सबै पानी बगिरहने र वर्षाकालमा मात्र पानी बग्ने ठूला खोलाहरूमा पुल बनेको हुन्थ्यो। प्रजाहरूले नै यस्तो काम गर्न चाहेमा सरकारले जमीन, बाटो, काठ इत्यादि वस्तुको मद्दत दिन्थ्यो। देवालय, पोखरी, इनार, धारो, पाटी, बगैंचा बनाउन चाहनेलाई पनि जमीनको मद्दत दिइन्थ्यो। सबै मिलेर गर्नु पर्ने काममा कुनै मनुष्यले काम गर्न चाहेन भने सट्टामा मानिस अथवा गोरुको काम छ भने दिनुपर्थ्यो। यदि गोरु दिन पनि मानेन भने त्यससंग पैसा असूल गरिन्थ्यो र काम सिद्धिएपछि उसलाई भाग मिल्दैनथ्यो। माछा, हाँस, कमल, व्यापारी जिनिस हुने ठूलो प्राकृतिक जलाशयमा सरकारकै अधिकार हुन्थ्यो।

नोकर, बाँधा, पुत्रले घरका मूलको आज्ञा उल्लङ्घन गऱ्यो भने सरकारले उचित दण्डद्वारा त्यसलाई शिक्षा दिन्थ्यो। बालक, बूढा, रोगी, दुःखी र अनाथ मानिसलाई सरकारले पाल्दथ्यो। सन्तान नभएका स्त्रीलाई तथा अनाथका बाल-बच्चालाई पनि सरकारले पालन पोषण गर्दथ्यो। नाबालकको धन र देवालयको धन गाउँका बूढा पाकाले संरक्षण गर्थे। धनी भइकन पनि पति नभएकी छोरी, स्वास्नी, आमा, बाबु, भाइ अविवाहिता छोरी, बहिनी अथवा विधवा छोरी, बहिनीलाई पालेन भने अपराधी ठहरिन्थ्यो। आमा पोइलै गएकै भए पनि पाल्न करै लाग्दथ्यो। छोरा, स्वास्नीलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीविका गर्ने धनको प्रबन्ध नमिलाई संन्यासी हुनेलाई र आइमाई-लाई मुडेर जोगिनी बनाउनेलाई अपराधी सम्भिन्थ्यो । इन्द्रियशिथिल भएपछि सरकारको स्वीकृति लिएर मात्रै संन्यासी हुन पाउँथे। वानप्रस्थबाहेक संन्यासी हुन पाउँदैनथ्यो । सरकारको स्वीकृतिबिना कसैले कुनै संस्था खोल्न पाउँदैनथ्यो । जनताको भलाइ हुने कामको अतिरिक्त अरू कुनै किसिमको गूटबन्दी कसैले गर्न पाउँदैनथ्यो। कसैले पनि जनता र सरकारको हानि हुने कुनै काम गर्न पाउँदैनथ्यो । ग्रामीण मनुष्यहरूलाई खेतीपातीमा बाधा पर्ने गरी विलासिता बढाउने कामहरूमा रोक लागेको हुन्थ्यो । नट, नर्तक गायक, वाद्यवादक कुशीलवहरूले खेतीको समयमा खेल, नाटक देखाएर कृषकहरूको काममा बाधा गर्न पाउँदैनथे । शत्रु, चोर, व्याधी, दुर्भिक्ष आदिबाट सधैं सरकारले प्रजाको रक्षा गर्थ्यो र व्यर्थमा धन खर्च हुने जुवा आदि व्यसन बचाउँदथ्यो । कुनै प्रकार अनुचित बेठ बेगार लिइदैंनथ्यो । हरतरहबाट प्रजाहरूलाई खेतीमा सहायता दिइन्थ्यो र उनीहरू खेतीपाती गर्न समर्थ हुन्थे ।

—✱—

पृथ्वीनारायण शाहकालीन नेपालको राजनैतिक विचार

—गेहेन्द्र विक्रम शाह एम० ए०

राजाले मनमा ठहराई मुखदेखि बाहिर निकाली यो काम गर्छु भनी प्रतिज्ञा गर्‍यो भने त्यो काम राजाले नगरी हुँदैन । बडा (ठूला) को प्रतिज्ञा र हात्तीको दाँत एकै उपमा हो । कार्य गर्दा जबसम्म कार्यको परीक्षा भएको छैन तबसम्म ढिलो गर्न, परीक्षा भइसकेपछि पनि विलम्ब गर्‍यो भने त्यस्ता राजाको जय कदापि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदैन, तसर्थ सबैको सल्लाह र विवेकपूर्वक आँट गरी कार्य गर्नुपर्छ। आफूले विवेकपूर्वक निश्चय गरेपछि बडो दृढ भईकन जस्तो पर्वत अचल छ त्यस्तै राजाले अचल भई काम गर्नु पर्छ।

राजा भई राजाको लस्कर देख्ता अरू (इतर) देशका मानिसहरूलाई आसत्रास उत्पन्न भएन भने त्यस्ता राजाको प्रताप वृद्धि हुँदैन, र राज्य पनि रहँदैन। सो लक्षण राजामा भई इतर (अरू) देशका मानिसहरूमा आसत्रास उत्पन्न भयो भने प्रताप पनि अति वृद्धि हुँदैजान्छ, राज्य पनि बढ्दै जान्छ।

राजाको सन्धि (घाबन्दोवस्त) राजैसित हुन्छ, जुन राजाको कुनै राजासित सन्धि (घाबन्दोवस्त) रहेको छैन भने त्यस्ता राजाको राज्य तुरन्त नास हुनामा बेर छैन। जुन राजाले कुमन्त्रिको वशमा परी काम गर्छ भने शत्रुरूपी पिंजरामा सुगा रूप भएको त्यस्तो राजा शत्रुको वशमा अवश्य पर्दछ। तसर्थ राजा भई बडो सजग भई होशियार राखेर बुद्धिरूपी नेत्रले गाढा विवेक राखी चारैतिर दृष्टि दिई उचनीच, (सानो ठूलो), दुष्ट, सज्जन, सोझो, बांगो, आफ्नो, विरानो शुरो, निमखइलाली र निमखहरामी यो प्रति धेरै कुरामा टाढादेखि नै निगाह राख्नुपर्दछ। राजा भएर मात्र हुँदैदन। ठूलो नाम, यश (जस), प्रताप र कीर्तिले जगत्मा आफ्नो गराऊँ भनी राजाले दशदिक्पालको शोभावतिको प्रतिज्ञा बडो होशियार भई गर्नु पर्छ।

राजाको जात अपूर्व गंभीर हुंदो रहेछ। अभिप्राय बुझ्नलाई बडो कठिन हुँदो रहेछ।

मन्त्रीको गुण—आफ्नो मुलुकको रीतिथिति बाँध्न सक्ने, सबै राजासंग सन्धि (घाबन्दोवस्त) गरी हातमा राख्न सक्ने, बडो बडो सङ्कष्ट परेमा पनि बडो बुद्धिकल्पना गरी सङ्कष्ट दूर गर्न सक्ने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भलाभन्दा तालिम (कर्मोला) प्रजा प्राणी जसलाई जे गरी शोभन्छ हुन्छ त्यस्तो गर्न जान्ने (वेहोरत) लगाइ सकल सकल राजकाजको बिहोरमा निपुण हुने उभयलोकको अपवाद बचाई काम गर्न जान्ने सद्वृत्तिमा लागेको कुलबान र बखत चिन्ह सक्ने यी प्रभृति मंत्रीको धेरै गुण हुन्। त्यस्तालाई कार्यमा राख्नालाई योग्य छ।

राजा भई राजकाजमा निपुण हुन आफूमा षोडशकला ल्याउनुपर्छ। तसर्थ कसैलाई लोलोपोतोले बस गराउनुपर्छ। कसैलाई साँचो कुराले बसमा ल्याउनु पर्छ। कसैलाई छलले, कसैलाई प्रीतिले र कसैलाई शेखीले गरी यस किसिम आफ्नो गंभीर अभिप्रायले कार्यसिद्धि गर्नु पर्छ।

मानिसलाई चिन्दा भन्नु भएको, ब्राह्मणको खेल, खशको झेल र मगरको पेट कसैले नभेटने।

आफ्नो कार्यसिद्धि जुन कुराबाट हुन्छ त्यही मात्र परिपञ्चको तात्पर्य हुन्छ। यस्तो प्रपञ्चको मन्त्रणा भएमा यसैलाई दुष्ट मंत्रणा भन्दछन्। तसर्थ राजाभई यस्तै कुरामा बडो गहिरो बुद्धिले विवेक गर्नु पर्छ। तसर्थ राजाभई सबै कुराहरूमा निपुण हुनुपर्छ। अर्काको देशमा प्रपञ्च गर्नाले आफूमा पनि प्रपञ्च गर्ला भनी बुझ्नुपर्छ। परिपञ्चको प्यारो कोही पनि हुँदैन, तसर्थ नपरी चेत्ने देवता, परी चेत्ने मनुष्य र परे पनि नचेत्ने पशु भनी ठूला ठूला जानेकाहरूले भन्दछन्।

सर्प पनि मरोस् लट्ठी नभाँचोस भन्ने यस्तो तरहसित स्वार्थको पालन गर्छौं। अर्काको खुवाईबाट राज्य खान पाइदैंन। आफ्नै वीरताका प्रताप, बुद्धि एवं पराक्रमले मात्रै राज्यको भोग हुँदै जान्छ।

—★—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राचीन न्याय र दण्ड व्यवस्था

— एटर्नि जनरल, श्री ज्ञवाली

आर्यको मूलग्रन्थ वेदमा यसको कुन स्वरूप छ यस कुरालाई हामीले ध्यान राख्नुपर्दछ। त्यसै वेदमा जहाँ सबैलाई मित्रको दृष्टिले हेर्ने विधान गरेको छ त यो पनि उल्लेख गरेको छ। त्यो के भने हानि गर्ने प्राणीलाई यथायोग्य दण्डदिनु योग्य हो। कहीं कहीं कुनै अवस्थामा त्यस्ता प्राणीहरूको वध गर्ने विधानसमेत गरेको छ। यस प्रकार वेदमा शासकका लागि यो व्यवस्था नगरेको भए चोर डाँकू; लुटेराहरूले आफ्नो दुष्टताले धेरै प्रजाहरूको नाश र संसारमा अशान्ति फैलाउने थिए। यजुर्वेद अध्याय १ मन्त्र ७ मा यो उल्लेख छ कि राक्षसी स्वभाव भएका र लुटेराहरूलाई पोलिदिनु — "प्रत्युष्टं रक्षः प्रत्युष्टं अरातय" यजुर्वेद ८.४४ मा भन्दछ "हे वीर हाम्रा शत्रुहरूलाई नास गर। जसले हामीमाथी आक्रमण गर्दछ त्यसलाई दलित गर। जसले हामीलाई नाश गर्ने चेष्टा गर्दछन तिनलाई घोर अन्धकारमा हाल।" (य० ३५।१) मा यो पनि भनेको छ, "हामीलाई दुःखदिने र विद्वानको हिंसा गर्नेहरूलाई हामीदेखि दूरगर।" (अथर्ववेद ६।८ १०)

मनु आदि ऋषिहरूले धर्मशास्त्रमा अहिंसाको उच्च प्रशंसा गर्नु भएको छ त त्यसैमा मनुष्यको प्रकृति आदिको अनुभव गर्दै अनेक थरिका दण्डादिको व्यवस्था गरेको छ। मनु० धर्मशास्त्रमा यो भनेको छ, "जुन राजाको राज्यमा चोर र डाँकूले पीदित जनताको ध्वनि निस्कन्छ त्यस देशका राजा बाँचेर पनि मृततुल्य छ— विक्रोशन्तः यस्य राष्ट्रात ह्रियन्ते दस्युभिः प्रजा। संपश्यतः समृत्यस्य मृतःस न तु जीवति॥ मनु० ७।१४३ शन्तटो यस्य राष्ट्राद्धियन्ते

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनु ७।१६ दण्डले नै सबै प्रजामाथि शासन गर्दछ, यसैले सबैको रक्षा गर्दछ, यसैले सुषुप्तलाई जागृत गर्दछ। अतएव विद्वानले दण्डलाई धर्म मानेका छन। यो पनि आएको छ कि बिनादण्ड सबै वर्ण दूषित हुन्छन् र सबै मर्यादाहरू नष्ट हुन्छन्। जुन देशमा पापलाई नाश गर्ने दण्ड विचारण गर्छ। त्यस देशका प्रजा मोहमा नफसी सुख शान्तिमा रहन्छन्। मनु भन्नु हुन्छ, "आततायीलाई नाश गरेमा केही दोष छैन-"आततायी वधे दोष!" यदि आततायी आक्रमण गर्न आउँछन भने यस्तालाई विचार नगरी मारेमा कुनै दोष लाग्दैन – 'आततायिनमायान्तंहन्नदेवाविचारयन्।'

रामायणमा श्री मर्यादा पुरुषोत्तम श्री रामचन्द्रजी एवं श्री कृष्णजीका जीवनसम्बन्धी पर्यालोचनबाट पनि हामीलाई हिंसा र अहिंसाको स्वरूप फेला पर्दछ। श्रीरामचन्द्रजी एकातिर शान्त क्रोधरहित विद्वानहरूको मर्यादा गर्ने दीनदयालु हुनुहुन्छ भने अर्कातिर ताडका, बाली, विराध, रावण आदि राक्षसहरूको संहारमा कटिबद्ध पनि देखिनु हुन्छ। ताडका यद्यपि स्त्री थी तथापि मुनिहरूलाई धेरै दुःख दिएको हुँदा र विश्वामित्रको "नहि ते स्त्रीवधे घृणाकापि नरोत्तम।" गो ब्राह्मणको हित र देशको हितका निम्ति प्रेरक वचनको पालना गर्नु भै आदर्श स्थापना गर्नु भएको छ।

त्यस्तै महाभारतका महान् नेता तथा अध्यात्मविद्याका स्रोतस्वरूप योगीराज श्रीकृष्ण महाराजले गीतामा अहिंसा र दयालाई दैवी सम्पदा नाम दिनु भएको छ वहाँले समय र परिस्थिति सुहाउँदा स्वयं शिशुपाल, सुर पञ्चजन, निशुम्भ, हयग्रीव शल्प आदि दुष्टहरूको नाश गरे। कंस आदि दुष्टको संहार गर्नु भयो। श्रीकृष्ण महाराज अहिंसाको परम भक्त हुँदा हुँदै पनि भन्नु हुन्छ, "परित्राणाय साधूनां विनाशायच दुष्कृताम्। धर्म संस्थापनार्थाय संभवामि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युगेयुगे ।" सज्जनको रक्षा र दुष्टको संहार गर्नु नै वहाँको व्रत रहेको छ । कर्णवधार्थ अर्जुनलाई प्रेरणा गर्नु, दुर्योधन र भीमको गदा-युद्ध देखि धर्मयुद्धद्वारा छली, कपटी दुष्ट दुर्योधनको वध असम्भव देखेर श्रीकृष्णजी भन्नुःहुन्छ –"छली राजालाई छलद्वारा नै विजय गर्नु पर्छ –"मायाविनं तु राजानं माययैव निकृन्ततु"। चण्डीको रहस्य पनि यही देखिन्छ । जब दानवद्वारा देवहरू सन्त्रस्त हुन्छन् त्यस बखत अन्य कुनै उपाय नदेखी आफ्नो आफ्नो शक्तिलाई एकत्रित पारी देवीलाई दिन्छन् र देवीले पनि शुम्भ निशुम्भ आदि दैत्यहरूको संहार गर्नु हुन्छ । यसबाट यो निष्कर्ष निस्कन्छ कि दुष्टलाई दण्ड दिनु अहिंसा नै हो । बुद्धले सेनापति सिंहलाई उपदेश दिंदै भन्नुहुन्छ "सिंह, आक्रमणहरूलाई दमन गर्नु पर्दा हुने हिंसाको उत्तरदायी आक्रमकहरू नै हुन्" यसबाट हिंसाको हिंसा गर्नु अहिंसा हो भन्ने ज्ञान हुन्छ ।

—✶—

प्राचीन हिन्दूहरूको अस्त्रशस्त्र र फौजी व्यवस्था

ले० गुस्टफ आपर्ट, अनु० बुद्धरत्न एम० ए०

श्री गुस्टफ आपर्टद्वारा लिखित प्राचीन हिन्दूहरूको शस्त्रास्त्र र फौजी व्यवस्था नामक पुस्तकमा वहाँ लेख्नु हुन्छ कि प्राचीन कालमा जब सिकन्दर जस्तो महान् बिजेता अगाडि बढ्दै गैरहेका थिए, भारतको पश्चिम सीमानामा आइपुग्दा उनको गति अवरुद्ध भयो । सिकन्दर लेख्छन्, "गङ्गाको तटवर्ती प्रदेशमा अनेकन, जोगी-हरू रहन्छन् तिनीहरूदेखि उसलाई अत्यधिक भय बनिरहन्छ । कुनै तरहले त्यस प्रदेशमा अधिकार गरे पनि त्यो धेरै कालसम्म स्थायी रहन सक्दैन । कारण, त्यहाँका निवासीहरू युद्ध क्षेत्रमा नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आई नगरका पर्खालदेखि नै बज्र प्रहार गर्छन्। "साथै यो पनि उल्लेख गर्छन्, के भने त्यस समय विभिन्न किसिमका अस्त्रशस्त्रहरू पनि छन्। एक पटक सिकन्दरले आफ्ना गुरु अरस्तुलाई पत्रमा यस प्रकार लेख्छन्, "बल्दो अग्निज्वालाका कारण धेरै सेनाहरूको क्षति सहनुपर्‍यो।" फारसीबाट अंग्रेजीमा अनूदित एक पुस्तकको भूमिकामा लेखेको छ कि मानिसलाई यो सुनी आश्चर्य हुनेछ कि बारुद्को प्रयोग हुन्थ्यो। तर त्यो भन्नु गारो हुने छ कि बारुद्को प्रयोग चीन र भारतमा कहिलेदेखि भएको थियो। हिन्दूहरूको ग्रन्थमा यस प्रकारको अस्त्रको नाउँ "आग्नेयास्त्र" पाइन्छ, जसको ठीक ठीक अनुवाद (Fire Arms) फायर आर्म्स हुन्छ। पहिले यो एउटा वाण या शरको रूपमा प्रयोग गरिन्थ्यो जो केही पर गई फुट्थ्यो अनि त्यसबाट अनेकौं वाणहरू बन्दथे। तोपलाई संस्कृतमा "शतघ्नी" भन्दछन्। हिन्दू पुराण र इतिहासानुसार यस्ता चीजका आविष्कारक विश्वकर्मा मानिएका छन्। हुन सक्छ बारुद्बाट चल्ने कुनै अस्त्र रहेको होस्। प्राचीन ग्रन्थको अतिरिक्त साहित्य तथा नीति ग्रन्थमा यस्तो अस्त्रको स्पष्ट वर्णन पाइन्छ। बारुद्को लागि 'अग्निचूर्ण' र बन्दुकको निम्ति 'कालिका' नाम देखिन्छ। 'अथवर्ण रहस्य' पुस्तकको एक भागमा लेखेको छ, "कोइला गन्धक आदि पदार्थको योगबाट कर्ता व्यक्तिको इच्छानुसार अग्नि प्रदीप्त हुन्छ।" अनन्त भट्टको 'भरतचम्पूमा लेखेको छ, 'त्यो विकट योद्धा सीसाका गोलीहरू जो पलिता लगाउँदा तलदेखि छिटो छिटो निस्कन्छ र आफ्ना शत्रुहरूलाई यस प्रकार नाश गर्दछ जस्तै वर्षाले ग्रीष्मलाई असिनाद्वारा नष्ट पार्दछ।" वैशम्पायनले आफ्नो "नीति प्रकाशिका" मा "धर्मगुलिका" शब्दको उल्लेख गरेको छ जसको अर्थ हुन्छ बारुद्। कामन्दकीय नीतिसारमा भनेको छ कि मद्यपान,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्री, द्यूतगोष्ठीमा प्रमत्त राजालाई नालिकादिद्वारा सावधान राखोस्। नालिकाको अर्थ बन्दूक हुन्छ। यसबाट यो पनि ज्ञान हुन्छ कि तोप आदिद्वारा समय सूचित गरिन्थ्यो। शुक्रनीतिसारको चतुर्थ अध्याय प्रकरण ७ मा यो भनिएको छ कि क्याँकिने अस्त्र दुइ प्रकारका हुन्छन्–एक यान्त्रिक अर्को नालिका। यी मध्ये एक यान्त्रिक मन्त्रशक्तिद्वारा र अर्को नालिक अग्निद्वारा। नालिकाको लम्बाई २॥ हात लामो हुनुपर्दछ। तेर्सो प्वालले युक्त र मूल भागमा उर्ध्व छिद्रले युक्त हुनुपर्दछ। त्यसको मूल भाग र अग्र भागमा निशाना साधन गर्ने तिलविन्दु हुनुपर्दछ। त्यसको मूल छिद्रमा यन्त्रघातद्वारा सल्कने पत्थरको चूर्ण राख्नुपर्दछ। त्यस नलिको अर्ध भागमा काठको टुक्रा हुनुपर्छ। त्यस नलिको भित्र अग्निचूर्ण (बारुद्) भर्नु पर्छ। साथै अग्निचूर्ण भर्ने लोहशलाका राख्नुपर्छ। यस किसिमको लोहनालिका कहिन्छ। यसको प्रयोग घोडसवार र पैदल सिपाहीले गर्नु पर्छ। तोपलाई वृहत् नालिका भनिन्छ। यदि राम्रोसंग उपयोग गरेको छ भने युद्धमा विजय प्राप्त हुन्छ। यस पुस्तकमा बारुद बनाउने तरीका यस प्रकार वर्णन गरेको छ— सोडा पाँच पल, गन्धक एकपल अन्तर्धूम पकाएको अर्क (आँक) तथा सेउँडी आदिको शुद्ध कोइला एक एक पल यी सबैलाई एकमा मिश्रण गरी खूब मसीनो गरी पिस्नुपर्छ, पुनः त्यसलाई आँक तथा स्नुहीके रसमा पुट दी घाममा सुकाउनुपर्छ। अन्तमा चिनी जतिकै मोटो पारी पिसिदिंदा बारूद बन्दछ।

कोइला, गन्धक, सोडा पत्थर, हरिताल, सीसा, हिंगुल, लोहचूर्ण, कपूर, जतु (लाहा), नीलि तथा देवदारुको धूप या राल यिनलाई बराबर गरी वा न्यूनाधिक लिंदा चन्द्रप्रभायुक्त थरिथरिका बारुद विद्वानहरू बनाउँछन। बन्दूकको नली शुद्ध नलीको होस् या

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्य धातुको होस् त्यसलाई सधैँ माझी धोई साफ गरी पहरामा राख्नुपर्छ। बारुद भर्ने तरीका यस प्रकार लेखेको छ: पहिले नली साफ गरे पछि बारुद भर्नु पर्छ। गजद्वारा नलीको मूलमा जहाँसम्म बारुद जान्छ भर्नु पर्छ। त्यपछि गोली भरी तल पलिता लगाउने छिद्रमा बारुद राख्नुपर्छ। तदनन्तर बारुदमा आगो लगाइ निशानमा गोला फ्याँक्नुपर्छ।

कसै कसैको भनाई अनुसार यो आधुनिक ग्रन्थ हो तर यसको लागि केही प्रमाण दिन सक्दैनन्। महाभारतमा भनेको छ कि ब्रह्माजीले जो नीति बताउनु भएको छ त्यसैलाई शुक्राचार्यले तयार गर्नु भो (शान्तिपर्व) शुक्राचार्यको वचन प्राचीन ग्रन्थहरूमा पाइन्छन्। केही प्राचीन मन्दिरमा बन्दूकधारी सिपाहीको मूर्तिसमेत पाइएको छ। यी दक्षिणका मन्दिर शिल्पशास्त्रानुसार बनेका छन् तिनमा कुनै पनि विदेशी वस्तुको मिस्कट छैन। मरीचि पटल नामक प्राचीन हस्तलिखित ग्रन्थमा बन्दूक आदि अस्त्र बनाउने प्रकार बताइएको छ। आतिशबाजी प्राचीन कालदेखि नै हिन्दूहरूमा चलिरहेको प्रसिद्ध नै छ। आतिशबाजी बारुदबाटै बन्दछ। आतिशबाजी कतिको प्रचार थियो भन्ने अशोकको शिललेखमा समेत "अग्निस्कन्ध" को नामले संकेत गरेको छ।

कौटिल्यले आफ्नो अर्थशास्त्रमा अनेकौं विषालु ग्याँसको प्रयोगहरूलाई बताएनु भएको छ। त्यसमा मानिसलाई अन्धा अथवा पागल बनाउने धूवाँको कैयौं प्रयोगहरू दिएका छन्। संक्रामक रोग पैदा गर्ने, खाने पिउने वस्तुलाई विषालु बनाउने तथा जलाशयलाई दूषित गर्ने अनेकौं विचित्र उपाय बताएका छन्। परन्तु कौटिल्य यो लेख्नु हुन्छ कि ती उपायहरूले केवल शत्रुहरूलाई नाश गर्नु पर्छ। जनपदलाई कुनै प्रकारले पनि पीडा दिनु हुँदैन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्युत उसको रक्षा गर्नु पर्छ । महर्षी भरद्वाज प्रणीत "यन्त्र सर्वस्व-को" 'वैमानिक प्रकरण" छ जसमा विमान विद्याको वर्णन तथा शत्रुद्वारा भएको हवाई आक्रमणबाट रक्षा गर्ने उपाय, बिजुली, वर्षा आँधिबाट विमानलाई बचाउने तरीकाको अपूर्व वर्णन पाइन्छ । यस पुस्तकमा ३६ आचार्यकोहरूको नाम र लगभग सय प्राचीन ग्रन्थहरूको नाम उल्लेख गरिएको छ । यसबाट यो ज्ञात हुन्छ कि प्राचीन कालमा अस्त्रशस्त्रको क्षेत्रमा निक्कै उन्नति भएको थियो । रामायण, महाभारत, अन्यपुराण तथा प्राचीन ग्रन्थमा वर्णित युद्धबाट ज्ञात हुन्छ कि त्यस बखत ती पुस्तकमा उल्लिखित नियम-हरूको पालन गरिन्थ्यो । यद्यपि आजभोलि पनि त्यस्ता अन्तरराष्ट्रिय नियमहरू छन् तथापि ती नियमहरूलाई राष्ट्रहरूले पालन नगर्दा नै आज संसारमा जनता सन्त्रस्त छन् । वस्तुतः यसै धर्म युद्धकै भावको कारणले हिन्दूहरू धूर्त विदेशीद्वारा पराधीन गरिए ।

—★—

किरातीहरूको विवाह प्रथा

एस० एम० कार्की एम० ए०

हिन्दू जस्तै किरातीहरूको पनि विवाह एउटा ठूलो संस्कार मानिएको छ । विवाहको लक्ष्य पितृऋण तिर्न र गृहस्थी चलाउने हो । किराती मुन्धुममा लेखिएको छ :: "विवाहदेखि दुई जनाको जीव दुइवटा भए पनि एकै जीव भयो ...... दुवै जना एक मत एक सल्लाहले घर बनाई संसारमा बाँचुन्जेल मिलेर बस्नु ...... सासु ससुरासंग मेलमिलाप गरी एक जहानमा मिली बस्छौं भन्ने बाचा (भुङ्याङ्) गर्नु पर्दछ ।" सगोत्रमा विवाह हुँदैन । हिन्दूहरू जस्तै किरातीमा हाडनाताभित्र, बाबुछोरी, आँमाछोरा, दाजुबहिनी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिदीभाइहरूले साइनो बिगार्नु हुँदैन। बाबुबाजेको सन्तानसंग कहिले पनि कुटुम्ब गर्न हुँदैन। अपुताली परी वंश नष्ट हुन्छ। विवाह पनि युवावस्थामा हुन्छ। धेरैजसो यिनीहरूमा गन्धर्व विवाह हुन्छ। स्वयम्वर जस्तै ब्यौली (बधूले) फूलको माला ब्यौला (बर) को गलामा लाइदिनु पर्दछ। बरले बधूको निधारमा सिन्दूर लगाईदिनु पर्दछ। बधूले बरको पाउमा ढोगी दिन्छन् र बरले तिमी आजदेखि मेरी धर्मपत्नी भयौ भनेर तीन पटक भन्नुपर्दछ। इष्टमित्र कुटुम्ब र पञ्चमा भोज हुन्छ। विवाहको दिन बाजा बजाउँदै जन्ति ब्यौलीको घरमा जानुपर्दछ।

पुरोहितले ईश्वरलाई प्रार्थना गर्दछ र या साधारण विवाहको उत्सबको लागि साक्षी भई रहनलाई सूर्य, चन्द्र, पृथ्वी, आकाशसंग अनुरोध गर्दछ। यसरी सबै हिसाब चुक्ती गरिसकेपछि एउटा विवाहको उत्सव मनाइन्छ र स्मृतिको पत्थर पनि खडा गरिन्छ जहाँ टेङ्गो र हेन्छिङ्ग विरूवाहरू लगाइन्छन्। धार्मिक उत्सब (शान्ति र शान्त्वना उत्सव) पनि मनाइन्छ। जब किरातीमा पारपाचुके हुन्छ, तिनीहरूका बच्चाहरू त्यस बेला "ठ्या" हुँदैनन् जबसम्म लोग्नेले सैमुन्द्रि भन्ने रूलले लगाएको मो० रू० २।- कर तिर्दैन। बच्चाहरू आमाबाबुको साथ भए तापनि यदि बाबुले बच्चाहरूलाई "ठ्या" (Legitimate) बनाउन इच्छा गर्छ भने उसले वैवाहिक कर तिर्नु पर्छ। वर लोग्नेले आफ्नी स्त्रीलाई पारपाचुके गरेर पनि आफ्ना बच्चाहरूलाई "ठ्या" बनाउनु चाहन्छ भने त्यस्तो अवस्थामा वैबाहिक कर धेरै हुन्छ।

लिम्बू जातिको सबै किरात जातिको बीचमा एउटा समान नियम छ। छोरीलाई छोरा झैं कानूनी मान्यता दिनुपर्दैन। उनीहरूको आमाहरूले उनीहरूको हेर विचार गर्छन्, उनीहरूलाई विवाह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिदिन्छन् । विवाहको सबै खर्च लिन्छन् । प्रायः सबै नियम हिन्दूहरूको ८ किसिमको विवाहको परिधिभित्र आउँछन् ।

—★—

प्राचीनकालमा हाम्रो शिक्षाप्रणालीको आदर्श

प्रो० जी० सी० शास्त्री

अथर्ववेदमा देखापर्छ-" ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाध्नत ।" अर्थात ब्रह्मचर्य (विद्या र तपले) देवताहरूले मृत्युलाई पनि जिते । शिक्षा र सादा कठोर जीवनले मनुष्य संसारमा सदा सफल रहन्छ । यस कारण विद्यार्थीलाई आश्वलायन गृह्यसूत्रमा तीन कुरामा विशेष ध्यान राख्न उपदेश गरेको । पहिलो' अश्मा भव'–तिमी पत्थर बन अर्थात् विद्यार्थी जीवन सादा, कडा भोग र विलास शृङ्गाररहित हुनुपर्छ । दोस्रो, 'परशुः भव' तिमी बञ्चरो बन अर्थात् विद्यार्थीहरू देश र संस्कृतिको रक्षामा आइपर्ने आपत्तिबाट रोक्नुमा समर्थवान बन्नुपर्छ । यसै दृष्टिकोणले उपनयन संस्कारमा (व्रतबन्धमा) विद्यार्थीको हातमा धनुष या दण्ड धारण गर्न पठाइन्छ, साथै मेखला (कन्दनी) पनि धारण गराइन्छ । जस्को उद्देश्य सधैं कटिबद्ध रहनु र सैनिक शिक्षा पनि हो । तेस्रो कुरा ' हिरण्यमस्तृतं भव' अर्थात् सुन जस्तै सधैं चम्कँदै अघि बढ । हाम्रो व्रतबन्धमा तीनसरा जनै धारण गर्नुको तात्पर्य पनि तीन ऋणबाट मुक्त हुन समर्थ बनाउनु हो । ती तीन ऋण हुन्-, देवऋण पितृऋण, ऋषिऋण । शिक्षाद्वारा विद्यार्थीलाई शारीरिक, मानसिक र सामाजिक गुणको विकास गरी योग्य नागरिक बनाउनु हो । प्रायःसबै जातलाई उपनयन संस्कारको अधिकार थियो । यहाँ सम्म कि स्त्री जातिलाई पनि जनै लगाउने अधिकार थियो । 'पुरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुमारीणां मौञ्जीबन्धनमिष्यते" अथर्ववेदया पाइन्छ—"ब्रह्मचर्येण कन्या युवानं विन्दते पतिम्" ११।५।१८ अर्थात् कन्या ब्रह्मचर्यद्वारा युवक पति प्राप्त गर्छिन् । यसबाट बालविवाहको पनि वेदमा निषेध छ । सरस्वतीको मूर्तिमा पनि जनै देखापर्छ ।

प्रायः ब्राह्मण, क्षत्रिय, वैश्य आदिको व्रतबन्ध ८, ११, १२ वर्षदेखि १६, २२, २४ वर्षमा गरिनु अनिवार्य थियो, अन्यथा त्यसलाई समाजमा उपयुक्त स्थान दिइन्नथ्यो। यसको भयले शिक्षा अनिवार्य भएको पाइन्छ। फेरि शिक्षामा पनि सार्है कम खर्च थियो।

आधुनिक शिक्षा जस्तो बाह्याडम्बरमा अधिक धन अपव्यय गरिन्नथ्यो। शिक्षाको उच्चस्थानले गर्दा गरीबले पनि शिक्षा प्राप्त गर्न सजिलो थियो र समानताको भाव पैदा गरिन्थ्यो। हरेक परिवारले एक विद्यार्थीलाई अन्न दिन कर्तव्य सम्झन्थ्यो जसले गर्दा समाजमा राष्ट्रिय भावना र विद्यार्थीहरूले पनि आफूलाई राष्ट्रको सेवक सम्झन्थे। गुरुकुल विद्यालयहरू शहरिया वातावरणदेखि अलग्ग प्राकृतिक काखमा रहन्थे। गुरुहरू पनि आफ्नो उच्च आचरणमा रहेका हुन्थे जसको छाप विद्यार्थीको कोमल मष्तिष्कमा पर्नु स्वाभाविक थियो। हाम्रो शिक्षामा आचरण निर्माणलाई सार्है ठूलो स्थान प्रदान गरिएको थियो जो आधुनिक शिक्षामा बिल्कुल पाइँदैन। प्रिन्सीपल (प्रधानाध्यापक) लाई आचार्य यसकारण भनिन्थ्यो जो सबैभन्दा ठूलो आचरणका हुन्थे, जसको प्रभावले छात्रहरूको चरित्र पनि उच्च बनोस्। फेरि गुरुकुलमा विद्यार्थीहरूले आफ्नै हातले काम गर्नु पर्दथ्यो जुन श्रमको महत्व (Dignity of Labour) अचेल हाम्रो शिक्षामा पाइँदैन।

नेपालका र दक्षिण पूर्व एशियाका धेरै विद्यार्थीहरूले बिहारको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वविद्यालय नालन्दमा पढेका थिए। त्यस विद्यापीठका मूल द्वारमा नेपालका पण्डित रत्नाकर, श्रान्त, नारोपा, शान्तिमा आदि विद्वानहरू थिए। नेपालका पण्डित वागीश्वर कीर्ति त्यहाँ अध्यापक थिए। अर्को नेपाली पण्डित कनकश्री विक्रमशीला विद्यापीठका द्वार — पण्डित (Interviewer) थिए। पाटनका पण्डित महाकरुणाकर बडा प्रसिद्ध थिए। एघारौं शताब्दीमा पाटन फर्पिङ, काठमाडौं विद्याको केन्द्र थियो। यो कुरा उच्चकोटिका कलापूर्ण कैलाशकूट भवन, देवालय, चैत्य र मूर्तिहरू १३ वी शताब्दीका अधिपात्री भिक्षु धर्मस्वामीले पनि लेखेको छ । नेपाली विद्वान् विभूति चन्द्रले 'व्याकरण शास्त्रमा ठूलो पुस्तक लेखेका थिए। धेरै विहारहरू विद्याका केन्द्र थिए जहाँ तन्त्रशास्त्र, मूर्ति निर्माण कला पुस्तक लेखनकला धातु कला आदिको शिक्षा दिइन्थ्यो।

नेपालमा लिच्छवीकाल र मल्लकालको उच्चकोटिका संस्कृत नेवारी आदि भाषामा लेखिएका पुस्तक र शिलालेखबाट पनि जनतामा प्रशस्त शिक्षा र कला विज्ञान फैलिएको थियो र संस्कृत भाषाको विकास थियो भन्ने कुरा ह्यु नत्साँगले लेखेका छन्। उनी लेख्दछन्—नेपालका लिच्छवी राजाहरू धेरै विद्वान छन्। अंशुवर्माले शब्द विद्यामा एक पुस्तक पनि लेखेका छन्। नेपाली जनता "शिल्प विद्यामा साह्रै निपुण छन्।" वीर पुस्तकालयमा प्राप्त नेपाली विद्वान् मल्ल र शाह राजाहरूले लेखेका विभिन्न विषयका पुस्तकहरूबाट पनि नेपालको शिक्षा विकसित भएको थाहा पाइन्छ। यो हाम्रो प्राचीन शिक्षा प्रणालीकै देन हो भन्नुमा अत्युक्ति हुने छैन।

—*—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवि एम .बी. बी. शाहको "उसैको लागि"

—प्रो० जी० सी० शास्त्री

मुगल साम्राज्यदेखि मुक्त गराउनको लागि सन्त तुलसीदासले आदर्श पुरुषोत्तम वीर रामचरित्मानस काव्य उपस्थित गरे जसको फलस्वरूप १८ वीं शताब्दीमा फेरि स्वतन्त्र हिन्दू राज्यहरू खडा भए। ठीक यही महान् कार्य नेपालमा राष्ट्रकवि भानुभक्तले नेपाली रामायणद्वारा अंग्रेज–नेपालको युद्धपछि देशको उत्थान र एक सूत्रमा बाँध्नको लागि गरे। राष्ट्रकवि भानुभक्तको रामायणमा राम–रावण युद्धमा वीर गोरखा र अंग्रेजको बीच भएको स्पष्ट झलक पाइन्छ।

गीतिकाव्य 'मेघदूत' का जस्तै विप्रलम्भ शृङ्गारमा जहाँ "उसैकोलागि" काव्यमा कविले वियोगमा आफ्नो हृदयवेदनालाई प्रकट गरेको छ उहाँ एकतन्त्रीय शासनको विरुद्ध व्यक्त तथा अव्यक्त रूपले विद्रोह र यसलाई उखेलिदिनुको चेष्टा पनि प्रकट गरेको छ।

गर्दिन फरियाद ओठले, चाहे जति दुश्मन बनून् (सं. २४)
डुबेको प्राणी हुँ त्यस्तो, किनारा दूर भो जसको (सं. २६)
परन्तु बन्द मुख गर्दै, सहन्छु बेबसी दिलमा (सं. ४२)
जिन्दगी पनि भार भै अब, फेर्छु श्वासमा दुःखकै कहानि (सं. ६६)

एकतन्त्रीय शासनको विरुद्ध, विद्रोह, त्याग तथा आत्मसमर्पणको महान् भावनाः—

आँसु र हाँसोको यो संघर्षी जीवनीमा दरकार परे तयार छौं तातो रगत दिनामा (सं. २३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेथें ज्यानको बाजी हो सत्य तिम्रो लागि" (सं. ४१)

शहीदहरूको फाँसी हेरेर कविको हृदयले भन्दछ:—

बरु देउ फाँसी मलाई छु हाजिर परन्तु।बचाउ "ऊ" निर्दोषी लाई (सं. ५१)

ठीक यस्तै भाव औरङ्गजेबलाई लेखेको गुरु गोविन्द सिंहको "फतहनामा" कवितामा पनि पाइन्छ ।

राष्ट्र र प्रजाको उत्थानको यागि तथा सहयोगको निमित्त कविको आह्वान छ:—

म हुँ रोगी तिमी बेगर, तिमी हौ औषधी मेरो (सं. ३६)

कतै निर्भयता र उत्साह उत्पन्न गर्नलाई प्रजालाई सम्बोधन गरिएको छ:—

हे वीर ! हिंड अगि सरि, नहटाई पाउ रतिभरि

नडराई सम्झि लम्कँदै, हिंड ढाल यै हो देशको (सं. १)

तर्सन्नौं कदापि कसैको घुर्की धम्की वा धपाइले (सं. ६७)

श्री ५ ले नेपाल राष्ट्रलाई मुक्त गराउने र यसलाई उत्थान गराउनको लागि आफ्नो "प्रेयसीलाई" सम्बोधनद्वारा समता, आत्मीयता, स्वदेशप्रेम, राष्ट्रिय भावना, वेदप्रतिपादित राजा, प्रजामा एक रूपता कर्तव्यपरायणता, अनुशासन, स्वान्त्र्यप्रेम र राष्ट्र—निर्माणको योजनाहरूलाई अमुक शब्दमा व्यक्त गरिबक्सेको छ ।

राष्ट्रोत्थानको लागि समानता, आत्मनिर्भरता र आशाको सञ्चारको निमित्त कविको आत्मा यसरी बोलेको छ:—

जातमा जे छौं सबै हौं एक सन्तति देशको (सं. १)

देख्न सक्ने अभेद सबमा तिम्रै मूर्ति हे हरि (सं. ११)

नेपाली हाम्री नेपालका—अर्काको भर पर्दैनौं

पसिना आफै काढेर—विकास बत्ती बालौंला (सं. ८६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा-प्रजामा आत्मीयता, जसरी वेदमा लेखिएको छ कि प्रजा नै राजाका अङ्ग हुन्ः—

म हुँ तिमी, तिमी मै हो, नजानुं भन्न तँ र म (सं· १४)

देश प्रेमको लागि–जुन देशमा जन्म्यौं हामी, त्यसकै लागि मरौंला (सं. ६७,६८,७१,६६,२५)

लक्ष्य र उत्साह उत्पन्न गर्नलाई कविले यसरी प्रेरणा· दिएको छः—

पुगौंला हामी सगरमाथा, ताराको छाँयामा (सं, ३५)

कि ठान्यो डल्लो पृथ्वीलाई, स्वर्गकै एक टुक्डा (सं. ६३)

(जननी जन्मभूमिश्च स्वर्गादपि गरीसी)

युग सुहाउँदो प्रगतिशीलता अपनाउनालाई कविको आव्हान यस प्रकार छ :—

नवीन चन्द्रा कली नयाँ भो नवीन हावा, नयाँ जमाना (सं.७५)

स्वातन्त्र्यप्रेम र आत्माभिमान उत्पन्न गर्नलाई कविको. मार्मिक उक्ति यस प्रकार छ :—

हामी छैनौ कतै भुकेका हामी हौं त्यै सन्तान देशको (सं. २५)

जुन राष्ट्रको पृष्ठभूमि छ विश्वभरीका उच्च हिमाल (सं· १५)

आफ्नो देशको सुहाउँदो शासनप्रणाली अपनाउनुको लागि कविको उद्गार यसरी निस्कन्छ :—

हिमाली हावा सङ्लो पानी मलिलो माटोमा। हुर्केकी नानी हुर्केको ठिटो नीरोगी माटोमा / स्वातन्त्र्यकी पुतली हरियो जङ्गलमा (सं. १८)

"मेघदूत" जस्तै यो गीतिकाव्य पनि ध्वन्यात्मक हो। काव्यको आत्मा ध्वनि (uggeston) हो— 'ध्वनिरात्मा काव्यस्य।' समालोचकहरूका दृष्टिमा कालिदासको सर्वोच्च गीतिकाव्य "मेघ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दूत" कविको आफ्नो जीवन-कहानी हो— Life Story of Kalidas. ठीक यसै प्रकार हामी गीतिकाव्य "उसैको लागि" लाई पनि श्री ५ को जीवनगाथा र राष्ट्रोत्थानको महान् अभिव्यक्ति हो भन्न सक्छौं। कवि एम. बी. बी. शाहको आफ्नो शब्दमा, "कविता कविको हृदयको पातलो छायाँ मात्र हो।"

—※—

हिन्दू-राज्य खडा गर्ने ठूलो नेपाली योजना

—श्री चित्तरन्जर नेपाली

जनरल अमरसिंह थापाले खरदार पृथ्वीबिलासलाई पंजाबका महाराजा रणजीत सिंह छेउ काम गर्नलाई पठाएको पत्रः—

खाल्सा सरकारको फौज जमुनाको किनारामा पुग्दा गोरखा सरकारबाट १५ हजार फौज सामिल गर्नु। खाल्सा सरकारको फौज हरिद्वारमा पुग्दा गोरखा सरकारबाट ३० हजारको फौज सामिल गर्नु। खाल्सा सरकारको फौज बरेलीमा पुग्दा गोरखा सरकारबाट ६० हजार फौज सामिल गर्नु। खाल्सा सरकारको फौज लखनौमा पुग्दा १ लाख फौज गोरखा सरकारबाट सामिल गरी गोरखाका भारदार समेत सामिल रहनु।

दक्षिणी राजा दौलत राव सिन्धिया, मल्लार राव (होल्कर) मीरखाँछेऊ गोरखाका वकिल पद्मपाणी बसेका छन्। दक्षिणीहरू-का पत्रमा गोरखाको मद्दद गर्न्या र हिन्दूस्तानलाई उकास्न्या आफ्नु मतलव पुऱ्याउना बखत परिरहेछ। तिमीले पनि त्यताबाट काज गर्न्या हो भने हामीले पनि खाल्सा सरकारलाई खलिता पत्र लेखि वकिल पठाएको छ भन्या बिस्तार लेखि जमानी आराई पठाएको शंकर पन्त यहाँ आइपुग्यो। मुख्य दक्षिणीको पनि सहारनपुर—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाउन्यामा सामिल होला। उस जगामा सामिल हुन आइपुगेन भन्या पनि गंगाजीका किनारमा सामिल होला।

खाल्सा सरकार र मराठाका सवार, गोरखा सरकारका पैदल सिपाही, तोप, बन्दूक, घना भयापछि त्यससंगका लडाइँमा परमेश्वरले पनि फतेह हिन्दूको नै गराउन्।

लखनौमा नवाफलाई अंग्रेजले दबाएको छ—अंग्रेजदेखि दिक्कै छ - पछि नवाफ गोरखा खाल्सा सरकारसंग सामिल हुन्छ, उनले सामिल हुँदा भारी तोप, खजाना सामिल हुन्छ। नवाफमा खत-पत्र राज्यमा पाइया पछि बनारसदेखि उढोको राजा-प्रजा सबै नवाफसंग सामिल हुन्छन्। फिरङ्गीका हिन्दुस्तान सिपाही जति छन्, हिन्दूको राज्य हुन्छ तिमीहरू अंग्रेजको साथ छोडी हामीसंग सामिल हौ भन्नी नवाफबाट झिक्दा उ सिपाहीं पनि सामिल हुन आउन्या छन्। त्यति हुँदा गोराका पल्टनमात्र रहँदा फिरगीको फौज पातलो पर्न्या छ।

नजीमाबादमा पुग्यापछि रामपुरको नवाफ फतुल्ला खाँ रोहिल्लाको अधिको मुलुक तिमीले खानु। अंग्रेजसित हंगामा गर्नु भनी गोरखा र खाल्सा सरकारबाट खत-पत्र गयापछि ३०।४० हजार दरवारीया रोहिल्याहरू सामिल हुन्या छन।

खाल्सा सरकार र गोरखा सरकारबाट काजको कमर कस्या पछि हिन्दूनामा जति येक छन् सो हिन्दूस्तानमा खडा भई सामिल हुन्याछन्। यो काज श्री पशुपतिनाथ श्री गुरु गोरखानाथ, श्री गुरु अमरदासले पुऱ्याउने छन्।

यो काज पुग्यापछि ... पश्चिम तर्फ अटक लगायत खाल्साको थाना राख्नु, काबुल काश्मीर जुन जगामा हमला चल्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोरखा सरकारबाट र मराठाबाट फौज गई खाल्सा सरकारको मद्दद गर्नु।

खाल्सा सरकार, गोरखा सरकार मराठाबाट काज गर्दा आफ्नो जोर माफिक भरतपुर वाला रणधीर सिंह पनि काज गर्न्यामा सामिल हुन्याछन्।

यो सवाल लेखियाको छ। यो खाल्सा सरकारमा बाँची सुनाउदा जो कुरा मजरा (मंजुर) पर्‍यो सो बढिया भयो। जो मजरा परेन सो खाल्सा सरकारबाट ठहरायाको दुई सरकारको बढिया हुन्या कुरामा बखत माफिक तैले वहाँ गर्न्या कुरा वहाँ गरी यहाँ लेख्न्या कुरा यहाँ लेखि पठाइनु।

हेर्नुहोस् —जनरल भीमसेन थापा र तत्कालीन नेपाल—चित्त रंजन नेपाली, पृ० १२७-१३१।

—★—

एशियामा गणेशको पूजा

—प्रा. श्री ओमकारलाल श्रेष्ठ एम.ए.

भारतीय तथा नेपाली साहित्य र धर्मग्रन्थहरूमा गणेशको कैयौं नाम उल्लेख गरिएको छ। गणेशका फेरि भिन्ना भिन्नै कैयौं नामहरू पनि पाइन्छन्। जस्तै गणेश, गणपति, विनायक, एकदन्त आदि। गणेशको पूजाको प्रचार कहिलेदेखि भयो यस सम्बन्धमा निश्चयपूर्वक केही भन्न सकिन्न। कुनै विद्वानहरूको मत छ, वैदिक कालमा पनि उहाँको पूजा हुन्थ्यो र वेदहरूमा पनि उनीसंग सम्बन्धित मन्त्रहरू उपलब्ध छन्। वेदमा "गणपति" शब्द यत्रतत्र प्रयोग गरिएको छ सत्य हो। तर प्रसंग र मन्त्रको पूरा अर्थ देखेरछि ती शब्द गणेशको लागि व्यवहृत भएको होइन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने कुरो थाहा हुन्छ । ऋग्वेदमा वृहस्पतिको लागि, यजुर्वेदमा अश्वमेधको अश्वका लागि र तैत्तरीय उपनिषदमा रुद्रको लागि गणपति शब्दको प्रयोग भएको छ । अन्यत्र पनि कहीं वैदिक मन्त्र-हरूमा र उपनिषद्का छन्दहरूमा गणपतिको केही उल्लेख पाइन्छ । पुराणमा यसलाई खास स्थान र सम्मान दिइएको छ । यसबाट गणेशको पूजाको प्रचार पुराणकालमा प्रारम्भ भएको हो भन्ने प्रमाणित हुन्छ । यसै समयदेखि गणेश घरघरको देवता बन्यो र हरेक शुभकार्यको प्रारम्भमा उसलाई प्रथम स्थान दिइन लाग्यो । जुन पक्षका मानिसहरू उनलाई विघ्नकर्ताको रूपमा हेर्दथे उनीहरू गणेशको डरले थर्कमान भए, र जसले उसलाई विघ्नकर्ता मान्दथे उनीहरू शुभकामको सिद्धिको आशाले सबभन्दा पहिले प्रणाम गर्थे र बलि चढाउँदथे ।

आज हिन्दूहरूका घरघरमा गणेश विराजमान छन् । हिन्दू-धर्मको अतिरिक्त बौद्ध र जैन-धर्ममा पनि गणेशले सम्मान प्राप्त गरेका छन् ।

महायान बौद्धधर्ममा गणेश र विनायकको सम्बन्धमा अनेक मन्त्र पाइन्छन् । जैन-धर्ममा गणेश नाम गरेको कुनै भिन्न देवताको उल्लेख गरिएको पाइन्न । तर भगवान महावीरको प्रथम गणधर गौतम् इन्द्रभूतिलाई गणेश भनेर बताइएको छ । किनभने उनी महावीरका शिष्यगणहरूमध्ये प्रमुख थिए । कहीं भगवान जितेन्द्र देवलाई नै गणेश मानिएको छ, किनकि उनी विभिन्न गणेशहरूका ईश थिए ।

बाहिरी देशहरूमा गणेश:—नेपाली तथा भारतीय संस्कृति टाढा टाढासम्म फैलिसकेको थियो । पश्चिममा तुर्किस्तानदेखि लिएर मलाया, द्वीपपुंज, बाली, जावा आदि ठाउँहरूमा एशियाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतिको प्रभाव परेको थियो । यसरी यी देशहरूमा पनि गणेशको पूजा र प्रचार भयो । ती मुलुकहरूमा हामी धेरै गणेशका मूर्तिहरू पाउँछौं । तर हाम्रो गणेशको मूर्तिमा गणेश पद्मासन कसेर बसेको हुन्छ र जावा आदिका गणेशहरूको मूर्तिको दुवै खुट्टा भुइँमा परेको हुन्छ । फेरि हाम्रा गणेशको सूँड बीचैबाट देब्रे तिर घुमेको हुन्छ, तर तिनीहरूको गणेशको सूँड माथितिर फर्केको हुन्छ । बालि द्वीपमा राजा र रानीको मृत्युमा गणेशको मूर्ति बनाएर उनीहरूलाई देवपद दिइन्थ्यो र तिनीहरूको मूर्तिको दायाँतिर गणेशको मूर्ति मशाल समाएको आकारमा बनाइन्थ्यो । मशाल लिएको गणेशको मूर्तिले यो संकेत गर्छ, कि गणेश बालिद्वीपमा स्वर्गको पथप्रदर्शक (बाटो देखाउने) मानिन्थ्यो । जावा, ब्रह्मदेश, श्याम, कम्बोडिया आदि देशहरूमा धेरै गणेशका मूर्तिहरू पाइएका छन् । अरू देशमा भन्दा जावामा विशेष गरेर धेरै सुन्दर मूर्तिहरू पाइन्छन् ।

बौद्धधर्मले पनि गणेशको मूर्तिलाई टाढा टाढा लिएर गयो र ती देशमा यिनको स्थापना गऱ्यो । तिब्बत, चीन, जापानमा गणेश हिन्दूहरूद्वारा मानिएका छैनन्, तर बौद्धहरूद्वारा मानिएर उनी आफ्नो प्रभुत्व जमाएर रहेको छ । तिब्बतमा मठको ढोकामा उनका धेरै मूर्तिहरू पाइन्छन् । धेरै कष्ट सहेर भारतमा अध्ययन गर्न आएका चीनियाँहरूले जाँदा चीनमा धेरै पवित्र ग्रन्थ र गणेशलाई लगेका थिए । त्यहाँ गणेशलाई तिनीहरूले दिन दिनै पूजा गरे । चीनको तनहुआंग नामक गुफाको भित्ता भित्तामा अरू देवताको साथै गणेशको पनि मूर्ति पाइएको छ । उक्त मूर्तिमा गणेशको शिरमा पगरी छ । फेरि कुंगहिसएनको गुफामा ५३१ मा निर्माण भएको गणेशको मूर्ति छ । उसको मन्तिर चीनियाँ अक्षरमा "हात्तीहरूको अमानुषिक राजाको मूर्ति" भनी लेखिएको छ । चीनमा गणेशलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान्ने सम्प्रदायलाई कांगितेन भन्दथे । जापानमा गणेशको २ टाउको र ६ हात भएको मूर्तिहरू पनि पाइन्छ । जावामा एउटै धेरै राम्रो गणेशको मूर्ति छ । यसमा गणेशको एउटा मुख, दुइटा आँखा र चार हात छन् । एउटा हातमा भाँचिएको दन्त, अर्कोमा भोजन पात्र, तेस्रोमा बञ्चरो र चौथो हातमा माला छ ।

यसरी नेपाल र भारतबाट फैलिएर गणेशले तुर्किस्तान, तिब्बत, ब्रह्मदेश, श्याम, मलाया, बोर्नियो, बाली जावा, कम्बोज चीन, तथा जापान जस्ता विशाल देशका निवासीहरूको हृदयमा स्थान प्राप्त गरे । उनी विभिन्न ठाउँहरूमा विभिन्न रूपमा पूजिन्छन् र यस प्रकार धार्मिक क्षेत्रमा गणेशको एउटा विशाल फैलिएको साम्राज्य स्थापित हुन गयो ।

—★—

हिन्दू अमेरिका

—श्री ललितबहादुर एम० ए०

भिक्षु चमनलालद्वारा लिखित 'हिन्दू–अमेरिका' नामको एक पुस्तक प्रकाशित भएको छ । त्यस पुस्तकको भूमिकामा वहाँले लेख्नु भएको छ, उत्तरी तथा दक्षिणी दुबै अमेरिकाको प्राचीन सभ्यताको उत्पत्ति हिन्दू संस्कृतिबाटै भएको हो । प्राचीन समयमा हिन्दूहरूको व्यापार टाढा टाढासम्म फैलिएको थियो र त्यस समयदेखि नै हिन्दूहरू त्यहाँ गएर बसे । त्यस पुस्तकमा वहाँले पाश्चात्य विद्वानहरूकै उक्ति पेश गर्नु भएको छ । वहाँले स्वयं विभिन्न देशमा घुमी रेड इण्डिएन्सहरूको राम्रो निरीक्षण गर्नु भएको छ । यिनीहरूको आकृति धेरैजसो हिन्दूहरूसंग मेल खान्छ । पुस्तकमा भएका चित्रहरूलाई हेरी यो भन्न संकोच हुने छैन कि यी चित्रहरू हिन्दूहरूका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होइनन् । यिनीहरूका स्त्रीहरूको पहिरन पनि हिन्दू ढंगकै छ । पहिले उनीहरू कहाँ पनि सती हुने चलन थियो । मृत्यु हुँदा प्रायः अग्नि संस्कार गर्दथे । तिनीहरू कहाँ पनि गणेशको पूजा हुन्छ । नागपूजाको चलन पनि तिनीहरू कहाँ थियो । बंगालको ढंगको चरक पूजन पनि हुन्छ । सूर्यको प्रायः सर्वत्र उपासना हुन्थ्यो । दक्षिण अमेरिकामा धेरै ठाउँमा शिवलिङ्ग प्राप्त भएको छ । मन्दिरहरूको बनोट धेरैजसो हिन्दू ढंगकै छ । देवदासीको प्रथा पनि पाइन्छ । देवी देवताहरूको प्राचीन मूर्तिहरू पनि पाइएका छन् । ग्रहण लाग्दा तिनीहरू पनि स्नान, दान आदि गर्छन् । उनीहरूमा एक किसिमको वर्णव्यवस्था पनि छ । आत्माको अमरत्वमा तिनीहरू विश्वास गर्छन् । तिनीहरू पनि मुख्य ४ युग मान्दछन् र समयको विभाजन वर्ष, महिना, दिन आदिमा गर्दछन् । दूना पनि हिन्दू ढंगबाटै लेखिन्छ । भिन्न भिन्न ठाउँमा कुनै न कुनै दिन वहाँ जस्तै बजार पनि लाग्छ । त्यहाँका मानिसमा पान खाने स्वभाव पनि पाइन्छ । भोजनमा ज्यादा सुखारोटी र तर्कारीको चलन छ । मासुको उत्तिको चलन छैन । आपसी झगडा पञ्चायतद्वारा हल गरिन्थे । स्वभावले ती बडा सन्तोषी, सत्यवादी तथा धर्मभीरु हुन्छन । यी बाहेक अरू कुरामा पनि समानता पाइन्छ । अतः यो भन्न असंगत प्रतीत हुँदैन कि कुनै न कुनै बेला त्यहाँ हिन्दू सभ्यता प्रचलित थियो ।

वहाँ लेख्नु हुन्छ, पुराणमा वर्णित पाताल देश नै आधुनिक अमेरिका हो । त्यहाँका शासकले महाभारत युद्धमा भाग लिएका थिए । अर्जुनको विवाह यहाँकी राजकन्या अलोपीसंग भएको थियो । मेक्सिकोमा एउटा कथा प्रसिद्ध छ त्यो के भने त्यहाँ कुनै समय यप्पन नामक एक व्यक्तिले ठूलो तपस्या गरेको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसको तपस्यालाई भंग गर्न देवताले एक अप्सरा पठाए। यसै समानताको आधारमा लेखकले विश्वामित्रको कथासंग सम्बन्ध गर्नु भएको छ। यस्तै प्रकारले इन्द्र, शची, जरासन्ध आदिका कथाहरू पनि भेटिन्छन। मेक्सिको नामकरण मक्षिकाको अपभ्रंशबाट बनेको हो। पेरू आदि शब्द पनि संस्कृतको यरू आदिबाट निस्केको मान्नु हुन्छ। Indians in Greece (यूनानमा हिन्दू) नामक पुस्तकका लेखक योकाक साहेब भन्नु हुन्छ, प्राचीन समयमा हिन्दूहरू भिन्न भिन्न ठाउँमा गई बसोबास गरेका थिए। वहाँको भनाइअनुसार स्केण्डेनेवियामा स्कन्दवंशीय क्षत्रियहरू राज्य गर्दथे। स्केण्डेने-विया स्कन्दनेचि या स्कन्दनाभिबाट बनेको हो। यस्तै पर्सिया, फारस आदिमा परशुरामका अनुयायीहरू बसेका थिए। ग्रीसमा पाण्डवहरूको राज्य थियो। त्यहाँको अपोलो पाण्डुपुत्र थियो किन भने त्यो क्षित्तिपस अर्थात् कुन्तीयपस नामले प्रसिद्ध छ। यूक्टीज वास्तवमा भारतीय थे। ग्रीसका देवता लगमन लक्ष्मण हुन् र त्य-हाँ केनेलोवाई नामक पर्वत रामपुत्र लवको नामबाट राखिएको छ। अब्राहम, रोमुलस आदि सबै रामकै नाम हो र रोम शहर पनि उनकै नाउँबाट राखिएको हो।

—※—

नेपाली कलामा विशुद्धिवादको प्रयोग

—श्री मनवज्र बज्राचार्य

हाम्री वैष्णव घर मन्दिरहरूका तोरण तथा पटचित्र र भित्ति चित्रणमा एकै विष्णुको पनि अनेक रूप देख्दछौं। जसमा हामी एकै विष्णुको रूपलाई नीलो, सेतो, रातो, कालो आदि विभिन्न रङ्गमा चित्रण भएको पाउँदछौं। यो कुरा यथार्थवादीहरूको निमित्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिमत छैन, अप्राकृतिक जस्तो लाग्दछ। तर हाम्रो र उहिलेको सभ्यतानुसार यस्तो किसिमको चित्रण कलामा ठूलो अभिप्राय लुकेको छ। जस्तै क्रोधावस्थामा प्रकट भएको विष्णुको रूपलाई दिग्दर्शन गर्न रातो अनुहार, शान्तिको रूपलाई व्यक्त गर्न सेतो अनुहार, वीरताको रूपलाई साकार गर्न हेम वर्णको मुखाकृति, शृङ्गार रसमा अभिव्यक्त भएको रूपलाई साकार गर्न श्यामवर्ण आदि विभिन्न मानसिक भावलाई व्यक्त गर्न एउटै विष्णुको चेहरा पनि अनेक रूपमा चित्रण भएको कुरा हामी पाउँछौं। यो कुरा अतिमार्मिक र विचारणीय छ। चित्रकलाको क्षेत्रमा अपनाएको यस्तो प्रकारको प्रतीकवाद न केवल विष्णुको रूपमा मात्र सीमित छ किन्तु शैवमतानुसार शिवका अनेक मुखाकृतिहरू पनि यस्तै विशुद्धिवादको तर्कनामा अद्भुत भएको छ र बौद्धधर्म अन्तर्गतका अनेक देवदेवीहरू र लोकेश्वरहरू पनि यस्तै कुनै न कुनै भावको प्रतीकस्वरूप विभिन्न रूपमा चित्रण भएका छन्। तर बौद्धदर्शन अन्तर्गत रङ्गहरूमा अपनाएको विशुद्धिवादको विचारधारा उपरोक्त वैदिक भावनामा उत्पन्न भएको नवरसात्मक रङ्गहरूको विशुद्धिवाद भन्दा केही फरक छ। जस्तै, बौद्ध विचारधाराअनुसार नीलोरङ्ग विज्ञानको द्योतक, पहेंलो वेदनाको प्रतीकस्वरूप, रातो चेतनाको प्रतिरूप, सेतो रूपको र श्यामवर्ण संस्कारको प्रतीकस्वरूप प्रयोग गरिन्छ। अथवा कालो विशुद्ध धर्मधातुको ज्ञानको प्रतीकस्वरूप, सेतो आदर्श ज्ञानको प्रतीकस्वरूप, पहेंलो समता र ज्ञानको द्योतक, रातो प्रत्यवेक्षण ज्ञानको प्रतीकस्वरूप र श्यामवर्ण कर्तव्य-पालन ज्ञानको प्रतीकस्वरूप प्रयोग हुन्छ। यस्तै भौतिक दर्शनअनुसार नीलो आकाशको प्रतीकस्वरूप सेतो पानीको पहेंलो पृथ्वीको प्रतीकस्वरूप, रातो तेजको प्रतीकस्वरूप र श्यामवर्ण वायुको द्योतकको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा चित्रण हुन्छ । यस प्रकार नेपाल चित्रकला अन्तर्गत विभिन्न रङ्गहरू अनेक भावमा प्रयोग गरिएका छन् । जुन कुरा हामी उहिलेका नेपाली चित्रकारहरूको चित्रहरूमा तत् तत् विचारधारानुरूप यथास्थान प्रयोग गरिएको पाउँदछौं । यो कुरा मनन गर्न योग्य छ ।

नेपाली मूर्तिकलाको क्षेत्रमा पनि यस्तै विशुद्धिवादको प्रयोग अत्यन्त मार्मिक ढङ्गमा भएको छ जस्तै घृणाको प्रतीकस्वरूप माहाङ्कालको मूर्ति, अद्भूत् भावको प्रतीकस्वरूप गन्धर्वका मूर्तिहरू, भयानकताको प्रतीकस्वरूप काल भैरवहरूका मूर्तिहरू, क्रोधको प्रतीकस्वरूप रुद्रका मूर्ति, शान्तभावनाको प्रतीकस्वरूप नारायणको मूर्ति आदि निर्माण भएका छन् । बौद्धधर्म अन्तर्गत पनि यस्तै प्रतीकस्वरूप अनेक काल्पनिक देव-देवीहरूको मूर्तिहरू निर्माण भएका छन् । जस्तै अहिंसा तथा दयाको प्रतीकस्वरूप करुणामयको क्रोधको प्रतीकस्वरूप चन्द्रमाको रोषपूर्ण मूर्ति, अद्भुत रसको प्रतीकस्वरूप विद्याधरीको मूर्ति, शान्तभावनाको प्रतीकस्वरूप बुद्ध, बोधिसत्वको मूर्ति आदि अनेक मूर्तिहरू आफ्नो आफ्नो विशेष भावनाको द्योतकको रूपमा निर्माण भएका छन् । नेपाली मूर्तिकलाको ऐतिहासिक पृष्ठभूमिमा पनि यस्ता अनेक मूर्तिहरू देखिएका छन् जुन मानवीय प्रतिबिम्बको आधारमा निर्माण भएका छन् । उदाहरणका लागि पशुपति निर अर्धगौरीश्वरको मूर्ति र हरिहरको मूर्ति लिच्छविकालीन गणदेव र भौमगुप्तको द्वैध शासनको प्रतीक हुन् ।

★

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्तिकला र धातुकला

डा. प्रा. प्रयागराज शर्मा

लिच्छवि कालीन मूर्तिकला-इतिहासले नेपालमा एक नयाँ युगको प्रादुर्भाव गराउँदछ । मानदेव प्रथम (अ. ५१७-५६२ वि. सं.) का समयदेखि नेपालले विभिन्न क्षेत्रमा नयाँनयाँ प्राप्तिहरू गरेकोछ जसमध्ये मूर्ति कला पनि एक हो । भारतका विभिन्न भागहरूमा प्रारम्भ भएका कलात्मक शैलीहरू नेपालसम्म पुग्दछन् जसको फलस्वरूप नेपालमा एक उत्साहपूर्ण कलाको युग प्रारम्भ हुन्छ । यस्तो किसिमको कलात्मक स्फुरण देशमा नपहिले कहिले भएको थियो न पछि नै ! यो युग विक्रमको करीब छैठौं शताब्दी देखि दशौं शताब्दीसम्म अन्दाजी चारसय वर्षसम्म अविछिन्न रूपमा रहिरह्यो । कलाको यो जागृतिलाई विशेष गरी त्यस समयका वैष्णवहरूले कतिपय विष्णुका मूर्तिहरू निर्माण गरी उपयोगमा ल्याए । नेपाली मूर्तिकलाको उज्ज्वल पानालाई देखाउने गरुडनारायण, त्रिविक्रम, नरसिंह र श्रीधर विष्णुको एक राम्रो समूह विश्वरूप मूर्तिका साथै चाँगुनारायणको प्राङ्गणमा सगौरव खडा छ । यो सानु तर प्रभावकारी समूहलाई देख्दा नेपाली कलाको स्वर्णिम काललाई कताकता चाँगु शैली भन्न त ठीक परोइन भने झैं लाग्छ ।

नेपाली मूर्तिकलाको प्रारम्भिक युग यथार्थमा विक्रमको तेस्रो चौथो शताब्दीतिरै शुरू भएको जस्तो देखिन्छ । सबैभन्दा प्राचीन मूर्तिहरू कुषाणकालीन मथुरा शैलीबाट प्रेरित छन । त्यस्ता मूर्तिहरू मध्ये पशुपति आर्यघाटको शिव मूर्ति (विरूपाक्ष नामले प्रचलित), मृगस्थलीको तथाकथित राजाको मूर्ति र देवपाटनको बुद्धावतरण शिलालाई गणनागर्न सकिन्छ । यी मूर्तिहरू समयको हिसावले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

करीब विक्रमको छैठौं शताब्दीदेखि नियमित प्रकारले देखापर्ने मूर्तिहरूभन्दा छुट्टै र अलग समुदाय झैं देखा पर्दछन्। यस शैलीका अनुप्रेरित मूर्तिहरू गुप्ता शैलीले पोषित पछिल्ला खालका मूर्तिहरूभन्दा भिन्नै छन्। पछिल्ला खालका मूर्तिहरूमा हामी हरू गुप्त कलामा झैं एक भावले प्रदीप्त मुखाकृति र शरीरका प्रत्येक अङ्गको प्रदर्शनमा छिनाको अद्भुत सफलता पाउँदछौं। शिलालाई मूर्त र सजीव तुल्याउने कौशल लिच्छबिकलाकारमा प्रचुर मात्रामा थियो। नैपाली मूर्तिकलाको निजी विशेषता वस्त्र र अलङ्कारको छनोट र आयोजनामा पनि देखिन्छ। शरीरसंग लिप्सिएको अनुत्तरीय, जसको एक छेउ दुइ खुट्टाको बीच झुण्डिएको दर्शाइन्छ, अनि उदरबन्ध, कटिसूत्र र त्यसको गाँठो, एउटा एक्लो हार, पत्र अथवा रत्न कुण्डल, त्रिकोण अथवा वर्गाकार शिखर भएको मुकुट र स्त्री वेषभुषामा पारदर्शी उत्तरीय, सुन्दर केशबन्धन, सुडौल स्तन आदि शैलीको यी मूर्तिहरूमा निकै प्रयोग भएको छ।

★

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

he ten-
on the
.M. in
nderers,
nt.
e right
tender
reason

I'-
HAY)
fficer.
D25090

E
ALL

TED,
nexe),

of Im-
eels are
Materials
Patna |
enderers
s in the
working
nd con-
ons and
n be ob-
rom the
l on or
ment of
ble) by
Order |
"Bihar
Corpora-
ny work-
r rates.
of ten-
-1984 at
opened
17-1-84
atives of
he open-

JHA),
ector.

D25080

for the last ... and has neither any assets nor any liability. It is further resolved that Sh. V. K. Agnihotri Advocate Delhi be appointed as the voluntarily liquidator of the Company to take the necessary steps to wind up of the Company. It is further resolved that a Copy of resolution be sent to the Registrar of Companies."

Please take notice that if any person has any objection the same may be filed before the voluntarily liquidator within 21 days of the publication of this notice after the expiry of which period no claims shall be entertained.

for Link Chains India Ltd.
Sd/- MANAGER.
P4005

SHIP FOR SALE

Available on "as is where is" basis
for further trading
m. v. JANA VIJAY
Bulk Carrier
U.K. Built 1966
About 43,234 DWT

Intending buyers may collect tender forms/terms and conditions etc. at following address on payment of Rs. 30/- (Rupees thirty only) per set. Sealed tender offers will be received only upto 1100 hours by Monday 13th February, 1984 by

Chairman & Managing Director
The Mogul Line Ltd.,
16, Bank Street, Fort,
Bombay-400 023.
Phone: 256835
Telex: 011-4049/4626/4868

B140(BD)

ENDER NOTICE NO. 5
VELOPMENT AUTHORITY

rate tenders are invited for the following ngineer, Asian Games Village No. II, 123-A, andewallan, New Delhi upto 3-00 P.M. on e Chairman, DDA from the approved conte class of DDA, CPWD, MES and State ened on the same day at 3-30 P.M. in the tenderers or their representatives.

contractors would be eligible for issue of eted satisfactorily at least three works of g not less than Rupees Ten Lakhs.

s can be had on any working day on paych work. The issue ...

Responsibility :
The incumbent will be responsible for the the Project viz., selection of Plant and installation of the same and running of the

Qualifications :
Mechanical Engineer with minimum five yea in similar plants. Persons having experie Cylinder Plant will be given preference.

Remuneration :
Salary and perks commensurate with quali experience.

Applications in strict confidence along with details like age, qualifications, experience within 10 days to Box U 721—S, Times of bay-400 001.

A Company engaged in the sale of h moving, construction and mining has opening for the following pos New Delhi office :-

1. **SALES MANAGER :**
The candidate should be a degre Mechanical Engineering with experience in marketing of engi ducts. He will be responsible f Sales. Age preferred 35-40 year
2. **SALES MANAGER (SPARES SERVICES) :**
The candidate should be a Degr holder in Mechanical/Electrical ing with adequate experience in of spare parts for heavy machin be responsible for all India Sal arranging after-sales services for ment sold. Age preferred 35-40
3. **SALES ENGINEERS :**
The candidates should be gradua neering with about 2 years' ex marketing of heavy machinery.
4. **SERVICE ENGINEERS :**
The candidates should be Degr holders in Mechanical Engineer least 5-6 years' working experie vicing of heavy earthmoving, c and mining equipments. Candi good working experience may Age preferred below 40 years.
5. **STENO-TYPISTS :**
Male/Female graduates with go and 2-3 years' experience.
6. **TELEX OPERATOR :**

Jayatu Sanskritam, Kathmandu, Nepal